ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक



## किरण पुस्तकालय

तम्घास, गुल्मी

# हाम्रो पुरुषार्थ
(त्रैमासिक)

❑ वर्ष : ४६ ❑ अङ्क : ४ ❑ सम्पूर्णाङ्क : ८३ ❑ साउन-असोज, २०७६



**सम्पादक**

शशि पन्थी

**सह–सम्पादक**

दीन पन्थी

**सहायक सम्पादक**

भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**

गोपाल पन्थी
राधा पन्थी
हिमकला राना
ईश्वर वि.क.



## किरण पुस्तकालय

तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)
सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)
मो.नं. : ९८५११४८८०७, ९७४७००२०७९
E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website : www.kiranpustakalaya.com

मूल्य : रु.५०/-

*कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क. र विशाल श्रेष्ठ*

*मुद्रक : सुशिला प्रिण्टर्स, गुल्मी ०७९-५२०४५०*
*E-mail : spgulmi 33@yahoo.com*


आवरण पृष्ठ : युवक कवि मोतीराम भट्ट

# हाम्रो पुरुषार्थ (त्रैमासिक)

## काठमाडौं प्रतिनिधि

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ०१-४८२०२२१

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**कृष्णप्रसाद भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

## पाल्पा प्रतिनिधि

**कमल खत्री**
फोन नं. ९८४७३०९०८

## रुपन्देही प्रतिनिधि

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

## चितवन प्रतिनिधि

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

## दाङ प्रतिनिधि

**अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

## पोखरा प्रतिनिधि

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

## विदेश प्रतिनिधि

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**हरिनारायण सापकोटा**
७१९-सेमेका एभेन्यू, १ आर, रिजबुड, क्वीन्स, जिप्कोड-११३८५, न्यूयोर्क, अमेरिका
फोन नं. १-३४७-५१०-२७७१

सम्पादकीय

# भानु चम्काउने मोती

- ❑ नेपाली साहित्यको आकाशमा भानु अस्ताएपछि चम्केका उज्ज्वल नक्षत्र हुन् मोती । मोती आफूमात्र चम्केनन् साहित्यमा । मोती आफूमात्र हिंडेनन् साहित्यमार्गमा । मोतीले भानुलाई चम्काए, मोतीमण्डली बनाई मित्रहरूलाई पनि हिडाले आफ्नो बाटोमा ।

- ❑ छोटा आयुमा बडा काम गर्छन् यशस्वीहरू । तीस वर्षको उमेरमा एउटा युगको निर्माण गरे मोतीले । एउटा धारालाई बगाए मोतीले । विभूति हुन् मोती हाम्रा । नक्षत्र हुन् हाम्रा उज्यला । रत्न हुन् हाम्रा उम्दा । उनी छन् अनुपम आफैमा । हामी भन्छौं, उनी हुन्-शंकराचार्य झैं, विवेकानन्द झैं, कीट्स झैं, शेली झैं ।

- ❑ उनी हुन् प्रथम गजलकार हाम्रा । उनी हुन् प्रथम पत्रकार राम्रा । उनी हुन् प्रथम समीक्षक द्रष्टा । उनी हुन्-शृङ्गाररसका अनुपम स्रष्टा । शृङ्गाररसको सुमधुर धारा बग्यो उनीबाट । नेपाली भाषाका कवि-कोकिल हुन् उनी ।

- ❑ नेपाली साहित्यको माध्यमिक कालका सर्वश्रेष्ठ कवि मोतीले नेपाली भाषासाहित्यको विकासमा दिएको योगदान अपूर्व छ । मुद्रण युगको प्रारम्भसँगै उनी उदाए । लुप्तगुप्त प्रतिभाको खोजी गरे उनले । नेपाली कवितामा रागात्मक कविता सृजेर साहित्यमा चाख जगाए । एउटा सिंगो युग बोकेका छन् मोतीले साहित्यमा ।

- ❑ काठमाडौंमा जन्मेर बनारसमा पढेका मोतीमा हिन्दीका भारतेन्दु हरिश्चन्द्रको प्रभाव परेको छ । फारसी जानेका मोतीले त्यतैबाट नेपालीमा गजल भित्र्याए । नेपाली साहित्यको इतिहासमा अजरामर छन् मोती । मोतीको प्रकाशमा बाटो पहिलाएथ्यो नेपाली भाषा र साहित्यले । राष्ट्रका विभूति मोतीको १५४ औं जन्मजयन्तीको अवसरमा उनको अमर आत्माप्रति हार्दिक श्रद्धाञ्जलि ।

-000-

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| १. | राष्ट्रभाषाको स्रोत र सनातन धर्म ... | प्रा.डा. हरिप्रसाद आचार्य | १ |
| २. | राजकीय व्यवस्था सञ्चालनमा ... | डा. बाबुराम ज्ञवाली | ९ |
| ३. | नेपाली सनातनी गणित र केही अभ्यास | प्रा.डा. एकारत्न आचार्य | १३ |
| ४. | गाउँमा | दीन पन्थी | २० |
| ५. | यो असारे आँखीझ्यालबाट स्मृतिका ... | सुरेशप्रसाद अर्याल 'कान्छो' | २२ |
| ६. | पूर्वीय दर्शनसितको हिमचिम | उत्तरकुमार पराजुली | २४ |
| ७. | थकाली जातिको सङ्क्षिप्त अध्ययन | विजय सागर | ३९ |
| ८. | आमा ! | शंकर ज्ञवाली | ८६ |
| ९. | सुन बिस्ट्याउने बँगुर | हरिप्रसाद भण्डारी | ८८ |
| १०. | 'आधा जिस्ता'कृतिमा पाठकीय दृष्टिकोण | गङ्गा अभिलाषी | ९२ |
| ११. | धुन्धुकारीको देश | पन्थी रामप्रसाद | ९६ |
| १२. | घोंडा र गधा | रमेश गौतम 'पाल्पाली' | १०१ |


## स्थायी स्तम्भहरू :


| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | प्रा.डा. दुर्गाप्रसाद अर्याल | १ |
| ३. | पुस्तकालय परिचय | चन्द्रप्रकाश उपाध्याय | १०३ |
| ४. | किरण पुस्तकालयको पातो | सचिव | १०४ |
| ५. | नौलो सृष्टि : सानो दृष्टि | सुरेशप्रसाद अर्याल र अकिञ्चन | १०६ |
| ६. | यताउताबाट | बाबुराम भुसाल | ११२ |
| ७. | पाठक-प्रतिक्रिया | खिमनन्द पोखरेल र डिल्लीराज खनाल | ११६ |
| ८. | किरण पुस्तकालयका आजीवन सदस्यको परिचय | | १२२ |


ooo

# राष्ट्रभाषाको स्रोत र सनातन धर्म संस्कृतिको भण्डार संस्कृतलाई मासिदै छ ।



✍ **प्रा.डा. हरिप्रसाद आचार्य**

*(संस्कृत भाषालाई आफ्नो घरको बोलीचालीको भाषा बनाउने परिवारका प्रमुख व्यक्तित्व प्रा.डा. हरिप्रसाद शर्मा आचार्यको जन्म वि.सं. १९९३ सालमा प्यूठानको खैरामा भएको थियो । बाल्यवस्थादेखि नै प्रतिभाशाली छात्रको रूपमा परिचित आचार्य संस्कृत व्याकरणका विशिष्ट विद्वान् हुनुहुन्छ । उहाँले विभिन्न प्रकारका मान, सम्मान, विभूषण र पदविहरू प्राप्त गर्नुभएको छ । नेपाली र संस्कृत भाषाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका आचार्यको एउटा अन्तर्वार्ता ९ वर्षअघि २०६७ सालमा हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ५६ मा प्रकाशित भएको थियो । यस पटक अलि भिन्न सन्दर्भमा 'हाम्रो पुरुषार्थ'का काठमाडौं प्रतिनिधि प्रा. डा. दुर्गाप्रसाद अर्यालले लिनुभएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ । -**सम्पादक**)*

**१. यहाँको जन्म र बाल्यकालका सम्बन्धमा पारिवारिक पृष्ठभूमिसहित प्रकाश पारिदिनु हुन्छ कि ?**

❑ मेरो जन्म प्यूठान जिल्ला खैरा गाउँको आचार्य कुलमा भएको हो । मेरा पिताजी श्री दुर्गाप्रसाद शर्मा आचार्य आफ्नो बाल्यकालमा अत्यन्त पढ्ने मन भई घरबाट हिंडे पनि पुत्रस्नेहवंश वयोवृद्ध आफ्ना पिताज्यूले फर्काउनु भएकाले आफूले पढ्न नपाए तापनि शिक्षाप्रति अत्यन्त चासो राख्नुहुन्थ्यो । फलतः छिमेकी विद्यावयोवृद्ध परोपकारी श्री आत्माराम शर्माबाट वर्णमाला (अ, आ, क, ख) देखि शुक्ल यजुर्वेदसम्म वात्सल्यपूर्ण रीतिले पढ्न पाएँ ।

**२. यहाँको अध्ययन कहाँ-कहाँ कसरी कसको प्रेरणाबाट कुन-कुन समयमा के कति भयो उपाधिसहित जानकारी गराउनुहुन्छ कि ?**

❑ प्रारम्भिक शिक्षापछि व्याकरणका विद्वान् मेरै दाजु श्री गुरुप्रसाद शर्मा आचार्य, नेत्रविनोद आचार्य, मुक्तिनाथ शर्मा आचार्यबाट फरक फरक समयमा मध्यसिद्धान्तकौमुदीको नाम धातु प्रक्रियासम्म र त्यसपछि हरिहर संस्कृत पाठशाला खिदिम तथा वाराणसीमा अध्ययन गरी व्याकरणको सम्पूर्ण मध्यमा परीक्षा उत्तीर्ण गरें । त्यसपछि तात्कालिक राजकीय संस्कृत महाविद्यालय (वाराणसेय संस्कृत विश्वविद्यालय)बाट शास्त्री र क्रमशः आचार्य परीक्षा वि.सं. २०१५ मा उत्तीर्ण गरें । यसरी अध्ययनमा प्रवृत्त हुने प्रेरणा माता, पिता, दाजुबाट मिलेको हो ।

**३. यहाँले कहिलेदेखि कहिलेसम्म कहाँ कहाँ प्राध्यापन गर्नुभयो ? आफ्नो प्राध्यापनको अनुभवबाट प्राप्त अध्यापन (शिक्षण प्रविधि) शिल्प दक्षताका आधारहरूको समेत दिग्दर्शन गराइदिनुहुन्छ कि ?**

❑ २०१६ देखि २०१८ सम्म जनता संस्कृत महाविद्यालय दाङमा र त्यसपछि संस्कृत माध्यमिक विद्यालय प्यूठान बिजवारमा प्राध्यापन, अध्यापन गरें । २०२६ देखि त्रिभुवन विश्वविद्यालय, २०३० देखि महेन्द्र संस्कृत विश्वविद्यालयमा प्राध्यापन । शिक्षण प्रविधि - संस्कृत भाषामा बालक–बालिकाहरू पनि शिक्षा ग्रहण गर्न सक्तछन् भन्ने मात्र होइन, गाई, गोरु, चरा, कुकुर पनि संस्कृत भाषा बुझ्दछन् भन्ने कुरा विश्वविद्यालय केन्द्र बेलझुण्डीबाट निक्लने हिमज्योतिः मासिक पत्रिकामा क्रमशः प्रविधि चर्चा भएको छ । हामीले संस्कृतबाहेक अरू शब्दको प्रयोग नगर्ने हुनाले पशुले पनि संस्कृत बुझ्दथे । अतएव एकपटक केन्द्रीय विद्यापीठ दाङमा वार्षिक कार्यक्रम हुँदा हास्यव्यङ्गको उपाधि दिंदा मलाई "महिषी संस्कृतं वदति" यस्तो उपाधि मिलेको थियो ।

**४. आधुनिक अङ्ग्रेजी भाषा साहित्यका सापेक्षतामा संस्कृत वाङ्मयको अध्ययन किन व्यापक हुन नसकेको अनुभव गर्नुहुन्छ ?**

❑ यो प्रश्न निकै महत्त्वपूर्ण छ । यसको उत्तर गर्न कठिन छ र निकै सरल पनि छ । कठिन यस कारणले छ कि लामो समयदेखि राजनीतिक चलखेल हुँदै आए, शिक्षा प्रविधि विदेशीका वशमा पर्‍यो । सरल यस कारणले छ कि शिक्षा दिने प्रणाली शुद्ध भए हाम्रा मस्तिष्कमा शुद्धि आउँछ । मस्तिष्क शुद्ध भए हामी को हौं र किन अहिले यस्ता भयौं भन्ने बुझ्न सकिन्छ । शिक्षा विधिकैबारे कुरा गरौं - षडङ्गो वेदोऽध्येयोज्ञेयश्च = छ अङ्गसहित चारै वेद पढ्नुपर्छ र मनन गरी बुझ्नुपर्छ । अध्ययनसमय साधारणतया २५ वर्षको उमेर मानिन्थ्यो । अहिले एक अङ्गको पनि केही

अंश मात्र पढ्न पनि किन धेरै समय लाग्दछ ? यसबाट हामीले हाम्रो शिक्षा पद्धतिमा पहिलेको अनुपातमा धेरै विकृति आएको छ भन्ने त छर्लङ्ग नै छ । यसै कारण व्याकरणको सरल र स्वल्प समयमा बोध गराउने उद्देश्यले अष्टाध्यायी, शारदाप्रभा महिता नामक ग्रन्थ लेखेको हुँ ।

**५. व्याकरण दर्शनलाई पाणिनीय दर्शन पनि भनिन्छ । यस सम्बन्धमा दर्शन र व्याकरणको सम्बन्धसहित प्रकाश पारिदिनुहुन्छ कि ?**

❑ दर्शन शब्द दृशिर् प्रेक्षणे धातुबाट ल्युट् र ण्यन्त त्यही धातुदेखि पनि सिद्ध हुन्छ । भूत, भविष्य, वर्तमान तीनै कालमा कुनै पनि विषयको अन्यथा नहुने गरी बोध हुनु दर्शन हो र त्यसलाई प्रतिपादन गर्ने शास्त्रलाई दर्शन भनिन्छ । अतः अष्टाध्यायी व्याकरण दर्शन हुनाले पाणिनीय दर्शन पनि भनिन्छ । अतः यी दुईको भेदसहिष्णुरभेदः = भिन्नता हुँदा हुँदै पनि अभेद सम्बन्ध छ ।

**६. संस्कृत व्याकरणको परम्परा कुन काल खण्डदेखि कसरी कसबाट विकसित हुँदै आएको हो संक्षेपमा जानकारी गराइदिनुहुन्छ कि ?**

❑ यो कुरा सृष्टि प्रक्रियासँग जोडिएको छ । महेश्वर व्याकरण समुद्र जस्तै मानिन्छ भने त्यसको तुलनामा बार्हस्पत्य=बृहस्पति निर्मित, व्याकरण एउटा घडा (१ घैंटा) जल बराबर मानिन्छ । बार्हस्पत्य व्याकरणको तुलनामा ऐन्द्रव्याकरण, १ घडा जलको शय भाग गरी सौवाँ भागको पनि सौवाँ १ भाग जति मानिन्छ । उपर्युक्त व्याकरणको तुलनामा पाणिनीय व्याकरण दुबो कुश आदिको टुप्पामा अडिएको जल बराबर मानिन्छ ।

यसरी उत्तरोत्तर संक्षिप्त गरिएअनुसार आज-भोलि पाणिनीय व्याकरण छ । यो ग्रन्थ सिनेमा, टि.भी.मा जस्तै विशाल विशालतम भाग पनि अति सूक्ष्म रीतिले सूत्रद्वारा बोध गराउँछ । यति पुराना कुरा भए । आजभोलि सूत्र क्रमले पढाउने शैली ह्रास मात्र हैन, निमिट्यान्नै भएको छ । यसैको सुधारको लागि आफ्नो बोधअनुसार अष्टाध्यायी, शारदाप्रभा व्याख्या महिता लेखेको छु; जो म.सं.वि.वि.बाट मुद्रित छ । यसमा धेरै कमजोरी अवश्य छन् । विद्वद्वर्गले परिमार्जन गर्दै अगाडि बढाउनु हुनेछ भन्ने मैले विश्वास लिएको छु । 'यतः सत्यं ज्ञानमनन्तम्' ।

**७. सर्वत्र सार्वकालिक उपयोगिता भएको वैज्ञानिक संस्कृत भाषा व्याकरणको पुनर्जागरण कसरी हुन सक्ने ठान्नुहुन्छ ?**

सूत्र क्रमबाट व्याकरणको शिक्षा दिने प्रक्रियालाई बढाउनाले सिद्ध हुन्छ भन्ने ठान्दछु ।

**८. शब्द र पदको परिचय, समानता र भिन्नता के हो ?**

- ❑ शब्द एउटा ध्वनि मात्र पनि हुन्छ, त्यसै ध्वनिको अर्थ लाग्ने समुदाय पद भनिन्छ । अतः अर्थ विशिष्ट ध्वनि पद हुन्छ र त्यसलाई शब्द पनि भनिन्छ । अर्थ विनाको ध्वनि पद हुँदैन तापनि शब्द भनिन्छ ।

**९. यहाँ कहिलेदेखि कुन रचनाका माध्यमबाट साहित्य सिर्जनामा लाग्नुभएको हो ?**

- ❑ २०१५ सालदेखि छन्दोबद्ध पद्य बनाउन सिक्ने इच्छा जागरित भएको हुनाले भावार्थ आफूले कल्पना नगरी कुनै पुस्तक या पत्रिकामा नेपाली भाषामा लेखेका कुरालाई संस्कृत भाषामा अनुवाद गर्दै जाँदा क्रमशः सजिलैसँग संस्कृत भाषामा पद्यबन्ध गर्न सक्ने बनेको हुँ ।

**१०. यहाँले नेपाली साहित्यको पनि रचना गर्नुभएको छ कि ?**

- ❑ फाटफुट कविता लेखे पनि उल्लेख्य पुस्तकको रचना गरेको छैन तापनि २०४३ सालतिर मेरो दुश्मनले मेरो प्रतिष्ठामा जघन्य अपराध पुर्‍याएको ६ महिनापछि मैले थाहा पाएँ र मेरो हृदयमा ठूलो आघात पर्‍यो । "सो आघातलाई शान्त गराउने उपाय जगदम्बाको शरण लिनु नै हो" भन्ने ठानेर आद्य शङ्कराचार्य रचित सौन्दर्य लहरीलाई तत्सम छन्दमा नेपाली भाषामा अनुवाद गरेको हुँ । उदाहरणार्थ शुरू र अन्त्यको पद्य प्रस्तुत गर्दछु ।

शुरूको पद्य :-

**सहारा माईको यदि हुन गएमा शिव अनि**
**हुने 'सर्वे सर्वा' नहित नहुने डग्मग पनि**
**हरिब्रह्मा रुद्र प्रभृतिकि पनी स्तुत्य कसरी**
**कउन् लाग्ला तिम्रो स्तुति नति विषे पुण्य नगरी**

अन्तिम पद्य :-

**दियाका ज्वालाले दिवसकरमा ज्योति गरनू**
**शशीलाई उन्कै मणि सलिलले अर्घ्य रचनू**
**उनैका पानीले जलधि गरिनू तृप्त, सरि यो**
**हजुर्कै वाणीले स्तुति हजुरको अम्ब गरियो ॥**

**११. यहाँका कृतिहरू कुन कुन काल खण्डमा कहाँ कहाँबाट प्रकाशित भएका छन् र के कति प्रकाशित हुन बाँकी छन् विवरण बताइदिनुहुन्छ कि ?**

- ❑ २०२२ सालमा 'गोरक्षसाहं वंश' र २०२८ सालमा 'महेन्द्र विरहवेदना', २०३१ मा श्री ५ वीरेन्द्र-शुभ-राज्याभिषेकम्, स-शिक्षानिदानम् प्रकाशित छन् ।

महेन्द्र संस्कृत विश्वविद्यालय दाङबाट प्रकाशित हुने 'हिमज्योति' मासिक पत्रिकामा क्रमशः प्रकाशित भएका छन्, निर्वचन ज्योतिः शीर्षकमा पनि प्रकाशित भएका छन् ।

**१२. संस्कृत व्याकरण जस्तो गहनतम विषयको अध्ययन गर्नुभएका यहाँका साहित्यिक कृतिमा प्रयुक्त भाषा शैली कसरी यति मधुर तथा सरल हुन गयो बताइदिनुहुन्छ कि ?**

❑ २०२०/०२२ सालतिरको कुरा हो मेरा सतीर्थ्य श्री भेषराज सापकोटाले शास्त्री खण्डमा निरुक्त पनि थियो भन्नुहुँदा निरुक्तमा कुन विषय प्रतिपादन रहेछ भन्ने मेरो जिज्ञासालाई शब्दको व्युत्पत्ति सिकाउने रहेछ भनी शान्त पार्नुभयो । मैले मनले सोंचे कि व्याकरणले नै सबै शब्द सिकाउँछ । अतः निरुक्त खासै उपयोगी रहेनछ भन्ने मेरा मनमा भावना टुसायो । पछि बृहद् आध्यात्मिक परिषद्अन्तर्गत भाषा विज्ञान परिषद्को अध्यक्ष हुँदा मैले त्रिभुवन विश्वविद्यालयका प्राध्यापक श्री उपेन्द्र सिंहलाई प्रवचनका लागि आमन्त्रण गरेअनुसार, प्रवचनको क्रममा 'काक इति शब्दानुकृतिः तदिदं शकुनिषु बहुलम्' भनेको सुन्न पाउँदा खुबै आनन्दको अनुभव गरें र मैले व्याकरणबाट नै सबै शब्द निर्वचन गर्न सक्छु भन्ने मेरो भ्रम वा अभिमान पनि चकनाचुर् भयो । यही घटनाले निरुक्त तीन आवृत्ति गर्ने प्रेरणा मिलेको हो । अहिले के ठान्छु भने जस्तै पानी टङ्कीमा भरिन्छ । त्यसलाई जतातत्तैबाट फोरिदिए जतातत्तै छहल्लिन्छ । त्यस्तै व्याकरणले शब्द समूहलाई भर्दछ र त्यसलाई निरुक्तले छताछुल्ल पारिदिने रहेछ भन्ने ठान्दछु । यही नै मेरो कृतिको बीऊ हो । मेरो कृतिलाई सुमधुर सरल ठान्नु भएको छ भने राम्रै भयो । **कविः करोति काव्यानि रसं जानन्ति पण्डिताः ।**

**१३. यहाँको साहित्य सृजना र अन्य गैरसाहित्यिक कृतिको रचनामा कसको के कस्तो प्रेरणा रह्यो ?**

❑ विशेष प्रेरणा योगी श्री नरहरि नाथबाट मिलेको हो ।

**१४. विश्वमा संस्कृत जस्तो व्यवस्थित, वैज्ञानिक, उत्पादनशील भाषा अरू छैन र यही नै आद्य भाषा पनि हो भन्ने कसै कसैको धारणा पनि छ तर अहिले संस्कृत वाङ्मयको पठनपाठन र व्यवहार क्षीण र अल्पतम भइरहेको कारण के होला भन्ने अनुभव र तर्क राख्नुहुन्छ ?**

❑ कसै कसैको धारणा छ, भन्नुभएकोमा म पनि त्यही धारणा राख्दछु, विना युक्ति धारणा राखेको होइन । आफूले गरेका भाषा विश्लेषणको आधारमा हो । विशेष जिज्ञासु मसँग सम्पर्क राख्न सक्नुहुन्छ । संस्कृत वाङ्मय क्षीण हुँदै जानुमा कारण बुझ्न टाढा पुग्नुपर्दैन । हामीले आफ्नै जीवनमा अनुभव गरेको कुरा हो । वि.सं. २००७ सम्म ठूलो वर्णमाला पुस्तकमा

ब्राह्मणलाई चिठी लेख्दा **'ब्रह्मकर्म समर्थ'** भनी लेख्नुपर्दछ । क्षेत्रीलाई चिठी लेख्दा **'राजभार धान्न समर्थ'** भनी लेख्नुपर्छ । लेनदेनको विषयमा लेखिने कागतको शिरमा "लिखितं शुभदिने धनिकानाम/ऋणीका नाम" यस्तो लेखिन्थ्यो । राष्ट्रभाषामा ९३ प्रतिशत संस्कृतका शब्दको प्रयोग हुन्थ्यो । त्यसपछि १० कक्षासम्म संस्कृत, राष्ट्रभाषामा मिश्रित पाठ्यक्रम बन्यो । संस्कृतबाट १० कक्षा पास गरेकाले आधुनिक विज्ञान पढ्न पाउँथे र डाक्टर, इञ्जिनियर बन्न पाउँथे । त्यसपछि ७ कक्षासम्म राष्ट्रभाषा मात्र शिक्षा दिने ८ कक्षादेखि विज्ञान या संस्कृत पढ्ने भनी संस्कृत पढ्नेले विज्ञान पढ्न नपाउने भए । त्यति मात्र होइन संस्कृतको पढाइ हुने संस्कृत माध्यमिक विद्यालय खारेज गरियो । यी सबै कुरा तात्कालिक शिक्षा मन्त्रीज्यूमा बोध गराए तापनि गल्ती सुधार्ने पहल बनेन । यस्तो परिस्थितिमा अरू कसलाई दोष दिने ? संस्कृत विद्यापीठहरू बने पनि आधारशिला संस्कृत माध्यमिक विद्यालय खारेज हुँदा शिक्षा प्रणाली मयूर जस्तो (माथिको भाग राम्रो तलको खुट्टा कक्रक्क परेको) छ । अब आफ्नो मातृभाषामा शिक्षा हुनुपर्छ भनी राष्ट्रभाषालाई शिथिल पार्ने प्रसङ्ग चल्दैछ । सारांशमा पहिले संस्कृत मास्न राष्ट्रभाषाको महत्त्व गाइयो । अब मातृभाषा भनी राष्ट्रभाषालाई थेतलो बनाइँदै छ । यसरी राष्ट्रभाषाको स्रोत र सनातन धर्म संस्कृतिको भण्डार संस्कृतलाई मासिदै छ । यस्तो प्रच्छन्न दीर्घकालिक योजना बनाउने खोपडी भएकासँग हाम्रा बबुरा मन्त्रीले के पो गर्न सक्छन् र?

**१५. यहाँले गरेको संस्कृत वाङ्मयको सेवा र उन्नयनबाट आफू कति मात्रामा सन्तुष्ट हुनुहुन्छ र आफ्नो योगदानहरूको कदर भएको नभएको के ठान्नुहुन्छ ?**

❑ आफूले गरेको संस्कृत वाङ्मयको सेवाबाट प्रायः सन्तुष्ट नै छु । कदर भए नभएको त तपाईंहरू जस्ता विद्वान्ले स्वयं बुझ्ने कुरा हो ।

**१६. अहिलेको पाश्चात्य शिक्षा प्रविधि र अङ्ग्रेजी भाषाका चापमा ग्रस्त भएको पाणिनीय शिक्षा पद्धतिको पुनर्जागरण के कति सम्भव होला ?**

❑ २०६० वि.सं.मा महेन्द्र संस्कृत विश्वविद्यालयबाट प्रकाशित अष्टाध्यायी, शारदाप्रभा व्याख्यामहिता ग्रन्थको प्राक्कथनमा पनि यस विषयको दिग्दर्शन गराएको छु ।

**१७. यहाँले तयार गर्नुभएको अष्टाध्यायी शरदाप्रभा व्याख्यामहिताको अध्ययन कसरी गर्दा उपयुक्त र सार्थक हुन्छ बताइदिनुहुन्छ कि ?**

❑ पाणिनिले लेखेको सूत्रक्रमबाट पढ्न सकिंदैन । १ । १ । १ देखि १-१-३ सम्म पढ्न पढाउन सकिए तापनि १-१-४ (न धातुलोप आर्धधातुके) सूत्र पढ्न पढाउन सकिँदैन । पढ्नेले बुझे मात्र पढाएको ठहर्छ ।

**प्रक्रिया क्रम**

प्रक्रिया क्रम वर्ण विन्यासले पढ्दा पाणिनिले स्वीकारेका अध्ययनको परिपाटी खल्बलिन्छ - किनकि वर्ण विन्यास, पूर्व, पर, सपाद, सप्ताध्यायी, त्रिपादी, विरोध भएमा त्यसका समाधान, संज्ञाबाट व्याकरण उपदेश गरेका छन् । प्रक्रिया क्रमअनुसार पढ्दा पङ्क्ति घोकेर समाधान गरिने हुँदा अध्ययन समय अति धेरै खर्च गर्दा पनि स्पष्ट स्फुरण हुँदैन । अतः पाणिनिले पनि पढाउँदा सूत्र विन्यास क्रमले पढाउनुहुन्नथ्यो । अतएव १-१-१० ना ज्झलौ सूत्रमा अ भन्नाले त्यसको सवर्ण आ लिइँदैन किनकि सवर्णग्राहक १-१-६८ अणुदित्सवर्णस्य चाऽप्रत्ययःसूत्रको वाक्यार्थ बोध भएको छैन (पढिएको छैन) । १-१-२ अदेङ् गुणः सूत्रमा यहाँ अर्को सवर्ण आ नलिइयोस् भनेर "अत्" यस्तो तपरकरण गरियो । यसबाट पाणिनिले सूत्र विन्यास क्रमले उपदेश गर्नुहुन्नथ्यो । सूत्र विन्यास क्रमले उपदेश गरेको भए १-१-१० सूत्र पढ्दा, १-१-६८ सूत्रको वाक्यार्थ बोध नहुने; १-१-२ सूत्र पढ्दा वाक्यार्थ बोध भइसकेको (पढिसकेको हुने) यो कसरी संभव हुन्छ ? अब प्रश्न उठ्छ । पाणिनिले उपदेश गर्ने क्रम कस्तो हो त ! यस्को उत्तर विद्वान्हरूले मनन गर्नुपर्छ । मेरो बुद्धिले देखेअनुसार मैले सूत्रविन्यास क्रमबाट पढाउने प्रक्रिया यस्तो थियो कि भन्ने सोंचेर सोहीअनुसार पढाउने गर्दै अष्टाध्यायी शारदा प्रभा व्याख्यामहिता ग्रन्थ निर्माण गरेको हुँ । त्यसमा यसरी पढ्ने भनी बताइएको छ । (यसअनुसार पढ्ने विद्यार्थी लाभान्वित भएका छन् ।)

(क) सर्वप्रथम मङ्गलाचरण १-१-१, २ वृद्धिरादैच्, अदेङ्गुणः सूत्रको अर्थ नगरी निगद पाठ गराउने । त्यसपछि १-१-९ तुल्यास्य प्रयत्नं सवर्णम् सूत्र पढाउने (अदेङ् सूत्रस्य निगद रूपेणोपदेशानन्तरं सूत्रमिदं पाठ्यम्) यस्तो व्याख्यामा बताइएको छ । यसको व्याख्यानको अन्त्यमा अथ ॠ ॡ······ वार्तिकमुपदेश्यम् भनिएको छ । त्यसपछि १-१-९ तुल्या ········ 'सूत्रानन्तरमिदंवार्तिकं पाठ्यम्' यस्तो लेखिएको छ । त्यसपछि अत इतः परम् ८-४-३९ स्तोःश्चु ········ सूत्रं पाठ्यम् भनिएको छ । त्यसपछि ८-४-३९ स्तोःश्चु ... १-१-९ तुल्या... सूत्रस्थ ॠ, व, वार्तिकानन्तर सूत्रमिदं पाठ्यम् । यस्तो लेखिएको छ । यसका अन्त्यमा अथ ८-४-४० ष्टुना...सूत्रं पाठ्यम् । यस्तो लेखिएको छ । यसका अन्त्यमा ८-४-३९ स्तोः श्चु सूत्रान्तर सूत्रमिदं पाठ्यम् । यस्तो लेखिएको छ । अन्त्यस्मा अथ ८-३-२३ मोऽनु··सूत्रमुपदेश्यम् । यस्तो लेखिएको छ । यही रीतिले २-२-२९ चार्थे द्वन्द्वः मा पुगेपछि ग्रन्थको पूर्वाङ्ग सकिन्छ र अब सूत्र क्रमले सजिलैसँग अष्टाध्यायी पढ्न सकिन्छ । यो रीतिले पढ्दा दिनको एक घण्टाको समय उपयोग गरे छ मैनामा पूर्वाङ्ग पूर्ण हुन्छ ।

**१८. हजुरले 'अष्टाध्यायी शारदा प्रभा व्याख्यामहिता' के उद्देश्यले तयार गर्नुभएको हो ?**

❑ संस्कृत वाङ्मयमा थोरै समयमा सजिलैसँग पढ्ने पढाउने प्रविधि पुनः जागरूक होओस् भन्ने मुख्य उद्देश्य हो ।

**१९. पाणिनीय व्याकरणलाई समष्टि भाषा विज्ञानका रूपमा पनि कतिले उल्लेख गरेका छन् । आधुनिक भाषा विज्ञान र पाणिनीय व्याकरणलाई कसरी दाँज्न र बोध गराउन सकिन्छ ?**

❑ पाणिनीय व्याकरण र निरुक्त दुई मिलाउँदा सबै भाषा संस्कृतमूलक हुन् भन्ने बुझिन्छ । यस प्रसङ्गमा भाषाविज्ञान विषयमा एक उदाहरण प्रस्तुत गर्दछु - शतम् परिवार र केन्तुम् परिवार भारोपीय परिवारका हुन् । भारोपीय भाषा कुनै हुँदो होला भन्ने मिथ्या प्रसार आजभोलि चलेको छ । वास्तवमा पूर्वाग्रह नराखी विचार गर्ने हो भने केन्तुम् शब्द शतम् शब्दको सन्तति हो । वर्णपरिवर्तन विचार गर्नुहोस्, शतम् को म्, त देखि पूर्व आउँदा शम्त हुन्छ । परपट्टि स्पर्श वर्ण (क,ख ...... म) भएमा पूर्वको नासिक्यवर्ण त्यही परपट्टिका स्पर्श वर्णको पाँचौं वर्ण बन्छ । जस्तैः अङ्क, भाञ्ज, घण्ट, दन्त, कम्पनी । अतः मकार, परपट्टिका त को पञ्चम न् हुँदा शन्त बन्छ । यही कुरा पाणिनिले अनुस्वारस्य ययि परसवर्णः भनी उपदेश गर्नुभएको छ । सौजन्य ठीक शब्द हो । तर आजभोलि जस्तै पटुता मृदुता भनेझै अशुद्ध सौजन्यता भनिन्छ; त्यस्तै उपर्युक्त शन्त शब्ददेखि फेरि विभक्ति ल्याउँदा शन्तम् बन्दछ । विचार गर्नुहोस् - संस्कृतको गणितम् शब्दलाई ग्रीक् लैटिन् भाषामा 'ग' का अकारमा उकार राखी गेनितम् बन्यो । परपट्टि ओष्ठस्थानी मकार हुनाले तकारको अकार उकार बन्यो, यसरी गेनितुम् भनेझै शन्तम् शब्द शेन्तुम् । यदि ........ सकार ध्वनि पनि सङ्केत गर्दछ भने सेन्तुम् शब्द बन्यो । क कार ध्वनि मात्र सङ्केत गर्छ भने एउटा व्यञ्जन मात्र परिवर्तित हुँदा शतम्को अपभ्रंश केन्तुं शब्द बन्दछ । यसरी शतम् शब्दको अपभ्रंश सिद्ध हुन्छ । तर आजभोलि कुनै (भारोपीय) मूल भाषा हुँदो हो जसका अपभ्रंश सन्तति शतम् र केन्तुम् भन्ने प्रचारप्रसारद्वारा 'बोल्नेको थुक् बिक् नबोल्नेको चामल पनि नबिक्' यस्तो उखान चरितार्थ गरिदैछ ।

ooo

**राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिका 'हाम्रो पुरुषार्थ'मा विज्ञापन दिएर लाभ उठाउनुहोस् ।**

# राजकीय व्यवस्था सञ्चालनमा शब्दको महत्त्व

✍ **डा. बाबुराम ज्ञवाली**
**प्राध्यापक : बुटवल बहुमुखी क्याम्पस, रूपन्देही**

कौटिल्यीय ग्रन्थ राजनीतिशास्त्रको एक विश्वकोश मात्र होइन एक मार्गदर्शक यन्त्र हो भन्न सकिन्छ । आजभन्दा लगभग २४०० वर्षअघि स्थिर राजनीतिक व्यवस्थाको उद्देश्यले रचना गरिएको यस ग्रन्थलाई अंग्रेजी अनुवादकहरूले आआफ्ना किसिमले अनुवाद गरेका छन्– काङ्लेले **'साइन्स अफ पोलिटिक्स'**, बैशमले **'अ ट्रीटाइज अन पोलिटी'**, **'कोशाम्बीले साइन्स अफ मेटेरियल गेन'** भनेका छन् । सिंहले यस विषयलाई **अ साइन्स अफ् पोलिटी** र बोशेले **साइन्स अफ् पोलिटिकल इकोनोमी** भन्न रूचाउँछन् ।

युरोपेली दृष्टिले सबभन्दा राम्रो तुलना हब्सले गरेका हुन् जसले राजनीतिशास्त्रका साधनहरूलाई सार्वकालिक नियमको रूपमा प्रस्तुत गर्न खोजेका छन् । उनले के दावी गरेकाछन् भने यो प्रकृतिका नियमहरूको एक निगमनात्मक (आनुभाविक) विज्ञान हो । जुन स्पष्ट छ, स्वयं सिद्ध छ र जसले यसको अन्वेषण गर्छ उसले के बझ्छ भने यो गणितका साध्य र निष्कर्षहरू जस्तै हो । एक शुद्ध विज्ञानको खोजीमा कौटिल्य र हब्स दुबैको अर्को समानता के हो भने, जुन अरू कुनै लेखकले आजसम्म उल्लेख गरेको मैले भेटाएको छैन । त्यो के हो भने दुबै सिद्धान्तकारले राजनीतिशास्त्रको भाषामा शुद्धता हुनुपर्छ र प्रत्येक शब्द प्रष्ट बुझिने हुनुपर्छ भन्ने मानेका छन्, त्यसैले दुबैले शब्दहरूलाई स्पष्ट परिभाषित गरिदिएका छन् । हब्सले स्पष्ट भाषाको यो विधि युक्लिडको निगमन गणितबाट प्राप्त गरेका हुन् । हब्सले के कुरा निश्चित गरेका छन् भने हामीले केही भनाइ तथा शब्दहरूको स्पष्ट परिभाषाबाट सुरू गर्नुपर्छ । त्यसमा स्वीकृत तथ्य, विश्लेषण र तर्क प्रयोग गरेर निष्कर्ष प्राप्त गर्नुपर्छ ।

कौटिल्यले दुई हजार वर्षअघि, निश्चित रूपमा सम्पूर्ण अर्थशास्त्र ग्रन्थमा ठीक त्यस्तै केही काम गरे । राजनीतिशास्त्र ग्रन्थको भाषालाई परिभाषित गरेर उनले आफ्ना अवधारणाहरूलाई तथ्यात्मक रूपमा प्रस्तुत गरेका छन् । यसबाट त्यो विषय विज्ञान बन्छ । देश सञ्चालनमा सबभन्दा महत्त्वपूर्ण कुरा के हो भने नियम सबभन्दा स्पष्ट हुनुपर्छ, सबैलाई एक समान रूपले लागू हुनुपर्छ, र सशक्त समर्थन गरिएको हुनुपर्छ । यी कुरा कौटिल्यीय अर्थशास्त्रमा स्पष्ट देख्न सकिन्छ । यसका लागि राज्य सञ्चालनका नियम स्पष्ट र दोहोरो अर्थ नलाग्ने हुनुपर्छ । त्यसैले शासनाधिकार (२.१० अध्याय)मा उनले केही विशेष शब्दको अर्थ

दिएका छन्, अक्षरहरूको समन्वय शब्द र शब्दहरूको संयोग वाक्य हो । उनले वाक्यलाई पनि विभिन्न भागमा वर्गीकरण गरेका छन् ।

राजकीय विधान र राजपत्रको बारेमा चर्चा गर्दै कौटिल्यले भनेका छन्-राज्यले आज्ञा वा प्रतिबद्धता व्यक्त गर्ने कुराहरू नै यस प्रकारका लिखत हुन्छन् ।

राज्य सञ्चालनको भाषाको निश्चित अर्थ भएन भने राज्य सञ्चालनमा बाधा पर्छ । राज्य सञ्चालक, राज्य सहयोगी, कर्मचारी र नागरिकहरूमा भिन्न-भिन्न दृष्टिकोण बन्छन् । आआफ्नो दृष्टिकोण अनुसार वादविवादले संघर्ष जन्म दिन्छ । यो संघर्ष राज्यको शान्ति सुव्यवस्थामा हानिकारक हुन्छ । आर्थिक समृद्धिको लागि प्रयोग गरिएका भाषामा समस्या छैन । लक्ष्य महत्त्वाकांक्षी भएको वा लक्ष्य निर्धारण गर्न नसकेको भन्न सकिन्छ ।

कौटिल्यले राजकीय लिखत (विधान वा आदेश) मा निम्नलिखित छवटा विशेषता हुनुपर्छ भनेका छन्-

१. अर्थक्रम, २. सम्बन्ध, ३. परिपूर्णता,
४. माधुर्य, ५. औदार्य, ६. स्पष्टता ।

वाक्य गठनमा प्रधान अर्थ तथा अप्रधान अर्थलाई क्रम मिलाएर लेख्नुपर्छ । लेखको समाप्तिपर्यन्त प्रत्येक अर्को अर्थ त्यस प्रधान अर्थको बाधक नहुने गरी सम्बन्धित हुनुपर्छ । अर्थपद र अक्षर न्यूनाधिक हुनु हुँदैन । हेतु, उदाहरण, र दृष्टान्तसहित अर्थको परिपूर्ण अर्थ निरूपण गर्ने वाक्य हुनुपर्छ । सरल र सुबोध र मधुर शब्दको प्रयोग गर्नुपर्छ । शिष्ट शब्दको प्रयोग गर्नु औदार्य र सबैले बुझ्ने शब्दको प्रयोग गर्नुपर्छ ।

वर्तमान समयमा प्रयोग भइरहेका शब्दावलीहरूमध्ये केहीमा यस्ता अस्पष्टताहरू छन् । संविधानको एउटा शब्दावली हो निरपेक्षता । यस सम्बन्धी चर्चामा यसका विभिन्न व्यक्ति र समूहले यस्ता अर्थ प्रयोग गरेको भेटिन्छ ।

यसका समर्थकहरूको विचारमा यसको अर्थ निम्नलिखित छ- -

१. राज्यको धर्म हुंदैन अर्थात् राज्य धर्महीन हुन्छ ।

२. धर्म अवैज्ञानिक र काल्पनिक अवधारणा हो, त्यसैले यसप्रति सापेक्ष हुनुपनि अवैज्ञानिक हुन्छ ।

३. धर्म निरपेक्षताले नेपाललाई एक धर्मको दादागिरीबाट मुक्त गरेको छ ।

४. यो गणतन्त्रको आवश्यक तत्त्व हो ।

५. यो भनेको त धार्मिक स्वतन्त्रता हो ।

६. यो भनेको राज्यका लागि सबै धर्म बराबर हो ।

७. यसको अर्थ हो धर्म व्यक्तिगत भएकोले मान्न वा नमान्न स्वतन्त्र छ ।

८. यसको अर्थ हो धर्मप्रचार गर्न पाइन्छ ।

९. यसको अर्थ धर्मान्तरण गर्न पाउनु पनि हो ।

१०. यसको अर्थ बहुधार्मिक हो ।

१२. निरपेक्षता भनेको सनातन धर्म र सनातन भनेको परम्परादेखि चलिआएको- हिन्दू, बौद्ध, इस्लाम ।

यसका विरोधीहरूको विचारमा अवधारणाको निम्नलिखित अर्थ बुझिन्छ-

१. धर्मनिरपेक्षको द्वैधता (ड्युआलिटी) पापसापेक्ष

२. कसैकसैले हिन्दू धर्मको स्वरूप नै निरपेक्ष ठान्दछन्

३. केहीले देशको एक महत्त्वपूर्ण पहिचान गुमेको तर्क गर्दछन् किनभने अहिले विश्व नै एक सांस्कृतिक रूपान्तरण संक्रमणकालमा छ । युरोपियन हिन्दू, वेस्टर्न हिन्दू, अमेरिकन हिन्दू, ब्ल्याक हिन्दू, एशियन हिन्दूजस्ता अवधारणा र संस्कृति विकास भइरहेको र युरोपका अनेक समुदायमा आफूलाई कुनै हिन्दूको पूर्वजसंग जोड्ने कुराहरू प्रचारमा आइरहेको सन्दर्भमा नेपालले प्राप्त गर्न सक्ने धार्मिक पर्यटन, बजार विस्तार, वैदेशिक लगानी, उद्योग, व्यापार स्थापना, श्रमको माग, र श्रमको पूर्ति इत्यादि क्षेत्रका फाइदा प्राप्त गर्ने अवसरसँगै गुमेको तर्क उनीहरूको छ ।

४. यो एक यस्तो अवधारणा बनेको छ जसले जनमत र जनप्रतिनिधि मतमा पनि विरोधाभास उत्पन्न गरिदिएको छ । यो अन्तर्विरोध सुझाव संकलनको क्रममा देखापरेको थियो । जनप्रतिनिधिहरूलाई प्राप्त सुझावहरूमध्ये अधिकांश सुझावमा निरपेक्षता शब्दप्रति असहमति प्रकट गरिएको थियो ।

यस अवधारणाले समूह समूह बीच र व्यक्ति व्यक्ति बीचको बुझाइमा अन्तर्विरोध उत्पन्न गरिदिएको स्पष्ट भइसकेको छ । अलग अलग समुदायबीच असमझदारी उत्पन्न हुँदा अन्तर्विरोध उत्पन्न हुन जान्छ । अनेक समूहबीचको अन्तर्विरोधले द्वन्द्व सिर्जना भई शान्ति सुरक्षा, आर्थिक विकास लगायतका काममा बाधा पर्छ । संसारमा कोही असल वा कोही खराब भनेर असन्तोष उत्पन्न भएको होइन वास्तविक असन्तोष एक जनाको विश्वास र आस्था अर्काको भन्दा फरक हुने भएकोले असन्तोष र द्वन्द्वको सिर्जना भएको हो । (Conflict in the world is

not about good versus bad but one man's belief versus another man's belief.)

प्रजातन्त्रमा निर्वाचन नै सबै प्रकारका अन्तर्विरोध र असहमति समाप्त गर्ने आधार हो । जनताले मतद्वारा र निर्वाचित प्रतिनिधिले बटुलेको जनमतका आधारमा राज्यका विधिविधान निर्माण हुन्छन् ।

यसै आधारमा राज्य सञ्चालन हुने हुँदा यस्तो संवादले मतदातालाई सचेत र जनप्रतिनिधिलाई जनमतप्रति उत्तरदायी बनाएर लोकतन्त्रलाई सुदृढ र उतार चढावरहित बनाउनुपर्छ । यसका लागि व्यापक छलफल र संवाद गर्नु आवश्यक छ । तर्कशास्त्रमा आफ्नो पक्ष अरूका अगाडि राख्ने तीन विधि हुन्छन्- संवाद, जल्प, र वितण्डा । आफ्नो तर्क राख्ने यी तीन तरिकाहरूमा सबैभन्दा उत्कृष्ट विधि संवाद हो । संवाद विधिको श्रेष्ठता के हो भने कहिले अरूलाई आफ्नो कुरा बुझाउन सकिन्छ भने कहिले अरूको कुरा आफूले बुझेर आफ्ना गल्ती सुधार गरिन्छ ।

निरपेक्षता शब्दबाट उत्पन्न जनअसन्तोषलाई हटाउने प्रयास गर्नु राज्यको दीर्घकालीन सुसञ्चालनका लागि एक महत्त्वपूर्ण प्रयास हो । किनभने, कौटिल्यका अनुसार शासनाधिकारमा व्यक्ति वा समुदायबीच अन्तर्विरोध उत्पन्न नहुने प्रयास गर्नु राज्य सञ्चालकको कर्तव्य हो ।

ooo

**किरण पुस्तकालय**
**प्रकाशन मालाको**
**सत्रौं पुष्प**
**श्री दीन पन्थीद्वारा लिखित**

**'हुटिट्याउँको मन'**




**प्रकाशनमा आइसकेको छ । भाषामा सरल, सरस, सुमधुर र भावमा महान् अति संक्षिप्त ३० वटा निबन्धहरूको सङ्गालो हुटिट्याउँको मन एकपटक पढ्न नबिर्सनुहोस् ।**

# नेपाली सनातनी गणित र केही अभ्यास

✍ **प्रा.डा. एकारत्न आचार्य**
**शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि.**

## गणित विकासको पृष्ठभूमि

नेपालमा परापूर्वकालदेखि नै विभिन्न रूपमा गणितको पठनपाठन हुँदै आएको पाइन्छ । श्रुति तथा स्मृतिको आधारमा गुरुको आश्रममा वा मठमन्दिरमा पठनपाठन हुँदै आएको पाइए तापनि पछि आएर लिखित रूपमा गणितका किताबहरू प्रचलनमा आएको पाइन्छ । नेपाली परम्पराबाट प्रभावित भई सनातनदेखि चलिआएको गणितलाई सनातनी गणितको रूपमा मान्न सकिन्छ । जुन वैदिक गणितको रूपमा पनि चिनिन्छ । सनातनी गणितको विकासमा अङ्कलिपि र अङ्कसंकेतले मुख्य भूमिका खेलेको हुन्छ । त्यस्ता गणितका आधारभूत एकाइहरूको रूपमा अङ्कसंकेतको विकास नेपालमा भएको पाइन्छ । खासगरी नेपालको इतिहास ईसापूर्व छैठौं शताब्दीदेखि ईस्वी सम्बत् सातौं शताब्दीमा विकसित भएको पाइन्छ । ईसापूर्व १९९ मा रञ्जना अङ्कसंकेतको विकास नेपालमा भएको थियो भने ईसापूर्व तेस्रो शताब्दीमा लिच्छवि तथा ब्राह्मी अङ्कसंकेतको विकास नेपालमा भएको थियो भन्ने लुम्बिनी लगायतका स्थानमा प्रमाणस्वरूप पाइन्छन् । त्यसका अलवा ग्रामीणस्तरमा पनि गणितीय अङ्कसंकेतका अति प्रारम्भिक चिह्नहरूको विकास नेपालमा भएको पाइन्छ । जस्तै हाड, ढुङ्गा वा अन्य वस्तुमा कोरिएका धर्का वा विभिन्न चिह्नसङ्केतहरू गणित विकासक्रमका नमूनाको रूपमा लिन सकिन्छ । यस्ता चिह्न वा सङ्केतहरू मुस्ताङ, तेथिस सागर लगायतका स्थानहरूमा पाइएका थिए । नेपालभन्दा बाहिर पनि मानवबस्तीसँगै गणितको विकास अगाडि बढेको थियो । जस्तै मेसोपोटामिया, मोहेन्जोदारो, हरप्पा, बेबिलोनियाआदि ठाउँहरूमा पनि प्रारम्भिक अङ्कसंकेतको विकास भएको देखिन्छ । प्रागैतिहासिक मानिससँगै गणितको विकास अगाडि बढेकोले प्रागैतिहासिक कालमा नै गणित विकासका नमूनाहरू सिर्जित भएको मान्न सकिन्छ । मानिसले हजारौं वर्ष पहिलेदेखि नै गणितको धारणा तथा गन्ती प्रक्रियाको शुरूवात गरेको भए तापनि यसको प्रामाणिक ऐतिहासिक-दस्तावेज भने ८००० वर्ष पुरानो इसाङ्गो बोनमा कुदिएका अङ्क नै हुन्, जायरमा फेला पारिएको मानिन्छ । तथापि नेपालको बुटौल (बुटवल) स्थित तिनाउ नदीमा प्राप्त प्राग्मानव रामापिथेकसको हड्डी तथा दाँतको बंगारा वा च्यापुले मानववस्तीको प्रमाण दिन्छ । मानव सभ्यतासँगै गणितको विकास भएकोले प्रागैतिहासिक कालखण्डबाटै नेपालमा गणितको विकास भएर मानव सभ्यतामा परिमार्जन तथा विकास भएको मानिन्छ ।

## नेपालमा सनातनी गणित विकासका केही प्रमाण

नेपालमा वैदिक कालमा नै गणितको प्रयोग र प्रचलन थियो भन्ने कुरा नेपालको राष्ट्रिय झण्डाबाट पनि प्रस्ट देखिन्छ । सूर्य र चन्द्रमा दुबै रहेको झण्डाले वैदिक आर्य-सभ्यताको परिचय दिएको पाइन्छ । अनि चन्द्र-सूर्य झण्डामा निश्चित आकारमा र स्थानमा राखिन्छन् । यसको लागि कोण मिलाउनुपर्दछ । त्यसका लागि ज्यामितीय गणितको ज्ञान हुनुपर्दछ । नेपाली गणना पद्धतिका स्रोतहरू संस्कृत साहित्य नै भएकोले यजुर्वेद, विष्णुपुराण, आर्यभटीय, गणितसारसंग्रह आदि मार्फत नै नेपालमा गणनापद्धति भित्रिएको मानिन्छ । ई. पू. छैटौं शताब्दीमा गौतमले ठूला अङ्क वा सङ्ख्याको रचना गरेका थिए । उनले यसभन्दा अगाडि बढेर यस्ता अङ्क परम्पराको पुनर्वृद्धि पनि गरेका थिए । नेपाली संस्कारमा प्रचलित ब्राह्मी अङ्कको आविष्कार समय (१००० ई. पू.-६०० ई. पू.) भएको पाइन्छ । पण्डित भगवानलाल इन्द्रजीले दिएको सिद्धान्तको पुष्टि यस तथ्यबाट हुन्छ कि १९ आकारका अक्षरमा ११ वटा त निश्चित रूपमै ब्राह्मी लिपिको अक्षरसँग मिल्दछन् । उक्त लिपिका गणितीय संकेत नेपालको लुम्बिनीमा पाउन सकिन्छ । यस प्रकार प्राचीन वैदिक कालमा भारतवर्षभरि सनातनी गणितको विकास अगाडि बढेको देखिन्छ ।

विद्वान् श्रीपतिको वासस्थानसम्बन्धमा अध्ययन गर्दा नेपालको पश्चिमाञ्चलअन्तर्गत कपिलवस्तु जिल्लाको 'रोहिणी नदी' वा 'रोहिणीखण्ड'मा (शाके ९५०) वि. सं. १०८५ तिर बसोबास गर्दै आएको हुनुपर्ने देखिन्छ । उनको जन्ममितिको बारेमा एकरूपता पाइँदैन । नयराज पन्तका अनुसार उनको जन्म वि. सं. १०९६ तिर नेपालको तराई बुटौलमा भएको थियो । शकसंवत् र ईस्वीसंवत्मा ७८ वर्षको फरक, ईस्वीसंवत् र विक्रमसंवत्को फरक ५७ वर्ष अनि शकसंवत् र विक्रमसंवत्को फरक १३५ वर्ष रहेको हुनाले नयराज पन्तका यी दुईवटा भिन्दाभिन्दै तिथिमितिलाई ध्यान पुर्‍याउँदा श्रीपतिको जन्म वि. सं. १०८५ देखि १०९६ को बीचमा नै भएको हुनुपर्दछ भन्ने देखिन्छ । श्रीपतिका धेरै ग्रन्थहरूमध्ये सिद्धान्तशेखर एक प्रमुख हो । यिनको लेखनशैली अत्यन्त सरल तथा सरस छ । यिनका कृति सिद्धान्तशेखरका दुई भाग गरी छापिएका छन् । यी कृतिहरू महेशराज पन्त तथा दिनेशराज पन्तद्वारा संरक्षित 'लक्ष्मीपति-नयराज'संग्रहमा पाउन सकिन्छ । चक्रीय चतुर्भुजको क्षेत्रफल निकाल्ने सनातनी गणितको एउटा उदाहरण श्रीपतिले सूत्रको रूपमा दिएका थिए । श्रीपतिले दिएको चक्रिय चतुर्भुजको क्षेत्रफल निकाल्ने एउटा सरल रूपको सनातनी तरीका यस प्रकार रहेको छ :

"चतुर्भुजका सबै भुजको योगको आधालाई चार ठाउँमा राख्नु । क्रमैसित सबै भुज घटाउनु, फेरि तीनको घातको मूल लिनु त्यो वृत्तान्तर्गत चतुर्भुजको क्षेत्रफल

हुन्छ ।" जुन कुरालाई गोपाल पाँडेको व्यक्तचन्द्रिकामा यसरी उल्लेख भएको पाइन्छ :

**भुजसमासदलं हि चतुःस्थितं निजभुजैः क्रमशः पृथगूनितम् ।**
**अथ परस्परमेव समाहतं कृतिपदं त्रिचतुर्भुजयोः फलम् । ।**

श्रीपतिको सिद्धान्तशेखरको चर्चा भास्कर आदि ठूलाठूला गणितज्ञले गरेका थिए, सो पुस्तक वि. सं. २०३० भन्दा धेरै अघितिर नै दुर्लभ भइसकेको थियो । भारतीय विद्वान् तथा ऋषीकेश निवासीश्यामलाल सिंहका अनुसार हलायुध भट इस्वी सन्दशौं शताब्दीका नेपालको जनकपुर निवासी थिए । हलायुधले प्राकृतपैङ्गलको काव्य लेखेकाथिए । सो कुरा सिंहद्वारा वि. सं. २०६६ को पुस २३ देखि २५ सम्म सञ्चालित इण्डियनसोसाइटी फर हिस्ट्री अफ म्याथमेटीक्स, (Indian Society for History of Mathematics) को सम्मेलनमा जानकारी प्राप्त भएको हो । पिङ्गलको काब्य (Prosody)को बारेमा अर्को एक जना भारतीयमूलकै विद्वान्ले पनि प्रकाश पारेका छन् । हलायुधले छन्द शासनमा उल्लेख्य काम गरेका छन् । जसमा अहिलेका गणितका चर्चित विधाहरू प्रस्तार (कम्बिनेशन) र अङ्कपाशको (पर्म्यूटेशन) प्रचुर प्रयोग भएको हुन्छ । यस विषयमा विस्तृत खोज गर्न बाँकी नै देखिन्छ ।

लीलावतीको अङ्कपाश नाम दिइएको आजभोलिको चलनचल्तीको पर्म्युटेसनको एउटा समस्यालाई संस्कृतमा यसरी अघि सारिएको छ :

**स्थानषट्कस्थितैरन्योन्यं खेन वर्जितैः ।**
**कति सङ्ख्याविभेदाः स्युर्यदि वेत्सि निगद्यताम् । ।**

अर्थात्, शून्यबाहेकका ६ स्थानमा रहेका अङ्कलाई आपस–आपसमा मिलाउँदा कतिवटा सङ्ख्याका भेद आउलान् ? बुझेका छौ भने भन । अत्रान्तिमाङ्को नव ९ । अत्रान्त्याङ्को ९ यावत्स्थानमेकापचितेन न्यासः ९ । ८ । ७ । ६ । ५ । ४ । एषां घाते जाताः सङ्ख्याभेदाः ६०४८० ।

अभीष्टफल = ९
अं
६
= ९×८×७×६×५×४ = ६०४८०

यहाँ नौवटा विभिन्न प्रकारका पदार्थलाई दिइएका छन् । तीमध्ये ६ वटालाई एक पटकमा लिएर अङ्कपाशका भेदका सङ्ख्या निकालिएका छन् । यसलाई अहिले चलनचल्तीमा गणना सिद्धान्तको रूपमा विकसित गरिएको छ; जसलाई पर्म्युटेसन भनिन्छ ।

त्यस्तै गरी लीलावतीमा नै आधारित भएर प्रस्तार (कम्बिनेसन) लाई पनि सजिलो भाषामा नयराज पन्तले यसरी दिएका छन् ।

**एकद्वित्र्यादियुक्ता मधुरकटुकषायाम्लकक्षारतित्तै–**
**रेकस्मिन् षड्रसैः स्युर्गणक कति वद व्यञ्जने व्यक्तिभेदाः ।।**

**न्यासः** $\frac{६}{१} \cdot \frac{५}{२} \cdot \frac{४}{३} \cdot \frac{३}{४} \cdot \frac{२}{५} \cdot \frac{१}{६}$

लब्धा एकादिरस–संयोगेन पृथग् व्यक्तयः ६, १५, २०, १५, ६, १ एतासामैक्यं सर्वभेदाः ६३ ।

$$\frac{६}{१} = ६$$

$$\frac{६}{१} \times \frac{५}{२} = १५$$

$$\frac{६}{१} \times \frac{५}{२} \times \frac{४}{३} = २०$$

$$\frac{६}{१} \times \frac{५}{२} \times \frac{४}{३} \times \frac{३}{४} = १५$$

$$\frac{६}{१} \times \frac{५}{२} \times \frac{४}{३} \times \frac{३}{४} \times \frac{२}{५} = ६$$

$$\frac{६}{१} \times \frac{५}{२} \times \frac{४}{३} \times \frac{३}{४} \times \frac{२}{५} \times \frac{१}{६} = १$$

अर्थात्, गुलियो, पिरो, टर्रो, अमिलो, नुनिलो, तितो यी ६ वटा रसमध्येबाट एउटा एउटा छुट्टा-छुट्टै बनाएमा, दुई-दुईवटा मिलाइ बनाएमा, तीन-तीनवटा मिलाइ बनाएमा यही क्रमले बनाउँदै गएमा जम्मा कति किसिमका खाने परिकार बन्लान् ? यसलाई नयराज पन्तले यसरी बताएका छन्, पहिला जतिवटा सङ्ख्या छन् त्यसलाई ठूलोबाट बायाँबाट दायाँतिर क्रमशः लेख्दै जाने । त्यसपछि तिनीहरूको मुनि क्रमशः सानोदेखि ठूलो लेख्दै जाने । जस्तो ६, ५, ४, ३, २, १ लेखेपछि त्यसको तल १, २, ३, ४, ५, ६ लेख्दै जाने । $\frac{६}{१}, \frac{५}{२}, \frac{४}{३}, \frac{३}{४}, \frac{२}{५}, \frac{१}{६}$ उपर्युक्त अनुपातबाट पहिलो अनुपातको मान; पहिलो र दोस्रो अनुपातको गुणनफलको मान; पहिलो, दोस्रो र तेस्रो अनुपातको गुणनफलको मान; त्यसैगरी अन्य अनुपातको पनि मान निकाल्दै जाने । ती सबै मानहरूको योगफल नै बन्न सक्ने रसहरूको सङ्ख्या हुन्छ । अतः ६+१५+२०+१५+६+१=६३ ।

वि. सं. १५५१ मा जुम्लामा जन्मेका दैवज्ञ बलभद्र जोशी नेपालका जुम्लानिवासी थिए । उनले वि. सं. १५९९ मा बालबोधिनीको भास्वती टीका लेखेका थिए । यो टीकाको रूपमा रहेको ग्रन्थ भारतमा पनि प्रख्यात थियो । कपर्निकसको सूर्यकेन्द्रित सिद्धान्तभन्दा एक वर्ष अघि नै यो टीका लेखिएको थियो । उनले गणित शिक्षणको म्यानुयल पनि लेखेका थिए । सो ग्रन्थ पाठ्यपुस्तकको रूपमा

प्रयोग गरिन्थ्यो । भास्वतीले पञ्चाङ्ग गणना र पात्रो निर्माणमा ठूलो सहयोग गर्दथ्यो । यसबाट जोड, घटाउ, गुणन र भाग जस्ता गणितका आधारभूत तथ्यहरू पढाउन सकिन्थ्यो । त्यसैले यो ग्रन्थ गणितको एक पूर्ण ग्रन्थको रूपमा मानिन्छ । यसमा गणित र खगोलशास्त्र बीचको गहिरो सम्बन्ध पनि उल्लेख भएको देखिन आउँछ । वि. सं. १७९० मा नेपालको गोरखामा जन्मेका चक्रपाणि अर्यालले उत्तानगणितनामक गणितको ग्रन्थ लेखेका थिए । सो ग्रन्थमा ग्रहणको बारेमा विस्तारपूर्वक लेखिएको छ ।

लक्ष्मीपति पाँडे (वि.सं. १८१५-१८८८) नेपालका एउटा प्रख्यात राजज्योतिषी थिए । उनले भास्वतीको टीका लेखेर गणित र ज्योतिषको शुरूआत गरेका थिए । उनी नै पहिलो नेपाली थिए जसले आफ्नो श्लोकमा नेपालीको अर्थ लेखेका थिए । उनको गणितमा धेरै ठूलो ज्ञान थियो । उनले तारा, नक्षत्र, ग्रह आदिको गति गणना, पञ्चाङ्ग गणना गर्ने बिधि बताएका थिए । रत्नदीप जस्ता ग्रन्थमा पनि उनको ठूलो योगदान छ । धूपघडीको निर्माण पनि यिनले गरेका थिए । यिनको बारेमा छुट्टै खोजिनीति हुनु जरूरी छ । साइत हेर्नमा उनी निकै प्रख्यात मानिन्छन् । बहादुर शाहको पालामा उनलाई यस क्षेत्रमा उल्लेख्य ज्योतिषीको रूपमा सम्मान गरिन्थ्यो । उनी ७३ बर्षको उमेरमा बितेका थिए ।

नेपालमा ग्रन्थहरूको तुलना गर्ने काम (वि. सं. १८४३-१८८९) लीलानाथ पाँडेले नेपाली भाषामा ग्रन्थ लेखेर थालनी गरेका थिए । यी त केही प्रतिनिधि पात्रको रूपमा गणितको विकासमा सम्लग्न व्यक्तिको रूपमा स्मरण गरिएको मात्र हो ।

नेपालमा गणितको पठनपाठन कहिलेदेखि भयो भनेर ट्वाक्क मिति त भन्न सकिँदैन । वैदिक तथा प्राचीन कालदेखि नै गणितको पठनपाठन भएका प्रशस्तै प्रमाणहरू पाइन्छन् । यहाँ गणितको पठनपाठनमा ज्यौतिष तथा खगोल विद्याको प्रचलन नै प्रमुख रूपमा देखिन्छ । अनि ज्योतिष तथा खगोल विद्यामा दुनोटको निकै प्रयोग गरिएको पाइन्छ । तसर्थ नेपालमा ज्योतिष विद्यामा आधारित क्रियाकलापहरू निकै पहिलादेखि नै प्रचलनमा रहेको मान्न सकिन्छ । सुमतितन्त्र तथा सुमति सिद्धान्तमा पनि दुनोटको प्रयोग भएको पाइन्छ । सुमति सिद्धान्त छैठौंदेखि दशौं शताब्दीभित्र नेपाल खाल्डोमा नै लेखिएको देखिन्छ (आचार्य : २०७१) । अब नेपालमा पाइने गणितको प्रारम्भिक विकासका आधारभूत एकाइको रूपमा लिइने अङ्कसंकेतको विकासको चर्चा गरौं :





## लिच्छवि अङ्कसंकेतको विकास र केही अभ्यास

विकसित केही सभ्यतामा भएका गणितको विकासको चर्चासँगै नेपालमा लिच्छवि कालमा काठमाडौं स्थित माली गाउँमा जयबर्माको पालामा पाइएका अङ्कको लिपिको एक झलक तल दिइएको छ । यसलाई फोटोको रूपमा थोमस स्त्रोमले

उतारेको मानिन्छ । यसलाई हेमराज शाक्यले यसरी पढेका थिए । उपर्युक्त ढुङ्गाको छपनीमा लेखिएको अङ्क र अक्षर तलका दिइए अनुसार देखिन्छन् । उक्त ढुङ्गामा कुँदिएको अङ्क वा सङ्ख्याले १०७ लाई जनाएको मानिन्छ । यसमा प्रयोग भएका अङ्क र अक्षर लिच्छवि लिपिका ईसापूर्व तेस्रो शताब्दी र चौधौं शताब्दीका अङ्क र सङ्ख्यासँग आंशिक रूपमा मिलेको पाइन्छ त्यसैले यो लिपिको विकास पनि सोही अनुसार भएको देखिन्छ । अतः नेपालमा गणितको विकास र विस्तारमा प्रत्यक्ष प्रभाव पार्ने अङ्क र सङ्ख्याको विकास हुनु नै नेपाली सनातनी गणितको विकास हुनु हो । तलको चित्रमा देखाइएको छपनीमा कुदिएका अक्षरलाई प्रमाणको रूपमा मान्न सकिन्छ । जुन नेपालको काठमाडौंस्थित माली गाउँमा पाइएको थियो । यस्ता प्रशस्तै प्रमाण लिच्छवी कालका अभिलेखमा पाउन सकिन्छ । जुन तलको तालिकामा पनि देखाइएको छ । त्यस्तै भक्तपुरको चाँगुनारायण लगायतका ठाउँमा पनि पाउन सकिन्छ ।



लिच्छवि अङ्कसंकेतको तालिका तल देखाइएको छ । तालिकाको आधारमा केही प्रश्नहरू अभ्यासस्वरूप राखिएका छन् । यसबाट हाम्रा नयाँ पुस्ता तथा भावी सन्ततिले आफ्ना अग्रजका कामको पहिचान जान्न र त्यसमा चिन्तन मनन गर्न सक्ने छन् ।

| One | Two | Three | Four | Five | Six | Seven | Eight | Nine |
|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  |  |  |  |  |
| Ten | Twenty | Thirty | Forty | Fifty | Sixty | Seventy | Eighty | Ninety |
|  |  |  |  |  |  |  |  |  |
| One Hundred | Two Hundred | One Thousand | | | | | | |
|  |  |  | | | | | | |

## अभ्यासका लागि प्रश्नहरू:

१. तलको तालिकामा लिच्छविकालका अङ्कसंकेत दिइएको छ । तालिकामा छुटेका लिच्छवि अङ्संकेत भर्नुहोस् :

| लि | च | छ | वि | | अ | ङ् | क | चिह् | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|
|  |  | ...... |  | ...... |  |  | ...... |  |  |
| १० | २० | ...... | ४० | ...... | ६० | ७० | ...... | ९० | २०० |

२. एक देखि बीससम्मका लिच्छवि कालका अङ्कसंकेत लेख्नुहोस् ।

३. तल दिइएका लिच्छवि कालका अङ्कसंकेतको योगफल लेख्नुहोस् ।

क.  +  = [ ]

ख.  +  = [ ]

४. आफ्नो उमेर लिच्छवि अङ्कसंकेतमा लेख्नुहोस् ।

५. तपाईंले लिच्छवि कालका जस्ता अरू कालखण्डका अङ्कसंकेत देख्नुभएको छ भने उल्लेख गर्नुहोस् ।

६. तपाईं हाम्रो वरिपरि यस्तै वा अन्य केही गणितीय लिखत त देख्नु भएको छैन ? छ भने कृपया त्यसमा विचार पुऱ्याइदिनुहोला । धन्यवाद ।

ooo


**काठमाडौं र बुटवलका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहकहरूले निम्नलिखित पुस्तक पसलबाट आफ्नो परिचय-पत्र देखाएर विवरण लेखाई 'हाम्रो पुरुषार्थ' पत्रिका बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।**

**भण्डारी बुक्स एण्ड स्टेशनरीज**
भक्तपुर बसस्टप नजिकै
बागबजार, काठमाडौं
फोन नं. ४२४१४८५/२६०९०६

**हिमालय बुक्स हाउस**
मणिपथ, मिलनचोक, बुटवल-११, रूपन्देही
फोन नं. ०७१-५४१००९

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

किरण पुस्तकालय, तम्घास, गुल्मी

# गाउँमा

✍ **दीन पन्थी**
**तम्घास, गुल्मी**

उज्यालो नहुँदै बास्न थाल्छन् कुखुराका भालेहरू गाउँमा । भुक्भुको नहुँदै भुक्न थाल्छन् कुकुरहरू । यहाँ अझै मान्छे बस्छन् भन्ने संकेत हुन् यी । कुकुर र कुखुराहरूको समवेत स्वरले जीवन्त बन्छ बस्ती । बिहानै घरगोठबाट निस्कने धुवाँले, लिपिएका दलानहरूले मान्छेको अस्तित्व अझै बुझाउँछन् । अझै शून्य भएको छैन बस्ती । केही बारीहरू जोतिएका छन्, केही घरहरू पोतिएका छन्, केही खेतहरू रोपिएका छन् । बाटाहरूमा अझै मान्छेका पाइतलाका छाप मेटिएका छैनन् । पानी र जवानी सबै बगेर गयो पहाडबाट भन्दछन् । पहाडमा अब हाडमात्र बाँकी छ ।

ढिकीझाँताहरू बज्दैनन् अब गाउँमा । साँझमा धूलो उडाउँदै गाईहरू फर्कन्नन् अब । साँझमा पाकाहरूले चौपारीमा बसेर गाउँखाने कथाहरू भन्दैनन् अब । चौरमा डन्डीबियो खेलिन्न अब । बर, पीपल र स्वामीका रूखहरू ढालिए सबै । चौपारीहरू भत्काइए सबै । अब बाटाहरू मात्र छन् । कसका लागि हुन् यी बाटाहरू ? यी पथिकहीन पथहरू ! जताततै डोजरले बनाएका घाउहरू देखाउँदै पहाडहरू चूपचाप उभिएका छन् । पहाडहरूको मलमपट्टी कसले गर्छ अब ?

कौवाहरू खूब बढेका छन् गाउँमा । बाँदरहरू खूब बढेका छन् गाउँमा । वनमाराले ढाकेका छन् बाटाहरू । अहिले मकै फलेन । मान्छेहरू खिन्न छन् । वानरहरू उद्विग्न छन् । कौवाहरू चिन्तामग्न छन् । मान्छेहरू समुद्रपारिको पैसाले मधेसको चामल खालान्, चाउचाउ, चाउमिन र चिजबल खालान् । के खालान् कौवा र बाँदरहरू ? अहिले थर्कुमा बसेर बाँदर लखेट्न परेन बूढाबूढीलाई । पृथ्वीमा तीन भाग पानी छ भन्छन् । गाउँमा पानी छैन । सुख्खा र उजाड छ गाउँ । खडेरीले सताउँछ सधै गाउँलाई । पानीको कचिंगल हुन्छ सधै । यत्रतत्र तानिएका नालाहरू छन् । सधै चुनावमा आउँछ पानी । चुनावसितै जान्छ पानी । प्लाष्टिकका बोतलमा आउँछ पानी । बर्खामा आउँछ पानी । जहाँबाट आयो बगेर उहीं पुग्छ पानी, नेपाल भित्रिएको रेमिट्यान्स झैं ।

चिया, चाउचाउ र चुरोट खूब चल्छ गाउँमा । बोतलभित्रका झोलमा डुबेर रम्छ गाउँ । भाषण, भेला र भैलो खूब चल्छ गाउँमा । गाउँका दोबाटाहरूमा भाषण हुँदा तन्मय भएर सुन्छन् मान्छेहरू । बूढाबूढीले सुन्छन्, कौवा र सारीहरूले सुन्छन्, ढीक र काल्नाहरूले सुन्छन्, काब्रा र दबदबेका बोटहरूले सुन्छन् ।

अहिले छोराहरू आएनन् अरबको खाडी र मलेसियाबाट । छोरीबुहारी फर्केनन् शहरबाट । नातिनातिना आएनन् दशैंमा । अब कसले खान्छ बूढीले सँगालेको

घिउ ? कसले खान्छ भिंत्क्रामा भुन्डिएका कांक्राहरू ? कसले पुछ्छ उधोमायामा बगेका बूढाबूढीका गहका आँसुहरू ?

साहिँला बा मधेसतिर भरे । हर्के र बिर्खेहरू कतार र मलेसिया पसे । छोरीबुहारीहरू स्मार्टफोन झोलामा राखेर बटौलीतिर भरे । पैसा हुनेहरू सुखसयल किन्न शहर पसे । उमेर भएकाहरू राहदानी बनाउन घुमिरहेछन् अब साला पहाडमा को बस्छ भनेर । अझ घरको दैलो उघार्दै छन् बूढाहरू । सकीनसकी अझै मझेरी लिप्दैछन् बूढीहरू । अब कसले जोत्छ यी बारीहरू ? अब कसले आवाद गर्छ यी खेत र खलिहानहरू ? अब कसैको आशा र भरोसा रहेन गाउँमा । उपाय नभएर गुजुल्टिने ठाउँ बन्यो गाउँ । काल पर्खेर बस्ने ठाउँ बन्यो गाउँ । भोट र कर उठाउँदा मात्र राष्ट्रभित्र पर्ने ठाउँ बन्यो गाउँ । यहाँ न कसैले खेतबारी किन्छ, न घर किन्छ ।

मान्छे हराउँदै गएका यी बस्तीहरूमा बाटाहरू बनाएर के हुन्छ ? अनुदानमा चर्पी बनाएर के हुन्छ ? परनिर्भरतामा बाँचेको हाम्रो सभ्यता प्लाष्टिकका पोकाहरू छरेर हाँसिरहेछ । जीप, फोन र मिनरल वाटरका बोत्तलहरूमा हाम्रो समृद्धि बाँचिरहेछ ।

ooo




## 'हाम्रो पुरुषार्थ'को कवि प्रयासी स्मृति अङ्कका लागि लेख–रचना पठाउनुहोस् ।

किरण पुस्तकालयका पूर्व कोषाध्यक्ष तथा 'हाम्रो पुरुषार्थ'का पूर्व सहायक सम्पादक स्व. कवि भेषबहादुर कुँवर 'प्रयासी'को स्मृतिमा २०७७ सालको वैशाख–असारको 'हाम्रो पुरुषार्थ' सम्पूर्णाङ्क–८६ कवि प्रयासी स्मृति अङ्कको रूपमा प्रकाशन गर्ने योजना छ । अतः उक्त अङ्कका लागि कवि भेषबहादुर कुँवरको कृतित्व र व्यक्तित्वसित सम्बद्ध लेख–रचनाहरू २०७६ फागुन मसान्तभित्र पठाई सहयोग गर्नुहुन हामी हार्दिक अनुरोध गर्दछौं ।

**सम्पादक**
**हाम्रो पुरुषार्थ (त्रैमासिक)**
**किरण पुस्तकालय**
**तम्घास, गुल्मी**

E-mail : hamropurushartha@gmail.com & shashipanthi9@gmail.com

# यो असारे आँखीझ्यालबाट स्मृतिका ती असार

✍ **सुरेशप्रसाद अर्याल 'कान्छो'**
**इस्मा, गुल्मी**

जब स्कूलले बिदा भन्दिन्थ्यो
ऊ बेला बल्ल
हामी स्कूलेलाई असार
आउँथ्यो

बादलको मजेत्रो ओढेर
धर्तीतिर फर्किएर
किन एकोहोरो यसरी
रोइरहन्छ आकाश ?
मैले प्रश्न गर्थें
अहिले लाग्छ
समीप भएर पनि नहुनुले हो कि ?

र लाग्छ
यदि यसरी बादल नरूँदो हो त
कसरी हाँस्दा हुन्
यी खेत, खोला, पहाड, हिमाल ?

हो कसैको वेदनाको छातीमा
त फुल्दो रहेछ
कसैको खुसीको फूल
बुझिरहेको छु म

अँ जब स्कूलले बिदा भन्दिन्थ्यो ।
ऊ बेला बल्ल
हामी स्कूलेलाई असार आउँथ्यो
र गाउँ बिरान र खेत आवाद हुन्थे

अनि
गोडमेल गरेर सिंगारिएका
खेतमा
हलाहरूले कोरीबाटी गरी
बनाएको सिउँदोमा
परिश्रमी हातहरूले सिन्दूर भरिदिन्थे
झ्याउँकिरिहरू
रतौली खेल्थे
खोलाहरू नाँच्थे

कुहिरोको बर्को ओढेर
लाजले निथ्रुक्क भै
स्पर्शले लोलाएका
हरिया खेत सुन्दरीहरूको
काखमा
हामी अल्लारे कुखे बैंस
देखाउँथ्यौं
हिलोले छेपाछेप गरेर
हिले माया गाँस्थ्यौं

साँझ पख
असारे झरीसँगै
असारे गीत गाउँदै
कुहिरोमा बिलाउँथ्यौं
कुहिरोसरी स्मृति सँगालेर
अचेल पनि जबजब असार लाग्छ
स्कूल बिदा हुन्छन्
म ती अतीतका असार
सम्झन्छु ।

घरको झ्यालमा बसेर
मूल बाटोमा आफ्ना आँखा राखेर
प्रतीक्षा गर्छु
गुरे-तारेको
हलो काँधमा राखेर सुसेली हाल्दै
पछिपछि लागेका हलीहरूको
बीऊ बोकेका खेतालीहरूको
अनि जिस्किदै मस्किदै सँगसँगै
कोदालो बोकेर हिडिरहेका
ठिंगारेहरूको
अनि···
अनि···
हिले माया गाँस्न आतुर
कुहिरो सरी जिन्दगीमा
पानीका थोपा सरी
स्कूलेहरूको !!
जो धर्तीको हरियो असारे मजेत्रोमा
अबोध स्मृति रोप्छन्
अनि जिन्दगीको लामो लामो यात्रामा
फर्की फर्की चियाउँछन्

बारम्बार
जस्तो कि
केही छुटे जस्तो
कोही छुटे जस्तो
काश !
मूलबाटोमा राखिएका मेरा दुई आँखामा
अतीतका तिनै दुई
आँखाहरूले एक चोटि
चियाइदिए हुन्थ्यो
अनि मेरो छातीमा
तिनै दुई हातहरूले
जिन्दगी बाँच्ने बीऊ रोपी दिए हुन्थ्यो

काश !
मनको उही मान्छेले
हिले माया लाइदिए हुन्थ्यो
उस्तो असार आउँदैन अचेल
उसरी असार आउँदैन अचेल

तथापि जब जब असार आउँछ
आउँछन् यसरी ममा यस्ता
आकांक्षा लिएर
उनै विगतका असारहरू

म उही मूलबाटोको एउटा
घुम्तीमा छु
कहाँ होलान् ती असारे
साथहरू ········ ?
कस्ता होलान् ती असारे
जिन्दगीहरू ?

ooo


# किरण पुस्तकालय

**तम्घास, गुल्मीबाट**

***डेढ दर्जन जति पुस्तकहरू प्रकाशित भएका छन् । गुल्मीबारे जानकारी प्राप्त गर्न यी पुस्तकहरू खोजी खोजी पढ्नुहोस् ।***

# पूर्वीय दर्शनसितको हिमचिम

✍ **उत्तरकुमार पराजुली**
**काठमाडौं**

पूर्वीय दर्शन भन्नासाथ झ्वाट्ट षड्दर्शनका कुरा आइहाल्छन्, साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त । यी षड्दर्शन आस्तिक दर्शनअन्तरगत राखिएको छ भने चार्वाक, बौद्ध र जैन दर्शनलाई नास्तिक दर्शन भन्ने गरिन्छ । यस वैदिक सनातन क्षेत्रका धर्म मान्दैनौं भन्नेहरूले नास्तिक दर्शनका खोजीमा सात समुद्र तरेर वा हिमाल काटेर कतै धाउनु पर्दैन । साँच्चै भन्ने हो भने चार्वाक जत्तिको खरो नास्तिक दर्शन विश्वमै दुर्लभ छ । बुद्ध र जैन दर्शनलाई नास्तिक दर्शन भनिन्छ तर तिनैबाट धर्म जन्मेका छन्; हाम्रो पूर्वीय दर्शनका विशेषता !

गीतालाई आस्तिक दर्शन ग्रन्थ मानिन्छ । यसको अध्याय ५ का १४ र १५ औं श्लोक भने यस्ता छन् –

**नकर्तृत्वं नकर्माणि लोकस्य सृजति प्रभू ।**
**न कर्म फल संयोग स्वभावस्तु प्रवर्तते ॥ १४ ॥**

**ना दत्ते कस्यचिद् पापं न चैव सुकीर्ति विभू ।**
**अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः ॥ १५ ॥**

(भावसार– संसारमा कर्ताभाव र कर्मभावको सिर्जना प्रभूले गर्ने होइन । कामको उपलब्धि पनि आफै हुने हो । कसैलाई सुकीर्ति र दुष्कीर्ति पनि प्रभूले दिने होइन । अज्ञानले बुद्धि ढाकिएपछि मान्छेले मेरो भाग्य यस्तो उस्तो भनेर प्रभूलाई स्यावास दिने वा दोष दिने गर्छन् ।)

पूर्वीय दर्शन भनेर कहाँबाट पूर्व र पश्चिमको साँधको रेखा कोर्ने भन्ने कुरा भने भन्न सजिलो छैन । यो कुरा भूगोलको ग्रिनविच रेखा जस्तो ठाडो रेखा र भूमध्य रेखा जस्तो तेर्सो रेखा पनि होइन । पश्चिममा ग्रिक वा युनानी सभ्यता र पूर्वमा सिन्धु उपत्यकाको सभ्यताको ऐतिहासिक निरन्तरतालाई हामीले पूर्व पश्चिमको टीका लगाएको मात्रै हो ।

यो पुरानो पूर्वीय सभ्यताका नीति निर्माण तथा अनुशासनका सीमा निर्धारण सामूहिक अध्ययन, छलफल र अनुसन्धानबाट बनेको हुनाले यो ज्यादा खारिएको र माझिएको छ भन्न कसैको भनाइ उद्धृत गरिरहनु वा सापट लिइरहनु पर्दैन । किनकि हामीले सर्व प्राचीन ग्रन्थ वेदलाई हेर्‍यौं भने एउटै मण्डल वा अध्याय रचनाका लागि थुप्रै मन्त्रद्रष्टा ऋषि तथा ऋषिकाको नामावली देख्न सक्छौं । त्यसैले वेदलाई सामूहिक ज्ञानको सँगालो भनेर अपौरुषेय अर्थात् कुनै एक

व्यक्तिले मात्र रचना नगरेको अथवा भनौं सामूहिक रूपमा रचना गरिएको भनिएको हो ।

आयुर्वेदका औषधि निर्माण तथा चिकित्सासम्बन्धी सूत्र निर्माण गर्न भारतवर्षको हिमाली क्षेत्रको काखमा त्यस बखतका १४ ओटा देशका ६८ जना ऋषिहरू जम्मा भई कैयौं दिनसम्म गोष्ठी गरेर चरक, सुश्रुत संहिता जस्ता कैयौं महत्त्वपूर्ण ग्रन्थ तयार गरेको इतिहासले पनि कुनै कसैको एकल लहड वा सोचका आधारमा यस्ता महत्त्वपूर्ण ग्रन्थ लेखिएका होइनन् भन्न सकिन्छ । त्यसो त आयुर्वेद शिक्षाका लागि युनानी विद्वान् अफलातुन(प्लेटो) भारतमा आएको इतिहास र भारतीय भूमिका विद्वान्हरू पनि युनान गई उपचार प्रविधि सिकेर आई सोअनुसार स्वास्थ्य सेवा प्रचारप्रसार गरेको इतिहासले पूर्वीय संस्कार विद्या आर्जन तथा दानमा उदात्त रहेको प्रमाण भेटाउन सकिन्छ ।

हाम्रो पढाइ तथा सिकाइ संस्कार कस्तो थियो भन्ने कुरा वेदलाई श्रुति भनिनुले नै स्पष्ट पारेको छ । श्रुति वेदको पर्यायवाची नाम पनि हो । यो विशेषण पनि हो । यस विशेषणले हामीलाई हाम्रो प्राचीनतम पठन इतिहासलाई व्याख्या गर्ने आधारशिला दिएको छ । अर्थात् हाम्रो पठन संस्कार लिपिको विकास हुनु अघिदेखि नै थियो भन्न सकिन्छ ।

पूर्वीय दर्शनका अनुयायीहरूले केवल यो ज्ञान निर्माणका लागि मात्रै मेहनत गरेनन्, त्यो ज्ञानलाई जोगाई राख्नका लागि विभिन्न उपायहरूको पनि खोजी गरे । छन्दको आविष्कार त्यही उपायहरूमध्येको एक मुख्य उपाय हो । छन्दको लयमा गाएर शास्त्रलाई औँठैमा झुन्डाउने गराए । त्यसैले छन्दले शास्त्रलाई छानो वा ओत दिएर बिग्रन नासिनबाट बचाउँछ भनेर छन्दलाई छानोको उपमा पनि दिए ।

उनीहरूलाई छन्द मात्रैको पनि उति भर लागेन । ज्ञान वा विद्या संरक्षणका लागि हाम्रा पुर्खा कति लगावमा थिए भन्ने कुरा अक्षर-अक्षर शब्द-शब्द गनेर शास्त्रलाई जेका ते जोगाउनका लागि 'अष्ट विकृति पाठ'को तारतम्यको विकासको उदाहरण यथेष्ठ छ । जसमा घनपाठ, जटापाठ, दण्डपाठ, ध्वजपाठ, पदपाठ, मालापाठ, रथपाठ, रेखापाठ पर्छन् । यो पठन प्रविधिले अथक मेहनतका साथ तयार गरेको वेदशास्त्रलाई अलिखित अवस्थामा नै सुरक्षित गर्न ठूलो मद्दत गऱ्यो ।

निरन्तर अभ्यास र लगावले दिमागलाई आजको जमानाको सुपर कम्प्युटर जस्तो बनाएका थिए । कसरी छिटो तरिकाले सम्झन, बुझ्न सकिन्छ भन्ने कुरामा छलफल गर्थे । एकचोटि सुनेकै भरमा सम्झन सक्ने कुशाग्र व्यक्तिलाई श्रुतिधरको उपाधि दिएर हौस्याइन्थ्यो । आज हामी कसैले दुई चार श्लोक वा एक दुई अनुच्छेद कण्ठ गरेको देख्यौं भेट्यौं भने उसलाई खिसीको पात्र बनाउँछौं । तर घोकन्ती विद्या, धावन्ती खेती, सेवन्ती राजा भन्ने भनाइमा हाम्रो

पुर्खाको अनुभवको चुरो छ । त्यसैले नीति बनेको थियो – शतेन गुणिता याति सहस्रेण च तिष्ठति । शतानां च सहस्रेण प्रेत चेह च तिष्ठति । (सय पटक पढेको विद्या सोचे सम्झे आउँछ, हजार पटक पढेको विद्या औँठैमा रहन्छ । लाख पटक पढेको विद्या त अर्को जुनीमा पनि आउँछ ।) यहाँ अर्को जुनी भनेको आफ्नै सन्तान हुन् भन्ने कुरा बुझ्न भुल्नुहुँदैन ।

हजारौं वर्षको श्रुतिपठनपरम्पराले हाम्रो वंशाणु निर्माण भएको छ । त्यसैले आज पनि हामी आफै पढेरभन्दा कसैले भनिदिएर छिटो बुझ्छौं । गुरुको सन्था (उच्चारण सुनाइ) विना शास्त्र पढ्न हुन्न भनेको पनि सुरूमै उचित किसिमले पढ्न सिक्नुपर्छ भनेरै यसो भनिएको हो । त्यसैले भुइँफुट्टा (आफै पढ्ने) भन्दा गुरुमुखी (गुरुको मुखबाट सुनेर सिकेको) विद्या प्रामाणिक मानिने चलन थियो । अहिले पनि म फलाना गुरु गुरुमाको चेलो/चेली हुँ भन्दै गर्व गर्ने पुरानो चलन छँदै छ ।

हाम्रो पठन संस्कार कस्तो हो भन्ने कुरा त माथिको अनुच्छेदले सङ्केत गरिसकेको छ । पढाइको तह, स्तरअनुसार व्यक्तिले प्राप्त गर्ने उपाधि थुप्रै छन् । जसलाई ती उपाधिवालाका सन्तान दरसन्तानले आफ्नो थरका रूपमा प्रयोग गर्दै आइरहेका छन् । तीमध्ये केही यी हुन्– पाठक (राम्ररी पढ्ने), सुवेदी (वेदका ज्ञाता), द्विवेदी (दुई वेद राम्ररी जानेका), दुवे (द्विवेदीको छोटो रूप), त्रिवेदी (तीन वेद राम्ररी जानेका), चतुर्वेदी (चारैवटा वेद राम्ररी जानेका), चौवे (चतुर्वेदीको छोटो रूप), त्रिपाठी (तीनवटा वेद राम्ररी पढ्न सक्ने), चालिसे (यजुर्वेदको चालीसै अध्याय मुखाग्र भएका), आचार्य (नीति संस्कार, आचारका बारेमा सिकाउन सक्ने), उपाध्याय (अध्यापक), भट्ट (विद्वान्) आदि । अनि सिकाइ ग्रहणका आधारमा विद्यार्थी कालमा प्राप्त हुने उपाधि श्रुतिधर थियो । राम्रो व्याख्यासित कथा वा कुनै विषयवस्तु बुझाउन सक्नेले पाउने उपाधि थियो व्यास ।

यस्तो चम्किलो हाम्रो पूर्वी शिक्षा परम्परा किन ओझेलियो ? के कारणले खण्डित भयो ? भन्ने कुरा अनुसन्धेय छ । विभिन्न कारणले भएका आपसी किचलो, खिचातानी, हत्या तथा लडाइँले पनि यो परम्परा केही खण्डित भए होला । आपसी अहंका कारण पाणिनि र कात्यायनले इहलिला समाप्त गरेको इतिहास छ । मूर्ख्याइँले शास्त्रसंहिता नाश गर्ने प्रवृत्ति त केही वर्षअघि महेन्द्र संस्कृत विश्वविद्यालय बेलझुण्डी दाङको दुर्लभ ग्रन्थहरूको सङ्ग्रहालयको रूपमा रहेको पुस्तकालय आगो लगाएर ध्वस्त पारिनुले देखाइरहेको छ । त्यसो त भूकम्पले ध्वस्त भएका केशर पुस्तकालय, राष्ट्रिय पुस्तकालयजस्ता पुस्तकालयले पनि सुधारको प्राथमिकतामा नपरेर दुर्लभ पुस्तकहरू बोरामा मक्किइरहेका खबरले बेलाबेलामा चित्त चस्काउँछ । पूर्वीय दर्शनलाई धमिलो पार्न हामी पनि प्रत्यक्ष वा परोक्ष रूपमा कोही कारक र कोही मतियार बनिरहेका छौं ।

यसैगरी हाम्रो पूर्वीय शिक्षा परम्परा ओझेलिनुमा केही अन्य कारणहरू पनि देखिएका छन् । तिनको बुँदागत रूपमा सङ्क्षेप व्याख्या तल दिइएको छ :-

### १. पूर्वीय दर्शन भन्नु र हिन्दू धर्म भन्नु एउटै हो, पूर्वीय दर्शनलाई यो केवल आस्तिक दर्शन अर्थात् यसमा केवल स्वर्ग, नर्क, पूर्वजन्म, परजन्मका मात्रै कुरा हुन्छन् भन्ने भ्रम–

पूर्वीय दर्शनका पुस्तकहरू संस्कृतमा हुने र हिन्दू धर्मका पुस्तकहरू पनि संस्कृतमै हुने हुनाले हिन्दू धर्म र पूर्वीय दर्शन एउटै हो जस्तो लाग्नु त्यति अनौठो पनि होइन । वास्तवमा दर्शन र धर्ममा केही फरक अवश्यै हुन्छ । छोटकरीमा भन्नुपर्दा दर्शनमा बौद्धिक चिन्तन, मूल्यमान्यताको तर्कसङ्गत व्यवस्थापन, रीत सत्य र वास्तविक सत्यको चर्चा र सत्य अनि असत्यको सूचकद्वारा शक्ति र सत्ताको स्रोतको पहिचान गर्ने गरिन्छ तर धर्ममा सरलता, बोधगम्यता, आस्तिक भावनामा विश्वास, कर्मकाण्ड, आनुष्ठानिक क्रियाकलापद्वारा व्यक्तिलाई सामाजिकीकरण गर्ने र पापपुण्यका सूचकहरूको प्रयोग गर्दै प्रभुसत्ता प्राप्तिका लागि उन्मुख गराइन्छ वा होइन्छ ।

पूर्वीय दर्शनका विचारक, प्रचारक अधिकांश हिन्दूहरू रहेकाले यो दर्शन भनेको हिन्दू धर्म हो भन्ने भ्रम पर्न गएको छ । त्यसैले इतर हिन्दूले अन्धाधुन्ध विरोध गर्ने प्रवृत्ति बढ्न गयो । यो विरोधलाई यो दर्शनका मर्मज्ञले तार्किक बहसले टुङ्गो नलगाइदिँदा सर्वसाधारणमा भ्रम यथावत् रह्यो ।

कम्युनिस्टहरूको राज भयो भने साठी वर्षको उमेर पुगेपछि गोलीले उडाइदिन्छ भन्ने भ्रम २०५१ सालसम्म नेपाली राजनीतिमा ठूलो बहस र चर्चाको विषय थियो । कम्युनिस्टहरू धर्म मान्दैनन् भन्ने भ्रम भने मदर मुनको होली वाइन अमृतपान र अभिशेकबाट हट्यो हटेन कुन्नि ! यस्तै यस्तै भ्रमका कारण समाजमा केही कुरा ओझेलिए जस्तै पूर्वीय दर्शन पनि ओझेलियो ।

### २. संस्कृत भाषामा केवल हिन्दू धर्मका कुरा मात्र हुन्छन् भन्ने भ्रम–

संस्कृत भाषामा केवल हिन्दू धर्मका मात्र कुरा लेखिएको हुन्छ भन्ने भ्रम छ । पूर्वीय दर्शनका धेरैजसो ग्रन्थ संस्कृत भाषामा छन् । यस भाषामा चार्वाक, बौद्धजस्ता नास्तिक दर्शनका कुरा पनि छन् । बुद्ध धर्मलगायतका तमाम विषयका ग्रन्थहरू पनि संस्कृत भाषामा र संस्कृतसँग मिल्दोजुल्दो पाली भाषामा छन् ।

संस्कृत भाषा हिन्दूहरूको भाषा हो भन्ने बुझाइ माथिल्लो सरकारी स्तरसम्मै थियो भन्ने कुरा २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाको खाका

तयार पार्ने कार्यदलका संयोजक डा.मोहम्मद मोहसिन र तत्कालीन राजा महेन्द्रको पनि देखियो । एक अन्तरवार्तामा डा. मोहसिनले भनेका थिए– सो योजना निर्माण गर्ने क्रममा राजाले मसँग 'संस्कृत भाषा योजनाभित्र किन परेन ? भनी सोधेका थिए । अनि मैले 'सरकार म त मुसलमान परेँ, यसमा भावनात्मक सम्बन्ध हुनसक्छ । मेरो सोचाइ अरूलाई मन नपर्न सक्छ । (अन्तरराष्ट्रिय शैक्षिक मञ्च वर्ष १, अङ्क २, २०५८)

यसको तात्पर्य संस्कृत भाषा भनेको हिन्दूहरूको भाषा हो भन्ने देखियो । यसो हुन्नथ्यो भने एक योजनाकारले 'यसमा भावनात्मक सम्बन्ध हुन्छ' भनेर भन्ने थिएनन् र राजाले पनि यो त शिक्षालाई व्यवस्थित गर्ने भन्ने कुरा हो । केको भावनात्मक सम्बन्धको कुरा हुन्छ भाषाका लागि ? भनेर भन्न सक्नुपर्थ्यो । दुबैको भित्री बुझाइ एउटै भएको हुनाले यी कुरा नभएको भन्ने कुरा स्पष्टै छ ।

वास्तवमा त्यो बुझाइ ठीक थिएन र होइन पनि । आजभन्दा झन्डै १७२ वर्षअघि जर्मन विद्वान् म्याक्स् मुलरले ऋग्वेदको अनुवाद गरे अङ्ग्रेजी भाषामा । ए.ए . म्याकडोनेल र किथले आजभन्दा पचास वर्षअघि वैदिक इन्डेक्स प्रकाशन गरे । यी दुबै न पहिले हिन्दू थिए न पछि हिन्दू भए । अहिले जर्मनी, बेलायत जस्ता देशले संस्कृत शिक्षालाई विशेष रुचिका साथ पढ्ने पढाउने गरेको कुरा विभिन्न सञ्चार माध्यमले भन्दै आएका छन् ।

जर्मनीका १४ वटा विश्वविद्यालयमा संस्कृत पढाइन्छ भनी Mail online India Dec. 13, 2018, ले भनेको छ । सो समाचार संस्थाले Professor Dr. Axel Michaels को भनाइ राखेको छ । उनका अनुसार Linking Sanskrit with religion and a certain political ideology was stupid and detrimental to the cause of its rich heritage.

अमेरिकाका नासाका वैज्ञानिकहरू अहिले संस्कृत पढ्न कँसिएका खबर बेलाबेलामा आइरहन्छन् । उनीहरू हिन्दू इतर भएरै संस्कृत पढ्दै छन् ।

यी माथि उल्लिखित भ्रमले गर्दा संस्कृत भाषाका पुस्तक पढ्ने चासो कम भयो । अनि पूर्वीय दर्शन ओझेलिए जस्तो भयो ।

## ३. संस्कृत भाषा सरलीकृत नहुनु–

संस्कृत भाषालाई सरलीकृत गर्नुभन्दा क्लिष्ट बनाउनेतर्फ लाग्नु पूर्वीय दर्शन पछाडिनुको अर्को कारण हो । संस्कृतका विद्वान् लेखकमा कमभन्दा कम शब्द प्रयोग गरी शास्त्र रचना गर्ने भूत सवार भयो । उही अर्थ दिने

शब्द वा वाक्यमा एक अक्षर कम गर्न सके सन्तान जन्मेको हर्षबढाइ गर्ने भन्ने चिन्तनको विकास भयो । अनि संस्कृत भाषा जटिल वा क्लिष्ट बन्दै गयो । यसै कारणले गर्दा संस्कृत जनजिभ्रोबाट बाहिरिँदै गयो ।

अप्ठ्यारो लागेपछि सबैले सजिलोको विकल्प खोज्छन् । त्यसको विकल्पमा अन्य भाषा निक्ले । संस्कृतमा लेखिएका कुरा कम पढिन थालिए । यो विकल्प खोज्ने कुरा अघिदेखि नै चल्दै आएको कुरा हो । वैदिक संस्कृतको विकल्पमा त्योभन्दा अलि सरल लौकिक संस्कृत आएको भन्ने भनाइ छ ।

पश्चिममा पनि ल्याटिन भाषाका विकल्पमा अङ्ग्रेजीलगायतका भाषाको विकास भयो । उनीहरूले ल्याटिन भाषासितको श्रद्धा टुटाएनन् । हामीले संस्कृत भाषालाई मृत भाषा भने जस्तै गरी ताली पिटेनन्, ठाउँ कुठाउँमा बकबकाएनन् । ल्याटिन भाषालाई पुरानो संस्कार हस्तान्तरण गर्न सजिलो भयो । तर यतातिर भने भाषा सिकाइमा पनि जाति विशेषको ठेकेदारी, मनोमानीमा जोडियो र अन्य जातिमा श्रद्धा कम हुने अवस्था आयो । यसो हुँदा संस्कृतका पाठक तथा ज्ञाता अल्पमतमा पर्दै गए र खिसीका पात्र बन्दै गए । अनि त प्राचीन ज्ञान हस्तान्तरण हुन गाह्रो भयो र पूर्वीय दर्शन सुषुप्त अवस्थामा पुग्यो ।

## ४. भाषिक त्रासको समस्या–

भारतमा वर्षौंदेखि सम्पर्क भाषाको रूपमा रहेका समृद्ध हिन्दी भाषा बेलायती उपनिवेशको बेला सम्पर्क भाषाका रूपमा जबरजस्ती लादिएको अङ्ग्रेजी भाषाले हिन्दी भाषा छिन्नभिन्न पारेका कारणले होला जनमानसमा भाषिक त्रासले घर गर्ने गरेको छ । संस्कृत भाषा समृद्ध छ । यसमा लेखिएका साहित्यिक, प्राविधिकलगायतका विभिन्न ग्रन्थहरू बेजोडका छन् भन्ने कुरा पश्चिमा विद्वान्समेतले भनेकाभनै छन् । त्यसैले संस्कृत भाषासित नजिकिन नचाहनेहरूका लागि संस्कृत भाषा जनबोलीबाट छुटे पनि यो एक क्षणिक शीतनिद्रा जस्तो हो, कुनै पनि बेला यो जुरूक्क उठ्न सक्छ भनी एकखालको त्रास पालेर बसेका छन् । अनि बेलाबेलामा अनेक निहुँमा मृत भाषाको संज्ञाले प्रहार गर्ने गर्छन् ।

वि.सं २०६९ सालको नेपाली भाषा बिथोल्ने प्रयोग पनि यसैको एउटा रूप हो, थियो । त्यस बेलाको भाषिक किचलोको स्वरूप विश्लेषण गर्ने हो भने भाषातिरभन्दा लिपि मास्ने धुनतिर ज्यादा चासो थियो । किनकि ती लिपि मासिँदा संस्कृत भाषा अधकल्चो बन्ने अवस्था थियो । विश्वभरका विभिन्न भाषालाई अभिव्यक्त गर्न प्रयोग हुने देवनागरी लिपि यहाँका निर्णयले कुनै असर पार्ने अवस्था भने थिएन । तर नेपाली पाठकका लागि भने संस्कृत र

पूर्वीय दर्शनसम्बन्धी सो भाषाका पुस्तक पढ्न अप्ठ्यारो हुने अवस्थाचाहिँ आउन सक्थ्यो ।

छरछिमेकमा ऐँचोपैँचो सरसापटले सम्बन्ध राम्रो भए जस्तै हो भाषा भाषाबीचको सुसम्बन्ध विकास पनि । जुनसुकै भाषा समृद्ध हुनका लागि छिमेकी भाषासित सरनतरन हुनुपर्छ । अहिले बोर्डिङ स्कूलमा नेपाली बोलेवापत लठ्ठी खाने नानीहरूको बौद्धिक क्षमता कम भयो भन्ने गुनासो एकातिर छ भने मातृभाषालाई लत्याएर लादेको अङ्ग्रेजीले बालबालिकाको सिर्जनशीलता मार्‍यो भन्ने शीर्षकका समाचार सञ्चार माध्यममा आइरहेका छन् । नेपाली भाषा र स्थानीय मातृभाषाको संमिश्रित सिकाइले बालबालिकाको सिकाइ राम्रो भएको समाचारले माथिको कुरालाई समर्थन गरेको छ ।

गोरखापत्रले नयाँ नेपाल स्तम्भमा २९ भाषामा विभिन्न सामग्री प्रस्तुत गर्छ । यो सह्रनीय कुरा हो । तर ती भाषाका सामग्री सम्पर्क भाषासित नगाँसिदिनाले अन्य भाषाका पाठकलाई कौवालाई बेल पाके जस्तै भएको छ । आफ्नो भाषाको ध्वनि चिन्दै गरेका, ध्वनि चिनेका तर लिपि नजानेकालाई उनीहरूले जानेको सम्पर्क भाषाको लिपिमा उच्चारण र अनुवाद हुने हो भने इच्छुक पाठकलाई सम्पर्क भाषामार्फत इच्छित भाषामा सङ्क्रमण हुन सजिलो हुने थियो । यसका लागि एउटा कोलुममा भिन्न लिपि भएको भाषाको सामग्री अर्को कोलुममा सो सामग्रीको सम्पर्क भाषामा उच्चारण र अर्को कोलुममा अनुवाद गरिदिने हो भनेदेखि लिपि नजानेकाले समेत शब्द उच्चारण सिक्न सक्ने मौका मिल्थ्यो । त्यो सुझाव गोरखापत्रले कार्यान्वयन गरेको छैन । शायद त्यहाँ पनि सम्पर्क भाषासित नजिकिँदा अर्को भाषालाई हानि हुन्छ भन्ने सोच हुनसक्छ ।

## ५. छापाखाना नभएको अवस्थामा हातसारी गरी ग्रन्थहरू बढाउँदा सारूवाको स्वार्थबमोजिम नचाहिँदा कुरा थप्ने र ग्रन्थका वास्तविक कुरा हटाउने गर्दा पुस्तक वा ग्रन्थ बिग्रने गरेको समस्या–

छापाखाना नभएको अवस्थामा हातसारी गरी ग्रन्थहरू बढाउँदा सारूवाको स्वार्थबमोजिम नचाहिँदा कुरा थप्ने र ग्रन्थका वास्तविक कुरा हटाउने गर्दा पुस्तक वा ग्रन्थ बिग्रने गरेको कुरा पूर्वीय दर्शनका ज्ञाता डा. स्वामी प्रपन्नाचार्य (काले राई)ले बताउनुहुन्थ्यो । त्यसरी हातसारीबाट विकृत हुने ग्रन्थहरूमा यमस्मृति, गौतमस्मृति, मनुस्मृतिसमेतका रहेको उहाँको भनाइ थियो । यसका कारणले पनि पूर्वीय दर्शनलाई विभिन्न आक्षेप लाग्ने गरेर ओझेलिनतिर लाग्यो ।

### ६. संस्कृत भाषामा लेखिएका कुरा तात्पर्य खुल्ने गरी अर्थ गर्ने तथा अनुवाद गर्ने कुरामा समस्या अर्थात् कोरा अर्थ वा अनुवादको समस्या–

संस्कृत भाषामा लेखिएका कुरा तात्पर्य खुल्ने गरी अर्थ नगर्ने तथा कोरा अनुवाद गर्ने कुराले पनि समस्या सिर्जिएको छ । अर्थात् कोरा अर्थ वा अनुवादको समस्याले पनि पूर्वीय दर्शन ओझेलिने अवस्था आएको छ । त्यो बेलाको भावनाको अभिव्यक्ति, अभिव्यक्तिमा रहेको लाक्षणिक अर्थ जस्ता कुरालाई ख्याल नगरी कोरा अनुवाद गरी विश्लेषण गर्ने प्रवृत्ति पनि यो दर्शनका लागि घातक भएको छ ।

इतिहास पढ्न पनि विशेष सीप चाहिन्छ । हामीले हाम्रा अग्रजबाट त्यो सीप लिन सकेनौं । शास्त्रको व्याख्या गर्न सो शास्त्र रचिएको समयलाई ख्याल गरेर गर्नुपर्छ भन्ने कुरा पनि जानेनौं । कुनै कालखण्डमा लेखिएका कुरा पछिको समयमा समय सापेक्ष नहुन सक्छन् । पुरानो लिखतलाई त्यही बेलाको समय सन्दर्भमा लिने र आजका लागि चाहिने आवश्यक दृष्टिकोण मात्र लिने गर्दा दर्शनले, शास्त्रले परिमार्जित हुने मौका पाउँथ्यो । तर त्यसो गर्न जानेनौं ।

वेदको ब्राह्मणस्य मुखमासिद्..... लाई तात्पर्य नबुझी अर्थ्याएर समाजमा दरार सिर्जन गर्दै कोकोहोलो मच्यायौं । तर गीता अध्याय ४ को चौधौं श्लोक **'चातुर्वर्ण्यं मया सृष्टं गुणकर्म विभागशः'** (चार वर्ण भन्ने कुरा व्यक्तिको काम र गुणका आधारमा बाँडिएको हो ।) भन्ने कुरालाई सुनेर बुझेर पनि बुझ पचायौं किनकि यसले समाजमा फुट आउँदैन । हामी गुटको राजनीति र फुटको समाज नीतिमा ज्यादा रमाउन चाहन्छौ ! यसैकारणले त हाम्रो पूर्वीय दर्शनबाट हामी विमुख हुँदै गइरहेका छौं ।

हामी पुराना कुरालाई कति बेवास्ता गर्छौं । यस सम्बन्धमा हाम्रा पुराना केही कुरा हेरौं ।

### (क) वैदिककालीन कुरा –

ऋग्वेद मण्डल १०, सूक्त १३९, मन्त्र १ मा भनिएको छ–

**सूर्यरश्मिर्हरिकेशः पुरस्तात्सविता ज्योतिरूदयां अजस्रम् ।**
**तस्य पुषा प्रसवे याति विद्वान्त्सम्पश्यन्विश्वा भूवनानि गोपा ।।**

(हरियो रङ्गका वनस्पति र यसमा आश्रित सबै जीवलाई पोषण गर्ने परम ज्योतिर्वान् सूर्यदेव आफ्नो रश्मि पूर्व दिशाबाट प्रकट गर्छन् । जितेन्द्रिय विद्वान् र पोषणकर्ता सूर्यदेव उत्पन्न भएर सम्पूर्ण लोकलाई प्रकट गर्छन् र निरन्तर गतिशील हुन्छन् ।)

यस मन्त्रको कुरामा हामी खुसी हुने थुप्रै ठाउँ छन् । हरियो वनस्पतिले सूर्यसित शक्ति लिएर आफू पालिन्छ र अरूलाई पनि पाल्छन् भन्ने यसको मुख्य खुसीको केन्द्र हो । उस बेला यस्तो गम्भीर कुरा कसरी ठम्याए होलान् भनी छक्क पर्ने कुरा हो । तर हामी भने 'लौ सूर्यलाई गतिशील भन्यो, जितेन्द्रिय र विद्वान् भन्यो भनेर आफ्नो अल्प बुद्धिलाई क्रूर आलोचनामा खर्चन्छौं ।

यही कुरालाई जीव रसायन शास्त्री क्याल्भिनले १९६०को दशकमा प्रमाणित गरे । यस कुरालाई सबैले स्वीकारेका छन् । यो कुरा स्वीकार्दा पृष्ठभूमिमा माथिको कुरा आउनु पर्थ्यो कि पर्दैनथ्यो ? केवल जिज्ञासा मात्र !

**(ख) २०० वर्षअघिका कुरा–**

हामी हाम्रो पुर्खाको कृतकार्यप्रति गौरव गर्ने संस्कारमा हुर्केको भए विभिन्न शिक्षा आयोगमा काम गर्नेले हाम्रो शिक्षालय व्यवस्थापनको इतिहासको आधार जस्तै भएको पृथ्वीनारायण शाहका समकालीन कास्कीका राजा सिद्धिनारायण शाहले विद्यार्थी, पण्डित (शिक्षक)लाई खान बस्न हुने गरी पठनपाठनका लागि गुठीको व्यवस्था गरिदिएको र पछि बेथिति भई बन्द भएपछि एकीकृत नेपालमा मिलेको कास्कीले सो पाठशाला व्यवस्थापनका लागि पाएको गीर्वाणयुद्ध वीर विक्रम शाहको लालमोहरको कतै न कतै प्रभावको झल्को देखिने थियो । सो आदेशपत्र यस्तो थियो ।

***... आगे जगन्नाथ पाध्या, मणिभद्र पाध्या, कुलराज पाध्या, हर्कदेव पाध्या के उप्रान्त कास्कीका अम्बलमध्ये पोखराथोक पाठशालामा अघि कास्कीका राजा सिद्धिनारायण शाहले तिमीहरूकन वेद, रूद्रि, चण्डी, कर्मकाण्ड, नीति, कोश, पुराण र धर्मशास्त्र सबै विद्या पह्राउन्या काम सौप्याको रहेछ, आज बीचमा खटपट परी अड्कन जाँदा पाठशाला बस्न्या घर र फुलबारीसमेतमा बेथिति भई बटुक र तिमी पंडित सबैमा खान बसनाको थिति बिग्र्याको रहेछ, अब उप्रान्त तिमी पंडित सबैले अघिदेखि चलिआया बमोजिम पह्रउन्या काम गर्नू, गुठका आयस्ताले पाठशालामै बसी पह्रन्या बटुकहरू र पाठशालामा झारूबडारू गर्न्या चार र वैद्यसमेतलाई ख्वाई तिमी पंडितहरूले चलिआयाको रीत बमोजिम लाग्याको लिनू, पाठशाला छाउन्या विग्र्याभत्क्याको बनाई बाँकी रह्याकोबाट आउन्या अतिथि अभ्यागत साधुसन्तलाई दुई छाक ख्रुवाउनू, माघ शुक्लपंचमीमा सरस्वती पूजा गर्नू, पुस्तक सारन्यालाई लगाउनू भनी पाठशाला र तिमी पंडितहरूको थिति बाँधी दियूँ । यस थितिमा जो रहैन त्यसलाई भारी भारी दण्ड होला । ईति सम्बत् १८६८ मार्गसिर सुदि ३ रोज २ सुभम् ।***

**मार्फत् भीमसेन थापा मार्फत् वीरकेशर पाण्डे**

पण्डितलाई तलब, विद्यार्थी बस्न खानका लागि निर्वाह खर्च, फूलबारी, सरसफाइको व्यवस्था, एक जना स्वास्थ्यकर्मी, विद्यालय मरमतको चासो, आउने पाहुनालाई पालन खर्च, विद्यालयमा गरिनुपर्ने थप पूजापाठका कुरासमेत उल्लेख गरेर दिइएको आदेश ! एक आदर्श विद्यालयको परिकल्पना ।

## (ग) झन्डै असी वर्षअघिका कुरा–

जीवनभरि शिक्षा सुधारका लागि लागेर एकला बृहस्पतिका रूपमा रहेका पं. नयराज पन्तको 'हाम्रो उद्देश्य र कार्य प्रणाली' पुस्तक बारे हामी बेखबर हुन रूचाउँछौं । सो पुस्तकमा उनको गुणस्तरीय शिक्षाका बारेमा थुप्रै मननीय कुरा छन् । उनको चिन्तन कति प्रभावकारी थियो भन्ने कुरा उनका गुरुकुलका उत्पादनले नेपालको इतिहास लेखन संशोधनमा देखाएको उच्चस्तरीय क्षमताले नेपालले वास्तविक इतिहास पाएको छ । सोही क्रमको अनुसन्धानात्मक कृति मदनपुरस्कार गुठीबाट पुरस्कृत पनि भएको थियो ।

नयराज पन्तले चलाएको गुरुकुलमा दीक्षित हुनेहरूमा ज्ञानमणि नेपाल, महेशराज पन्त, दिनेशराज पन्तसमेतका व्यक्तित्वहरू हुनुहुन्छ । महेशराज पन्त लामो समयसम्म जर्मनीको विश्वविद्यालयमा संस्कृत भाषा अध्यापन गरी अवकाशपछि हाल नेपालमै हुनुहुन्छ । यसबारे थप जानकारी यी व्यक्तिसितको सम्पर्कबाट प्राप्त गर्न सकिन्छ ।

## (घ) ३५ वर्षअघिदेखि हालसम्मका कुरा ।

हाम्रो अर्को समस्या ज्ञान तथा प्रविधिमा ठेकेदारी प्रथा हो । यसको एउटा सङ्क्षिप्त उदाहरण हाम्रो नेपाली बृहत् शब्दकोशलाई सन्दर्भ लिएर दिन सकिन्छ । वि.सं. २०४० सालदेखि प्रकाशन सुरू भएको यो कोश नेपाली भाषाको उत्थानका लागि संस्थागत रूपमा गरिएको सत्प्रयासको कोशे ढुङ्गा नै भन्नुपर्छ । २०७५ सालमा यसको दसौं संस्करण निस्क्यो । २०७२ सालको नवौं संस्करण विवादित मात्रै बनेन यसलाई रद्दै गर्नुपऱ्यो । यसको कारण पनि त्यही ठेकेदारी प्रवृत्तिको अहङ्कार नै थियो ।

काम गर्दा कमीकमजोरी हुन्छन् । त्यसैले गल्तीलाई मानव स्वभाव भन्ने गरिन्छ । तर गल्तीमा सुधारका लागि दिइएका सुझाव बेवास्ताले ठेकेदारी प्रवृत्तिलाई मलजल गरिरहन्छ । पटक पटक लिखित सुझाव कार्यान्वयन नभएपछि ती सुधार गर्नुपर्ने कुराको सन्दर्भ २०७३ असोज १ को गोरखापत्रमा लेखका रूपमा प्रकाशन भएको थियो । तर २०७५ सालको दसौं संस्करणमा पनि सुधार भएन । सो शब्दकोशको पृष्ठ १२६१ मा

सातपत्रेको अर्थ गरिएको छ । सातपत्रेलाई मानिस र पशुको भुँडीमा हुने, खाएको वस्तु पच्ने, पत्रैपत्र परेको अवयव, पाकस्थली भनिएको छ ।

यो सातपत्रे अङ्ग उग्राउने जनावरको अर्थात् चार पेट हुने जनावरको मात्रै हुन्छ । मान्छेले न उग्राउँछ न यसका चारवटा पेट हुन्छन् । त्यसैले मानिसमा सातपत्रे अङ्ग हुँदैन । कसैले सुझाव दिएमा सो बारेका विज्ञसित सोधपुछ गरी सुधार गर्नुपर्ने हो । तर नेपाली शब्दकोश लेख्ने भनेको नेपाली र संस्कृत पढेकाले मात्रै हो भन्ने अहंले गर्दा अरूको कुरा सुन्ने हिम्मत भएन र त्यो नसुधारिएको हुनसक्छ । प्राज्ञहरूको चिन्तन यस्तो भएपछि अनि दर्शनले मलिनो मुख लगाउनेबाहेकको विकल्प के हुन्छ र ?

बुद्धले दुःखका कारण पत्ता लागेपछि निवारणका उपाय पनि हुन्छन् भनी चार आर्य सत्यमा उपदेश गरे जस्तै पूर्वीय दर्शनमा देखापरेका मलिनता हटाउने उपायहरू पनि अवश्यै छन् । तीमध्येका केही यी हुनसक्छन् ।

**१. संस्कृत भाषाका ग्रन्थहरू नेपाली भाषामा अनुवाद गर्न 'संस्कृत-नेपाली अनुवाद परिषद्'को गठन गर्ने–**

यस कार्यले संस्कृत भाषामा लेखिएका विभिन्न ग्रन्थहरू नेपालीभाषी पाठकका पहुँचमा आउनेछन् । यसले संस्कृत भाषा भनेको केवल स्वर्ग र नर्कका कथा मात्र लेखिने भाषा हो भन्ने कुप्रचारको अन्त्य हुनेछ । यसले संस्कृत साहित्य, संस्कृत भाषामा लेखिएका स्वास्थ्य, शिक्षा, दर्शन, ज्योतिष तथा अन्य प्राविधिक ज्ञान पनि नेपाली नागरिकका लागि सुलभ हुनेछ । यसो गरियो भने हाम्रो प्राचीनतम पूर्वीय दर्शनको पुनरूत्थानका लागि सहयोग हुनेछ ।

**२. संस्कृत भाषालाई इच्छाधीन तथा अतिरिक्त इच्छाधीन विषयका रूपमा विद्यालयस्तरमा पठनपाठनका लागि व्यवस्था गर्ने–**

विशेष गरी युरोपीय तथा अमेरिकी मुलुकमा संस्कृत भाषा कम्प्युटरमा प्रयोगका लागि उपयुक्त हुने भनी बेलाबेलामा चर्चा हुने गरेको छ । यदि यो कुरा सत्य सावित भयो भने संस्कृत भाषाका जानकारको माग अवश्यै बढ्नेछ । यसका लागि कक्षा ८ देखि माथिका कक्षामा कुनै ऐच्छिक विषयको विकल्पको रूपमा र अतिरिक्त ऐच्छिक(परीक्षा दिने र निश्चित अङ्क मानौं ५० भन्दा माथि आएमा सो बढी अङ्क प्रतिशत वृद्धि हुने कामका लागि कुल प्राप्ताङ्कमा जोड्ने गरी) विषयको व्यवस्था गर्ने गर्दा इच्छुक विद्यार्थीका लागि आफ्नो थप योग्यता प्राप्त गर्न अवसर मिल्नेछ । भोलिका दिनमा आयुर्वेद पढ्ने भन्ने योजना छ भने त यो एक सुवर्ण अवसरकै रूप

सावित हुनेछ । यसले हाम्रो पूर्वीय दर्शनका ज्ञानतिर उन्मुख हुन पनि सघाउनेछ ।

### ३. सेवामूलक क्षेत्रमा संस्कृत भाषाको प्रयोग–

योग, आयुर्वेद, ध्यान जस्ता क्रियाकलापका आधारमा समाजको सेवामूलक क्षेत्रमा संस्कृत भाषाको प्रयोग बढाउने गर्दा व्यावहारिक क्रियाकलापसित संस्कृत भाषा जोडिनेछ । हालका समयमा आहार विहारको विकृतिले मान्छेमा निकै डरलाग्दो किसिमले स्वास्थ्य समस्या बढिरहेको बेला निकै सहारा र आशाका दृष्टिले सबैको ध्यान योग, आयुर्वेद, ध्यानतिर तानिएको अवस्था पनि छ । यी विषयमा दक्ष हुन संस्कृत भाषामा दक्ष हुनु आवश्यक छ । यसो गर्दा पूर्वीय दर्शनमा हुर्के बढेका ज्ञान, सीप मानव जीवनमा स्थापित हुँदै जानेछन् ।

### ४. उच्च शिक्षामा संस्कृत भाषा र यसमा लेखिएका विषयको समसामयिक औचित्यका बारेमा अनुसन्धानका लागि जोड दिने–

हाम्रो देशको हावा, पानी, माटो, वातावरणीय ताप, चिस्यानको विविधताले यहाँका उही प्रजातिका बोटबिरूवा, जन्तुजनावर भए पनि उनीहरूको हुर्कने बढ्ने तरिका फरकफरक हुन्छ । त्यसैगरी उनीहरूको अङ्गमा पाइने तत्त्वहरूमा पनि विविधता हुने हुन्छ । त्यसैले विभिन्न क्षेत्रको उत्पादनमा के कस्तो पौष्टिकता वा औषध तत्त्व पाइन्छ भन्ने कुराको ख्याल गरी आयुर्वेदिक औषधि निर्माण र त्यसमा निहित तत्त्वका आधारमा खानुपर्ने मात्रा निर्धारण गर्नुपर्ने हुन्छ । यसका लागि अनुसन्धानको खाँचो पर्छ । यसरी वैज्ञानिक हिसाबले आयुर्वेदलाई स्थापित गर्नु भनेकै पूर्वीय दर्शनप्रति आस्था बढाउनु हो भन्न सकिन्छ ।

### ५. संस्कृत भाषासमेतको बहुभाषिक शब्दकोशको निर्माण–

यस्तो शब्दकोशमा शब्दको बनोटको रूपरेखा, माइती, मावली, मूल थलो आदि स्पष्ट रूपमा राखिनुपर्छ । संस्कृत भाषासित अन्य भाषाको मितेरी गाँस्ने महत्त्वपूर्ण डोरीको रूपमा यो बहुभाषिक शब्दकोश हुनेछ । बहुभाषिक भएकाले जुनसुकै भाषा भए पनि उसको शब्दको वर्णक्रमअनुसार यसको सम्पादन गरिनुपर्छ । यसो गर्दा यो शब्दकोशको आयतन निकै ठूलो हुनसक्छ तर पनि कुनै अप्ठ्यारो पर्दैन । मानौं एउटा वर्णको एउटा पुस्तक पनि हुनसक्छ । यसले हाम्रा विभिन्न भाषामा शब्दको आदानप्रदान के कस्तो रहेछ भन्ने अवस्था देखाउँछ र भाषिक समन्वयमा सहयोग पुऱ्याउँछ ।

हिँजोका दिनमा कसैको लहलहैमा संस्कृत भाषा मृतभाषा भनेर कोकोहोलो मच्चाउनेले अध्ययन गर्नेछन् र हाम्रा शब्दहरू अरू भाषामा पनि रहेछन्, अरू भाषाका शब्दहरू हामी पनि प्रयोग गर्दारहेछौं भनी एक आपसमा परिपूरकको आभास हुनेछ । यसरी आपसी भाषिक मित्रताले सामाजिक सद्भाव पनि बलियो हुँदै जानेछ । यस्तो शब्दकोशमा सबै भाषाभाषीको अपनत्व हुने हुनाले कसैको लहडबाजीमा अक्षर तथा शब्दको रूप परिवर्तन गर्ने निर्णय हुने छैनन् । यसो गर्दा भाषामा विकृति आउन पाउने छैन र सबै भाषाभाषीका व्यक्तिलाई हाम्रो पूर्वीय दर्शनको रसास्वादन गर्ने बाटो सरल हुनेछ ।

भाषा आयोगको व्यवस्था भएको अवस्थामा बहुभाषिक शब्दकोश प्रकाशनका लागि कुनै छुट्टै जनशक्तिको व्यवस्था पनि गर्नुपर्दैन । यसो गरेमा हाम्रा देशका तमाम राष्ट्रभाषाहरूले एक आपसमा सहचर्या बढाउने मौका पाउने थिए । यसले स्थानीय प्रविधि तथा सीपको संरक्षण गर्न समेत सघाउने छ ।

## ६. संस्कृत भाषामा लेखिएका ग्रन्थलाई मूल लेखनलाई जेका ते राखी त्यसको पद विच्छेद गरी उही पानामा राख्ने गरी पुनर्लेखन तथा प्रकाशन गर्ने–

हामीलाई संस्कृत भाषा ज्यादा अप्ठ्यारो लाग्नुको एक प्रमुख कारण त्यसमा हुने ज्यादा पदसन्धि वा पदयोग हो । मूल शब्दमा लाग्ने उपसर्ग र परसर्गले पनि खास मूल शब्द कुन हो भन्ने खुट्याउन गाह्रो हुने गर्छ । यस समस्याबाट मुक्ति पाउन हरेक संस्कृत भाषाका ग्रन्थलाई त्यसका अनुच्छेद वा श्लोकका तलतिर पद विच्छेद गरी राख्ने व्यवस्था गर्नुपर्छ । यसो गर्दा संस्कृत भाषाको सामान्य ज्ञान भएकाले पनि सो पुस्तक पढेर बुझ्न सक्छ भने सो ग्रन्थलाई अन्य भाषामा अनुवाद गर्ने अनुवादकलाई पनि सजिलो हुन्छ । यो काम निकै प्राविधिक तथा संवेदनशील भएकाले उच्च सावधानीका साथ गर्नुपर्छ ।

## ७. ग्रन्थ परिमार्जन समितिको गठनको पहल–

डा. स्वामी प्रपन्नाचार्यले भने झैं विभिन्न ग्रन्थ (मनुस्मृति, गौतमस्मृति, यमस्मृति...) मा झिक थप गरेर सो ग्रन्थको मूल मर्म बिगारिएको हो भने कम्तीमा नेपाल र भारतका संस्कृतका विद्वान्हरूको एक अधिकार प्राप्त समिति गठन गरी परिमार्जन गर्ने व्यवस्था गर्नुपर्छ । यसरी ग्रन्थ परिमार्जन गर्दा समयले स्वीकार्न नसक्ने खालका कुरा छन् भने ती कुरालाई इतिहासका लागि परिशिष्टमा राखेर ग्रन्थको मूल पाठलाई समसामयिक

बनाउनुपर्छ । यसो गरेमा हाम्रो प्राचीन र मौलिक पूर्वीय दर्शनसित साक्षात्कार हुँदै सो दर्शनलाई उठाउँदै अगाडि बढ्न सकिन्छ ।

माथिका जस्ता उपायले संस्कृत भाषामा रहेको हाम्रो पूर्वीय दर्शनका सम्पूर्ण विषयवस्तु सर्वसाधारणसम्म पुग्न सजिलो हुनेछ । संस्कृत भाषामा लेखिएका विभिन्न विषयहरू जस्तै गणित, विज्ञान, स्वास्थ्य, शिक्षा, व्याकरण, समाजशास्त्र, सङ्गीत, गीत, काव्य, योग, वास्तुशास्त्र, ज्योतिष, न्याय, तर्कशास्त्र.... आदि थुप्रै ज्ञान सागरका ढोका खुल्नेछन् ।

पूर्वीय दर्शन सर्वप्राचीन दर्शन हो भन्ने कुरामा कसैको विमति छैन । पुरानो भएको हुनाले हालको वैचारिक माहोललाई संबोधन गर्न सक्दैन भन्ने लालबुझक्कडका कुतर्क पढ्ने, सुन्ने मौका मिल्छ । प्राचीनतामा गहनता देख्ने दृष्टिकोण गुमाउनाले नै आज हाम्रा पाका पुस्ताको गन्तव्य वृद्धाश्रमतिर हुँदैछ र भोलि हाम्रो पनि ।

संगमर्मरका वृद्धाश्रमका बरन्डामा भन्दा आफैले पसिना सिञ्चेका घरका अगाडि सिँगारेको तुलसी मैरी(मठ) नजिकै गाईका गोबरले लिपेको आँगनमा लम्पसार भएर मर्न सबैको घिडकिसो छ । प्राण पखेरू उड्ने बेला आफ्ना सन्तानसँग केही अड्के अल्झेका कुरा बोलेर शान्तसँग अन्तिम सास लिन पाइयोस् भन्ने कसका मनमा हुँदैन र ! प्राण उडेपछि दाजुभाइ जुटून् र आलै घाट गङ्गाको आस सबैको हुन्छ । अस्पतालमा मरेर हप्ता दश दिन सन्तानको कुराइमा मुर्दा घरको फ्रिजमा चाङ परेर बस्नुपर्ने कुसंस्कारको विकास गर्ने हामी नै हौं । हामीले दान गरेको कुशिक्षा हो ।

इतिहासलाई लत्याउने, हत्याउने प्रवृत्तिले त आज हाम्रा योजनाहरू हावादारी भइरहेका छन् र कार्यान्वयनका बखत हावा खाइरहेका छन् । किनकि योजनाका लागि चिन्तनको आधारशिला इतिहास हो । परिवारको प्रचलित संस्कारले त्यो परिवारको पारिवारक इतिहास बोलिरहेको हुन्छ । बालबालिकालाई राम्रो संस्कार दिएमा उसको पढाइमा सकारात्मक प्रभाव पर्छ भनेको कारण पनि यही हो ।

नयाँ उदाएका देश बल, बुद्धि, पौरखले आज समृद्ध देखिए पनि उनीहरूको प्राचीन इतिहासको अभावले मन अमिलिने गर्छ । हाम्रा हिँजोका कलाकृतिले हिँजोका चिन्तनको अभिव्यक्ति दिइरहेका छन् । यिनको अध्ययनले हामीलाई भोलिका लागि आत्मबलयुक्त गन्तव्यको लक्ष्य निर्धारण गर्न सहयोग गर्छ । यसो गर्नु हिँजोका पुर्खाका लागि श्रद्धा गर्नु हो । आज हामीले हाम्रा पुर्खालाई मूर्ख भनेर हेप्यौं भने हामी तिनै मूर्ख र हेपिएका पुर्खाका सन्तान हुने छौं त हाम्रो अग्रगति कसरी हुन्छ ?

विगतमा हामीले थुप्रै गल्ती गरेका छौं, जानेर नजानेर । त्यसको प्रायश्चित्तका लागि अब केही गरेर देखाउनु छ । संस्कृत पुस्तकालयमा आगो दन्काउने र संस्कृत भाषाका सामग्रीको अपव्याख्या गरेर हाम्रो पूर्वीय दर्शनको ओज रसातलमा पुऱ्याएका छौं तर अहिले पातालबासी (युरोप, अमेरिका)मा संस्कृत भाषाको मोह जागेको छ । नेपाल, भारतबाट संस्कृत भाषा पढेका र संस्कृत भाषा पढ्ने व्यक्तिको खोजीमा उनीहरू यहाँ आउन थालेका छन् । यस्तो अवस्थामा पनि हामीमा अझ जागरण आउन्न भने हाम्रो पिँढीले देख्ला/नदेख्ला तर हाम्रा छोराछोरी पिँढीले पश्चिमबाट दीक्षित संस्कृत भाषाका विद्वान् आएर यहाँ संस्कृतको प्रशिक्षण दिएर पूर्वीय दर्शनको व्याख्या विश्लेषण गरिदिने छन् ।

यसका लागि त जग बसिसकेको रहेछ । सलिल ज्ञवालीको पूर्वीय सभ्यता नामक पुस्तकमा फ्रेड्रिक शिलर, अगस्ट विलहेल्म स्लेगेल, सर विलियम जोन्स, विलियम बटलर यिट्स्, अल्वर्ट आइन्स्टाइन, बाराक ओवामासमेतका ८४ जना पश्चिमा विद्वान्हरूसमेतका पूर्वीय सभ्यताप्रतिको आत्मानुभूति छन् । त्यहाँ अल्वर्ट आइन्स्टाइनको भनाइ छ– हामी पूर्वीय सभ्यताप्रति ऋणी छौं किनकि उनीहरूले हामीलाई गणित सिकाए, त्यसको अभावमा कुनै पनि सार्थक प्रकृतिको वैज्ञानिक आविष्कार गर्न सकिने थिएन ।

हाम्रो जीवनका सोह्र संस्कार कति वैज्ञानिक छन् र कति अर्थपूर्ण पनि । पुर्ख्यौली इतिहासलाई पूर्वजुनी, वर्तमान जीवन र भावी पुस्ता अर्को जुनीको स्पष्ट व्याख्या हुँदा पनि कसैले पूर्वजुनी र अर्को जुनीको कुरा भनेर खिस्याउँदा किन वाक्य अड्कन्छ ? हजारौं वर्षदेखि खारिँदै आएको तार्किक क्षमता किन आज लुप्त छ ? किन रित्तिँदै छौं हामी ? के कमिसनखोर र बिचौलियाको कुसंस्कारले हामीलाई भुइँमा न भाँडामा बनाएको हो ?

दिमागलाई आजको जमानाको सुपर कम्प्युटर बनाएर हजारौं श्लोकहरू उल्टो सुल्टो जताबाट पनि पढ्ने, अर्थ गर्ने क्षमताका ती नमनीय अग्रजका सन्तान हामी !

**द्यौ शान्तिः अन्तरिक्ष शान्तिः...** भनेर विश्व शान्ति मात्रै होइन ब्रह्माण्ड शान्तिको उदार हृदयले बिगुल फुक्ने भएका आदरणीय अग्रजका सन्तान हामी !

विश्व राज गर्ने हिम्मत राख्ने शक्तिशालीहरू संस्कृत शिक्षातिर लहसिन खोजिरहेका छन्, पूर्वीय दर्शनसित हिमचिम बढाउँदै छन् । आफूलाई चिनौं । आफ्नालाई चिनौं । आफ्नो सम्पत्तिलाई चिनौं । यो त हाम्रो पुर्ख्यौली विरासत हो । हामी त हकदार नै हौं । ख्याल राखिराखौं–सम्पत्ति चिन्न नसक्नेलाई विपत्तिले पछ्याउँछ ।

ooo

# थकाली जातिको सङ्क्षिप्त अध्ययन

✍ **विजय सागर**
**सिद्धार्थनगर, भैरहवा, रूपन्देही**

## विषय प्रवेश

शृङ्खलाबद्ध रूपमा रहेका हिमाल, पहाड र तराई एवं नदी-नाला, ताल-तलैयाहरूद्वारा सुशोभित हराभरा मनोरम देश नेपाल सदियौंदेखि विभिन्न जातजाति, भाषाभाषी, धर्म, कला र संस्कृति अंगालेका समूहहरूको आरक्षस्थल रहिआएको छ । नेपालका हिमाली क्षेत्र र पहाडका उत्तरी तथा मध्यभागमा बसोबास गर्ने आदिवासी जनजातिहरू विशेष गरेर हिमालपारि तिब्बतबाट आएका मंगोलमूलका जनजातिहरू हुन् । यही क्रममा थाक सातसय क्षेत्रमा बसोबास गर्ने थकाली जातिको अध्ययनसम्बन्धी यो लेख विभिन्न विद्वान् एवम् विद्वान् थकाली बन्धुहरूबाटै लेखिएका पुस्तक तथा लेखहरूका आधारमा तयार पारिएको छ । थोरै जनसङ्या भएर पनि देशको आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक, शैक्षिक र साहित्यिक जगत्मा राम्रैसँग उपस्थिति जनाउन सक्नु थकाली जातिको परिश्रम र मिलनसारिताको सुन्दर गरिमा हो ।

हरेक जनजातिको आफ्नो मूलथलो हुन्छ । थकालीहरूको मूलथलो थाक सातसय क्षेत्र हो जुन ठाउँ आजकाल मुस्ताङ जिल्लाको दक्षिणतर्फ पर्दछ । शंकरमान शेरचनका अनुसार थाक सातसयको सीमाना उत्तरमा काली वडा र धोनक्यू खोलाको शिर, धोसुमको डाँडा, दक्षिणमा चिमखोलाको धुरी, पूर्वमा पैरोथाप्लाको देउराली बाँदरजुँङ, तुरतुरे पानी र पश्चिममा सुरती चलाउने देउराली हो । यी ४ किल्ला क्षेत्रमा परापूर्वकालदेखि थाक सातसय (थाकखोला) को नामबाट १३ गाउँको १३ मुखियाको स्वायत्त पञ्चायतद्वारा स्वशासित थियो । स्थानीय प्रशासन चलाउन १३ गाउँलाई तीन टोलमा विभाजन गरिएको थियो । चट्टीटुप (एघार टोला) मा कोबाङ्, खन्ती, सौरू र टुकुचे गरी चार गाउँहरूका लागि तीन मुखिया पर्दछन् । प्हेटुप (आठटोल) मा लारजुङ, नाकुम्, भुरजुङकोट र नापुङकोट गरी चार गाउँहरू पर्दछन् । ढुटुप (६ टोला) मा धम्पू, टिटी, ताउलुङ, कुन्चो, लेते र घाँसा गरी ६ गाउँहरू पर्दछन् । थाक सातसय क्षेत्रको पूर्वमा मनाङ जिल्ला, पश्चिममा म्याग्दी र डोल्पा जिल्लाहरू, उत्तरमा मुस्ताङ जिल्लाको मार्फा र दक्षिणमा म्याग्दी जिल्ला पर्दछ (भट्टचन, २०७० : १४१ - १४२) ।

थाक खोप्चेन भन्ने स्थानको विवरण जोङकाइ (ठिनी) मा पाइएका अभिलेखहरूबाट जानकारी गर्न सकिन्छ । थाक खोप्चेन भन्ने नाम कहिलेदेखि, कसरी रह्यो र यसको के महत्त्व छ भन्ने सन्दर्भमा केही प्रकाश पार्नुभन्दा अघि

यसको भूत र वर्तमान नामको परिवर्तनमा परिचय दिनु सान्दर्भिक होला । थाक खोप्चेन भन्ने नाम सम्वत् १५८९ भन्दा अघिसम्म प्रचलित थियो । त्यसपछि थाक खोप्चेन भन्ने शब्दको प्रयोगमा केही परिवर्तन भई आएको कुरा देखिन्छ । वर्तमान समयमा थाक खोप्चेन भन्ने शब्दको प्रयोग हुँदैन । यस शब्दको स्थानमा थाक खोला भन्ने शब्द प्रचलनमा आएको देखिन्छ । थाक खोला भन्ने शब्दले कुनै प्राकृतिक खोलाको नाम हो भन्ने कुरामा निश्चित गर्न सकिन्छ । तर थाक खोला कहाँ छ भनी सम्बन्धित क्षेत्रमा खोजी गर्दा पाउन सकिंदैन । खोजीको सिलसिलामा वर्तमान टुकुचे वस्तीको नजीक पश्चिमोत्तरपट्टिबाट बगी आई कालीगण्डकीमा मिसिएको खोला हो भनी तर्क गर्न सकिन्छ । यस खोलालाई थापा खोला भनिन्छ । यस खोलाको उत्पत्तिका सम्बन्धमा आफ्नै प्राकृतिक इतिहास होला तर थापा खोला नामकरण कहिलेदेखि भयो भन्ने सन्दर्भमा करिब ३५७ वर्ष अगाडिदेखिको इतिहासलाई केलाउन जरूरी देखिन्छ । यस खोलाको इतिहास खास गरेर हंस राजा भन्ने तत्काल त्यस क्षेत्रका भुरे राजाको इतिहाससँग त्यस क्षेत्रका निवासीका भनाइमा सम्बन्धित भएको पाइन्छ । वर्तमान टुकुचे बजारदेखि माथि (जोमसोमतर्फ जाने) मूल बाटोबाट हेर्दा पत्थरद्वारा बनेको सानो गढीको जस्तो रूपमा देखिने भग्नावशेष रूप नै खास थाक खोप्चेन हो । यहाँ करिब ३५७ वर्षपूर्व हंस राजा नामका व्यक्तिले भुरे राजाको रूपमा आफ्नो प्रभुत्व कायम गरे । यिनको साथमा एक जना थापा जातका प्रभावशाली व्यक्ति पनि आएका थिए । यिनको निवासस्थान पश्चिम थापा खोला भनिएका खोलाको आसपास सो निवासस्थानको भग्नावशेष वर्तमानमा पनि विद्यमान छ । उल्लिखित थापा सम्बन्धमा बूढा-पाकाका भनाइअनुसार हंस राजाका मन्त्री हुन् । थापा सिकारका सौखीन भएकाले सिकार खेल्न जाँदा दुर्घटना भई मृत्यु भयो । कसैको भनाइ छ अरू मानिसद्वारा हत्या गरियो । कसैको भनाइमा सीमारक्षा गर्दाको समयमा शत्रुद्वारा मारिए भन्ने कुराको बयानका साथै थापाले थाक खोप्चेनको गौरव राखेकाले उनको नामबाट थापा खोला नाम रहेको हो भन्ने कुरा माथि उल्लिखित तीनवटै विचारमा पाइन्छ । यही थापा खोलाको नाम थापा शब्द अपभ्रंशको रूपमा थाक भई खोला जोडी थाक खोला भएको हो कि ? भन्ने सामान्य तर्क लिन सकिने अवस्था छ । तर यस सम्बन्धी अनुसन्धानमा अन्य सत्यताको नजिक धेरै पुराना अभिलेखमा थाक खोप्चेन भन्ने शब्दको प्रयोग भएको देखिएकोले उल्लिखित शब्दसँग जोडिएको "खोप्चेन" भन्ने शब्द हटाई थाक भन्ने शब्द मात्र लिई खोला भन्ने शब्द जोडी थाक खोला र यसमा बस्ने मानिसलाई थकाली शब्दको प्रयोग चलन चल्तीमा आयो (क्षेत्री, २०४४ : २३१ - २३४) ।

पौराणिक ग्रन्थअनुसार थकाली जातिको इतिहासको सबैभन्दा बलियो आधार भनेको ह्रव (पौराणिक ग्रन्थ) हो । यो ग्रन्थ थकाली जातिको ल्हफेव (बाह्रवर्षे

मेला) पर्वमा मात्र थकाली जातिका चार पाण्डेहरूबाट वाचन गर्ने गरिन्छ । यस ह्रवअनुसार श्रद्धेय पुर्खाहरू पश्चिमबाट पूर्वतिर आउने क्रममा च्योकी (गौचन) का पुर्खा अनि ऐरम्ले पताङ (दोहोरो धार भएको तरबार), साल्की (तुलाचन) का पुर्खा सम्लिढेन सम्लिच्याङले नम्च्यातरी (बन्चरो र थेवे), ट्हिम्चन (शेरचन) का पुर्खा ढाक्पा क्हेल्चानले प्होइ (टुकटुके घन) र प्हुर्की (भट्टचन) का पुर्खा पाउकुतीले मिङ्तो (कुटो) र सबैले धनुषवाण लिएर प्राकृतिक सम्पदा, देवदेवीको वासस्थान भएको ठाउँ खोज गर्दै जुम्लाको सिंजा भन्ने ठाउँमा कृषि योग्य भूमि र अति रमणीय उपत्यकाको बीचमा ठूलो चन्दनको रूखको आड पारेर आफ्ना अस्त्रहरू सोही रूखको फेदमा राखी बिहान-बेलुकी धूपबत्ती बाली पूजाआजा गरेर चार पुर्खा त्यही ठाउँमा बसेको देखिन्छ । यस ठाउँमा थकाली जातिका पुर्खाहरू बसोबास गर्दा कृषि तथा पशुपालन व्यवसाय निकै राम्रो भएको थियो । त्यस ठाउँमा स्थानीय मानिसले चन्दनको रूख काटिदिएपछि रूखका चारवटा हाँगा मात्र बाँकी रहे र ती हाँगाहरू पनि विस्तारै सुक्दै गए । आखिरमा उत्तरतिर फर्किएको हाँगाबाट कालोचरा उत्पन्न भई फेदमा रहेको प्हुर्की (भट्टचन) को पुर्खा पाउकुतीले समातेको अस्त्र मिङ्तो छोएर उत्तरतिर कैलाश पर्वतको मानसरोवर देवस्थलतिर उडेको थकालीका चार पुर्खाले प्रत्यक्ष देखे । यसै गरी केही समय पश्चात् पूर्वतिर फर्किएको चन्दनको हाँगाबाट क्रमशः रातो, हरियो र सेतो चराहरूको उत्पत्ति भए र ती चराहरूले पनि क्रमशः च्योकी, साल्की र ट्हिम्चन पुर्खाका अस्त्रहरू छोएर पूर्वतिर उडेर धौलागिरि हिमालको शिखरमा पुगेको पुर्खाहरूले प्रत्यक्ष देखे । यसरी कालो, रातो, हरियो र सेतो चराहरूको उत्पत्ति हुनु र ती चराहरू क्रमशः उत्तर र पूर्व लागे पश्चात् पुर्खाहरूको कृषि र पशु व्यवसायमा ह्रास आउन थाल्यो । आ–आफ्नो अस्त्र र धनुषवाण लिएर कालो चरा उडेको दिशातिर पाउकुती र पूर्व धवलागिरि हिमालतिर अन्य तीन पुर्खा लागे । उत्तर र पूर्व लागेका पुर्खाहरू विभिन्न ठाउँ हुँदै आखिरमा म्हत्स्याङक्हयू (चोखोपानी) मा भेट भएका थिए । म्हत्स्साङक्हयू प्राकृतिक सौन्दर्य र देवदेवीको वासस्थान भएको ठानी यसै चोखो पानीमा आफू र आफ्ना अस्त्रहरू डुबाउँदा सफा भएको देखियो । केही समय पश्चात् पुर्खा पाउकुती धूपवत्ती नगरी सिकार खेल्न जंगलतिर पसे तर केही बेरमै मेघ गर्जन साथ पानी परेको कारण सिकार त के बाटो पत्ता लगाउन नसकी पाउकुती पुर्खा म्हरस्याङक्हयू फर्कन सकेनन् । तीन पुर्खा पाउकुती नफर्केमा शोकविह्वल हुँदै पूजाआजा गर्न थाले । यति गर्दा पनि नभएर तीनै जना पाउकुतीको खोजीमा दक्षिणतिर लागे । विभिन्न ठाउँ हुँदै फलाते पुगे । स्थानीय बासिन्दालाई देवभूमि जाने बाटो सोद्धा जतातत‍ै जाऊ भन्ने उत्तर पाएपछि त्यहाँबाट पहिलेकै बाटो फर्किए । यसरी सिकारको खोजीमा निस्केका पाउकुती पुर्खा र उनलाई खोज्न निस्किएका अन्य तीन पुर्खाको भेट सङिनग्हयूङिन (रूपसे छहरा) भन्ने ठाउँमा भयो । त्यसपछि सबै पुर्खा सल्लाह गरी हावा, पानी, माटो, ढुङ्गा परीक्षण गर्दै हिंडे । यसै सन्दर्भमा सबै पुर्खाहरू

फ्होचोमा आउने क्रममा कालापानीको पानी तौल गर्दा अरू पानीको तुलनामा गह्रुंगो पाए र आ-आफ्ना अस्त्र पानीमा छुवाउँदै जाँदा पुर्खा सम्लिढेन सम्लिचाङको अस्त्र नम्च्यातरीलाई पानीले आकर्षण गऱ्यो । तत्पश्चात् पुर्खा सम्लिढेन सम्लिचाङको समूहले त्होचोमा बस्ने निर्णय गऱ्यो । एवम् प्रकारले पुर्खा अनिऐरम्को समूह नर्खुङ सोम्पिस, पुर्खा ढाक्पा घेल्चनको समूह सलम व्यासी (कोबाङ) र पुर्खा पाउकुतीको समूह खन्ती नरसाङमा बसे । यसरी थकाली जातिका चार पुर्खा थासाङका यी ठाउँहरूमा बसोबास गरेका कारणले थकाली जातिको थाक सातसय थासाङलाई आफ्नो ऐतिहासिक मूल थातथलोको रूपमा मान्दै आएका छन् (शेरचन, २०७० : ६४) ।

## थकाली शब्दको व्युत्पत्ति

कुनै पनि शब्दको व्युत्पत्ति कसरी भयो ? भन्ने सम्बन्धमा जिज्ञासा हुनु, तर्क वितर्क हुनु स्वाभाविकै हो । अझ जातीय शब्दको व्युत्पत्ति सम्बन्धमा अझ टड्कारोरूपले जिज्ञासुहरूमा कौतुहलता हुनु झनै स्वाभाविकै हो । यसै सन्दर्भमा थकाली शब्दको व्युत्पत्ति बारेमा विद्वान्हरूका विभिन्न विचारहरू रहेका छन् -

थाक खोला क्षेत्रलाई पितृथलो मान्ने जातिलाई थकाली भनिएको देखिन्छ । थकालीहरू सिंजाली घरानाका ठकुरी हौं भन्ने दावी गर्दछन् । थाकको ठिनीमा बस्न आएका सिंजाका राजकुमार र ठिनीका स्थानीय महिलाबाट जन्मेका सन्तान थकालीका पूर्वज हुन् भन्ने गरिन्छ । ती पूर्वजले थापा खोलाका किनारमा बस्ती बसालेकाले त्यस भेकका जनताले उनीहरूलाई थापाली भन्न लागे । त्यसैको परिवर्तित रूप थकाली भएको हो भन्ने अर्को थरी छन् । मुस्ताङ क्षेत्रमा बस्न पुगेका ठकुरीलाई उनीहरू ठकुरी वा थकाली भन्दथे । ठकुरीबाट थकुली अनि थकाली भएको तर्कमा दम छ (शर्मा, २०७१ : २६१) । थकालीहरूको मूलथलो मुस्ताङ जिल्लाको थाकखोला हो । थाकखोलामा बसोबास भएकै कारण यिनीहरूको थकाली नामकरण भएको हो (पाण्डेय, २०६१ : ३९) । मुस्ताङ जिल्लाको दक्षिणी भेगमा पर्ने थाक सातसय खोला क्षेत्रमा आदिकालदेखि बसोबास गर्दै आएका जनजातिलाई थकाली भनिन्छ (सामान्यज्ञान, २०६३ : ५६)।

थकाली भन्ने नाम थाकखोलाको थाक सातसय भन्ने कालीगण्डकी डोलको हिमाली भागको ठाउँसम्म गाँसिएको छ । हाल यो ठाउँ मुस्ताङ जिल्लामा पर्छ । तर कालान्तरमा जातको नाम नै थकाली भन्न थालियो । अनि क्रमशः व्यापारिक सफलताले गर्दा सम्पत्ति, इज्जत र प्रतिष्ठा कमाउन थालेपछि यो थकाली भन्ने नाम पन्छाउन कोसिस गरे पनि नसकिने गरी झन्झन् स्थायी रूपले प्रसिद्ध हुँदै गयो । नत्र उहिलेदेखि आपसमा कुरा गर्दा हाम्रो जातलाई तामाङ भन्ने चलन पनि बसेको हो । थकाली भाषाको हिसाबले भन्ने हो भने तामाङहरू भन्दा गुरुङ कुरासँग मिल्छ । तर धेरै कारणहरूले गर्दा थकालीहरू धार्मिक, सामाजिक तथा

आर्थिक पृष्ठभूमि भएका आफ्नै गोडाको भरले उभिएको जात हुनाले थकाली शब्द नै ज्यादै चल्तीमा आइसकेको छ (विष्ट, २०७४ : ७५) । नेपालको मध्य पहाडी क्षेत्रमा विशेषगरी गण्डकी प्रस्रवण क्षेत्रको मुस्ताङ जिल्लामा रहेको थासाङ-कोवाङ उपत्यका भित्र मिलनसार जातिको चिनारीमा थकाली रहेका छन् । थासाङलाई पहिले थाक खोला र थाक सातसय भनिन्थ्यो । थाक भनेको फराकिलो उपत्यका हो । त्यहाँ बस्ने बासिन्दा थकाली भनिएका हुन् । मानवशास्त्रीहरूले थकालीलाई तामाङ भनी उल्लेख गरेको पाइन्छ (प्रभात, २०७० : २)।

मुस्ताङ जिल्लाको थाक खोला क्षेत्रलाई पितृथलो मान्ने हुनाले यिनलाई थकाली भनिएको हो । तापनि यिनीहरू स्वयंले आफूलाई सिंजाली राजघरानाका ठकुरी हौं भन्ने दावी गर्छन् । कुनै समय सिंजाका एक राजकुमार थाक खोला क्षेत्रको ठिनीमा बसोबास गर्न आएका थिए र त्यहाँकी एक ठिन्याल्नीपट्टिबाट जन्मेका सन्तान नै थकालीहरूका पूर्वज थिए भन्ने कथा प्रचलित छ । थकालीका यी पूर्वजले थापा खोलाको किनारमा बस्ती बसालेकाले तिनलाई वरिपरिका मानिसले थापाली भन्न लागे र यसैका परिवर्तित रूप थकाली हुन गएको अडकल गर्नेहरू पनि छन् (सूचना विभाग, २०३१ : ५२६)। टुकुचे गाउँ ककानी देवलको हाराहारी भित्तामा पर्खाल लगाएको भग्नावशेष देखिन्छ । हंस राजाको दरबार त्यहाँ थियो । राजाको मन्त्री एक जना थापा रहेछन् । सधै थापा मन्त्री राजाको दरबारमा बिहान हाजिर भई साँझ फर्कंदा रहेछन् । थापा मन्त्रीको दरबार उर्सिङक्हाङमा थियो । यहाँ अद्यापि भग्नावशेष छंदैछ । थापा खोला आषाढ-श्रावणमा खुबै बढ्छ । उहिले सोही भेलले थापा मन्त्री र घोडा बगाई लगेछ । थापा मन्त्री बगाएकोले यस खोलाको नाम थापा खोला रहन गएको हो । यस नदीको पूर्वमा रहने जातिहरू थकाली भए (तुलाचन, २०४९ : ३) ।

## हंस राजा र ङिमा रानी

प्रायजसो थकालीहरूले जुम्ला सिञ्जाका राजकुमार हंस राजा र ठिनीकी राजकुमारी ङिमा रानीका सन्तान भनी ठकुरी भएको दावी गर्दै आएका छन् । यो प्राककल्पलाई मोहनबहादुर मल्ल (१९७७) ले पुष्टि गरेका छन् । ॐकारप्रसाद गौचनले (२०३७) थाकमा हंस राजाको शासन थियो भन्ने प्रमाणका रूपमा चिम गाउँमा प्राप्त एउटा ऐतिहासिक महत्त्वको कागजको प्रतिलिपि खाङ्लोमा प्रकाशित गरेका छन् (भट्टचन, २०७० : १४५) ।

थाक खोप्चेन (थाक) का निवासी चारजात (शेरचन, गौचन, तुलाचन र भट्टचन) हरूका भनाइअनुसार हंस राजा, उल्लिखित चार जातका थाक आउँदाका मूल पुरुष हुन् । यिनी जुम्लाको सिंजापतिबाट आए । यी ठकुरी जातिका हुन् । यिनले जोङकाइका राजा सोम्पे भन्नेकी छोरी ङिमा रानीसँग विवाह गरे । राजा

सोम्पेको राज्यअन्तर्गतको वर्तमान घोचङघाङ, टुकुचेमाथिको पुलमा रहेको ढुङ्गामा बसी तलतिर हेर्दा आँखाले देखेसम्मको जमीन ङिमा रानीलाई दाइजोको रूपमा दिएका हुन् भनी भनिन्छ । यिनैका सन्तान वर्तमान खास थाक बस्ने चार जात थकाली हुन् । थाकमा आएका आदि पुरुष हंस राजा र ङिमा रानीका सन्तान हुनाले आफ्नो जाति र चलन व्यवहारका उत्पत्तिको वंशानुक्रम प्रारम्भ चर्चित राजा र रानीलाई आदि मूल पुरुषको रूपमा मान्दछन् । वर्तमान चारजात चनजातिहरूले जन्म-मरणादि संस्कार र अन्य शुभकार्यादिमा यिनै आदि पुरुष हंस राजा र ङिमा रानीको सर्वप्रथम नाम लिई कार्य प्रारम्भ गर्दछन् । जुनसुकै कार्य गर्दा पनि पश्चिमतर्फ फर्की गरिन्छ । पश्चिम फर्की कार्य गर्नाको तात्पर्य सम्बन्धमा सोधनी गर्दामा हंस राजा पश्चिम जुम्ला सिंजापतिबाट आएका हुनाले उनको सम्झनामा पुर्खाको आगमन भएको दिशा पश्चिमतर्फ फर्की गरिने चलन चलेको भन्ने तर्क दिन्छन् । सिंजापतिका राजखानदानका व्यक्ति थाकमा आएपछि राजाकी छोरी ङिमासँग विवाह गरे । उनी थाक खोप्चेनका राजा भएका र ठकुरी जातिका भएकाले नै नामको अगाडि चन भन्ने अक्षर परम्परादेखि राखिएको हो भन्ने कुरामा चार जाति चन (जसलाई थकाली पनि भनिन्छ)ले आफ्नो उपर्युक्त ऐतिहासिक पृष्ठभूमि देखाउँछन् । यस सम्बन्धको क्रमिक इतिहास कतै चार जात चन र जोङकाइ (ठिनी) का बासिन्दाहरूले उल्लिखित कुरामा समर्थन जनाउँछन् । कतिपय विदेशी र नेपाली लेखकहरूले पनि यसै कुरालाई समर्थन गरी आफ्ना तर्कहरूद्वारा प्रमाणित गर्ने प्रयास पनि गरेको पाइन्छ । यससम्बन्धी अनुसन्धानको सिलसिलामा प्राप्त भएसम्मका जोङकाइ (ठिनी) सम्बन्धी अभिलेख हेरिएमा थाक खोप्चेनमा हंस राजा र जोङकाइ (ठिनी) मा ङिमा रानी भन्ने महिला भएको पाइन्छ । यी दुबैको वैवाहिक सम्बन्धमा केही कुरा उल्लेख भएको पाइँदैन । यिनी जोङकाइ (ठिनी) का राजा सोम्पेकी छोरी हुन् भन्ने पनि तर्कबाट पुष्टि हुन आउँदैन । जोङकाइ (ठिनी) राजा घेलथेकरचेन भएको समयमा ङिमा रानी र हंस राजा दुबैले राज्यको सीमा - विवादका सम्बन्धमा छलफल गरी सम्झौता गरेको कुरा उक्त अभिलेखमा पाइन्छ । यस अनुसार जोङकाइको तर्फबाट ङिमा रानी र थाक खोप्चेनको तर्फबाट हंस राजा सामेल भई सीमा सम्बन्धी छलफल गरी सम्झौता गरेको देखिन्छ । हंस राजा र ङिमा रानीको वैवाहिक सम्बन्ध भएको भए आफ्नो आफ्नो प्रदेशको प्रतिनिधित्व हुने थिएन, केवल आफ्नो प्रदेशतर्फको आफ्नै पक्षको प्रतिनिधित्व हुने थियो । यी सबै कारण र तत्काल समयमा जोङकाइमा राजा घेलथेकरचन भएकाले राजा सोम्पेकी छोरी भन्ने कुरा विवादास्पद देखिन आउँछ र यसको आधार पाइँदैन । यदि ङिमा रानी घेलथेकरचनकी छोरी हुन् र यिनले हंस राजालाई छोरी विवाह गरी दिई दाइजोको रूपमा जमीन दिएका भए नजीकको सम्बन्ध हुनाले दुबैतर्फबाट सीमा-विवाद उठ्ने पनि थिएन होला (क्षेत्री, २०४४ : २४० - २४२) ।

टुकुचे हिमाल धौलागिरि फेद, काली गण्डकीको तट, मनमस्तिसँग फिजिएर गंगाजीले बनाएको बगर पूर्व र पश्चिम उभिएका अग्ला पहाडहरूको बीचको यो खोंच थकालीहरूको मूल स्थल हो । मुस्ताङ जिल्लामा पर्ने थकालीहरूको यो ठाउँलाई थाकखोला वा थाक भनिन्छ । यसको पौराणिक सीमाना छैरो मुनिचउरदेखि दक्षिण कालीगण्डकीले बनाएको खोचै खोच घाँसासम्म मानिन्छ । यस स्थलमा थकालीहरूको राज्य थियो । थकाली सभ्यता यहाँ नै उदय भयो । थकाली भाषा, संस्कार, संस्कृतिदेखि लिएर एउटा पूर्ण सामाजिक जीवनपद्धतिको लागि चाहिने सम्पूर्ण अङ्गको उच्चतम र उत्कृष्ट विकास यहाँ नै भएको थियो । यस स्थलमा करिब ४०० वर्षअघि हंस राजा नामका प्रतापी राजाले राज्य गरेका थिए । यिनी पश्चिम नेपालमा पर्ने सिंजाबाट आएका हुन् भन्ने किंवदन्ती छ । सिंजापति कल्याण कोषले सम्वत् २०४२ सालमा सिंजापति वंशावली प्रकाशन गरेपछि छिमेकी राज्य थिङ राजाकी छोरीसँग विवाह गरेर स्थानीय संस्कार, भाषा र संस्कृतिमा बसे । थकाली संस्कार पितृपूजक संस्कृति हो । त्यसैले थकालीहरूले संस्कार संस्कृतिका कार्य गर्दा शुभकामना वा आशीर्वाद दिनु पर्दा पितृहरूको नाम स्मरण गर्दछन् । खे हंस राजा मोम ङहीम रानी भनी कतिले पितृ स्मरण गर्ने गरिएको तथ्यलाई हेर्दा थकाली संस्कृतिमा हंस राजाको महत्त्वपूर्ण स्थान रहेको देखिन्छ । कति मान्छेले हंस राजालाई सुरूको पुर्खा हुन् र यिनैका सन्तान सम्पूर्ण थकाली हुन् पनि भन्दछन् । यस पक्षमा धेरै थकालीहरूको सहमति पनि देखिन्छ । नन्दबहादुर गौचन र माइकल भेण्डिङले कैलाश नामक अंग्रेजी पत्रिकामा ४ वटै ह्रवको अंग्रेजी रूपान्तर गरी प्रकाशन गर्दा शेरचनको ह्रवमा हंस राजालाई जोडिदिएका छन् । यिनलाई टुकुचेका राजा भनेका छन् । हंस राजाका ४ छोरी थिए । यी ४ छोरीहरू थाकवासी थाचन् ४ बाजेहरूले आफ्ना १/१ छोरासँग विवाह गरी दिए । त्यसबाट भएका सन्तान थकाली हुन् । हंस राजालाई शेरचनको ह्रवमा जोड्नु र थकाली हंस राजाको सन्तान भन्ने कुरा तथ्यसँग मेल खाँदैन । चारवटै ह्रवमा हंस राजाको वर्णन कतै पाइन्न तर गौचन र माइकल भेण्डिङ दुई जनाको कैलाशको प्रकाशनमा शेरचनको ह्रवमा हंस राजाको वर्णन गरिएको छ । उहाँहरूबाट विषयको रंग बदल्ने प्रयास भएको हो कि भन्ने तर्क छ (भट्टचन, २०४९ : ६८) ।

हंस राजा सिंजापतिबाट आएपछि ङिमा रानीसँग विवाह गरे भन्ने कुरा जोङकाइ (ठिनी) र चार चन जातिहरूले समर्थन गर्दछन् र यस कुराको प्रमाणित गर्दछन् । चार जात चनहरू खास गरेर पितृपूजक हुन् र यिनीहरूले पितृपूजा गर्दा सर्वप्रथम हंस राजा र ङिमा रानीलाई आदिपुरुष मानी सम्झन्छन् । उनको गौरव गाथा र यात्रा वर्णन गाउँछन् । यदि हंस राजा र ङिमा रानीको दाम्पत्य सम्बन्ध नभएका भए तिनीहरूले आदिपुर्खा हुन् भनी बीचमा नभएको सम्बन्ध जोड्नु पर्ने अवस्था नै किन पऱ्यो ? भन्ने प्रश्न उठ्न सक्तछ । यस सम्बन्धमा अनुसन्धान गर्दा ह्रवअनुसार, वर्तमान चार जाति चनहरूका थाक आउने पहिला

पुरुषमा सर्वप्रथम गौचनका पुर्खा अलानी ऐलेराम, तुलाचनका पुर्खा च्योसम, भट्टचनका पुर्खा पाउकुती र शेरचनका पुर्खा ढाक्पाघलेचन भएको देखिन्छ । यिनीहरू दुई समूह भई आएका थिए । ती दुई दलमध्ये ढाक्पाघेलचन आउँदा जोङकाइ (ठिनी) मा थामेसँग पौ नामका राजा र पाउकुती आउँदा ग्यालोथोमे नामक राजा थिए भन्ने कुरा सम्बन्धित ह्रवमा पाइन्छ । हंस राजा भन्ने मानिस आएको ह्रवबाट नदेखिएको र ङिमा रानी भन्ने महिलाको नाम उल्लेख नभएको, साथै रानी र स्थानीय भनाइअनुसार यिनका बाबु सोम्पे नामक राजाको पनि उल्लेख भएको नदेखिएको, थाक आएका चार जात चनका आदिपुर्खामध्ये कुनै हंस राजा नाम भएको र वैवाहिक सम्बन्ध भएको आधार पाइएन । हुन सक्छ चार जात चनहरूका पुर्खा आएपछि यिनीहरू थाक खोप्चेनको नावरकोट, कोबाङ, ताङलुङ आदि ठाउँमा बसे । पछि यिनीहरूका पुस्तामा प्रभावशाली हंस राजा भन्ने व्यक्ति भएका होलान् र ङिमा रानी भन्ने महिलासँग वैवाहिक सम्बन्ध भयो होला भन्ने कुरा चारजात चन र वर्तमान ठिनी निवासीहरूका कर्णपरम्परामा आधारित किंवदन्ती छ । चार जात चनका झाँक्रीद्वारा गरिने विभिन्न कार्यमा फलाक्ने हुनाले तर्कसम्मत मान्न सकिन्छ । जे होस्, माथि उल्लिखित हंस राजाको समयमा जोङकोइ (ठिनी) मा घेलथेकरचेन राजा थिए । यस समयमा यहाँ ङिमा रानी भन्ने महिला थिइन् । यिनी कसकी छोरी हुन् भन्ने कुरा अभिलेखमा उल्लेख छैन । यिनको विवाह कोसँग भयो, सो कुराको वर्णन पनि पाइँदैन । यो समयभन्दा धेरै अगाडि चार जात चनहरूका माथि उल्लिखित नाम भएका पुर्खा थाकमा आएकाले यस समयदेखि नै थाक खोप्चेनमा यिनीहरूको प्रभुत्व भएको थियो भन्न कदापि सकिन्न । थाक खोप्चेनका हंस राजा चार जात चनहरूका सन्तान हुन् कि भन्ने शङ्कासम्म गर्न पनि माथि उल्लिखित कुराहरूका आधारमा सम्भव छैन (क्षेत्री, २०४४ : २४४ - २४५) । टुकुचेको करिब दुई किलोमिटर उत्तर र चिमाङ (२,७४० मिटर) को पश्चिममा मानिसहरूले केही चट्टान देखाए जसलाई उनीहरू थाक सातसय र पाँचगाउँको सीमा मान्दथे । हिमाल पार गर्ने काली गण्डकी उपत्यका साधारणतया चार क्षेत्रमा विभाजित छ जसमा (१) थाक सातसय - घासादेखि टुकुचेसम्म, (२) पाँचगाउँ - चियाङदेखि जोमसोमसम्म, (३) बाह्रगाउँ - लुब्रादेखि गोलिङसम्म र (४) मुस्ताङ वा लो गोलिङदेखि उत्तर रहेका छन् । यहाँका सम्पूर्ण क्षेत्रमा तिब्बती मूलका बासिन्दा बस्दछन् । बढी हिन्दूकरण भएका थाक सातसयका थकालीहरू आफूलाई उच्चदर्जाको मान्दछन् । तल्लो भेकका थाक सातसय र पाँचगाउँ दुई क्षेत्र बीच बढी भाषागत र साँस्कृतिक समानता पाइन्छ । उनीहरू बौद्ध धर्म अधिको बलियो अवशेषको रूपमा रहेको पुरानो सामाजिक तहको प्रतिनिधित्व गर्दछन् । थकालीहरूको वंशावलीमा उनीहरूका पुर्खा हंस राजा सिन्जाबाट बसाइँ सरेर आई ठिनी (पाँचगाउँ) की राजकुमारी न्यीमा रानीसँग बिहे गरेकाले घम्पुक्युदेखि दक्षिणपट्टिको जमिन उनले दाइजोमा पाएको कुरा उल्लेख छ (गुरुङ, २००९ : १६५)।

पन्ध्रौं शताब्दीअगाडि थाक सातसय जुम्ला राज्यअन्तर्गत पर्दथ्यो भने पन्ध्रौं शताब्दीको आखिरी वि.सं. १५६८ देखि १५९३ भित्र पर्वतका राजा नागमल्लले पर्वत राज्य उत्तरतर्फ विस्तार गर्न र ठिनी व्यापार केन्द्र भएकोले कब्जामा पार्न जुम्लाका राजा मानशाहीसँग लामो समय लडाइँ गरी जुम्लालाई पराजित गरी कागवेनी, ठिनीक्षेत्र पर्वत राज्यमा गाभ्न सफल भएको पर्वत राज्यको ऐतिहासिक रूपरेखा (टेकबहादुर श्रेष्ठ) मा उल्लेख छ । यसरी पर्वत राज्यले कागबेनी, ठिनी, थाक सातसय सयौं वर्ष राज्य गरिरहेकै बेला वि.सं. १७६२ मा फेरि जुम्लाका राजा वीरभद्र शाही र पर्वतका राजा मलेबम मल्लले आ–आफ्नो राज्यको सीमा कायम गर्ने गरी कागबेनी, ठिनी क्षेत्र पर्वतमै पर्ने र कागबेनी उत्तरमा पर्ने मुक्तिनाथ र बाह्रगाउँ जुम्ला राज्यमा पर्ने गरी दुबै देशले सम्झौता गरेका थिए । वि.सं. १७७६ मा जुम्लाका राजा सुरथ शाहीले वि.सं. १७६२ को सम्झौताको उल्लङ्घन गरी पर्वत राज्यभित्र पर्ने कागबेनी कब्जा गरी किल्ला जमाएका थिए । ठिनीमाथि पटकपटक आक्रमण गर्न थाले । उक्त कुरा पर्वतका राजा मलेबमले थाहा पाएपछि जुम्लाका सुरथ शाहीसँग लडाइँ गर्न गोला बारूद, हात हतियार, ढाल, तरबार, छालाको तोपलगायत एक हजार सिपाही कागबेनीतर्फ पठाएका थिए । मुस्ताङी राजालाई जुम्ली सैनिकको पञ्जाबाट छुटाउन लद्दाखका जनरल ठुलठिम दोर्जेको सहयोगले र पर्वतका सैनिकहरू मिली जुम्लाका पाँचसय सिपाही एकै ठाउँमा मार्न सफल भएका थिए । पर्वत राज्यको जुम्लासँग यो दोस्रो पटकको लडाइँ थियो । दुबै लडाइँमा जुम्ला पराजित हुनुपरेको थियो । कागबेनी र ठिनी पर्वत राज्यमै कायम भएका थिए । जुम्लाका ललितजङ्ग सिंजापतिको वंशावली वि.सं. २०४२ अनुसार उनको पुर्खा जसु शाही वि.सं. १७२५ को हाराहारीमा देखा परेका छन् । जसु शाहीकी जेठी श्रीमतीबाट चार भाइ छोरा – जेठा यदु शाही, माइला भैरव शाही, साहिँला रण शाही र कान्छा हंसराज शाही चार भाइमध्ये कान्छा हंसराज सानै उमेरमा वि.सं. १७५०/६० को सेरोफेरोतिर मुक्तिनाथ आश्रममा धपाइएका थिए भनी वंशावलीमा उल्लेख गरिएको छ । थाक सातसय सोह्रौं शताब्दीभन्दा अगाडि पर्वत राज्यमा गाभिएको पर्वत राज्यको ऐतिहासिक रूपरेखामा उल्लेख छ । हंसराज थाक सातसयको राजा नभएको ठहर हुन आउँछ । थाक सातसयभित्र हंसराजले राज्य गरेको लेख, अभिलेख, ढुङ्गो लेख, ताम्रपत्र कुनै पनि विद्वान्ले अझैसम्म भेट्टाउन सकेका छैनन् । तेह्रौं शताब्दीका ठिनीका राजा ग्याल्डोङ पो चेनका छोरी ङिहमरानी थिइन् । सत्रौं शताब्दी आखिरी तिर मुक्तिनाथ आउने हंसराजसँग विवाह भयो भनी कसरी भन्न सकिन्छ ? इतिहास अनुसार पाँच सय वर्ष फरक परेको देखिन आएको हुँदा हंसराज राजा नभई काल्पनिक राजा मात्र हुन् (भट्टचन, २०७२ : ४६ – ४७) ।

## को हुन् थकाली ?

थाक खोलामा बसोबास गरेकै कारण थकाली हुन गएका थकालीहरू वास्तवमा को हुन् त ? जुम्लाबाट आएका ठकुरी राजाका छोरा हंसराज र जोङकाइ (ठिनी) का राजाकी छोरी ङिमा रानीसँग विवाह गरी जन्माइएका सन्तानहरू नै थकाली हुन् ? थाक खोला भेकका अन्य जातिहरू गुरुङ, मगर र तामाङहरूको अन्तर्जातिय वैवाहिक सम्बन्धबाट उत्पत्ति भएका वर्णशंकर हुन् ? गुरुङले आफूलाई तमु र थकालीले आफूलाई तम्हाङ भनेबाट दुबै तामाङसँग सम्बन्धित हुन् ? पहिला यायावर जीवन विताउने पुर्खाहरू चीन, वर्मा र भारतको सङ्गमस्थलबाट पश्चिमतर्फ बसाइँ सरेर तिब्बत हुँदै नेपालतर्फ लागेका किरातीहरूमध्ये एकका सन्तान हुन् ? हालसम्म अनुत्तरीत यी जिज्ञासाबारे विद्वान्हरूका तर्क प्रस्तुत गरिएका छन् :-

अहिलेसम्म भएका थकालीहरूको इतिहासको अध्ययन अनुसन्धानमा थकालीको पुर्खा को हुन् भन्ने सम्बन्धमा चार प्रकारका विवादहरू देखिन्छन् : (१) भोटे पुर्खाको प्राक्कल्पना (२) ठकुरी पुर्खाको प्राक्कल्पना (३) तामाङ पुर्खाको प्राक्कल्पना र (४) वर्णशङ्कर प्राक्कल्पना । धेरै जसो मानवशास्त्रीहरूले थकालीहरूको पुर्खा भोटबाट आएको धारणा व्यक्त गरेका छन् । उनीहरूले अगाडि सारेका प्रमाणहरू थकालीहरूको शारीरिक बनोट, भाषा र संस्कृतीकरण अथवा हिन्दूकरणको प्रयासहरूलाई आधार बनाएका छन् । अहिलेसम्म जैविकीय र प्रागैतिहासिक मानवशास्त्रीहरूले थकालीलगायत नेपालका कुनै पनि जाति जनजातिहरूका बारेमा अनुसन्धान गरेका छैनन् । यी विद्वान्हरूले तत्कालीन राजनीतिक आर्थिक पृष्ठभूमिलाई वास्ता नगरी थकालीहरूलाई सामाजिक स्थिति माथि उठाउन हिन्दू ठकुरीको प्रभाव व्यवस्थापनमा लागेको भन्ने आरोप र लाञ्छना लगाएर उनीहरूले हासिल गरेको आर्थिक समानतालाई रोक लगाउने बाहेक अरू कुनै नियत देखिँदैन । यसको प्रमाण सन् पचासको दशकमा जब मानवशास्त्रीहरूले थकालीहरूबारे अनुसन्धान गर्न चासो देखाए त्यस बखत थकाली सुब्बा हितमान शेरचन नेपालका राजपरिवार र राणाहरूपछि सबैभन्दा धनी व्यक्ति थिए । तर जति थकालीहरूका बारेमा लेखिँदै गयो उनीहरूको आर्थिक स्थिति अरूहरूको भन्दा तल पर्दै गयो । केही मानवशास्त्रीहरूले जुम्लाका राजाहरू पनि डोल्पा भेकका भोटे हुन सक्ने र पछि हिन्दू बनेका हुन सक्छन् भन्ने तर्क अघि सारेका छन् । यो कुरा प्रमाणित भएको खण्डमा थकालीहरूको शारीरिक बनोट र उनीहरूले दावी गर्दै आएको ठकुरी वंशका बीच मेल खानेछ । अन्यथा केही थकालीहरूले गर्दै आएको ठकुरी भएको दावी तत्कालीन हिन्दूकरण र संस्कृतिकरणको चरम अवस्थामा त्यसैतर्फ ढल्कने बाध्यताबाहेक अन्यथा केही देखिँदैन । थकालीहरूको पुर्खा तामाङहरू हुन् भन्ने अर्को प्राक्कल्पना अगाडि सारिएको छ । यसको प्रमाण थकालीहरूले आफूले तम्हाङ भन्ने र थकाली भाषा र तामाङ भाषा धेरै मिल्दोजुल्दो भएको बताइन्छ ।

डा. हर्क गुरुङ (२०४९)ले पनि गुरुङलाई तमु र थकालीलाई तम्हाङ भनेबाट दुबैको तामाङसँग सम्बन्ध भएको कुरा व्यक्त गर्नुभएको छ । नरसिंह भक्त तुलाचन (१९७६)ले थकालीहरू थाकखोला भेकका अन्य जनजातिहरू खास गरेर भोटे, मगर र तामाङहरूसँगको अन्तरजातीय वैवाहिक सम्बन्धबाट सिर्जना भएको वर्णशङ्कर भएको विचार व्यक्त गरेका छन् । डेनिस मानवशास्त्री माइकल भिण्डिङले थकालीका पुर्खाहरू चीन, बर्मा र भारतको सङ्गमस्थलबाट पश्चिमतर्फ बसाइँ सरेर तिब्बत हुँदै नेपालतर्फ लागेका किरातीहरूमध्येका एक हुन् भन्ने विचार अघि सारेका छन् । माथि उल्लेख गरिएजस्तै पुरातात्त्विक प्रमाणहरू सबै पत्ता लागिसकेपछि थकाली र मुस्ताङमा विगतमा बसोबास गरेका सबै जनजातिहरूको इतिहास अरू प्रष्ट हुनेछ । त्यसैले माथि उल्लिखित केही प्राक्कल्पनाहरू प्रामाणिक रूपमा गलत साबित हुन सक्नेछन् (भट्टचन, २०७० : १४४ - १४६) । उहिलेदेखि आपसमा कुरा गर्दा थकाली जातलाई तामाङ भन्ने चलन पनि बसेको हो । थकाली भाषाको हिसाबले भन्ने हो भने तामाङहरूभन्दा गुरुङ - कुरासँग मिल्छ । तर धेरै कारणहरूले गर्दा थकालीहरू धार्मिक, सामाजिक जात हुनाले थकाली शब्द नै ज्यादै चल्तीमा आइसकेको छ (विष्ट, २०७४ : ७५) । यिनीहरू तामाङ नै हुन् । यिनीहरूको भाषा छ जसलाई टिबेटोबर्मन परिवारको भाषा भनिन्छ । यिनीहरूले बोल्ने भाषा तामाङ र गुरुङसँग मिल्दोजुल्दो छ (पाण्डेय, २०६१ : ३९) । थकाली जीवनदर्शनमा कलम चलाउने नेपाली विद्वान् - ओमप्रसाद गौचन, डोरबहादुर विष्ट, मोहनबहादुर मल्ल, हर्क गुरुङ, प्रयागराज शर्मा, प्रेमकुमार खत्री, जनकलाल शर्मा, नरसिंहभक्त तुलाचन, रमेश ढुङ्गेल, कृष्णबहादुर भट्टचन र जगमान गुरुङहरूले पनि थकाली लोकजीवनको विवेचना गर्दा अनेकौं समरूपता र विशेषता उल्लेख गर्दै उनीहरूका बारेमा विभिन्न मत व्यक्त गरेको पाइन्छ । मल्ल र गौचनले मिश्रित जातिको रूपमा हंस राजा र ङिमा रानीको सन्तान भन्ने धारणा अघि सारेका छन् । तर थकालीको मूल ग्रन्थ ह्रवमा हंस राजाको सन्दर्भमा कहीं पनि उल्लेख नहुँदा हंस राजाको सन्तान भन्ने धारणा इतिहाससम्मत देखिन्न (प्रभात, २०७० : २) । थकालीहरूको परम्परागत स्योपन लव 'कुमार जात्रा' संस्कार सम्पन्न गर्दा ५ वर्षदेखि १३ वर्षसम्मका किशोरहरूलाई शिरमा पगरी पहिराई ढाल, तरबार, धनुषवाण भिराई र घोडामा चढाई युद्धकलाको प्रशिक्षण दिने परम्परा रहेको छ । यस परम्परालाई हेर्दा राजपुतहरूको आनीबानी झल्किन्छ तर अर्कोतर्फ थकाली जातिको अमूल्यनिधि "ह्रव" वंशगाथा हंस राजाबारे मौन रहनु, थकालीहरू पितृपूजक, झाँक्री मतालम्बी हुनु, शारीरिक बनोट किरातीहरूसँग ठ्याम्म मेल खानु, थकाली भाषालाई भाषाविद्हरूले भोट - बर्मेली भाषा समूहमा राख्नु, थकाली भाषा तामाङ, गुरुङ, छन्त्याल आदिको भाषासँग ज्यादै मिल्नुबाट थकाली जातिमा विभिन्न जातिको सम्मिश्रण भएको छ भन्ने निर्क्यौल निकाल्न सकिन्छ (भट्टचन - खुनारा, २०७० : ३५) ।

थकालीहरू हंस राजाका सन्तान हुन् अथवा अरू कुनै सम्बन्ध छ कि छैन भन्ने सवालको अनुसन्धान गरी थकाली समाजमा यत्रो विवाद त्याएको यो सवालको सही जवाफ पाउने भरमग्दुर प्रयास निष्पक्ष एवं पूर्वाग्रहरहित तवरले हुनुपर्छ । यसको उद्देश्य यो विश्वासलाई गलत नै प्रमाणित गर्नुपर्छ भन्ने पनि हुनु हुँदैन । यसको उद्देश्य वास्तविक तथ्य पत्ता लगाउने हुनुपर्छ । यस्तो अनुसन्धानको परिणामले थकाली समाजलाई कस्तो असर पार्ला ? यो प्रतिवेदनले जुम्लाको सिंजाबाट आएका शतप्रतिशत आर्यमूलका झर्रा ठकुरीका सन्तान थकालीहरू रहेछन् भनेर प्रमाणित गरे पनि शुद्ध ठकुरी भएको प्रमाण पुग्ने छैन र हंस राजासँग कुनै सम्बन्ध नदेखिए पनि शतप्रतिशत मंगोलमूलका प्रमाणित हुने छैनन् । वास्तविक मूल के रहेछ भन्ने कुरा पत्ता लाग्नेछ तर हामी थकाली थियौं, थकाली छौं र थकाली नै रहने छौं । यसै तथ्यमा गर्व गर्न हामीले सिक्नु परेको छ । हंस राजा हाम्रा पूर्वज भन्ने प्रमाणित भएछ भने हामी उनका सन्तान रहेछौं भन्न मिल्छ तर ठकुरी भन्न मिल्दैन किनभने ठकुरीहरू आर्यमूलका राजपूतहरू नै हुन् । नेपालमा ठकुरी वर्णशङ्कर छन् वा जनै नलगाउने छन् भने त्यो हाम्रो चासोको विषय होइन । थकालीहरूमा यति मंगोल रगत छ कि आर्य नश्लको भनेर दावी गर्नु अति हास्यास्पद हुन जान्छ । नेप्टे नाक र "स्टहल्मी" आँखा नभएको हुनाले मात्र आर्यमूलको भनेर भनाउन पाए हुन्थ्यो भन्ने केही थकालीहरू छन् । उनीहरूले के बुझ्नु पर्छ भने नाक र आँखाले मात्र आर्यमूल देखाउँदैन । अनुहारको आकारले नै मंगोल रूप देखाउँछ । हामी मंगोल समूहमा छौं भनेर हीनत्वबोध हुनु पर्ने कुनै कारण छैन । सन् १९५४ मा युनेस्कोले मान्छेको छालाको रंग र अनुहारको आकारको आधारमा संसारका मानव समूहलाई मुख्यतः तीन समूहमा विभाजित गरेको छ । कालो छाला, बाक्लो ओंठ, घुमरिएको केश हुनेहरू (सबै काला पर्दैनन्)लाई निग्रो, चिम्से आँखा, थोप्चे नाक हुनेहरू मंगोल र सामान्यतया गोरो छाला (आर्य मूलमा भारतीयहरू पनि यस समूहमा पर्छन, खैरा ककेशियन भनिन्छन् र हिटलरले आर्य शब्दलाई यूरोपमा बढी प्रचारमा ल्याएका हुन्) लामो नाक र ठूला आँखा हुनेहरूलाई ककेशियन समूह । भगवान् मैले परिवर्तन गर्न सक्ने चिजलाई परिवर्तन गर्न सक्दछु, गर्न नसक्ने भए त्यसलाई स्वीकार गर्ने शक्ति र यी दुई बीचको अन्तर छुट्याउन सक्ने बुद्धि देऊ । यो मन्त्रलाई थकालीहरूले मनन गर्नुपर्ने आवयकता छ किनभने हामी मंगोल समूहका हौं भन्ने कुरा परिवर्तन गर्न नसक्ने तथ्य स्वीकार गर्ने शक्ति हामीहरूले विकास गर्नुपरेको छ (गौचन, २०४९ : १७ - १८) ।

थकाली को हुन् त ? भन्ने बारे जुन चासोको विषय छ, थकाली जातिको पौराणिक 'ह्रव' वंशगाथामा पनि चारै चनको पुर्खाहरूको नाम स्पष्ट उल्लेख गरिएको छ । परापूर्वकालदेखि नै जो थकाली समुदायले हरेक १२-१२ वर्षमा श्रद्धापूर्वक ल्ह फेव पर्व मान्दै आइरहेका छन् । थकाली जातिको 'ह्रव' पौराणिक

धार्मिक वंशगाथा भएका कारणले मान्न कर लाग्छ । यी सबै आधारमा थकालीको मूलवंश मंगोलभित्रको एक हाँगा हो भन्ने कुरा प्रमाणित हुन आउँछ । एउटा वास्तविक कुरा थकाली समुदायमा (आर्यन) हंस राजाका छोरी मात्र थिए, निःसन्तान थिए भन्ने कुरा दस्तावेजहरूका आधारमा हंस राजाको सन्तान थकाली हुन् भन्ने कुरा कतै जोड्न खोजिएको छ । त्यो निराधार र हास्यास्पद सिवाय केही हुँदैन । अर्को कुरा हंस राजाको थाक आगमन १५-१६ औं शताब्दी देखिन्छ भने थकाली पुर्खाहरूको आगमन ५-६ औं शताब्दीको हाराहारीमा आगमन भएको समुदायको ऐतिहासिक सम्पदाले बताउँछ (तुलाचन, २०७३ : ७)।८

पंक्तिकारको विचारमा पनि नेपालका आदिवासी जनजातिहरूमध्ये मगर, थारू, तामाङ, नेवार, किरात, गुरुङ, थकाली जातिका पूर्वजहरू सबै मंगोल जातिका हुन् । यायावर जीवन बिताउने तिनीहरू सुव्यवस्थित स्थानको खोजीमा नेपालको उत्तरी बाटो भई नेपाल प्रवेश गर्दा कालीगण्डकीको किनारै किनार मुस्ताङ भएर आउनेहरूको डफ्फाहरू मध्येबाट सानासाना समूह मुस्ताङ क्षेत्रमै बसे र जातीय समूह बनाई बसेका तिनै स्थानीय मगर, तामाङ र गुरुङहरूकै सम्मिश्रण थकाली हुन् ।

माथि उद्धृत गरिएका विभिन्न विद्वान्हरूका विचारहरू मनन गरिसकेपछि पंक्तिकारका धारणाहरू पनि यहाँ प्रस्तुत छन् -

(१) जुम्लाको इतिहास पल्टाउँदा हंस राजा जुम्लाका कुन राजाका सन्तान हुन् र उनी कहिले जुम्लाबाट कुन उद्देयले थाक खोप्चेन आए ? कहीं कतै उल्लेख भएको भेटिंदैन । त्यसैले ऐतिहासिक आधारविना थकालीहरू हंस राजाका सन्तान हुन् भनी विश्वास गर्ने आधार छैन ।

(२) हंस राजा जुम्लाबाट आएर ङिमा रानीसँग विवाह गरे भनी लेख्ने विद्वान्हरूबाट पनि हंस राजा जुम्लाका फलाना राजाका सन्तान थिए । उनी फलाना समयमा थाक खोप्चेन आएर थाक खोप्चेनका तत्कालीन भुरे राजा फलानालाई हराई थाक खोप्चेनका राजा भएका थिए भनी किटानी घटना विवरण दिइएको छैन । ङिमा रानीसँग फलाना समयमा वैवाहिक सम्बन्ध कायम गरे भन्ने ऐतिहासिक प्रमाण पनि उल्लेख गरिएको छैन । ऐतिहासिक प्रमाणविना किंवदन्तीहरूलाई आधार मानेर थकालीहरू हंस राजाका सन्तान हुन् भनी स्वीकार गर्न मिल्ने अवस्था छैन ।

(३) तर हंस राजा नाम भएका ठकुरी कुनै समयमा थाक खोप्चेनमा आएकै हैनन् र उनले ङिमा रानी नाम भएकी कुनै युवतीसँग वैवाहिक सम्बन्ध कायम गरेकै छैनन् भनी ठोकुवा गर्ने ठाउँ पनि छैन । किनभने योगेन्द्रमान

भट्टचनअनुसार - "जुम्ला ललितजंग सिंजापतिको वंशावली (२०४२) अनुसार उहाँका पुर्खा जसु शाही समकालीन वि.सं. १७२५ को हाराहारीमा देखाइएको छ । जसमा जसु शाहीकी जेठी श्रीमतीबाट चारभाइ छोरा - जेठा यदु शाही, माइलो भैरव शाही, साँहिलो रण शाही र कान्छा हंसराज शाही चार भाइमध्ये कान्छा हंसराज सानै उमेरमा १७५०/६० को सेरोफेरोतिर मुक्तिनाथ आश्रममा धपाइएका थिए भनी वंशावलीमा उल्लेख गरिएको छ (भट्टचन, २०७२ : ४७) । यिनै हंसराजले थकाली संस्कार संस्कृतिमा रही ङिमा रानी नाम गरेकी कुनै थकाली युवतीसँग विवाह गरी सन्तान उत्पत्ति गरे होलान् । तर ती सन्तानहरू थाक सातसयका सम्पूर्ण थकालीहरू हुन् भनी विश्वास गर्ने आधार छैन ।

(४) थकालीहरू पितृपूजक भएका र पश्चिम सिंजाबाट थाक आएका आदिपुरुष हंस राजा र ठिनीकी राजकुमारी ङिमा रानीका सन्तान भएका हुनाले चार चन थकालीहरू आदि पुरुष हंस राजाको सम्भना र सम्मानमा हरेक शुभकार्यहरू पश्चिम फर्केर गरिने चलन चलेको हो भनी केही विद्वान् थकालीहरूका विचार छन् । यस सम्बन्धमा -

थकाली जातिको सबैभन्दा बलियो आधार "ह्रव" (पौराणिक वंशगाथा) हो । "ह्रव" मा हंस राजाको नाम कहीं कतै उल्लेख छैन तर "ह्रव" अनुसार थकाली जातिका श्रद्धेय पुर्खाहरू - (१) च्योकी (गौचन) का पुर्खा अनि ऐरम, (२) साल्की (तुलाचन) का पुर्खा सम्लिढेन सम्लिच्याङ (३) ट्हिम्चन (शेरचन) का पुर्खा ढाक्पा क्हेल्चनले र (४) प्युर्की (भट्टचन)का पुर्खा पाउकुतीहरू पश्चिमबाट पूर्वतिर आउने क्रममा जुम्लाको सिंजा भन्ने ठाउँमा बसेका र त्यहाँबाट कालो चरा उडेको उत्तरतर्फ पाउकुती र रातो, हरियो र सेतो चरा उडेको पूर्वतर्फ अन्य तीन पुर्खाहरू लागे । केही समय पश्चात् चारै पुर्खा म्हरस्याङक्हयू (चोखोपानी) मा भेट भए । केही समय त्यस ठाउँमा पाउकुती सिकार खेल्न जंगल पसे । धेरै समय कुर्दा पनि पाउकुती नफर्केपछि तीन पुर्खा पाउकुतीको खोजीमा दक्षिणतर्फ लागे । यसरी धेरै हण्डर पाएपछि तीन पुर्खा र पाउकुतीको भेट रूप्से छहरामा भयो । यसै सन्दर्भमा इन्द्रबहादुर तुलाचनका अनुसार - आदिमकालमा भट्टचन थरका देवता ह्यावा हृङ्ग्जूङ, तुलाचन थरका ल्ह छिरिङ्ग्यल्मो, गौचन थरका ल्ह लाङ्वा न्हूर्वू, शेरचन थरका ल्ह घाङला सिन्की कर्वो हुन् । दक्षिणतिर ल्ह छिरिङ्ग्यल्मो, ल्ह लाङ्वा न्हूर्वू, घाङला सिन्की कर्वो बसोबासको ठाउँ हेर्न गए । भट्टचन थरका ल्ह ह्यावा हृङ्ग्ज्यूङ तिब्बत गए । दक्षिणतिर गएका देवताहरूले सिखको फलाँटे फाँटमा पुगेपछि ए दाज्यू ! नेपाल जाने बाटो कता हो भनी सोद्धा बाटैबाटो जाऊ भने छन् । यसरी देवताहरू सिस्नु घारीमा परी पोलिएछन् । देवताहरूले त्यस भेगका व्यक्तिहरूलाई

> सिस्नुकै खाना, सिस्नुकै वस्तु लगाउनु परोस भनी श्राप दिएछन् । ४८ (वि.सं. २००१) वर्ष अगाडिसम्म १२ वर्षे मेलामा त्यस भेगका नरनारीहरू १२ वर्षे देउता निकाल्दा धूपबत्ती अक्षताले पूजा गरी हे भगवान् ! श्राप फुक्का गरिद्यौ भन्न आउँथे । भट्टचन थरका देवता हृयावाऱ्हाङज्जुङ र तीन देवताको भेट रूप्से छहरामा भयो । अब तल जानु ठीक छैन माथि फर्कौं भनी फर्केर गौचनहरू नाउरीकोटमा, तुलाचनहरू नरसाङमा, शेरचनहरू कोबाङमा र भट्टचनहरू सन्तीमा बसोबास गरेछन् (तुलाचन,२०४२ : ३) ।

यसरी चार चन थकालीका पुर्खाहरू पश्चिमबाट जुम्ला सिंजापति हुँदै थासाङ आइपुगेर थासाङका विभिन्न क्षेत्रमा बसोबास गरेका हुनाले उनीहरू पछिका पुस्ताहरूले यिनै पुस्ताहरूलाई देवताका रूपमा स्वीकार गरी सम्झना तथा सम्मानस्वरूप पश्चिम फर्की सबै प्रकारका पूजाआजा गर्ने परम्परा रहिआएकोमा पछि हंस राजाको नाम जोडिन आई पुगेको अनुमान सजिलै लगाउन सकिन्छ ।

यसरी विभिन्न विद्वान्हरूसमेतका विचारहरूलाई मनन गर्ने हो भने चार जना थकालीका महान् पुर्खाहरू पश्चिमबाटै आएका हुन् भन्नेमा कुनै विमति हुन सक्दैन । तर चार चन थकालीहरू हंस राजा र ङिमा रानीका सन्तान हुन भन्ने तर्कलाई एकछिन स्वीकार गर्ने हो भने पनि एउटा अनुत्तरित विकराल प्रश्न खडा हुन्छ - यदि हंस राजा र ङिमा रानीका सन्तान यी चार चन थकालीहरू हुन् भने सुरूदेखि यिनीहरूका आपसमा बिहाबारी नचल्नु पर्ने हो । कसरी चलिरहेछ ?

माथि थकाली को हुन् त ? भन्ने सम्बन्धमा विभिन्न विचारहरू, मन्थनहरू पढ्यौं, मनन गऱ्यौं । अब अझ गहिरिएर थकालीहरू को हुन् ? भन्ने विषयमा अनुसन्धान हुनुपर्ने आवश्यकता टड्कारो रूपमा देखा परेको छ ।

## थर-गोत्र

हरेक जात जातिका आ-आफ्ना थर गोत्रहरू हुन्छन् । थासाङ थाक सातसयका थकाली जाति चार चनभित्र पनि आ-आफ्ना थर गोत्रहरू छन् ।

थकाली जाति नेपाल सरकारले सूचीकृत गरेका ५९ आदिवासी जनजातिमध्ये एक हो । थकाली सेवा समिति नेपालको विधान २०४९ (प्रथम संशोधन, २०६३) तथा सामाजिक नियमावली (मूल वन्देज २०६३) अनुसार थकाली भन्नाले थकालीहरूको संस्कृति, संस्कार र जीवनपद्धति बमोजिम क्यहूले स्वीकार गरेका च्योकी (गौचन), साल्की (तुलाचन), टि्हम्चन (शेरचन) र फ्हुर्की (भट्टचन) चार प्ह्याहरू (थर) लाई जनाउँछ र यी चार प्ह्याभित्र जम्मा ३८ क्ह्यूहरू (गोत्र) छन् । मुस्ताङ जिल्लाको दक्षिणी भूभाग थासाङ (थाक सातसय वा थाक खोला) थकाली आदिवासी जनजातिको मुख्य थात थलो अथवा परम्परागत भौगोलिक

क्षेत्र हो । थकाली जातिले आफूलाई चार बाजेका सन्तानको रूपमा मान्दै आएका छन् (शेरचन, २०७० :६३) ।

## वर्तमान चार चनको प्ह्या यस प्रकार छ -

१. गौचनको प्ह्या (गोत्र) निम्न प्रकारले विभाजन गरिएको छ–

(क) तनाङ फोपे, (ख) घोचेतन, (ग) भलयतन, (घ) लम फोपे (लामा खलक), (ङ) दोम फोपे (झाँक्री खलक) ।

२. शेरचनको प्ह्या (गोत्र) निम्न प्रकारमा विभाजित गरिएको छ–

(क) ल्हवाङ घुम्मी, (ख) भरधुगी, (ग) यम्वरधुपा, (घ) नीर्जे फोपे, (ङ) नर्जे फोपे, (च) ढोम फोपे (झाँक्री खलक) ।

३. तुलाचनको प्ह्या (गोत्र) निम्न प्रकार विभाजन छ–

(क) लामा फोपे, (ख) शाल्की फोपे, (ग) ढेम फोपे (झाँक्री खलक) हो, यसका सन्तान छैनन् ।

४. भट्टचनको प्ह्या (गोत्र) निम्न रूपले विभाजित गरिएको पाइएको छ–

एक भाइका सन्तान -

(क) ङाहच्याङमिर्धि, (ख) छामिर्धि, (ग) टेफ पलसाङ मिर्धि

अर्को भाइका सन्तानको -

(क) भराधोर्छे, (ख) म्हिचेन भ्युपा, (ग) खुनरा, (घ) पोड, (ङ) लमफोपे (लामा खलक), (च) ध्याम्तेन, (छ) ढोम फोपे (झाँक्री खलक) हो, अपुताली पऱ्यो ।

माथि उल्लिखित प्ह्या (गोत्र) बाट पुनः ध्यू (गोत्र) उपगोत्रमा विभाजित छ । यो "ध्यू" (गोत्र वा वर्ग) मा रूखका हाँगा, फलफूल आदिको नामद्वारा पनि गोत्रीकरण गरेको पाइन्छ (क्षेत्री, २०४४ : ३२७) ।

वि.सं. १९०३ मा कोतपर्व जस्तो भीषण हत्याकाण्डमा राणाशासनको सुरूवात नेपालमा भयो । भण्डारखाल पर्व, अलौपर्व जस्ता पर्वहरूद्वारा जंगबहादुर ज्यादै शक्तिशाली बने । वैदेशिक रूपमा पनि शक्तिशाली बन्न उनले वि.सं. १९१२ - १३ मा तिब्बतमा आक्रमण गरी त्यहाँ नेपालको वर्चश्व कायम गरे । यसै युद्धमा मुस्ताङतर्फको मोर्चामा कालु थकालीले धेरै योग्यता देखाएकाले जंगबहादुरले उनलाई सुब्बा पदवी दिनुका साथै उनको वीरताको प्रशंसामा उनको नाम नै बलवीर थकाली राखे । यहींबाट राणा दरबारसँग उनी र उनका वंशजको, केही अन्य थकालीको हिमचिम बढ्यो । शक्तिकेन्द्रको कृपाबाट थकालीहरूले भन्सारको

ठेक्का, तामा खानीको ठेक्का प्राप्त गरी सम्पन्नशाली बन्ने अवसर पाए भने हिमालपारिको व्यापारमा थकालीको प्रतिद्वन्द्वी कोही पनि रहेनन् । भन्सार असुली नून र अन्न सटहीको केन्द्र टुक्चे सानोसानो सहरकै रूपमा विकसित हुन पुग्यो साथै थकाली जातिको सभ्यताको केन्द्र, नवजागृतिको केन्द्र बन्यो । राणा दरबारसँग सम्पर्कको कारण हिन्दू धर्म, संस्कृति, अतिपश्चिमा शिक्षा र सभ्यतासँग थकालीले परिचित हुने मौका पाए । परिणामस्वरूप, थकालीबाट सन्तुष्ट नभई आफ्ना च्योकी, साल्की, टि्म्हचन, भुर्की थरहरूलाई वि.सं. १९६३ मा क्रमशः गौचन, तुलाचन, शेरचन र भट्टचनमा नेपालीमा रूपान्तरण गर्न पुगे । (लेखिका ज्योति भट्टचन वि.सं. २०५८ सालको स्होय स्होय उत्सवको बेला भट्टचन थरका ठूलो वसन्त भट्टचन छवाङ म्हीर्कीसँग खन्ती गाउँका मुखिया सोमत भट्टचनको घरमा रहेका सङ्कलित पुराना कागजपत्र केलाउन जाँदा वि.सं. १९६३ वैशाखसम्मको कागजमा थकाली मात्र लेखिएको भेटियो । मंसिरपछिको कागजमा भने गौचन, तुलाचन र भट्टचन थरहरू लेखेको पाइयो । त्यसैले वैशाखदेखि मंसिरकै अवधिमा कुनै समय थकाली भाषामा भएका थरहरूलाई नेपालीकरण गरियो होला भन्ने अनुमान हो) (भट्टचन खुनारा, २०७० : ५३ - ५४) ।

त्यस क्षेत्रमा पाइएका धेरै सरकारी रूक्का कागजातमध्ये संवत् १९३८/९/८/३ को श्री ३ को सवारी सम्बन्धमा लेखिएको कागजमा सुब्बा कविराज थकाली भनी सम्बोधन गरिएको र १९४३/१२/७/४ को रूक्कामा थाक दाना भन्सारका ठे. सु. रामप्रसाद थकाली, कविराम थकाली (थाक सातसय निवासी) आदि भनी लेखिएको छ) यस्तै १९६७/१/१९ को रूक्कामा सातसय थकाली वा धनीराम थकाली भनी लेखिएको पाइन्छ । संवत् १९९०/१/१८/१ को रूक्कामा कृष्णप्रसाद तुलाचन भन्ने नाम देखिएकोले संभवतः यही समयदेखि वा संवत् १९६७ सालको केही वर्षपछि मात्र माथि लेखिएको पछाडि चन जोडिएको थर प्रचलनमा आएको कुरा स्वतः सिद्ध हुन्छ (क्षेत्री, २०४४ : ३३०) ।

## धर्म

थकाली जातिको प्राचीन धर्म बोन धर्म नै हो । तर समय काल परिस्थिति अनुरूप बुद्ध धर्म र पछि हिन्दू धर्म पनि मान्न थाले । यसरी थकाली जातिभित्र बोन धर्म मान्ने, बुद्ध धर्म मान्ने र हिन्दू धर्म मान्ने गरी तीन प्रकारका धर्म मान्नेहरूको सङ्गम छ ।

धर्मको कुरा गर्दा बूढा पाकाका भनाइअनुसार वि.सं. २००७ सालसम्म नेपालमा "हिन्दू धर्म" भन्ने नामकरणभई आई सकेको थिएन । त्यस समय नेपालमा हिन्दू धर्मको ठाउँमा सनातन धर्म भन्ने प्रचलनमा थियो र आर्य समाजी भन्ने पनि थिए । त्यो बेला नेपालमा शैव धर्म, वैष्णव धर्म, शाक्त धर्म तथा बौद्ध धर्म अत्यधिक प्रचलित थिए । तर २००७ सालको क्रान्तिपछि नेपालमा "हिन्दू धर्म"

भन्ने नारा बाढीको रूपमा आयो र शैव, वैष्णव, शाक्त आदि धर्महरूलाई आफूमा आत्मसात गरेर "हिन्दू धर्म" भनी फैलियो ।

यद्यपि तत्कालीन नेपालको संविधान २०१९ मा नेपाललाई हिन्दू राष्ट्र उल्लेख गरिएको थिएन । पछि २०२३ सालको प्रथम संशोधनमा मात्र - 'नेपाल एउटा स्वतन्त्र, अविभाज्य र सार्वभौमसत्ता सम्पन्न राजतन्त्रात्मक हिन्दू अधिराज्य हो । ' भनी थप गरियो ।

नेपालका थकालीहरू बोन विश्वासमा आबद्ध छन् । बोनवाद बौद्ध विश्वासमा वाममार्ग मानिन्छ । यसको कारण के हो भने बोन्याहरू स्वयम्भू - चैत्य घुम्दा बाँयाबाट घुम्दछन् र माने घुमाउँदा पनि बाँयाबाटै घुमाउँदछन् । पहिरन पनि रातोमा नीलो मिसिएको हुन्छ । यसका विद्वान्हरूलाई खेन्यो भनिन्छ । बोन मतावलम्बीको मुख्य धार्मिक स्थल कागबेनी नजिक रहेको लुप्रा बोन्यो गुम्बा हो । बोनमतको प्रभाव डोल्पाका छार्का, बैजुबारा, रिग्या - पुग्या गाउँमा निकै प्रबल छ । बोन विश्वास प्रकृतिपूजक एवं जीववादमा अडेको मत पनि हो । थकाली जीवनदर्शनका आधारमा भन्दा देवता कुनै अलौकिक शक्तिसत्ता नभएर आफ्नै अग्रज पुर्खा अर्थात् पितृ हुन् (प्रभात, २०७० : ४) ।

थकाली जातिको परम्परागत धर्म प्रकृति पूजा, ट्होम (झाँक्री) वा बोन हो र बुद्ध धर्म पनि मान्दै आइरहेको देखिन्छ । थकाली जातिको ऐतिहासिक र विद्यमान संस्कारलाई केलाउने हो भने थकाली जातिले ट्होय वा बोन धर्ममा बढी आस्था राखेको पाइन्छ (शेरचन, २०७० : ६५) ।

## महागुरु नरिभ्क्योव

थकाली जातिका आराध्यदेव हुन् महागुरु नरिभ्क्योव । महागुरु नरिभ्क्योवको उत्पत्तिको सम्बन्धमा बडा रमाइला किंवदन्ती छन् -

(क) धुम्तीसको च्योकी दाजु भाइहरूले अनौठो सुनौलो मृग गुरुसाङमोको वरिपरि जङ्गलमा देखे र सबै थरका थकाली बन्धुहरूलाई बोलाई सिकार खेल्ने निधो गरे । सिकारी कुकुर लिएर ३ दिनसम्म सिकार खेल्दा पनि मृग हात पर्न सकेनन् । कहिले देखा पर्ने र कहिले अलप हुने सिकारी कुकुरले पनि पछ्याउन नसकेको देख्दा आपसी सल्लाहको निचोडमा अवश्य कुनै दैवी शक्ति हुनुपर्दछ भन्ने चेतना आयो । सिकारीहरूले धनुषवाण बिसाई राति सेतो ध्वजा छाडे । अछेता चढाए । धूपबत्ती बाली हात जोडी विनम्र प्रार्थना गरे - हामी अन्जान छौं, अज्ञानी छौं, हामीमाथि कृपा गरी, दया गरी क्षमा गर्नुहोस् भनी पुकारा गरेकाले मृग घोम्बउभित्र पस्यो । सिकारीहरू पनि मृगको रूप हेर्न खुशीले घोम्बउभित्र पसे । घोम्बउभित्र मृगरूप छोडी ज्योतिस्वरूप श्री महागुरु प्रकट भई दर्शन

दिनुभयो । मुखारविन्दबाट तिमीहरूले मलाई मृग ठानी तीन दिनसम्म लखेटे पनि आखिरमा तिमीहरूमा चेतना आई पुकार गरेको देख्दा ज्यादै प्रसन्न भएकोले वरदान माग भनी मर्जी भयो । थकालीहरू खुशीले गद्गद् हुँदै चरणमा शिर राखी, तीन पटक छ्याफुल्जी गरे । एकै स्वरले यो थाकतोङ्कामा सदाको लागि आसिन भएर हामी चार थर थकाली जाति र यो ठाउँको रक्षा गर्नुहोस् । हाम्रो जातले हजुरको युगौं युगसम्म अनवरत सेवा आदर गर्न पाऊँ भनी बिन्ती गरे । हो, म पनि यो चार थरको रक्षा गर्ने हेतुले पश्चिमबाट मृग रूप धारण गरी घुम्दै फिर्दै आउँदा धौलागिरिको हिउँले मेरो पाउ पनि खाइदियो । जे होस्, दुबैको इच्छा पुग्ने भयो तर मेरो इच्छा र वाचाहरू वाचा बन्धनमा बाँध्नुपर्‍यो । सबै थकाली जातिहरू समारोहमा भेला हुनको लागि गाउँ गाउँमा घोक फिराई घोम्बउमा अति खुशीले सामेल भए । पूजा - अर्चना गरी महागुरुको प्रत्यक्ष दर्शन गर्न पाउँदा अति भाग्यमानी सम्झी खुशीको सीमा नरहेकोले तीन पटक छ्याफुल्जी गरी हजुरको आदेश हाम्रो जातिले शिरोधार्य गर्छौं आदि वाचा कबोल गरे । लौ त वाचा कबोल राम्ररी सुन भनी श्रीमहागुरुबाट मर्जी भयो -

१. सबै बस्तीहरूभन्दा उच्च ठाउँ, समतल भूमि, पूर्वी मोहडा, बिहानको सुनौलो किरण घाम झुल्केको, वरिपरि हिमालले घेरिएको कालीगण्डकी अनवरतरूपमा बगिरहेको देख्ने ठाउँ र गाउँवस्तीहरू देखियोस् । अगल - बगलमा बस्ती घरहरू नहोस् । बरू धूपी सल्लाका वृक्षहरू मन्दिरको वरिपरि होऊन् र मन्दिरको प्राङ्गणमा फलफूलका बोटवृक्षहरू लटरम्म फलले ढाकिएको होस् ।

२. चार चनका छोराहरू ५ वर्ष नाघेको, १३ वर्ष ननाघेको छेवर गरिसकेको कुमारहरूले यही सालको तिथि मिति पारेर कुमारयात्रामा भाग लिनु पर्नेछ ।

३. बर्खी बारेको, विदुर, टुहुराटुहुरी ८४ दिन ननाघेको रजश्वला महिलाहरू र जुठो सुतकभित्रका व्यक्तिहरूले मन्दिरभित्र प्रवेश गर्न नियम पालना गर्नुपर्नेछ । आफ्नै चार चन जातिको ढुंङ्व पुजारीबाट पूजाआजा वंशानुगत पालना गर्नु पर्नेछ ।

वाचाबन्धनअनुसार घोम्बउबाट बाजागाजासहित थाकतोङकरमा प्रस्थान गर्ने क्रममा आले विधवाले नुहाई - धुवाई कपडा धोई राखेकोमा उक्त शोभायात्रामा भेना देखेकोले पक्कै पनि सिकारीले सिकार मृत मृग ल्याएको होला भनी हतारिँदै हेर्न पुगिछन् । महागुरुको नजर उक्त विधवामाथि पर्न जाँदा लौ वित्यास पारिहाल्यो भनी मुन्टो बङ्ग्याई थुक्क गर्दा महागुरुको

बोली बन्द भई शिलामा परिणत हुनुभयो । यो घटनाले गर्दा सबै जगत्लाई आकुल व्याकुल पारिदिएकोले उक्त घटनाको कारक विधवालाई धिक्कार दिएर आफूहरूले पनि वाचा - बन्धन उल्लंघन गरेकोले पछुताउ गरे । यत्तिकैमा आकाशवाणी भयो - मैले वाचा हार्नु हुँदैन, त्यसकारण मेरो वाक्य बन्द गर्छु, तर मेरो शक्ति यथावत् रहनेछ र यो थकतोङकर ८४ थकाली जातिको लागि रक्षा गरिनै रहनेछ । अरू वाचाहरू विधिवत् र मेरो पूजा आजा चोखो निष्ठाले गरेमा मनको इच्छा पुऱ्याइदिनेछु । आत्तिनु पर्दैन, शान्त भएर बस्नू भनेपछि फेरि खुशीयाली छायो र चार थर थकालीहरू तनमन दिएर भगवान्का वाचाहरू पूजा गर्ने तरखरमा लागे (शेरचन, २०६२ : ४९ - ५०) ।

(ख) थासाङको पवित्रस्थलको हराभरा जङ्गलमा अति आकर्षक, तेजश्वी, सुनौलो रंगको मृग चरिरहेको देखेपछि केही सिकारीहरूले आ-आफ्ना हतियार धनुषवाण लिएर मृगको नजिक पुग्ने समयमा मृग अलप हुने गर्दा सिकारीहरू दिग्दारीमा परे । साथै अनौठो महसुस गरे । दोस्रो दिन पनि मृग मार्न सफल नभएपछि तेस्रो दिन सबैको सल्लाहले मृगलाई घेरामा पारी मार्ने विचारले धेरै मानिसहरू सहभागी गराई मृगको पिछा गर्दै जाँदा मृग ठूलो ओडारभित्र परेको देखेपछि सबैको सल्लाहले ओडारलाई घेरा पार्दै, ओडारभित्र १/२ जना जाँदा मृग भएको ठाउँमा चमत्काररूपमा उज्यालो छरिएको देखेछन् । साथै अनौठो आवाज सुनेछन् । तब सबैजना आश्चर्यचकित परेछन् । यो मृग होइन साक्षात् देवीदेवता हुन सक्छन् भनेर क्षमा माग्दै हे भगवान् ! हजुर देवीदेवता को हुनुहुन्छ ? हामी अज्ञान मानिसहरूले ठूलो भूल र गल्ती गरेछौं भन्दै अनुनय विनय गर्दै हामी भगवान्को सेवा गर्न तयार छौं भन्ने अनुरोध गर्दा यस्तो आवाज आयो - "म मृगको रूप लिएर आएको मात्र हुँ । यस क्षेत्रका मानवहरू कस्ता कस्ता स्वभावका रहेछन् ! व्यवहार कस्ता रहेछन् भन्ने बुझ्नलाई मात्र यस ठाउँमा यस्तो रूप लिएर देखा परेको हुँ । महान् दैवी शक्तिले गर्दा मलाई कसैले मार्न सक्दैनौ । यहाँका मानिसको व्यवहार राम्रो नभए अन्तै ठाउँमा जान सक्छु । यदि यहाँ नै स्थापना गर्न चाहन्छौं भने पवित्र काली गण्डकी नदीको सुमधुर कलकलको ध्वनि आइरहन्छ । सुन्दर वातावरणसहित शुद्ध तथा स्वच्छ हावा बहिरहने उच्च ठाउँमा राखी सेवा र श्रद्धा गर्न सक्यौ भने यहाँको सम्पूर्ण मानवको उन्नति र प्रगतिको मनोकाँक्षा पूरा हुने वरदान पाउन सक्छौ" भन्ने दैवी सन्देश सुनेपछि जनसमूह अति हर्षित र उत्साहित हुँदै वाचाबन्धन पूरा गर्छौं भन्ने जवाफ दिए । वाचाबन्धनअनुरूप पवित्र क्षेत्रबाट महागुरुको जीवित सुनौलो मृगलाई हर्ष उल्लासमय वातावरणमा शोभा यात्रा गर्दै पवित्रस्थल था क्योङगरमर आउने क्रममा केका मान्छेहरू

हुन् भनी एक विधवा महिलाले हेर्ने क्रममा जीवित (महागुरु) मृगले देखेपछि थुक्क गरी थुक्ने समयमा शिर बाङ्गो भएकै समयमा जीवित मृगबाट पत्थरको मूर्तिमा परिणत भएको हो भन्ने भनाइ छ (तुलाचन, २०७३ : ५९ - ६१) ।

(ग) महालक्ष्मी देवी (नरीभ्योवा या भ्योवा-हाङज्युङ) : महालक्ष्मी देवीको उत्पत्ति सम्बन्धमा थकाली जातिअन्तर्गत शेरचन थरको वंशगाथा (ह्वव) मा निम्न कथा वर्णन गरिएको छ -

ह्ववमा थाकक्षेत्रलाई "था" भनिएको छ, थकाली जातिका ४ पुर्खालाई सामूहिक रूपमा सम्बोधन गर्दा "थालेन खे" भनिएको छ । थाचनका पुर्खाहरू प्रायः मृगका सिकार खेल्थे । एक दिन थालेन पुर्खाहरू सिकार खेल्न निस्कँदा सुन्दर सुनौला रंगको मृग चरिरहेको देखे । मृगको सुन्दरताबाट प्रभावित भई थालेनहरूले मृगलाई जिउँदै पक्रने निधो गरी धनुर्वाण प्रहार गर्दा मृग गायब भयो । अचुक निशाना चुकेको देखेर भूतप्रेतको खेल होला भनी थालेन पुर्खाहरू भोलिपल्ट म्हर्स्पाङ क्यू पुगे र त्यहाँको चोखो पानीले स्नान गरी हतियारलाई स्नान गराएर साङस्युटी - धूप बनाउने धूपी) को धूप ग्रहण गरी भूतप्रेतको दुष्प्रभाव हटाउने प्रयास गरे । त्यहाँबाट फर्केपछि थाचन पुर्खाहरूले सुनौलो मृग भुर्जुङकोटमा देखे । पिछा गर्दा मृग डिछस्पुतामा देखा पऱ्यो । पुनः त्यहाँबाट मृग गायब भयो । थाचनका पुर्खाहरूले जङ्गलमा घेराबन्दी गरी मृगको खोज गर्न थाले । मृग देखापरेपछि थाचनहरूले वाण प्रहार गर्दा लाग्न सकेन । अतः त्यही दिन मृग मार्ने भन्ने निश्चय थाचनहरूले गरे । मृगको पाइला पिछा गर्न थाले । मृग देखा परेपछि थाचनहरूले वाण प्रहार गर्दा लाग्न सकेन । मृग कता भाग्यो । पत्ता लाग्न सकेन । अतः उनीहरूले सोही दिन मृगलाई मार्ने भन्ने निश्चय गरी मृगको पाइलाको पिछा गरे । मृगको पाइला नदी किनारको जङ्गल हुँदै गुफामा प्रवेश गरेको पाए । फलतः थाचनहरूले मृगलाई उम्कन नदिने विचार गरी गुफाको प्रवेशद्वारमा केही मृग समात्ने तयारीका साथ बसे भने १, २ जना गुफाभित्र प्रवेश गरे । निष्पट अँध्यारो गुफा प्रकाशमय पाउँदा अचम्भित भएका थाचनहरूलाई देवीले साक्षात् दर्शन दिइन् । थाचनहरूले मृगरूपी देवीलाई चिन्न नसकी दुःख दिएकोमा तीन पटक भूइँमा ढोग दिई क्षमायाचना गर्न थाले । क्षमादानको निम्ति देवीले निम्न शर्तहरू थाचनहरू समक्ष राखिन् । (१) सूर्यको प्रथम किरण आउने काली गण्डकीको अविरल जल प्रवाहलाई सदा देख्ने उत्तरपट्टिको ठाउँमा देवीलाई बस्ने स्थान दिनु पर्ने । (२) यस घटनाको स्मृतिमा हरेक वर्ष १३ कुमार केटाहरूले देवीको स्तुतिगान गर्नु पर्ने । (३) देवीको गन्तव्य पथमा विधवा, विदुर, टुहुरा, टुहुरीले हेर्न नपाउने । देवीका यी शर्तहरू पालन गर्न

थाचनहरू प्रतिबद्ध भए र भाद्र महिनाको द्वादशीमा देवीको पदयात्रा गुफाबाट हालको मन्दिर भएको स्थानमा सुरू गरियो । बीच बाटोमा एउटी विधवाले हेरेको हुनाले देवीले "थुक्क ! हेर्दिन" भनी मुन्टो फर्काई मूर्तिमा परिणत भइन् । सो मूर्तिलाई नै खन्तीमाथि (नरस्पांङको) मन्दिरमा प्रतिस्थापना गरिएको हो भन्ने कथा छ (भट्टचन, २०४९ : ३४) ।

माथि उद्धरण गरिएका तीन कथाहरूमध्ये दुई कथामा मृग देवता हुन् र उनलाई महागुरु नरीभ्र्योव भनिन्छ भन्ने बुझिन्छ । तर अन्तिम कथामा मृगदेवी हुन् र उनलाई महालक्ष्मीदेवी नरीभ्र्योवा या भ्र्योवा-हाङज्युङ भनिन्छ भनी बुझिन्छ । एकै प्रकृतिका संयोगबाट उत्पत्ति शक्ति देव हुन वा देवी ? चार चन थकाली समाजले नक्यौंल गर्नुपर्ने हो । मूर्ति हेर्दा स्पष्ट देखिने तर स्योपेन लव (कुमार जात्रा) को समयमा पूजाआजा गर्दा झपक्क गरगहना लगाई देवी जस्तै सिंगारिने प्रचलन कहिलेदेखि कसरी भयो ? थकाली अनुसन्धान छेउको यथार्थ निक्यौंल आउनु अनिवार्य छ । अन्यथा हिन्दू धर्म स्वीकार गरेका थकालीहरूले आफूहरू हिन्दू धर्मावलम्बी ठकुरी हंस राजाका सन्तान हौं भनी भनी रहेकै अवस्थामा धेरै भन्दा धेरै थकालीहरूले अत्यन्त आस्था र विश्वास साथ महागुरु नरीभ्र्योव भनी स्वीकार गरिरहेको विश्वास विपरीत महागुरु नरिझोव (देव) लाई महालक्ष्मी नरीभ्र्योवा या भ्र्योवा - हाङज्युङ (देवी) भनी पूजाआजा गरिनु पनि हिन्दू धर्म स्वीकार गर्ने थकालीहरूको नयाँ परम्पराको थालनी हो कि भनी सोझो प्रश्न खडा हुनु स्वाभाविकै देखिन्छ । यसर्थ थकाली समाजलाई यसरी विवाद र अन्यौलको भूमरीमा राख्ने कार्य थकाली अनुसन्धान केन्द्रले गर्नु हुँदैन । यथार्थताको प्रकाश पार्नै पर्छ ।

## चार चन थकाली र चार ईष्ट देवीदेवता

चार चन थकालीका आ-आफ्नै ईष्ट देवीदेवता छन् । थर अनुसार चार ईष्ट देवी-देवताका पवित्र नाम यस प्रकार छन् -

**गौचन थरका ईष्ट देवता - ल्ह् लाङ्वा न्हुर्वु**
**तुलाचन थरका ईष्ट देवी - ल्ह् छिरिन ग्यल्मो**
**शेरचन थरका ईष्ट देवता - ल्ह् क्याङ्ला सिंकिकर्पो**
**भट्टचन थरका ईष्ट देवता - ल्ह् हयावा - हाङ्ज्युङ**

थाक सातसयमा यी प्रत्येक पवित्र ईष्ट देवी देवताका छुट्टाछुट्टै सुन्दर मन्दिरहरू छन् । मन्दिरमा पुजारीको रूपमा पाँडेहरू हुन्छन् । पाँडेहरूले मन्दिरमा प्रत्येक दिन पूजाआजा गर्छन् तर पवित्र ईष्ट देवी देवताका मूर्तिहरू बाकसभित्र राखिएका हुन्छन् । बाकसबाहिर नै पूजाआजा गरिन्छ । बाह्र वर्षको एक पटक मात्र ईष्ट देवी देवताका मूर्तिहरू बाकसबाट निकालेर पूजा गरिन्छ । यस बाह्र

वर्षे पर्वलाई "ल्ह फेव" भनिन्छ । यो बाह्र वर्षे मेला तिब्बती पात्रोअनुसार प्रल्हो (बाँदर वर्ग) मा सम्पन्न गरिन्छ ।

यस सन्दर्भमा पूर्णप्रसाद तुलाचनअनुसार - "हाम्रा पौराणिक, ऐतिहासिक ग्रन्थ (ह्रव), जिज्यूहरूको भनाइ, किंवदन्ती तथा प्रत्यक्ष अध्ययनको आधारमा तयार पारिएको वर्णन -

| सि. नं. | थर | प्यहा | पुर्खाको नाम | देवदेवीको नाम | देव लिङ्ग | देव स्वरूप | देव अस्त्र | देव रङ्ग | देव शक्ति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | गौचन | च्यौकी | अनि ऐरम् | लाङ्वा न्हुर्पु | पुरुष | हात्ती | पताङ् | रातो | तप (अग्नी) |
| २ | तुलाचन | साल्की | सम्लि ट्हेन सम्लिच्याङ | छ्युरिन ग्यल्मो | स्त्री | जल गोही | नम्प्यातरी | हरियो | ज्ल (पानी) |
| १ | शेरचन | ट्हिप्चन | ट्हाक्पा क्हेल्चन | क्याङ्ला सिंकी कर्पो | पुरुष | सेतो हिउँ सिंह | (फोही) थावा | सेतो | ह्रावा (वायु) |
| १ | भट्टचन | फुर्की | पाउकुती | हयावा-हाङ्ज्युङ | पुरुष | याक साँढे | मिङ्दो | कालो | धर्ती (माटो) |

*(तुलाचन, २०७३ : ५ - ६) ।*

तुलाचनजीले माथि उल्लिखित ईष्ट देवीदेवताका शक्तिसम्बन्धी विवरण निम्न बमोजिम उल्लेख गरेका छन् -

## लाङ्वा न्हुर्पु (गौचन थरका ईष्ट देवता) -

पुण्यभूमि धवलागिरि हिमशिखरपार गरी आएको देवरूपी रातो चराले जगत् र सम्पूर्ण प्राणीको हितको लागि ताप (अग्नि) र प्रकाशको शक्ति लिएर (ल्होकर च्युङी) अदृष्य शक्ति हात्ती जनावरको रूप लिएर लाङ्वा न्हुर्पु देवता सृष्टि भएका हुन् । यी देवतालाई पुज्न सके सबैको हित र कल्याण हुन्छ ।

## छिरिन ग्यल्मो (तुलाचन थरका ईष्ट देवी) -

जलको शक्ति लिनलाई नम्दुल सङुल त्रिशक्ति नेत्रको अदृष्य शक्ति लिएर जलको रानी ल्ह् छ्युरिन ग्यल्मोको उत्पत्ति भएको हो । यी देवीलाई श्रद्धा राख्न सके सम्पूर्ण जीव प्राणी र जगत्‌को कल्याण हुन्छ ।

## क्हाङला सिंकीकर्पो (शेरचन थरका ईष्ट देवता) -

कैलाश हिमशिखरबाट उडेर आएको सेतो चरा शुद्ध वायु मण्डलबाट प्राणी र जगत्‌लाई आवश्यक पर्ने हावा (वायु) तथा हिमाल पहाडको शक्ति लिएर

(टसीटाक्य) अन्तरनिहित ल्ह् क्हाङ्ला सिंकी कर्पो देवको रूपमा उदय हुन्छ । यी देवको सेवा गर्न सके सम्पूर्ण वायुमण्डल तथा प्राणीको रक्षा हुन्छ ।

## हयावा - हाङजुङ (भट्टचन थरका ईष्ट देवता) -

चौंरी साँढेको नामबाट यस देवताको नाम ल्ह् हयावा - हाङजुङ रहन गएको हो । हयावा - हाङजुङ देवताको निधारको बीचमा तेस्रो नेत्रको भित्री भागमा बहुमूल्य मणि, दाहिनी शंख जडित भएको हुनाले यी देवता सर्व शक्तिमान हुन गएका हुन् भनिन्छ । हयावा - हाङ्जुङ देवतालाई पूज्न सके सम्पूर्ण प्राणी र जगत्को हित र कल्याण हुन्छ भन्ने पौराणिक ह्रवमा उल्लेख भएको पाउँछौं । (तुलाचन, २०७३ : १७ - १८) ।

कर्मशास्त्रको विधिशास्त्र मानिने 'साङ्ग्रोसी ह्रब' नेपाली लिपिमा लेखिएको थकाली भाषाको ग्रन्थ हो । त्यस ग्रन्थमा चार चनका देवताको चित्र लेखिएको देखिन्छ । वि.सं. १९०४ मा मनराज बैदारद्वारा नाकुमकोटमा लेखिएको उक्त ग्रन्थका आधारमा नै थकालीहरूमा मूर्तिपूजाको चलन सुरू भयो । यही समयपछि च्योकी, ट्हिमचन, साल्की र भ्हुर्कीलाई गौचन, शेरचन, तुलाचन र भट्टचन भन्न थालियो । यद्यपि थकाली भन्ने चिनारी भने जङ्गबहादुर राणाको पालामा भएको बताइन्छ (प्रंभात, २०७४ :७) ।

## धार्मिक पर्वहरू

थाक खोला निवासी आदिवासी जनजाति थकालीहरूमा धार्मिक पर्व मनाउने छुट्टै परम्परा छन् । धार्मिक पर्वहरूमध्ये ल्ह फेव (बाह्र वर्षे मेला), तोरन्ल (फागु पूर्णिमा), सोपेन लव (कुमार जात्रा) तथा स्होय् स्होय् पर्वहरू अत्यन्त उत्साह र उमङ्गका साथ मनाइन्छन् ।

## ल्ह फेव

यसलाई बाह्र वर्षे मेला पनि भनिन्छ । तिब्बतीयन ज्योतिषशास्त्रअनुसार यो पर्व - जात्रा प्रत्येक १२ वर्षको प्रल्हो (बाँदर वर्ग) मा गरिन्छ ।

ल्व फेव थकाली जातिको मौलिक संस्कारमध्ये निक्कै महत्त्व राख्ने धार्मिक पर्व हो, जुन प्रत्येक १२ वर्षको प्रल्हो (बाँदर वर्ष) मा थासाङमा अत्यन्त श्रद्धा भक्तिका साथ १७ दिनसम्म मनाइन्छ । हरेक १२ वर्षको ल्व फेव पूर्व ९ वर्षमा स्होइ - स्होइ गर्ने गरिन्छ । यो पर्वमा विशेष गरेर थकाली जातिका ४ देवताको प्रदर्शन, पूजापाठ, रथयात्रा र ह्रव (थकाली जातिको लिखित ग्रन्थ) वाचन गरिन्छ । देश विदेशमा रहेका सबै थकाली दाजुभाइ, दिदीबहिनीहरू यो महान् पर्वमा सकेसम्म उपस्थित हुने गर्दछन् । यसैगरी रथयात्रामा च्योकी, साल्की,

ट्हिम्चन, फ्हुर्कीहरू र चार पाण्डेहरू आ–आफ्ना देवतालाई रथमा राखेर परिक्रमा गर्दछन् । जस्तै, च्योकी, ल्ह् लाङवा न्हुर्वु, साल्कीहरू ल्ह छ्युरिन ग्याल्मो, ट्हिम्चनहरू, ल्ह घाङ्लासिंकीकर्पो र फ्हुर्कीहरू ल्ह ह्यावा ह्राङजुङ देवतालाई रथमा राखेर यात्रा गर्ने परम्परा छ । त्यस्तै थकाली जातिको चार घम्पले पर्व अवधिभर आ–आफ्नो म्ह्याको व्यवस्थापन गर्ने चलन छ । थकाली महिलालाई ल्ह फेवको विशेष महत्त्व छ । यस अवसरमा महिलाको सहभागितामा छयाङक्यू खाने कार्यक्रम हुन्छ । आनच्युन ट (जेठी चेलीबेटी) ले बाह्र वर्षभित्र भएका विवाह, ब्रतबन्ध तथा नेटेघरको प्राप्त म्हरफेको रकम संकलित गरी सो रकमले सबै चेलीबेटी मिली छयाङक्यू खाने चलन छ । चेली बेटीले छयाङक्यू खाने बेला एक दिन आफ्ना माइतीलाई पनि निम्ता गर्दछन् । यसै अवसरमा चार घम्पहरूले आ–आफ्ना फ्ह्याको जन्म, विवाह तथा मृत्यु दर्ताजस्ता काम पनि गर्दै आएको देखिन्छ (शेरचन, २०७० : ६६) ।

**थाक सातसयका थकालीहरू चर थरहरूमा –**

गौचन (च्योकी), तुलाचन (साल्की), शेरचन (ढिमचन) र भट्टचन (भुर्की) मा विभाजित छन् । यी चार थरका आ–आफ्नै देव–देवीहरूका मन्दिरहरू नखुङ जाने बाटोमा गौचन र तुलाचनका छन् भने कोवाङ गाउँको पश्चिमपट्टि केही माथि शेरचन र भट्टचनका देव मन्दिरहरू छन् । यी मन्दिरहरूका पुजारीलाई पाँडे भनिन्छ । हरेक थरको आ–आफ्नो पाँडे, मन्दिरको रेखदेख र पूजाका लागि राखिएका छन् । यिनै पाँडेको मातहतमा सम्बन्धित थरका पुर्खा कसरी थाक क्षेत्र आए भन्ने वर्णन गरिएको दस्तावेज छ, त्यसलाई "ह्रव" (वंशगाथा) भनिन्छ । हरेक थरको देवताको रंग तोकिएको छ, जस्तो गौचनको देवता लाङ्वा कुर्पुको रंग रातो, तुलाचनकी देवी छ्युरिङ ग्यल्मोको रंग हरियो, शेरचनको देवता क्ह्याङ्ला सिंङ्गी कर्पोको रंग सेतो र भट्टचनको देव ह्याकराङज्युङ्गको रंग कालो मानिन्छ । त्यसै अनुसार पाँडेहरू र कुमारहरूको सम्बन्धित रंगकै दौरा सुरूवाल लगाउँछन् । तर यस रीतिलाई पूजा आजाको समयमा (१२ वर्षे मेला र स्होय स्होयमा) मात्र पालना गरिन्छ । थकाली जातिको चार थरका देवदेवीको पूजा १२ वर्षको एक पटक मात्र गरिन्छ यसलाई "ल्हअफेव" भनिन्छ । १२ वर्षमा सम्पन्न गरिने हुनाले यसलाई १२ वर्षे मेला पनि भनिन्छ । साथै १२ वर्षको एक पटक मात्र देव–देवीलाई मन्दिरको बाकसबाट निकालेर पुजिने हुनाले "देवता निस्कने" पनि भनिन्छ । अरू समयमा दैनिक धुप बत्ती बाकसबाहिर नै गरिन्छ । यो बाह्र वर्षे मेला तिब्बती पात्रोअनुसार प्रल्हो (बाँदर वर्ग) मा सम्पन्न गरिन्छ (भट्टचन खुनारा, २०५८ : ५७) ।

यो १२ वर्षे ल्ह फेव पर्व कार्यक्रम १७ औं शताब्दीदेखि भव्य रूपमा सञ्चालन भएको पुराना कागजपत्रहरूबाट थाहा हुन आएको छ । त्यसभन्दा अगाडिको

कागजपत्रहरू धेरै पुरानो लिपिमा लेखिएका कागजहरूमा मिति नभएकोले कुन शताब्दीदेखि ल्ह फेव सञ्चालन भएको हो, कसैलाई पनि थाहा हुन सकेको छैन (तुलाचन, २०७३ : २१) ।

## स्योपेन लव (कुमार यात्रा)

महागुरु नरीफ्फेवसँग भएको वाचाबन्धनअनुसार थाक सातसयका थकाली जातिले हरेक वर्षको भाद्र महिना (फालो) मा स्योपेन लव (कुमार यात्रा) गर्ने परम्परा छ ।

तिब्बतीयन ज्योतिषशास्त्रअनुसार बाह्र जीव र जन्तुको नामले पुकारिने वर्ग, महिना, बार र तिथि मितिको गणनाअनुसार प्रत्येक वर्षको भाद्र महिनाको तिथि मितिमा गरिने भएकोले थकाली भाषामा भाद्र महिनालाई फालो भनिन्छ । त्यसैले यस पर्वको नाम पनि फालो (भदौ जात्रा) रहन गएको हो । यो पर्व थकाली जातिको धार्मिक, सांस्कृतिक, ऐतिहासिक र सामाजिकतासँग जोडिएको छ (तुलाचन, २०७३ : ५९)

थकाली संस्कृति सभ्यताको उद्‌गमस्थल स्वर्गतुल्य (थाक सातसय) थसाङ कोवाङमा परापूर्वकालदेखि मान्दै आएको कुमार यात्रा (स्योपेन लव) फालो पर्व थकाली जातिको ऐतिहासिक एवम् साँस्कृतिक पर्व हो । थाक खन्ती गाउँदेखि माथि नरसाङ गोम्बामा हाम्रो रक्षकको रूपमा भगवान् नरीच्ह्योव विराजमान हुनुहुन्छ । ऐतिहासिक जनश्रुतिअनुसार भगवान् नरीच्ह्योव र हाम्रा आदिपुर्खाहरू बीच वाचाकबोलअनुसार थकाली समुदाय च्योकी, साल्की, टि्हमचान र प्युर्की थरभित्रका बिजोर उमेर ५ वर्षदेखि १३ वर्षसम्ममा (छेवर गरिसकेका) कुमार केटाहरूले भाद्र महिनाको शुक्लपक्ष अनुराधा नक्षत्र पारी कुमार यात्रा (स्योपेन लव) कर्म गर्नुपर्ने धार्मिक परम्परा रही आएको छ । स्योपेन लव कुमार केटाहरूलाई भगवान् नरिच्ह्योवबाट अलौकिक शक्ति आशीर्वाद यस अवसरमा प्राप्त हुने जनविश्वास रही आएको छ (थसेस : कार्यक्रम पत्र, २०७५ : १) ।

## तोरन्ल (फागुपूर्णिमा)

थकाली जातिहरूको सबैभन्दा प्रमुख चाडको रूपमा तोरन्ल पर्वलाई लिइन्छ । फागु पूर्णिमाको उपलक्ष्यमा तीन दिन मनाइने यो पर्व विभिन्न खेल खेली मनाइन्छ । यस पर्वमा खास गरी 'धनुषवाण' को तारो हान्ने खेल प्रमुख हो ।

तोरन्ल थकाली जातिको सबैभन्दा प्रमुख चाड हो । यसरी थकालीको अन्य थुप्रै विशिष्टतामध्ये साँस्कृतिक दृष्टिबाट थकाली पहिचानलाई उजागर गर्ने तोरन्ल चाड पनि हो । तोरन्ल (फागुपूर्णिमा) तीन दिन घरमा भव्य रूपमा मनाउने परम्परा रहेको छ । मूलतः थकाली समुदाय पितृपूजक रहेको छ । यो आफैंमा

महत्त्वपूर्ण पक्ष हो । यो चाड पितृपूजन, आराधना र उपासनामा आधारित पारिवारिक एवम् सामाजिक खुशीयाली महोत्सव हो । यसमा राम्रो लाउने, मीठो खाने, तारा खेल्ने, गाउने, नाच्नेदेखि दिदी, बहिनी, ज्वाइँ चेली निम्ताएर मीठा मीठा परिकार खुवाउने प्रचलनले परिवार-परिवारबीच न्यानो मायाममता जागृत गराई सामाजिक सद्भाव, मेलमिलाप र एकता दरिलो र कसिलो पार्न यो चाड अत्यन्त प्रभावकारी सिद्ध भएको छ । त्यसरी नै तारा खेल तोरन्ल संस्कृतिको एउटा अभिन्न अंगको रूपमा स्थापित भएको छ । आज यो तारा खेल थुप्रै जनजाति समुदाय बीच लोकप्रियताको उत्कर्षमा पुगेर राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा समेत महत्त्व हासिल गर्दै उचाइँमा पुगेको छ । थकाली जनजातिको लागि यो गौरवको विषय भन्न सकिन्छ (शेरचन, २०७० : ६६) ।

यो पर्व जोमसोमदेखि तल घाँसासम्मका स्थानीय मुख्य थकाली जाति गौचन, तुलाचन, शेरचन र भट्टचन साथसाथै थाक सात सय गाउँले, थकाली जाति समुदायका मानिसहरूको मुख्य चाड पर्व मानिन्छ । यो पर्व फागुपूर्णिमाको दिनलाई बीचमा पारी मुख्यतः तीन दिनसम्म मनाइन्छ । यो पर्व कहीं सात दिन त कहीं १५/२० दिनसम्म पनि विभिन्न खेल खेली रमाइलो गरी मनाउने गरिन्छ । फागुपूर्णे तोरन्लपर्वलाई थकाली जातिले ठूलो महत्त्व दिएको सन्दर्भमा यसको पृष्ठभूमिको अध्ययन गर्दा परम्परागत शब्द 'तोरन्ल' को अर्थले पनि यस पर्वको महत्त्व बुझ्नमा सघाउ पुऱ्याउँदछ । यस शब्दको अन्तिम 'तक' अथवा देउतालाई जनाउँछ । यसको पूरा अर्थ 'पितृदेउता' भन्ने हो । यसर्थ यो पर्वमा थकाली जातिमा आफ्ना स्वर्गीय भएका पितृहरूलाई भक्तिपूर्वक पूजाआजा गर्ने र पितृदेवको आशीर्वादबाट परिवारलाई रोगव्याधि नहुने र घर धन्यधान्य हुने मान्यता पाइन्छ । यस पर्वमा खेलिने खेल विशेष उल्लेखनीय छ । लोग्ने मानिसहरू तारो खेल्छन् भने स्वास्नी मानिसहरू पहिलाको जस्तै ढुङ्गाको गोटी खेल्ने गर्छन् । भद्र महिलाहरू आजभोलि नाकाभोटे खेल खेल्छन्, तरुणीहरू कौडी खेल्ने गर्छन् । तारा थाप्नुभन्दा एक दिनअगाडि सबै खेलाडीहरूसँगै बसेर बाण तीखो पार्छन् । खुला ठाउँमा धनुबाण हान्नका लागि परम्परागत विधिअनुसार कन्या केटोले तारोलाई ठाडो उभ्याउँछन् र नौनी घ्यूले ३ ठाउँमा घेरा लगाई सेतो, रातो ध्वजा, धूपीको टुप्पामा बाँधी तारोको सिरमा लगाउँछन् र जाँडरक्सीले छे छे गरी आशीष दिन्छन् । शुरूमा ठाडो उभ्याइएको तारोबाट कन्या केटाले तीर हानी साइत उद्घाटन गर्छन् (गौचन, २०६२ : ८) ।

यो धनुषबाण तीर हान्ने वा ताराखेल थकालीहरूको लोकप्रिय राष्ट्रिय मौलिक खेल हो । यो खेल विशेष गरी तोरन्ल वा थकालीहरूको महान् चाड फागु पूर्णिमामा खेल्ने गरिन्छ । यो खेल अचेल छन्त्याल, मगर र केही गुरुङ जातिले पनि खेल्ने गर्दछन् । यो खेल थकालीहरूको प्राचीन खेल पनि हो । यो खेल खेल्नका लागि सार्है मिलेको जग्गा पनि चाहिंदैन । साधारण १०० फिटदेखि

११० फिटसम्मको लम्बाइ र चौडाइ करिब १५ देखि २० फिटसम्ममा खेल खेल्न सकिन्छ । खेल मैदानको बीच भागमा खाल्डो वा खोला बग्ने भए पनि फरक पर्दैन, खेलमा बाधा पुग्दैन, वारिपारि तीर हान्न सकिन्छ । वारिपारि विशेष गरेर काठको फल्याक राखिन्छ । फल्याक सल्लाको, उत्तीसको, सिमलको राख्दा पनि राम्रै हुन्छ । थाकखोलामा सल्लाको र उत्तीसको फल्याकलाई नै तारा थाप्ने गरिन्छ । फल्याकको लम्बाइ ६ फिट र चौडाइ १४ देखि १६ इन्चसम्मको राख्ने गरिन्छ । साढे ६ फिट उचाइमा १ फिट जमिनमुनि गाडिन्छ । साढे पाँच फिट जमिनमाथि राखिन्छ । त्यस फल्याकको बीच भागमा तीन औंला बराबरको गोलो खोल अथवा फलामको पाताको रिङ्ग बनाएर गाडिन्छ । त्यस खोलमा वा रिङमा गाईको गोवर राख्ने चलन छ । जसले त्यस खोल (रिङ) भित्र तीर लगाउँछ त्यस व्यक्तिलाई खोल विजेता भनिन्छ र शर्तअनुसार प्रत्येक खेलाडीबाट नगद प्राप्त हुन्छ । खोलको रकम प्रत्येक टिम वा टोली नेतालाई दिइन्छ । टोली नेतालाई धापन भन्ने चलन छ । धापनले आफ्नो टोलीको सबै खेलाडीहरूबाट निश्चित रकम उठाएर खोल विजेतालाई दिने चलन छ । खोल विजेतालाई महिलाहरूको तर्फबा (केल्साङ) आशीर्वाद खादा ओढाएर खोलमा परेको तीरलाई रक्सी वा जाँडले पूजा गर्ने चलन पनि छ । खेलाडी यति नै हुनुपर्छ भन्ने छैन । सामान्य ९ जनादेखि ५०/६० जनासम्म खेल्न सकिन्छ । खेलाडीलाई तीन भागमा विभाजित गरिन्छ र तीर हान्दा ल्ह हाल्ने भनिन्छ । ल्हमा पनि सामान्य रू.५०।-को बाजी राख्ने चलन छ (तुलाचन, २०७२ : २ - ३) ।

## स्होय् - स्होय् पर्व

स्होय् - स्होय् प्रत्येक १२ वर्षमा सम्पन्न हुने ल्ह फेव पूर्व नौ वर्षमा ल्ह फेवको पूरकको रूपमा सम्पन्न हुने एउटा धार्मिक पर्व हो । नामले थकाली कतिलाई नयाँ जस्तो अपरिचित जस्तो लाग्ने "स्होय् - स्होय्" थकालीका आराध्यदेवता श्री ल्ह्मिको पूजा आराधना गरी सम्पन्न गर्ने अति प्राचीन थकाली संस्कृति हो । बसाइँ - सराइँले थकाली थाक खोलाबाट बाहिर हुनु, आधुनिकीकरणको नाममा हिन्दूकरणको चाप, सुधारको कुरा गर्दा संस्कृतिको मौलिकतामा फेरबदल गर्ने प्रक्रिया, खासगरी ००७ सालको परिवर्तनपछि बदलिएको स्थितिमा थकाली आफ्नो संस्कृतिबाट टाढाटाढा हुँदै गएकाले स्होय् - स्होय् थकालीलाई एउटा नौलो वा अपरिचित जस्तो लाग्ने नाम हुन गएको हो । अति परिचित आत्मसात् भएका संस्कृति पनि यसरी अपरिचित जस्तो हुनु थकालीहरू यसमा अति तीतो अनुभव गर्दछन् । प्रत्येक ल्ह फेव सम्पन्न हुनुपूर्व तीन वर्षमा अर्थात् ल्ह फेवपछि प्रत्येक नौ वर्षमा थकालीको परम्परामा ल्होबाट दिन गन्ने चलन र परम्पराअनुसार प्रत्येक सरिब ल्हो वर्षको तोरन्ल महिनाको छैव ङ्हीबाट छैव भ्रे सात दिनसम्म सञ्चालन हुन्छ । प्राचीन कालमा भगवान् हयावा - हाङज्युङको उत्पत्ति समयदेखि चल्दै आएको ल्ह फेव र ल्ह फेव पूर्व नवौं वर्षमा सम्पन्न हुने

स्होय् - स्होय्मा सबै प्ह्या (थर) का आ-आफ्ना कार्यक्रम हुन्छन् । चारैवटा पाँडे, कुमार, घम्वहरू र थिमी सबै क्रियाशील हुन्छन् । तापनि भूर्गी प्ह्या (भट्टचन थर) ले (चौरीको पाठा - सेप्प - उमेर दुई वर्ष पूरा तीन वर्ष पूरा नभएको) तीन वर्षको लागि मार्फामाथिको वनमा छाड्नुपर्ने र ल्ह फेवमा विधिवत् भट्टचनको खुनरा उहयुको फोवेलाई घुमदेन् च्याङले ल्ह हयावा-हयाङज्युङ चौरीको शिर दिनु पर्ने र शिरमा सिंगारेर जीवन्त पारेर त्यसमा पूजा आराधना गर्ने, रथमा चढाउने, परिक्रमा गर्ने, ल्ह ह्यावाहाङज्युङको ह्व वाचन गर्ने र महिमा गराउने थकाली मात्रको एउटा प्राचीन धार्मिक चाड हो । ल्ह फेवमा चारै चनका देवता रथमा राख्ने, रथ परिक्रमा गर्ने र ह्व वाचन गरी महिमा गर्ने परम्परा छ । हिन्दू धर्म र हिन्दू सभ्यताको चापमा परेर भौगोलिक अवस्थाले विकट र एकान्त ठाउँमा रहेको थकालीले पनि संस्कार संस्कृतिमा प्रत्यक्ष अवाञ्छित प्रभाव परेको अनुभव गर्नु परेको कुरा विगत तीन स्होय् - स्होय्मा हाम्रा अत्यन्त नजिकका दाजुभाइ मार्फाका घुम्देन च्याङ्को जिम्मामा चौरीको पाठा सेप्प दिने काम भएन । ल्ह फेवमा चाहिने चौरीको शिरको बदलामा मखमल प्रयोग गर्ने प्रयास भयो । आराध्य देवताका मूल रूपलाई हटाई सो ठाउँमा हिन्दू संस्कारअनुसार कल्पना गरिएका देवी देवताका चार मूर्ति बनाई प्राचीन परम्परामा स्थापित देवताका बदलामा त्यसलाई स्थापना गर्ने प्रयास पनि भयो । यो २०१२ सालको ल्ह फेवको घटना हो । परम्परामा स्थापित धर्म, संस्कृतिलाई बदल्दा भगवान् नाराज हुन्छन्, नाराज भएमा दैवी प्रकोप आदि अनिष्ट हुन्छ भन्ने जनविश्वास छ । श्रद्धा नभएकोले र डरले मानेनन् तर पनि त्यस वर्ष धेरै विध्नवाधा र नोक्सान भएको थियो । थकाली जनसमूहले नमानेपछि हीनाई ल्याएको मूर्ति परित्याग त भयो तर चौरी सेथ छाड्ने काम तीन ल्ह फेवसम्म टुट्यो । मखमलले काम चलाइयो तर भट्टचन थरले परम्परा टुटाई राख्न मानेनन् । गत २०४९ ल्ह फेवको लागि २०४६ को स्होय् - स्होय्मा सेप्प छाड्ने काम भयो । यस पटक पनि सेप्प छाड्ने काम पुनः स्थापित भएको छ (भट्टचन, २०५८ : ८५ - ८६) ।

## संस्कार

कुनै पनि समाजको आफ्नै धार्मिक, सामाजिक मूल्यमान्यता र विधिविधानहरू हुन्छन् । तिनै मूल्य मान्यता र विधिविधानअनुसार समाजमा चल्दै आइरहेको पद्धतिलाई संस्कार भनिन्छ । चार चन थकाली जातिका प्रमुख संस्कारहरू निम्न बमोजिम छन् :-

## जन्म

थकाली जातिमा कुनै बच्चा जन्मनेबित्तिकै क्ह्यूभित्रका दाजुभाइलाई बच्चा जन्मेको खबर सुनाउनुपर्दछ ताकि साङतेव (न्वारान) नगर्दासम्म क्ह्यूभित्रका

दाजुभाइले कुनै शुभकार्य र दैनिक पूजा आजाका कार्यक्रम नगरून् (शेरचन, २०७० : ६६) ।

## न्वारान

न्वारान बच्चाको नामकरण गर्ने संस्कार हो । नेपालका सबै जनजातिले आ-आफ्नै धर्म-परम्पराअनुरूप नवशिशुको न्वारान गर्ने गर्दछन् । थकालीहरूले बच्चा जन्मेको तेस्रो, सातौं वा एघारौं दिनमा आमा र बच्चालाई शुद्धीकरण गर्दछन् । यो जातिले लामा ट्होम वा हिन्दू परम्पराअनुसार न्वारान गर्ने गर्दछन् । छोराको एघारौं दिनमा र छोरीको सात दिनमा न्वारान गरिन्छ । न्वारान गर्नुको मुख्य उद्देश्य सुत्केरी च्योख्याउने र बच्चाको नाम राख्नु हो । न्वारान पछि गोत्रभित्रका दाजुभाइहरूले विवाह, छेवर, चाडवाड, पूजाआजा गर्न पाउँदछन् । लामा विधिमा न्वारानका दिन आमा र बच्चालाई नुहाई नयाँ कपडा लगाइदिइन्छ । लामाले आफ्नो विधिबाट पाठ गरी जल, गहुँत, लाभा, जौं-तिल एउटा ओखरामा राख्दछन् । धूपीको फूलले घर, कोठा र वरिपरि, नयाँ बच्चा आमा र परिवारका अन्य सदस्यहरूलाई छर्केर शुद्ध गरिन्छ । बच्चा जन्मेको समय, पल, घडीका आधारमा लामाले बच्चाको नाम राख्दछ । यही नामका आधारमा बच्चाको भाग्य हेरिने चलन छ । लामाले शुद्ध गरेको धागो बच्चाको कम्मर, हात खुट्टामा बाँधिदिन्छन् । यसले बच्चालाई भूत-प्रेतबाट जोगाउँछ भन्ने विश्वास गरिन्छ । झाँक्री विधिबाट गर्दा झाँक्रीले मन्त्रवाचन गर्दछ । बच्चा जन्मेको साल, गते, दिन, बार, घडी र पलका आधारमा बच्चाको नाम राख्दछ । बच्चाको वर्ग (ल्हो) पहिचान गर्दछ । आफन्त र गोत्र भित्रका दाजुभाइलाई निम्ता गरी खानपिन गराइन्छ । आफन्तहरूले सुत्केरीका लागि कुखुरा र अण्डा तथा बच्चाका लागि कपडा कोसेली ल्याउने चलन छ । मिश्रित जात भएको क्षेत्रका थकालीले हिन्दू परम्पराअनुसार न्वारान गरेको पाइन्छ (शेरचन, २०७३ : ९१) ।

## अन्नप्राशन

अन्नप्राशन भनेको बच्चालाई भात खुवाउन सुरूवात गर्ने संस्कार हो । यस संस्कारलाई भात खुवाइ पनि भनिन्छ । भात खुवाइ गर्दा बच्चा जन्मेको छ वा सात महिना पुगेपछि गर्ने चलन छ । बच्चालाई नुहाई नयाँ कपडा, हातमा सुन वा चाँदीको बाला, खुट्टामा चाँदीको कल्ली, कानमा सुनको मुन्द्रा लगाई शुभसाइत हेरी फुपूद्वारा दूधभात तथा अन्य विभिन्न परिकार चाँदीको चम्चा तथा अन्य चम्चाले खुवाइन्छ । त्यसपछि क्रमशः परिवारका अन्य सदस्य र आफन्तले ज्येष्ठताका आधारमा टीका लगाई दक्षिणा एवं उपहार दिने र भात खुवाउने गरिन्छ । विशेष गरी मामाहरूले सुनको मुन्द्रा लगाइदिने चलन पनि छ । आफन्तहरूलाई निमन्त्रणा गरी भोज भतेर गरिन्छ (शेरचन, २०७३ : ९१) ।

## छेवर

यो थकाली जातिहरूको महत्त्वपूर्ण संस्कार हो । यो संस्कारलाई चूडाकर्म र व्रतबन्धबाट चिन्न सकिन्छ । यो संस्कार राम्रो साइतको अवसरमा पारी बेजोडी अंक पाँचौं, सातौं, नवौं, एघारौं वर्ष पुगेको कुमार केटोलाई कपाल मुण्डन गरी यो कार्य गरिन्छ । यो संस्कारको विधिमा विशेष मामाको महत्त्वपूर्ण भूमिका रहन्छ । लामा, टोहम तथा ब्राह्मणबाट साइत जुराई यो कार्यको सुरूवात गरिन्छ । घर-परिवारका सदस्य, आफन्त, नातेदारहरूलाई निमन्त्रणा गरिन्छ । बिहान शुभसाइतमा बच्चालाई नुहाई सरसफाइ गरिन्छ । बच्चालाई मामाले बोकेर वा समातेर आफन्त नातेदारसँग गाईको गोठमा वा नदीको किनारमा लगी मुखमा धुपी वा दुवो च्यापी घाँटीमा दाम्लाले बाँधी चार हात खुट्टा घोप्टो बनाई टुप्पीमा सुनको बेरूवा औंठी राखेर मामाले बच्चाको कपाल काट्छन् । कपाल काट्ने बेलामा फुपू वा दिदीले थालमा कपाल थाप्ने चलन छ । कपाल थापेवापत फुपू वा दिदीलाई दक्षिणा दिने चलन पनि छ । कपाल काटिसकेपछि बच्चालाई सेतो दौरा-सुरुवाल, सुइटर, जुत्ता मोजा र टोपी लगाइदिएपछि घरभित्र प्रवेश गर्ने बेलाको साइतलाई बीचमा गरेर बच्चालाई मामाले काँधमा राखी तीन वा पाँच कन्या केटा वा केटीले करूवामा जल, फूल राखी तामाको छाप्रीमा फलफूल, रोटी, फिनिया बोकी दमाई बाजा बजाई आफन्तसहित गृहप्रवेश गर्दछन् । घरको मूल ढोकामा बच्चाको दिदीबहिनी, फुपूहरूले केल्साङ गर्दछन् । थालमाथि चाँदीको तीनवटा कचौरामा तीन ठाउँमा चौंरीको घ्यू वा अन्य घ्यू हरे लगाई एउटा कचौरामा दूध, एउटा कचौरामा जाँड र एउटा कचौरामा रक्सी वा दही राखी बच्चालाई सगुनको रूपमा थोरै सेवन गराइन्छ र फलफूल पनि सगुनका रूपमा हातमा दिइन्छ । बच्चा घरको मूल पूजा गर्ने कोठामा गई नरिच्योह, चार देवता र पितृलाई सम्झी अंकुमा बत्ती बालिन्छ । बच्चालाई सजाइएको कोठामा राखिन्छ । सर्वप्रथम बच्चाको घरको ओखेमोमबाट मलमलको सेतो फेदा र रातो अक्षताको टीका लगाई आशीर्वादसहित नगद दक्षिणा दिने गरिन्छ । बच्चाको आमा बाबुले क्रमिक रूपले फेदा र टीका लगाई दिई आशीर्वाद र दक्षिणा दिने चलन छ । एउटै घरपरिवारका सदस्यहरूले बच्चालाई ज्येष्ठताका आधारमा टीका, फेदा र खादा लगाई आशीर्वाद र दक्षिणा दिइन्छ । क्रमैसँग मावली तर्फको ओखेमोम र मामा-माइजू तथा अन्य नजिकका नातेदार र अन्य जातिका साथीभाइहरूले टीका, खादा, फूलको गुच्छा उपहार र दक्षिणा दिने चलन छ । केही समययता थकाली सेवा समिति केन्द्रको निणयअनुसार मूल घर, दाजुभाइ, माइत ओखेमोम तथा मामा माइजु, चेलीबेटी, आन्जेनहरूको तर्फबाट एकएक जोर फेदा बच्चालाई लगाई आशीर्वाद दिने गरिन्छ । यो कार्यमा निमन्त्रणा गरिएका सम्पूर्ण आफन्त नातेदारहरूलाई सर्वप्रथम साइतको सगुनका रूपमा चिया, रक्सी, सेलरोटी, मासु, खसीको ढुङ, काढुङ, भुटुवा, जिम्बु राखेको आलु

र सिमी तरकारी आदि विभिन्न परिकारबाट खाना सुरू गरिन्छ । यो कार्य गर्दा दलितको परियार जातले पुन्टी बाजा बजाउने गर्दछन् । मूल घरको तर्फबाट दमाईलाई फेदा लगाई सगुन दिने गरिन्छ । यो कार्यमा छोरीज्वाइँको माइतीहरूको विशेष भूमिका रहन्छ । माइतीको शुभकार्यका लागि नाचगान गर्ने गरिन्छ र सम्मान पनि गर्ने गरिन्छ (शेरचन, २०७३ : ९१ - ९२) ।

## गुन्युचोलो (न्होन्कोनचोलो)

यो सँस्कारलाई थकाली भाषामा न्होन्कोनचोलो भनिन्छ । छोरीलाई पूजा गरी मनाइने संस्कार हो यो । यो संस्कार थकाली जातिमा छोरीको उमेर सात, नौ, एघार वर्ष पुगेपछि छोरीलाई नयाँ कपडा न्होन्कोनचोलो र गरगहनाले सिँगारी बैठक कोठामा बसाई, बाबुआमा, ओखेमोम र अन्य नातेदारबाट टीका, फूलको माला, खादा र पछ्यौरा लगाई आशीर्वादका साथ दक्षिणा र केही उपहार दिने गरिन्छ । यो संस्कार छोराको छेवरसँग जोडिएको हुन्छ । यो संस्कारमा छोरी चेलीबेटीको तर्फबाट बाबु-आमालाई केल्साङ गरेर सम्मान गरिन्छ र उनीहरूले दक्षिणा दिने गर्दछन् । उमेर उपयुक्त भएमा एउटै साइतमा छोराको छेवर र छोरीको न्होन्कोनचोलो कार्यक्रम एक समयमा गरिने चलन रहेको छ (शेरचन, २०७३ : ९२)।

## विवाह

विवाह सामाजिक संस्था र संस्कार दुबै हो । थकालीहरूको विवाहको आफ्नै मौलिक परम्परा छ । उनीहरूमा मामाचेला फुपूचेली विवाह प्रचलन छ । जुन प्रथा वर्तमान समयमा कम हुँदै आएको छ । थकालीहरूमा मागी विवाह, भागी विवाह र प्रेम विवाह प्रचलनमा आएको पाइन्छ । जुनसुकै प्रकारको विवाह गरेको भए पनि केटा वा केटी पक्षका आमाबाबुले स्वीकार नगरेसम्म सामाजिक रूपमा त्यो विवाहले मान्यता पाउँदैन । किनभने थकालीको विवाहले मान्यता पाउन खिमी बसाल्ने, स्वयम्वर र कहर सजीको कार्य सम्पन्न गर्नुपर्दछ । खिमी बसाल्ने भनेको गोत्र परिवर्तन गर्ने विधि हो । यसका साथै यो विवाह पक्का गर्ने विधि पनि हो । यो कार्य सम्पन्न गर्दा केटा पक्षबाट ज्वाइँको अगुवाइमा अन्य ज्वाइँ र नजिकका दाजुभाइहरू, फ्हर फ्याजी गर्ने व्यक्ति, ढोग गर्ने कुमार केटासहित रक्सी, जाँड, नेतक्हरमा, खाँडलो, जन्तर, सुराइ (फोम), चाँदीको ठेकी लिएर केटी पक्षको घरमा आउँछन् । केटी पक्षतर्फ गोत्रभित्रका दाजुभाइहरू र चेलीबेटी, केटीको मामा, थकाली सेवा समितिका प्रतिनिधि, दाजुभाइको मुली, घरको मुलीको उपस्थिति हुन्छ । केटी पक्षको कन्या केटाले पितृपूजा गर्दछन् । केटा र केटी पक्षकाहरू आमुन्ने सामुन्ने बसेर केटा पक्षले ल्याएको रक्सी र जाँड केटी पक्षलाई दिन्छन् । यदि केटी पक्षका दाजुभाइहरूले उनीहरूले दिएको रक्सी र जाँड पितृलाई सम्झेर छे छे गरी खाए भने त्यो गोत्र परिवर्तन र विवाह पक्का

भएको ठानिन्छ । खिमी बसालेको दिन केटा पक्ष र केटी पक्षबीच विवाहको तयारीबारे सल्लाह पनि हुन्छ । खिमी बसेपछि केटा र केटी पक्षको अनुकूलतामा विवाह हुन्छ । विवाह, ठूलो, सानो, सुटुक्क जसरी गरे पनि सामाजिक मान्यता पाउँछ । खिमी बसालेपछि केटीले बुहारीको र केटाले ज्वाइँको भूमिका निर्वाह गर्न पाउँछन् । थकालीको विवाहमा खिमी बसाल्ने एक महत्त्वपूर्ण वैवाहिक कार्य हो । यो विधिविना विवाहले पूर्णता पाउँदैन । अनुकूलता अनुसारको विवाह पछि कहरसजी गर्दा दुलाहलाई दुलहीको माइती दाजु-भाइ, आमाचिमे, मावली र आफन्तहरूमा ज्वाइँ चिनाउने गरिन्छ । यसरी थकालीहरूको विवाह सम्पन्न हुन्छ । पछिल्लो समयमा प्रेम विवाह, अन्तर्जातीय विवाह हुने क्रम बढिरहेको छ (शेरचन, २०७३ : ९२ - ९३) ।

## मृत्यु संस्कार

थकाली समुदायको महत्त्वपूर्ण संस्कारमध्ये मृत्यु संस्कार पनि एक हो । यो संस्कार विशेषगरी मृत्यु भएको सातौं, नवौं र तेऱ्हौं दिनमा लामा, ट्होम विधिबाट सम्पन्न गरिन्छ । थकालीहरू मृत्यु भएमा मृतकका दाजुभाइ, आफन्त, नातेदारलाई मृतकका ज्वाइँले मृत्यु भएको खबर सुनाउने काम गर्दछन् । त्यसैले यो संस्कारमा ज्वाइँको भूमिका महत्त्वपूर्ण हुन्छ । मृतकको आत्माको चिरशान्तिको कामना गर्नको लागि एकसय आठ बत्ती (छ्योमे) बालिन्छ । बाँसको सोला बनाई मृतकको शरीरलाई त्यसभित्र राखी सोलालाई विभिन्न क्होचेन तथा अन्य रंगिन कपडाले सजाई धानको लाभा, मकैको फूलको माला र विभिन्न फूलका माला र खादा लगाउने गरिन्छ । त्यसपछि मृतकलाई दाहसंस्कारका लागि घाट (छ) लगी छोराले दागबत्ती बाली अन्तिम बिदाइ गर्दछन् । आफन्तहरू मलामी भएर घाटसम्म जान्छन् । मृतकको अस्तुलाई टोहम् विधिबाट मृत भएको दिनदेखि तेस्रो दिनमा र लामा विधिमा चौथो दिनमा स्याक्सोम (मेहन्दो स्थापना) गरिन्छ । स्याक्सोम्को दिन मृतकको म्हेन्दो (अस्तु) लाई शुद्ध जल र फूलले शुद्ध गरेर ज्वाइँले म्हेन्दोलाई घर भित्र्याउँछन् । घरमा छोरीचेलीहरू केल्साङ गरी रूने गर्दछन् । उक्त म्हेन्दो पुरुषको भएमा पुरुषको र महिलाको भएमा महिलाको राम्रा कपडा, गहना विशेष गरी मृतक महिला भएमा कण्ठी, फर्म, हफेल फूलमाला लगाउने गरिन्छ । धूपीमा सजाएर, पाथीमा म्हेन्दो स्थापना गरी छाप्रीमा फलफूल, सेलरोटी, झिनिया, चाँदीको फुर्कपमा चिया, दूध, रक्सी राखी म्हेन्दोलाई चढाउने गरिन्छ । धूप तथा अंकुमा अखण्ड बत्ती बाली विधिपूर्वक स्याक्सोम गर्ने गरिन्छ । यो दिनमा दाजुभाइहरूले एक सय आठ कहेम्चे बत्ती बाली दाजुभाइ, माइतीहरू, छोरीज्वाइँहरूलाई खाना खुवाउने गर्दछन् । म्हेन्दो स्थापना गरिसकेपछि प्रत्येक दिनको बिहान र बेलुकी से खाना सेङोन्जी गरिन्छ । अन्य दिनहरूमा आफन्तहरूले चढाउन ल्याएका फलफूल, रक्सी, रोटी विभिन्न परिकारलाई म्हेन्दो चढाइएको खाद्यवस्तु र परिकारहरू थोरै थोरै अंश

लिई धुपौरोको अग्निज्वालामा हालेर धूप मृत आत्मालाई चढाइन्छ । सातौं दिनमा म्हन्तुङको क्हेम्चे १०८ बत्ती र एक नाङ्लो छो, मूलघरबाट बिदाइको क्हेम्चे बत्ती बाली म्हेन्दोलाई विसर्जन गरी सम्पूर्ण दाजुभाइ तथा आफन्तहरूको उपस्थितिमा म्हेन्दो बोकी खोलाको तीर घाटमा लगी सेलाइन्छ । टोहम् विधिबाट तीन दिनमा स्याक्सोम् र सातौं दिनमा म्हाङराजी वा लामा विधिबाट चाङपर्जी गरी मृत्युसंस्कार सम्पन्न गरिन्छ । मृत्यु संस्कार सम्पन्न गर्दा मृतकको विवाहित जेठी छोरी र ज्वाइँको आवश्यकता पर्दछ । उनीहरू अनिवार्य रूपमा उपस्थित हुनु पर्दछ । जेठी छोरीले सम्पूर्ण व्यवस्थापकीय कामको नेतृत्व लिएकी हुन्छे भने ज्वाइँले पुरेत काम गर्नुपर्दछ । मृत्यु संस्कारको अन्त्यमा जेठी छोरी ज्वाइँले मातुङ (सपरान) र क्होइला (कपडासहित दक्षिणा) पाउँछन् । यदि अन्तर्जातीय विवाह र खिमी नबसालेको विवाह भएमा छोरीले मातुङ र क्होइला पाउँदैनन् । अन्तिम दिनमा घरका परिवार, दाजुभाइ, बुहारीहरू चोखो हुनका लागि तातो ढुङ्गामा जल छर्की, वाफ लिई, हातमा भेडाको रौंको डोरी बाँधी किरिया शुद्धि गर्ने चलन छ । टोहम्बाट म्होलो सेजी जोखना हेरी मृतकको घर दाजुभाइहरूलाई शुभ-अशुभ कार्य हुने वा नहुने बारे भविष्यवाणी गरिन्छ । थकाली सेवा समितिको नियमावलीअनुसार अधिकांश थकालीले किरिया शुद्धी सातौं दिनमा गरिने गरिएको छ (शेरचन, २०७३ : ९२ - ९३)।

## भाषा

धेरै जसो आदिवासी जनजातिका आ-आफ्नै भाषा छन् । तर समग्रमा भन्नु पर्दा केही आदिवासी जनजातिका बाहेक धेरैका भाषाहरू लोपोन्मुख अवस्थामा छन् भन्दा अत्युक्ति नहोला । वि.सं. २०६८ को जनगणनाअनुसार थकाली जातिको कुल जनसंख्या महिला ७०५८, पुरुष ६१५७ गरी जम्मा १३२१५ छ । यी मध्ये महिला २७८१ र पुरुष २४६१ गरी जम्मा ५२४२ ले मात्र आफ्नो मातृभाषा बोल्दछन् । थकाली भाषाको आफ्नो लिपि छैन । थकाली भाषा सम्बन्धमा विभिन्न विद्वान्हरूका भनाइ यस प्रकार छन् -

थकालीहरू भोट-बर्मेली परिवारको भाषा बोल्दछन् (सामान्य ज्ञान, २०६३ : ५६) ।

थकालीहरूको आफ्नै भाषा छ जसलाई टिबेटोबर्मन परिवारको भाषा भनिन्छ । यिनीहरूले बोल्ने भाषा तामाङ र गुरुङसँग मिल्दो जुल्दो छ (पाण्डेय, २०६१ : ३९) ।

थकाली बोली तिब्बती - बर्मेली परिवारको बोली हो र मगर, गुरुङ आदिको बोलीकै समूहमा यसलाई लिन सकिन्छ (सूचना विभाग, २०३१ : ५२६) । "थकाली" थकालीहरूको भाषा हो । थकालीहरूको उद्यमप्रियता, बसाइँ सराइ, शैक्षिक विकास र नेपाली भाषाभाषीहरूसँगको सम्पर्कले गर्दा सबैले नेपाली

जानेको र धेरैले नेपालीको प्रयोग नै गर्ने भएकोले थकाली भाषाको प्रयोग अहिले घट्दो छ । थकाली भाषाभाषीहरू छरिएर बसेकाले भाषाको प्रयोग विस्तारका निम्ति शिक्षण संस्थाहरूको स्थापनाको सम्भावना पनि उत्साहजनक छैन । तैपनि थकालीहरूको संख्या बढी भएका ठाउँहरूमा संस्थागत रूपमा भाषाको सम्वर्धनका लागि कार्यक्रमहरू संचालित हुन सक्छन् । विद्यालय र पुस्तकालयहरू स्थापित गर्न सकिन्छ । भाषालाई लिपिबद्ध गरी पाठ्यपुस्तकहरू तयार गर्न सकिन्छ । यस कार्यमा भाषामा विद्वान् र लेखकहरूको सहयोग प्राप्त हुन सक्छ । तर यसका निम्ति भाषाभाषी समाज नै सक्रिय हुन आवश्यक छ । सरकारी क्षेत्रबाट वा कुनै संस्थाबाट विभिन्न भाषाको विकासको निम्ति कार्य गरिएलान् भनी पर्खेर बस्नु आफ्नै भाषाको विकासमा विलम्ब गर्नु हो (बन्धु, २०४९ : १४) ।

मुस्ताङ जिल्लाको कुन्जो ताउलुङ भन्ने गाउँमा जन्मेका झण्डै सत्तरी वर्षका कुलबहादुर गौचनले दिएको सूचनाअनुसार थकाली भाषा मुस्ताङ जिल्लाका टुकुचे, कोबाङ, देवीथान, ल्हार्जुङ, नाउरीकोट, भुर्चुङकोट, न्हाकुङ, धम्फू, टिटी, ताउलुङ, कुन्जो, लेते र घाँसा गाउँमा मूलतः बोलिन्छ । आज सबै थकालीहरू नेपाली भाषा बोल्न सक्छन् । आधाभन्दा बढ्ता थकालीहरूलाई थकाली भाषा बोल्न आउँदैन । धेरैजसो थकालीहरू नेपाली भाषामै आफ्नो काम चलाउँछन् । आफना छोराछोरीहरूलाई थकाली भाषा सिकाउने कुरामा अल्छी गर्न थालेका छन् । चिनियाँ नक्साअनुसार ब्रह्मपुत्र नदीको एउटा भागलाई तामाङह (तामाङगाड) भनिन्छ । नेपालका तामाङ, गुरुङ, थकाली, मनाङ, काइके र छन्त्यालहरूको साइनो उक्त नदीसित भएजस्तो लाग्छ, किनभने उनीहरूका भाषा बीचमा शब्दभण्डार र व्याकरणमा समानता छ । तिनीहरूले आफूलाई चिनाउन प्रयोग गर्ने नाममा पनि 'त - म - (ङ)' पाइन्छ । यी सबै भाषाहरू भोटबर्मेली भाषा परिवारको बोडिक वर्गअन्तर्गत बोडिफ उपवर्गमा पर्छन् । यी ६ वटा भाषाहरूलाई भाषा वैज्ञानिकहरूले 'तामाङिक' समूहमा भाषा भन्ने नाम दिएका छन् (पोखरेल, २०६२ : ५९) । विदेशी र स्वदेशी खोजकर्ताले भन्ने र लेख्ने गरेको अबको ३० - ४० वर्षमा थकाली भाषा लोप हुन्छ तथा त्यो अवधिसम्ममा थकालीको मौलिक संस्कृति र संस्कारले निरन्तरता पाउन कठिन हुन सक्छ भन्ने कुरा त्यसै ओक्लेको होइन होला । यसका पछाडि धेरै कारण र आधार होलान् त्यसमध्ये सबैले अनुभव गरेको मुख्य कारण र आधारचाहिँ (१) मौलिक स्थान छोडेर बसाइँ सर्ने क्रममा तीव्रता आउनु (२) आधुनिक संस्कृतिको दरो प्रभाव तथा (३) पछिल्लो समय आर्थिक उन्नतिले ल्याएको फरक जीवनशैली हुन् भन्न सकिन्छ । अनुसन्धानकर्ता, लेखक तथा विद्वान्हरूले अनुमान गरेजस्तै आगामी ४० - ५० वर्षसम्ममा थकालीको मौलिक भाषा र संस्कृति त्यति सजिलोसँग विनासै हुने अवस्था छैन । यसबाट हामी अत्तालिएर बढी उत्तेजित हुनु पर्ने स्थिति पनि छैन । किनभने संसारका कुनै पनि जीव र जातिको भाषा

र संस्कृति लोप हुनका लागि त्यो विशेष जातिको अस्तित्व नै यस पृथ्वीबाट समाप्त हुनुपर्दछ (शेरचन, २०७३ : ३५ - ३६) ।

थकाली भाषा भोटबर्मेली खलकको भाषा भनेर चिनिने गरेको देखिन्छ । यस भाषाको आन्तरिक नाम 'तमाङ/तपाङ कै' र बाह्य नाम थकाली भाषा रहेको पाइन्छ । थकाली - नेपाली - अंग्रेजी शब्दकोश भाषिक पुनर्जीवनका लागि एउटा प्रयासको रूपमा निर्माण गरिएका कक्षा एक र दुईका पाठ्यपुस्तकहरू, थकाली सेवा समिति र थकाली अनुसन्धान केन्द्रमा प्रयोग हुने कार्यालयका चिठीपत्रहरू तथा अन्य केही कविता, गीत, लघुकथाहरू आदि सामग्रीमा देवनागरी लिपि प्रयोग गरिएको पाइन्छ । यस लिपिको प्रयोगप्रति यहाँका मानिसको धारणा सकारात्मक रहेको पाइन्छ । यस लिपिमा यस भाषाका ध्वन्यात्मक विशेषताहरू (तानलाई) लाई पनि राम्रोसँग प्रस्तुत गरिएको देखिन्छ (पौडेल, २०६७ : ७१ - ७३) ।

थकाली भाषा नेपालका अन्य आदिवासी जनजाति तामाङ, गुरुङ र छन्त्याल भाषासँग मिल्दोजुल्दो मानिन्छ । यो जातिमा आफ्नो मातृभाषा बोल्नेहरूको संख्या दिनप्रतिदिन घट्दै गइरहेको छ । अझ भन्ने हो भने नयाँ युवा पिँढीका थकाली प्रायःलाई आफ्नो भाषा आउँदैन । इ. तेजप्रसाद गौचनले थकाली - नेपाली - अंग्रेजी शब्दकोश तयार पारेका छन् र जुन थकाली जातिको मातृभाषा संरक्षणका लागि निकै सहयोगी मानिएको छ । यस जातिको मातृभाषामा व्याकरण भने अहिलेसम्म प्रकाशनमा आएको छैन । जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोगमा थकाली सेवा समिति नेपालले इ. तेजप्रसाद गौचनको लेखनमा आफ्नै मातृभाषामा कक्षा १ र २ को पाठ्यपुस्तक तयार पारिसकेको छ । सो पाठ्यपुस्तक थासाङको लेते र कोबाङका दुई विद्यालयमा पठन-पाठन भइरहेको छ । सरकारको मातृभाषा शिक्षा कार्यक्रमअन्तर्गत यो पाठ्यपुस्तकको निर्माण भए पनि यसको व्यवस्थापन, विद्यालयमा सम्बन्धित मातृभाषाको ज्ञान भएका शिक्षकको दरबन्दी अभाव जस्ता कुराले यो कार्यक्रमलाई प्रभाव पारिरहेको केन्द्रीय समिति नेपालको धारणा रहेको छ (शेरचन, २०७० - ६९) ।

## साहित्य

नेपाली साहित्यको संरक्षण, सम्वर्धन र जगेर्नाको इतिहासमा थकाली साहित्यकारहरूको गरिमामय योगदान रहेको छ । नेपाली साहित्यभन्दा नेपालका सबै जाति-प्रजातिका भाषामा लेखिएको साहित्यलाई समेत बुझ्नुपर्दछ । जातीय रूपमा देखापरे पनि ती सबै नेपाली संस्कृतिका बहुमूल्य सम्पदा हुन् । यस्तै नेपाली साहित्यका प्रतिभाहरूमध्ये थकाली स्रष्टा हुन् - ओमप्रसाद गौचन, बुद्धिबहादुर थकाली, नरसिंहभक्त तुलाचन, भूपि शेरचन, पृथ्वी शेरचन, वसन्त शेरचन, उषा शेरचन, हेमन्त गौचन, नीला तुलाचन, चन्द्र भट्टचन, रोशन शेरचन,

मनीषा गौचन, अनिल गौचन, चन्द्र गौचन, ध्रुव भट्टचन, रत्न भट्टचन, कविता शेरचन, अमृता शेरचन, राजेन्द्र शेरचन, विमल शेरचन, विपिन भट्टचन, मनवान्ती शेरचन, चन्द्रबहादुर थकाली, विनोद भट्टचन, लोकेन्द्र शेरचन तथा नरेन्द्र गौचन आदि (प्रभात, २०६७ : २८ - ३३) । यसरी नै खोज अनुसन्धानमूलक रचनाहरूद्वारा जनजागृति गराउने थकाली लेखकहरू हुन् - ओमकारप्रसाद गौचन, डा. कृष्णबहादुर भट्टचन, इ. तेजप्रसाद गौचन, इ. प्रकाश गौचन, सुरेन्द्र गौचन, ज्योति भट्टचन, होमा थकाली, पूर्णप्रसाद तुलाचन, इन्द्रबहादुर तुलाचन, सोमप्रसाद गौचन, योगेन्द्रमान भट्टचन, डा. लोकेन्द्र शेरचन, सुशीला शेरचन, सावित्री शेरचन तथा ध्रुवकुमार भट्टचन आदि रहेका छन् ।

यसरी नेपाली भाषा, साहित्य, खोज–अनुसन्धानमूलक रचनाहरू सिर्जना गर्ने अरू पनि धेरै थकाली साहित्यकारहरू छन् । ती सबैको नाम यो सङ्क्षिप्त टिप्पणीमा समावेश गर्न सकिएको छैन ।

## खानपिन

थकालीहरूको बोलीचाली मीठो हुन्छ । सबैमा आत्मीय र सरल व्यवहार देख्न सकिन्छ । सफा सुग्घर । अनि थकाली खाना मीठो ! जिम्बुको स्वादै अर्कै ! यी सब कारणले गर्दा नेपाली र एक पटक थकाली खाना चाखिसकेका विदेशीहरू थकाली खाना खोजी खोजी खान्छन् ।

थकाली जातिको सबैभन्दा प्रचलित खाना नै थकाली खाना हो । अन्य समुदायले थकालीलाई मीठो खाना बनाएर खाने जातिको रूपमा चिन्दछन्, जुन यथार्थ पनि हो । थाक सातसय जस्तो भौगोलिक विकटता रहेको ठाउँमा पनि यिनीहरूले सामान्य प्रचलित खानाका अलावा अन्य मीठो खानाका लागि थुप्रै उत्कृष्ट खाद्यवस्तु र खानाको विकास गरे । जसमा फापरको सागबाट बनेको ढाप्रा, फापरको अन्नबाट बनाइएको 'पेटरा' पिठो, सिमीको दालबाट बनेको पिठो 'फारो' तिम्जुको सुकेको साग, सुकुटी र आलुमा जिम्बु राखेको तरकारी, ढुङ (आन्द्रामा रगत वा फापरको पिठो भरि बफाएको समेज जस्तै) आदि हुन् । थकाली जातिको जन्मदेखि मृत्युसम्मका सबै संस्कारमा जाँड रक्सी प्रयोग गर्ने गरिन्छ । जस्तै खिमी च्हुव गर्दा, विवाह पश्चात् क्हरसजी (माइती भेट्न जाँदा), पूजा आजा, खिमी. ह्रमदेन आदि सबै राम्रा/नराम्रा काममा जाँड रक्सी नभई हुँदैन (शेरचन, २०७० : ६८)।

## भेषभूषा

नेपालीहरू विशेषतः आदिवासी जनजातिका आ–आफ्नै प्रकारका भेषभूषा र आभूषणहरू छन् । थाक सातसय निवासी आदिवासी जनजाति थकाली जातिको पनि आफ्नै प्रकारका भेषभूषा र आभूषणहरू छन् । थकाली जातिको अन्य

आदिवासी जनजातिको जस्तै आफ्नै भेषभूषा रही आएको छ । महिलाको न्होकोन् चोलो र पुरुषको लवेदा सुरुवाल थकाली जातिले आफ्नो मौलिक भेषभूषाका रूपमा स्वीकार्दै आइरहेका छन् । विगतमा छोरीहरू ५ वर्ष पुगिसकेपछि विजोर वर्षको हुँदा न्होकोन चोलो भेषभूषा दिने चलन थियो । महान् चाड तोरन्लमा ३ दिनसम्म रातमा खिमी (पितृ) चढाउँदा, ल्ह फेव (बाह्र वर्षे कुम्भ मेला), स्योपेन लव (फालो) जस्ता परम्परागत उत्सव र मेलामा आफ्नो भेषभूषा पहिरिनु पर्दछ भन्ने मान्यता थकालीहरू राख्छन् । भेषभूषा सँगै लगाउने परम्परागत अन्य गरगहनामा मुगा र युबाट बनेका कन्ठी, फर्म, सुनबाट बनेको हम्बेल, आर्टस, पच्याली, तिलहरी आदि हुन् । विशेष अवसरमा यसको प्रयोग बढ्दै गएको छ (शेरचन, २०७० : ६८ - ६९) । थाकखोला क्षेत्रलाई आफ्नो मूलथलो मान्ने गौचन, तुलाचन, शेरचन र भट्टचन थर थकालीहरूको जनजीवनमा खाङलो थकाली भाषामा (खोङलो या खाङलो को आफ्नै विशिष्ट स्थान छ) "खाङलो" गलामा पहिरिने चाँदीको ठोस आभूषण हो । यो आभूषण थकाली जातिको विवाह संस्कारअन्तरगत "थर परिवर्तन संस्कार" थकाली भाषामा (खिमी च्हुवमा) अनिवार्य रूपमा प्रयोग गरिन्छ । बर पक्षबाट अनिवार्य रूपमा ल्याइएको खाङलो र सुनको जन्तर (थकाली भाषामा चोटकेर), वधूपक्षको कुमारकेटोले पहिरिएर थर परिवर्तन गर्ने प्रक्रिया सम्पन्न गरिन्छ । बूढापाकाहरूको भनाइअनुसार उहिले थकाली नववधूलाई खाङलो र सुनको जन्तर अनिवार्य रूपमा पहिराइन्थ्यो तर आजकल यो चलन समाप्त भइसकेको छ । "खिमी च्हुव" गर्दा पनि खाङलो मात्र प्रयोग गर्ने चलन आजकल चलेको छ (भट्टचन, २०४९ : २९) ।

समय परिवर्तनसँगसँगै थकाली जातिले आफ्नो पारम्परिक भेषभूषालगायत हिजोआज देश र विदेशमा प्रचलित रहेका सबै प्रकारका भेषभूषा र गरगहना प्रयोग गर्दछन् ।

## पेशा

मूलतः थकाली जाति व्यापारी जाति हो । कृषि कर्मसँगसँगै व्यापारमा पोख्त थकालीहरू विशेष गरेर होटेल व्यवसायबाट जनमानसमा चिनाउन सफल भएका हुन् । थकाली होटेलको खानाको स्वादै छुट्टै र मीठो हुने भएकाले मोटर बाटोको विकास हुनु अघि मूल बाटाहरूमा रहेका थकाली होटेलहरूले यात्रुहरूको मन जितेका थिए । अहिले पनि ठूलाठूला होटेलमा रमाउनेहरू छुट्टै स्वाद र मीठो नेपालीपनको खानाको लागि थकाली होटेलको खोजी गर्ने धेरै छन् ।

थकाली जातिको परम्परागत पेशा कृषि, पशुपालन र व्यापार हो । सन् उन्नाईसौं शताब्दीको सुरूदेखि मध्यसम्म थकालीहरू तिब्बत–नेपालबीचको नुनको व्यापार गर्दथे । तिब्बत र उत्तरी उच्च भूमिबाट भेंडाबाख्रा, चौंरी, घोडा, खच्चर, उन,

छाला, नौनी, छुर्पी, सिधेनुन पैठारी गर्थे । त्यसको बदलामा नेपाली र भारतीय मालसामान, धान, गहुँ, जौ, मकै, दाल, फापर, तेल, चिया, नेपाली कागज आदि निर्यात गर्दथे । यो समयावधिमा थकालीको व्यापारिक केन्द्र टुकुचे गाउँ थियो जो उक्त समय र क्षेत्रको सबैभन्दा चर्चित व्यापारिक केन्द्र थियो । यसका साथै सन् उन्नाईसौं शताब्दीको सुरूतिर नै केही थकालीहरू तामाखानीको ठेक्कापट्टा र व्यापार व्यवसायका लागि स्थायी रूपले नै बागलुङ, म्याग्दी, पर्वत, गुल्मी र प्यूठान जिल्लाका विभिन्न ठाउँमा बसाइँ सराइ गरेका थिए । थकाली जातिको व्यापार व्यवसायमा अर्को प्रतिष्ठाको विषय भनेको होटेल रेष्टुरेण्ट व्यवसाय हो (शेरचन, २०७० : ६७ - ६८) । समय परिवर्तनसँगसँगै वर्तमान अवस्थामा थकाली जाति नेपालका ठूला ठूला उद्योग स्वदेशी व्यापार, वैदेशिक व्यापार, पर्यटन उद्योग संचालन गरी देशको आर्थिक पक्षमा मद्दत पुऱ्याइरहेका छन् । साथै प्राज्ञिक क्षेत्रमा समेत संलग्न भई देशलाई उज्यालो पार्नसमेत सहयोगी भइरहेका छन् ।

## ढिकुरी

नेपालमा बैंक, सहकारी तथा अन्य कुनै पनि वित्तीय संस्थाहरूको जन्मै नभएको समयमा थाक सातसयमा थकालीहरूमा "ढिकुरी प्रथा" संचालनमा थियो । थाक सातसयमा यो प्रथा सदयौंदेखि चल्दै आइरहेको छ । यस प्रथाले सम्बन्धित ढिकुरी समूहका सदस्यहरूको गर्जो टार्नेलगायत आर्थिक उन्नतिमा समेत सहयोग पुऱ्याउने गरेको छ । यस प्रथाले समूहमा आपसमा सद्भाव, सत्प्रेम तथा सामूहिक जिम्मेवारीको बोधको विकास गर्दछ । यथार्थमा भन्नु पर्दा नेपालमा ढिकुरी प्रथा सहकारी व्यवस्थाको जननी हो ।

थकाली सेवा समिति नेपालका केन्द्रीय सल्लाहकार भैरहवा निवासी ओमकार गौचन (७६) अनुसार - ढिकुरी प्रथा कहिलेदेखि शुरू भयो थाहा भएन तर धेरै अगाडिदेखि थकाली समाजमा यो प्रथा प्रचलनमा आइरहेको छ । "ढिकुरी" भन्नाले 'ढि' माने अन्न 'कुरी' माने घुमाउने भन्ने बुझिन्छ । थकाली समाज भित्रबाट १० देखि १५ जना सम्मको समूहले प्रतिव्यक्ति १० पाथी उवा वा मकै संकलन गरी जम्मा गरिएको अन्न समूहभित्र जुन सदस्यलाई तत्काल आवश्यक छ उसलाई फिर्ता हुने गरी सहयोग गर्ने र पछि क्रमले पुनः सबैसँग उठाई आवश्यक पर्ने सदस्यलाई पालैपालो सहयोग गरी पन्ध्रौं पालोमा सबैलाई सहयोग र फिर्ता भइसकेको हुन्छ । यसरी पुनः ढिकुरी प्रक्रिया क्रमिक रूपमा संचालनमा आइरहेको हुन्छ । थकाली समाजभित्र विपन्न परिवारलाई त्यस्तो स्थितिबाट उकास्ने कार्य यस ढिकुरी प्रथाले सहयोग गरेको महसुस गरिएको छ । हालको स्थितिमा अन्नको प्रथा छाडी नगदको रूपमा प्रचलनमा आएको छ । यस प्रथाले सहकारीको रूप धारण गरेको छ ।

ढिकुरी निश्चित समयसीमाभित्र टुंगिने गरी निश्चित सदस्य संख्या, थैली रकम र रकमको ब्याजदर निश्चित गरेर घोपा (ढिकुरी संचालक) द्वारा संचालन गरिने एक आर्थिक क्रियाकलाप हो । ढिकुरी पहिलेदेखि नै थाक सातसयमा थकाली जातिमा चल्दै आइरहेको आर्थिक परम्परा हो, जुन आजको परिवर्तित र थकाली जाति बसाइँसराइ गरेर देशका अन्य क्षेत्रमा बसेको अवस्थामा पनि त्यत्तिकै महत्त्वपूर्ण छ । ढिकुरीको माध्यमबाट नै थकाली जातिको दिगो आर्थिक विकास सम्भव भएको कुरामा कुनै दुईमत नहोला । कुनै नयाँ व्यापार व्यवसाय संचालन गर्न वा आर्थिक हिसाबले कमजोर भएमा वा आर्थिक कारोबार बिग्रेमा निजको आर्थिक अवस्थामा सुधार ल्याउनका लागि आफ्नो दाजुभाइ, इष्टमित्र तथा नजिकका नातेदारबाट आर्थिक खेलोको रूपमा ढिकुरी जमाइदिने चलन पनि रहिआएको छ (शेरचन, २०७० : ६८) । 'ढि्ह' को अर्थ एक र 'कोरो' को अर्थ घुमाउरो हुन्छ । अतः 'ढि्हकोरो' को अर्थ एक-एक गरी घुमाउने भन्ने बुझिन्छ । 'ढि्हकोरो' शब्द छिटो छिटो उच्चारण गर्दा र अपभ्रंश भई ढिकुरी, ढिकुडी आदि नामले पुकारिन थालिएको हो । ढिकुरी आर्थिक साझा संस्थाको संस्थापकको श्रेय मुस्ताङ जिल्लाको दक्षिणी भेग थाक सातसय इलाका तेह्र मुखिया स्वायत्त शासन प्रणालीका अनुयायी अग्रज थकालीहरूलाई जान्छ (भट्टचन, २०६२ : ५५)।

## तेह्र मुखिया प्रणाली

थासाङ अर्थात् थाक सातसयमा सदियौंदेखि १३ मुखिया प्रणाली चल्दै आइरहेको छ । भुरे राजाहरूको पालामा पनि यो प्रणाली थियो । १३ मुखिया प्रणाली कहिलेदेखि थासाङमा प्रचलनम आयो यसको तिथि मिति भेटिएको छैन । नेपाल एकीकरणपछि पनि यो प्रणालीलाई केही फरक परेन । तानाशाही राणाकालमा पनि यो प्रणाली यथावत् कायम रह्यो । देशमा २०१७ सालपछि लादिएको पंचायती व्यवस्थाले पनि यसलाई असर पार्न सकेन । थासाङ क्षेत्रलाई १३ गाउँमा विभाजन गरी प्रत्येक गाउँबाट गाउँको प्रतिनिधिको रूपमा मुखिया चुनिने र ती १३ मुखिया मध्येबाट मिर मुखिया एक, उपमिर मुखिया एक र तहविल मुखिया एक चुनिन्छन् र बाँकी १० मुखियाको रूपमा रहन्छन् । समयकाल परिस्थितिअनुरूप गाउँका सबै प्रकारका खिचोला १३ मुखिया प्रणालीबाट न्यायिक निराकरण गरिन्छ । सरकारी अड्डा अदालत जान यस मुखिया प्रणालीले हतोत्साही गर्दछ । भुरे राज्यकाल, शाह काल, तानाशाही राणाकाल, पंचायती शासन र वर्तमान अवस्थामा पनि अस्तित्वमा अडिग यो १३ मुखिया प्रणाली वास्तवमा नेपालमा स्वायत्त शासनको अद्‌भुत नमुना हो । यथार्थमा यो प्रणाली प्रजातान्त्रिक, जनतान्त्रिक र गणतान्त्रिक पद्धतिको जग हो भन्नुमा अत्युक्ति नहोला । यसको निम्ति थासाङ निवासी थकाली जाति आदर एवम् प्रशंसाका पात्र छन् ।

थाक सातसयका १३ मुखिया नै यहाँका स्वजातीय प्रशासकको रूपमा रहेका हुन्छन् । यी १३ मुखियाबाट मुखिया र मिर मुखियाको चुनाव हुन्छ । यिनीहरूले थाक सातसयका पुराना सनद-सवाल, रीतिस्थितिका कागजात र अन्य आफ्ना रीतिस्थिति बन्देज सहितका कागजातहरू १३ मुखियाको लाहाछाप लगाई राख्दछन् । चार जात थकालीभित्रको परम्परागत रीतिस्थिति, नियम-उपनियम आदिको पालना गरे नगरेको कुरा र परस्परमा असन्तुष्ट तथा एकले अर्कालाई अन्याय गरेको विवादास्पद विषयहरूसमेत अड्डा अदालतमा नलगी यिनै १३ मुखिया र यीमध्येका मिर मुखियाहरूका उपस्थितिमा परम्परागत चलिआएको, तोकिएका समयको प्रतीक्षा गरिन्छ । यो तोकिएको समय प्रत्येक सालको भाद्र महिनाको ऋषितर्पणी पूर्णिमापछिको तृतिया तिथि हो । यस चर्चित दिनमा मुखियाहरूको उपस्थिति तोकिएको स्थानमा हुन्छ । यिनीहरूको उपस्थितिमा भएका सबै यथार्थ कुराको छलफल गरी परम्परागत रीतिस्थितिका आधारमा सबै समस्या समाधान गरिन्छ र कुनै त यो नियम बनाई रीतिस्थिति कायम गर्नु पर्ने देखिएमा प्रस्ताव पारित गरी गर्ने प्रथा यथावत् रूपमा चलिआएको छ (क्षेत्री, २०४४ : ३३४) ।

नेपाल राष्ट्रको विशिष्टताको पहिचान थेग्ने जाति नै थकाली हुन् । यी जातिको उद्‌गम थलो वा पवित्र भूमि कोबाङ हो भने मार्फाली थकाली, बाह्रगाउँले, तीनगाउँले लगायतका पनि आ-आफ्नो भूमिका उत्तिकै महत्त्व छ । थकाली जातिका थर भट्टचन, शेरचन, गौचन, तुलाचनहरूले परम्परागत रूपमा मानिआएको आ-आफ्नो संस्कार, संस्कृतिको पूजा गर्ने पवित्र मन्दिरहरू छन् । ती मन्दिरमा पूजा गर्ने पुजारी हुन्छन् । ती पुजारी आफ्नै थरका र तिनीहरूको नियुक्ति मुखियाहरूले गर्ने भएको हुनाले प्रक्रिया नै अन्यभन्दा भिन्न छ । मुखिया प्रणाली थकाली जातिको ऐतिहासिक वा परम्परागत रूपमा समाजमा संचालन गर्ने एक भिन्न कानुनी पद्धति हो । यस पद्धतिलाई जिल्लाका समग्र जनताले सर्वसम्मत रूपले स्वीकार गरिआएका हुनाले त्यसको कुनै गुञ्जायस रहेको पाइँदैन । केही अन्य जिल्लाबाट आएका मानिसले प्रणालीको केही आलोचना गरे पनि त्यसको कुनै तुक छैन किनकि, जनता हुन् - सार्वभौम निर्णायक । यहाँका जनताले यो प्रणालीलाई नै सर्व स्वीकारको रूपमा मान्छन् । जनताले परम्परादेखि आजसम्म र कालान्तरसम्म यो पद्धतिलाई अवलम्बन गरिरहनेमा शंका नगर्नु न्यायोचित हुन्छ । मुखिया प्रणालीलाई नेपाल सरकारले आजसम्म मानेको छ तर लिखित रूपमा नेपाल प्रचलित ऐन, नियम र नीतिमा समावेश गरेको भने गरेको छैन । यस्तो सामूहिक, लोकतान्त्रिक, सबैले जित्ने, कसैले नहार्ने सर्वोत्कृष्ट न्यायिक पद्धति मुस्ताङबाहेक अन्य कुनै जिल्ला, जाति वा समुदायमा स्थापित रहेको यो पंक्तिकारलाई आजको मितिसम्म जानकारी छैन (घले, २०७० : २२ - २३)।

वास्तवमा यो १३ मुखिया प्रणाली रूप र सारमा संघात्मक संरचनासँग मेल खान्छ । किनभने भौगोलिक रूपमा क्षेत्रगत इकाइको आधारमा थकाली समुदायको १३ वटा मूल गाउँहरू - टुकुचे, खन्ती, कोबाङ, लार्जुङ, नाकुङ, भुर्जुङकोट, नाब्रुङकोट, धम्पु, टिटी, ताउलुङ, कोन्ज, लेते र घाँसा अस्तित्वमा छन् जो आफू - आफैंद्वारा स्वशासित छन् । स्थानीय स्तरमा गाउँबाट छानिएको गाउँ मुखिया प्रणालीबाट गाउँ समाजको हितमा गाउँलेहरूको सहमतिमा गाउँको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, न्यायिक तथा सम्पूर्ण परम्परागत संस्कार आदिको व्यवस्थापन, संरक्षण र सञ्चालनका प्रमुख भूमिका निर्वाह गरिन्छ । क्षेत्रगत इकाईका रूपमा स्थापित मुखेली गाउँहरूमाथि सर्वोच्च निकायको रूपमा १३ मुखिया स्थापित रहेको छ । सर्वोच्च अङ्ग १३ मुखियाको नीति निर्देशनमा गाउँ मुखियाहरू आफ्नो क्षेत्रमा निर्देशित रहेका हुन्छन् । यसरी १३ मुखिया प्रणाली नाम जे रहेको भए पनि सारमा एउटा जनमुखी लोकतान्त्रिक प्रणालीका रूपमा सर्वमान्य मात्र होइन लोकप्रिय रहँदै आएको छ । सामाजिक जीवनको विभिन्न क्षेत्रमा आवश्यक नीति, नियम र बन्देजहरू तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्दछ । समाजभित्र परिआउने जुनसुकै प्रकृतिको झै-झगडा र विवादको न्यायिक समाधान १३ मुखिया प्रणालीबाट हुने गर्दछ । यसरी १३ मुखियाले परम्परागत रूपमा प्रचलित मापदण्डभित्र रहेर एकीकृत रूपमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको भूमिका निभाउँछन् । यही स्वशासकीय १३ मुखिया प्रणालीबाट थकाली जाति, समुदाय आज पनि निर्देशित रहेको छ । यो थकालीको मौलिक विशिष्टता हो (शेरचन, २०७२ : ७२ - ७३)।

## उपसंहार

हिमाल, पहाड र तराई एवम् नदी-नाला, ताल तलैयाहरूद्वारा सुशोभित हराभरा सुन्दर देश नेपाल सदियौंदेखि विभिन्न जातजाति, भाषाभाषी, धर्म, कला र संस्कृति अंगालेका समूहहरूको आरक्षस्थल रहिआएको छ । नेपालका हिमाली क्षेत्र र पहाडका उत्तरी तथा मध्य भागमा बसोबास गर्ने आदिवासी जनजातिहरू विशेष गरेर हिमालपारि तिब्बतबाट आएका मंगोलमूलका जनजातिहरू हुन् । थकाली जातिको सम्बन्धमा ह्रवअनुसार थकाली जातिका श्रद्धेय पुर्खाहरू (१) च्योकी (गौचन) का पुर्खा अनि ऐरम्, (२) साल्की (तुलाचन) का पुर्खा साम्लिढेन साम्लिच्याङ, (३) ट्हिमचन (शेरचन) का पुर्खा ढाक्पा कहेल्चनले र (४) प्कुर्की (भट्टचन) का पुर्खा पाउकुतीहरू पश्चिमबाट पूर्वतिर आउने क्रममा जुम्लाको सिंजा भन्ने ठाउँमा बसेका र त्यहाँबाट कालो चरा उडेको उत्तरतर्फ पाउकुती र रातो, हरियो र सेतो चरा उडेको पूर्वतर्फ अन्य तीन पुर्खाहरू लागेछन् । धेरैपछि तीन पुर्खा र पाउकुतीको भेट रूप्से छहरामा भएछ । यसपछि चारै पुर्खाहरूले थासाङ थाक सातसयका विभिन्न इलाकामा बसोबास गरे । यसैले थासाङ, थाकखोला, थाक सातसयमा बसोबास गरेका कारण यिनीहरूलाई थकाली

भनियो । यिनीहरू मंगोल मूलका एक हाँगा हुन् । प्रायजसो थकालीहरूले आफूहरू जुम्ला सिञ्जाका राजकुमार हंस राजा र ठिमीकी राजकुमारी ङिमा रानीका सन्तान भनी ठकुरी भएको दावी गर्दै आएका छन् । तर अर्का थरीको भनाइ अनुसार थाकखोला भेकका अन्य जातिहरू गुरुङ, मगर र तामाङहरूको अन्तर्जातीय वैवाहिक सम्बन्धबाट उत्पन्न भएका वर्णसङ्कर हुन् । हालसम्म यी विवादित जिज्ञासाहरू अनुत्तरित छन् । अध्ययन, अनुसन्धानबाट यथार्थ तथ्यको प्रकाश हुने नै छ । थाक सातसयमा बस्ने थकालीहरू च्योकी, साल्की, टि्हमचन र फ्हुर्की चार थर थकालीका ३८ क्ह्यूहरू (गोत्र) छन् । वि.सं. १९९३ देखि च्योकीलाई 'गौचन', साल्कीलाई 'तुलाचन', टि्हमचनलाई 'शेरचन' र फ्हुर्कीलाई 'भट्टचन' भन्न थालिएको हो । थकाली जातिको प्राचीन धर्म बोन धर्म हो । तर पछि बौद्ध धर्म र धेरै पछि हिन्दू धर्म अपनाउन थालियो । यसरी थकालीहरूले बोन धर्म, बौद्ध धर्म र हिन्दू धर्म गरी तीन धर्म मान्ने गर्दछन् । थकालीहरू 'महागुरु नरिभ्क्योक' लाई अत्यन्त श्रद्धापूर्वक मान्दछन् । तर हिन्दू धर्म मान्ने थकालीहरू महागुरु नरिभ्क्योवलाई महालक्ष्मीको रूपमा स्वीकार्दछन् । चार चन थकालीमध्ये गौचनका इष्ट देवता - ल्ह् लाङ्वा न्हुर्वु, तुलाचनका इष्टदेवी - ल्ह् छिरिन उपल्यो, शेरचनका इष्ट देवता ल्ह् क्याङला सिंकिकर्यो र भट्टचनका इष्ट देवता - ल्ह् ह्यावा हाङज्युङ हुन् । थकाली जातिका आफ्नै प्रकारका धार्मिक पर्वहरू छन् - ल्ह फेव (बाह्र वर्षे मेला) तिब्बतीयन ज्योतिष शास्त्रका अनुसार यो पर्व प्रत्येक १२ वर्षको प्रल्हो (बाँदर वर्ग) मा गरिन्छ । स्योपेन लव (कुमार यात्रा) हरेक वर्षको भाद्र महिना (फालो) मा गर्ने परम्परा छ । तोरन्ल (फागुपूर्णिमा) फागुपूर्णिमाको उपलक्ष्यमा तीन दिन मनाइने यो पर्वमा 'धनुषवाण' को तारो हान्ने खेल गरिन्छ । स्होय् - स्होय् पर्व ल्ह फेव हुनुभन्दा ३ वर्षअगाडि गरिने धार्मिक पर्व हो । थकाली जातिमा जन्म, न्वारान, अन्नप्रासन, छेवर, गुन्युचोलो (न्होन्कोन चोलो), विवाह, मृत्यु संस्कार आदि आफ्नै रीत परम्परा अनुसार गरिन्छ । यी संस्कारहरूको कार्यान्वयनमा ज्वाइँको भूमिका महत्त्वपूर्ण हुन्छ । भोट बर्मेली परिवारको भाषा बोल्ने थकालीहरू २०६८ को जनगणना अनुसार महिला ७०५८ र पुरुष ६१५७ गरी १३२१५ छन् । यीमध्ये आफ्नो मातृभाषा बोल्ने थकालीहरू महिला २७८१ र पुरुष २४६१ गरी ५२४२ मात्र छन् । जनसंख्या थोरै भए पनि नेपाली भाषा साहित्यमा थकाली जातिको उँचाई धेरै माथि छ । भूपि शेरचन भनेपछि हामी नेपालीहरू श्रद्धाले शिर निहुराउँछौं । साविकमा थकालीहरूको पेशा कृषि, होटेल व्यवसाय र ठेक्का पट्टा मात्र भए पनि समय परिवर्तनसँगसँगै बसाइँ सराइलगायत ठूला ठूला उद्योग, व्यापार, वैदेशिक व्यापार, पर्यटन उद्योग, होटेल व्यवसाय संचालन गरी देशलाई आर्थिक टेवा दिइरहेका छन् । थकालीहरूको बोली-वचन, व्यवहार मीठो भए जस्तै थकाली खाना परिकार पनि अति मीठा हुन्छन् । थकाली खाना सबै नेपाली एवम् विदेशी पर्यटकहरूको मन पर्ने खाना हो । थकाली जातिको

भेषभूषामा पनि आफ्नै पन छ । महिलाहरूमा न्होकोन चोलो र पुरुषहरूको लवेदा सुरूवाल हुन् । गरगहनामा मुगा र युबाट बनेका कन्ठी, फर्म । सुनबाट - हम्बेल, आर्टस, पनयाली, तिलहरी आदि हुन् । विवाह संस्कारमा चाँदीको आभूषण खाङलो पहिरिने चलन छ । देशमा कुनै पनि वित्तीय संस्थाहरूको प्रादुर्भाव नभएको समयमै थकाली जातिमा सहयोगात्मक भावनाले प्रेरित 'ढिकुरी' प्रथा चलनमा आइसकेको थियो । ढिकुरी नेपालमा आजको सहकारी संस्थाको जननीको रूपमा लिइन्छ । थकालीहरूमा स्वायत्त शासनको चेत सयौं वर्ष अगाडिदेखि थियो । त्यसैले थासाङ, थाक सातसयका १३ मूल गाउँमा १३ मुखिया प्रणाली कायम थियो । आजसम्म अविछिन्नरूपमा प्रचलनमा आइरहेको यो प्रणालीले प्रजातान्त्रिक, जनतान्त्रिक, गणतान्त्रिक पद्धतिअनुरूप न्यायिक रूपमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको भूमिका निर्वाह गर्दै आइरहेको छ । यस्तो गरिमामय पद्धतिको निम्ति थासाङ, थाकसातसय निवासी सम्पूर्ण थकाली जाति आदर एवं प्रशंसाका पात्र छन् ।

## सन्दर्भ-सूची


गुरुङ, हर्क (२००९), मैले देखेको नेपाल, ललितपुर : हिमाल किताब ।

गौचन, ओमेन्द्र (२०६२), "महान् पर्व : तोरन्ल", थासाङ, काठमाडौं : थकाली अनुसन्धान केन्द्र ।

गौचन, तेजप्रसाद (२०४९), "थकाली संस्कृति", खाङलो, काठमाडौं : थकाली सेवा समिति, केन्द्रीय कार्यालय ।

घले, दिनेश (२०७०), "राज्यले मुखिया प्रणालीलाई लिखित कानुनमै समावेश गर्नुपर्छ", धौलाश्री युगवाणी, मुस्ताङ : भूपि स्मृति थाक पुस्तकालय ।

तुलाचन, इन्द्रबहादुर (२०४९), "थाकखोला एक परिचय", खाङलो, काठमाडौं : थकाली सेवा समिति, केन्द्रीय कार्यालय ।

तुलाचन, नरेशकुमार (२०७३), "थाकखोला र थकाली", थासाङ, काठमाडौं : थकाली अनुसन्धान केन्द्र ।

तुलाचन, पूर्णप्रसाद (२०७३), चार ईष्ट देवी देवताको गाथा तथा मेरो संकल्प, पोखरा, पूर्णप्रसाद शैक्षिक अक्षय कोष ।

तुलाचन, सोमप्रसाद (२०७२), "त्हस : ताराखेल (धनुषवाण)", खाङलो, काठमाडौं : थकाली सेवा समिति नेपाल ।

थकाली सेवा समिति नेपाल (२०७५), थकाली जातिको महान् सांस्कृतिक पर्व फालो, स्योपन लव, फालो कार्यक्रम काठमाडौं : थकाली सेवा समिति, नेपाल ।

पाण्डेय, मधुसूदन (२०६१), नेपालका जनजातिहरू, काठमाडौं : पैरवी प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०६२), "थकाली भाषाको सामान्य परिचय", थासाङ, काठमाडौं : थकाली अनुसन्धान केन्द्र ।

पौडेल, कृष्ण (२०६७), "थकाली भाषाको समाज भाषा वैज्ञानिक अध्ययन", खाङलो, काठमाडौं : थकाली सेवा समिति, नेपाल ।

प्रभात, विष्णु (२०६७), "नेपाली साहित्यमा थकाली स्रष्टाको योगदान", खाङलो, काठमाडौं : थकाली सेवा समिति, नेपाल ।

, , , , , (२०७०), "थकाली जीवन दर्शन : केही विवेचना", धौलाश्री युगवाणी, मुस्ताङ : भूपि स्मृति थाक पुस्तकालय ।

, , , , , (२०७४), मुस्ताङ, "थकाली लोक जीवन र बोन विश्वास", धौलाश्री युगवाणी, मुस्ताङ : भूपि स्मृति थाक पुस्तकालय ।

बन्धु, चूडामणि (२०४९), "मातृभाषा र जातीय भाषाका सन्दर्भमा थकाली भाषा", खाङलो, काठमाडौं : थकाली सेवा समिति, केन्द्रीय कार्यालय ।

भट्टचन, कृष्णबहादुर (२०७०), थकालीको सामाजिक संस्कार एक विहङ्गम दृष्टि, नेपाल जातीय संस्कार (खण्ड एक) काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भट्टचन, खुनाराज्योति (२०५८), "थाक सातसयका थकाली जातिका जीवित देवता ह्यावान्हयाङजुङ र स्होय - स्होय पर्व", खाङलो, काठमाडौं : थकाली सेवा समिति ।

भट्टचन, खुनाराज्योति (२०७०), थकाली पुर्ख्यौली भूमि थासाङ : नक्साङ्कन तथा वर्तमान सीमा विवादको ऐतिहासिक अध्ययन, काठमाडौं : थकाली सेवा समिति नेपाल ।

भट्टचन, ज्योति (२०४९), "थकाली जातिको अमूल्य सांस्कृतिक धरोहर खाङलो र महालक्ष्मीदेवी एक विश्लेषण", खाङलो, काठमाडौं : थकाली सेवा समिति नेपाल ।

भट्टचन, ध्रुवकुमार (२०६२), "ढिकुरी सहकारीको आमा", थासाङ, काठमाडौं : थकाली अनुसन्धान केन्द्र ।

भट्टचन, वसन्त (२०४९), "हंस राजा", खाङलो, काठमाडौं : थकाली सेवा समिति केन्द्रीय कार्यालय ।

, , , , , (२०५८), "धार्मिक पर्व स्होय स्होय : एक संस्मरण", खाङलो, काठमाडौं : थकाली सेवा समिति केन्द्रीय कार्यालय ।

भट्टचन, योगेन्द्रमान (२०७२), "हंस राजा किंवदन्ती राजा", खाङलो, काठमाडौं : थकाली सेवा समिति केन्द्रीय कार्यालय ।

विष्ट, डोरबहादुर (२०७४), सबै जातको फूलवारी, काठमाडौं : साझा प्रकाशन ।

शर्मा, गोपीनाथ (२०७१), चौबीसी राज्यको इतिहास, काठमाडौं : मकालु प्रकाशन ।

शेरचन, लोकेन्द्रमान (२०७३), "भाषा र सांस्कृतिक कुरा धेरै काम थोरै", थासाङ, काठमाडौं : थकाली अनुसन्धान केन्द्र ।

शेरचन, वसन्त (२०७०), "थकाली जातिको समग्र पक्ष : एक चिनारी", धौलाश्री युगवाणी, मुस्ताङ : भूपि स्मृति थाक पुस्तकालय ।

, , , , (२०७२), "१३ मुखिया प्रणाली : एक विवेचना", धौलाश्री युगवाणी, मुस्ताङ : भूपि स्मृति थाक पुस्तकालय ।

शेरचन, सावित्री (२०६२), "ईष्ट देउता 'महागुरु' र फाल एक परिपूरक", थासाङ, काठमाडौं : थकाली अनुसन्धान केन्द्र ।

शेरचन, सुशीला (२०७३), "थकाली संस्कार र यसको कार्यान्वयनमा उठेका सवालहरू", थासाङ, काठमाडौं : थकाली अनुसन्धान केन्द्र ।

सामान्य ज्ञान (२०६३), नेपालका आदिवासी जनजाति, काठमाडौं : अन्तर्राष्ट्रिय मञ्च ।

सूचना विभाग (२०३१), मेचीदेखि महाकाली (भाग-३), पश्चिमाञ्चल विकास क्षेत्र, काठमाडौं : श्री ५ को सरकार संचार मन्त्रालय ।

क्षेत्र, नारायणप्रसाद (२०४४), मुस्ताङ दिग्दर्शन, काठमाडौं : साझा प्रकाशन ।

## परिशिष्ट

हामी त हंस राजा र ङिमा रानीको सन्तान, त्यसकारण हामीहरू हिन्दू आर्य वर्णाश्रम अनुसारका ठकुरी हौं । हामीलाई जंगबहादुरले नै जनै लगाउने अनुमति दिइसकेको हो । जाडो ठाउँमा बस्ने भएकोले मद्यपान त्याग्न नसकेर मात्र जनै नलगाएको हो । त्यसकारण हामीले ठकुरी नभएर थकालीकै रूपमा रहे पनि कुनै कालपरिस्थितिले गर्दा बाध्य भएर अपनाउन पुगेको विरानो र असभ्य भाषा र

संस्कृति त्याग्नुपर्छ । जुन ठाउँमा पुगे पनि स्थानीय समाजसँग सामन्जस्य र सौहाद्रताको भावना सिर्जना गरेर आफ्नो उन्नति गर्न सक्ने सामर्थ्य नै थकाली परम्परा बनिसकेको छ । प्रजातन्त्र आएपछि राजकीय धर्मको रूपमा हिन्दू धर्म विराजमान भएको परिप्रेक्ष्यमा हाम्रा पूर्वजको धर्म नै अंगाल्नु सम-सामयिक भएको छ, यो प्रचलित संस्कृतिमा सम्मिलित हुनुमा नै थकाली समाजको दूरगामी विकास हुने बढी सम्भावना छ भन्ने जस्ता सोचाइले गएका चार पाँच दशकहरूमा निकै प्रोत्साहन पाएको थियो र अहिले पनि यो विचारसँग सहमति राख्ने थकाली विशेष गरेर त्यस समयमा हुर्केकाहरूको संख्या प्रशस्त छ ।

अर्कोतिर यसको ठीक विपरीत सोचाइ राख्ने थकालीहरूको बहुल्य छ जो आधुनिक शिक्षा दीक्षा कम पाएका छन् र काठमाडौंको जस्तो सभ्यताबाट कम प्रभावित भएका छन् । यो समूहमा थकाली युवा पिंढी पनि परेको देखिएको छ । यो समूहको सोचाइमा हामीहरू मंगोल मूलका बौद्धमार्गी हौ, हाम्रो भाषा र रीतिथिति तामाङहरूसँग मिल्छ, त्यसकारण हामी तिनीहरूमा विलय हुनुपर्दछ । बाहुनहरूको लहैलहैमा लागेर हाम्रो समाजका अग्रजहरूले ठकुरी हुने र हिन्दू धर्म अपनाउने चेष्टा गरे । विभिन्न स्वदेशी विद्वान्‌हरूले वंशावलीको अध्ययन गरे तापनि कसैले हंस राजासँगको सम्बन्ध देखाएका छैनन् । वास्तवमा थकाली जाति जतिको अध्ययन अनुसन्धान भएका अरू जातजाति नेपालमा कमै होलान् । तैपनि थकाली समाजको अरू अध्ययन र अनुसन्धान हुनुपर्छ भन्नेहरूको आशा र घुमाउरो चाल थकालीहरू ठकुरी मूलका हुन भनेर प्रमाणित गर्न खोज्नु हो । त्यसकारण यस्तो आवश्यकता नै छैन । हामीहरूले दसैं - तिहार जस्तो हिन्दू चाडवाड मान्न हुँदैन, सम्भव भए नेपाली भाषा पनि बोल्नु हुँदैन ।

यी दुबै विचारहरू पूर्वाग्रही र अतिवादी छन् । यहाँनेर हामीले सम्झनु पर्ने के छ भने यस्तो विवाद हाम्रो समाजमा मात्र होइन, नेपालमा अरू जनजातीय समाजमा पनि छ ।

संसारको कुनै पनि समाज अरू समाजबाट अलग्गिएर रहन सक्दैन । त्यसमाथि आफ्नो उन्नतिको लागि निरन्तर तल्लीन रहने थकालीहरू आफ्नो समाजभित्र मात्र सीमित भएर बस्न सक्ने कुरै भएन । हाम्रा पूर्वज जहाँबाट आएका भए पनि यसै सिलसिलामा थाकखोला आइपुगेको हुनुपर्दछ । स्थानीय बासिन्दाहरूसँग लामो अन्तर्सम्बन्ध र अन्तरप्रक्रियाको प्रतिफल आजको थकाली समाज हो ।

**इ. तेजप्रसाद गौचन**

***(खाङ्लो - थकाली संस्कृति - पाँचौ थुंगा पौष २०४९ पृष्ठ १६)***

ooo

# आमा !

✍ **शंकर ज्ञवाली**
**छत्रकोट गाउँपालिका-५, गुल्मी**
**हाल : पोखरा, कास्की**

१

जन्म दिने आमा पाइन्न खर्च गरि लाख
सिंहासन नि फिक्का हुन्छ पाउँदा उनको काख
आँसु झार्न छोड्छ बालक सुन्दा उनको बोली
ढुक्क बक्छ आफ्ना पीडा भित्री मन खोली

२

ताते गर्दै आँगनीमा बच्चा डुलाउँदा
अन्तरमनका भाव खुल्ने यिन्लाई भुलाउँदा
कोखाई कोखाई हाम्मै भन्दै खुवाउनु भो खाना
थिरी, थिरी नानी भनी लगाउनु भो नाना

३

आफ्नो गास कटाएर पटुकीमा राखी
हतारमा पसिनाले भिज्यो तिम्रो काखी
जहाँ गए नि पल पल सन्तानकै ताप
आमाको मन कुडाउँदा लाग्छ हाम्लाई पाप

४

चालीस हप्ता नाभिबाट पौष्टिक तत्त्व खानी
कति वज्र रैछ तिम्रो त्यो भित्री बच्चादानी
जिउमा सानो काँडो बिज्दा पीडा हुन्छ कति ?
खल्बलियो ज्यान तिम्रो पायौ कष्ट अति

५

नानीले खाली भनी लुकाएर राख्यौ
मिठो, नरम पकाएर भन्सारतिर डाक्यौ
मेला, पात जाँदासमेत चिन्ता मान्ने घर्को
छोरा, छोरीभन्दा प्यारा भएनन् कुनै अर्को

६
वक्षस्थलमा टँसाएर स्तनपान गर्दा
कोखिलामा झुण्डाएर गाउँ बेसी झर्दा
जिउ भयो थिलो थिलो बोक्दा काँधमाथि
भविष्यका आशा अनि पीर पर्दाका साथी
७
एक हातले कोर्को हल्लाई अर्को हातले काम
नरम ताजा बनाएर खुवाउनुभो माम
बिउँझियो कि नानी भनी नजर घरी घरी
रोदनलाई थुम्थुम्याउने जुक्ति थरी, थरी
८
दिसा पिसाब हत्केलामा नमानेर घिन
के गरेर तिरौं अब बालापनको रिन
घरी घरी पिरोल्दा नि बोलिनौ रे चर्को
कच्कच गरी सताउँदा नि मानिनौ रे झर्को
९
मातृप्रेम संसारमा ठूलो रैछ नानी
नदुखाऊँ आमाको मन हाम्ले जानी जानी
आमा नै हुन् सिर्जना र प्रेरणाका मूल
आदर सम्मान दिन उनलाई नगरौं है भूल
१०
आमा शब्द साझा हो रे सारा विश्वभर
उनका साथ रहँदासम्म हुन्न कुनै डर
जति थप्पड हाने पनि आउँछन् आमैतिर
उनको दृष्टि पर्दासमेत हराइहाल्ने पिर
११
आमा भन्नु यो लोकमा सबैभन्दा ठूलो
नाप्न जोख्न सकिदैन झुण्डाएर तुलो
आमाको मन दुःखाउने गर्नु हुन्न कर्म
आदर भाव देखाऊँ बरू बुझी उनको मर्म
१२
सधै आमा भन्न पाइयोस् आउँदा घरतिर
तिम्रो मुहार देख्दा पनि हट्छन् मनका पिर
आशीर्वाद पाऊँ तिम्रो जित्छु सेरोफेरो
शतत आयु होओस् तिम्रो कामना छ मेरो
०००

# सुन बिस्ट्याउने बँगुर

✍ **हरिप्रसाद भण्डारी**
**धुर्कोट, वस्तु, गुल्मी**

"लौ आयो, सुन बिस्ट्याउने बँगुर । छिटै धनी हुने सुनौलो अवसर । मौका आउँछ पर्खदैन, बगेको खोला फर्कदैन ।"

कमानसिंह जोडले कराइरहेको थियो । बटुवाहरू नजिकै उभिएर उसलाई हेरिरहेका थिए ।

अचम्मको कुरा सुनेर सन्ते झस्कियो, कान थापेर सुन्यो र बुबालाई बोलाउँदै भन्यो, "बा हेर्नु त त्यो मान्छे के भन्दै छ ?"

छोराको कुराले हर्केको ध्यान त्यतैतिर मोडियो ।

कमानसिंहका अगाडि बँगुरका सानासाना पाठापाठी थिए । तिनैलाई मुसार्दै कमानसिंह चर्को स्वरमा बोलिरहेको थियो,"लौ हजुर, यिनले सुन बिस्ट्याएनन् भने मेरा मुखमा थुकिदिनू । कालो मोसो दलिदिनू । फाँसीमा चढाउनू । "

भर्खर तेह्र पुगेर चौध वर्षमा टेकेको सन्ते गाउँमै जन्मेको र गाउँमै हुर्केको थियो । घरदेखि आधा घण्टाको स्कुलबाहेक उसले परको संसार देखेको थिएन । आज मात्रै बासँग बजार आएको ऊ नयाँ ठाउँ देखेर रमाइरहको थियो । त्यसमा पनि कमानसिंहको अभिव्यक्तिले झन् रोमाञ्चित भयो ।

सन्तेका बाआमा समान्य किसान थिए । गाउँमा आम्दानीको स्रोत केही थिएन । साँझ बिहान दुई छाक खान र छोराछोरीलाई स्कुल पढाउन पनि धौ-धौ थियो । यसै बीच चार वर्ष पहिले 'विदेश पठाइदिन्छु' भन्दै एक जना दलालले लोभ देखायो । हर्केले भएको घरबारी बन्दकी राखेर दलाललाई पैसा दिएको थियो । पैसा हात परेपछि देखभेटै भएन । त्यस घटनाले ऊ झण्डै विक्षिप्त भएको थियो । त्यसपछि उसको विदेश जाने मोह भङ्ग भयो । खेतीबालीको कामबाट फुर्सद भएको बेला साहूको भारी बोकेर खर्च जुटाउन थाल्यो ।

आफू किसान र भरिया भए पनि उनमा छोराछोरीलाई पढाउनुपर्छ भन्ने भावना थियो । त्यसैले सन्ते र उसकी बहिनीलाई स्कूल हालिदिएका थिए । शुरू शुरूमा त सन्ते पढाइमा त्यति राम्रो थिएन तर पछि राम्रो गर्दै गयो । छोराले पढाइमा उन्नति गरेको देखेर सन्तेका बाआमा औधी खुशी थिए ।

अलिकति भिड हटेपछि सन्तेले कमानसिंहका काननिर मुख लगेर सोध्यो, "दाजु तपाईंले भनेको कुरा साँचो हो ?"

"के कुरा गर्नु भएको भाइ ? के म फटाहाजस्तो देखिन्छु ? मेरा बाउ, बाजे, परबाजे कोही झूठ बोलेनन् । अहिले आएर म झूठ बोलूँ ? छिः छिः छिः ! मबाट यस्तो हुनै सक्दैन । "

ऊ धाराप्रवाह बोलिरह्यो, "बरू भोकै बस्छु । आधा पेट खान्छु । तर झूठ बोल्दिनँ । विदेशमा मान्छे पठाउने दलाल सम्झनुभएको मलाई ? म त्यस्तो मान्छे होइनँ । मेहनत गरेर खाने मान्छे हुँ । "

'विदेशमा मान्छे पठाउने दलाल ?' यो कुराले हर्केको मन छोयो । ऊ एकैछिन पछाडि फर्कियो ।

'ठग्नु ठग्यो बज्ज्याले । त्यसका मुखमा किरा परून् । त्यसका हातमा कोर सल्कोस् । त्यसका सात पुस्तालाई सुख नहोस् । ' पुरानो कुरा सम्झेर उसको खाटा बसेको घाउ पुनः चहरायो । छाती चरक्क चर्कियो ।

'पापी मोरो, काठमाडौं पुग्दासाथ भिसा लाग्छ । गाउँका स्कूलजत्रो जहाजमा चढेर उड्न पाइन्छ । विदेश पुग्नासाथ राम्रो काम पाइन्छ । मस्तै पैसा कमाइन्छ । नानाभाँती कुरा गरेर फकायो । तर पैसा हात परेपछि नाक मुख देखाएन । काँ हरायो हरायो । घर न घाटको बनायो । हे दैव ! त्यस्ता असतीलाई काल किन नआएको होला ? हात खुट्टामा कोर किन नसल्केको होला ?'

"लिने हो ?" कमानसिंहले हर्केका अनुहारमा हेरेर भन्यो । हर्के झस्क्यो । सपनाबाट ब्युँझेजस्तै भयो र ट्वाल्ल परेर कमानसिंहका आँखामा हेऱ्यो ।

"एक जोडी लेऊ । छ महिनापछि धनी हुन थाल्ने छौ । यिनै पाठापाठी लगेर कति जना धनी भए । अहिले त शहरमा घर बनाएर बसेका छन् । "

सन्तेले देख्यो, सेतो भुँइमा कतैकतै कालो टाटा भएका पाठापाठीहरू रमाएर खेलिरहेका थिए । उसले बातिर हेऱ्यो र भन्यो, "बा !एक जोडी लैजाऊँ है । "

सन्तेका बाबुछोरा सल्लाह गर्दै थिए, कमानसिंह फेरि कराउन थाल्यो,"लौ आयो, सुन बिस्ट्याउने बँगुर । छिटै धनी हुने सुनौलो अवसर । मौका आउँछ पर्खदैन, बगेको खोला फर्कदैन । "

हेर्दा हेर्दै एक जना मान्छे आयो र 'साच्चै हो भाइ' भन्दै दुईटा पाठापाठी छान्यो।

"कति पैसा हो ?" मोलमोलाई शुरू भयो ।

"जोडीको दुई हजार । रकम खेर जाँदैन । एक वर्षमा पचास हजार कमाइ भएन भने मेरा मुखमा थुकिदिनू । मलाई जेल हाल्नू । " कमानसिंहले ग्राहकलाई विश्वास दिलायो ।

"धेरै भयो, कम गर । " ग्राहकले मोलमोलाइ गऱ्यो ।

"सुन बिस्ट्याउने बँगुर । अहिलेसम्म देख्नुभएको थियो ? एक पैसा घट्दिनँ । लाने नलाने तपाईंको इच्छा । "

"जोडीको पन्ध्र सय दिन्छु । " ग्राहक कस्सियो ।

"भैगो दुई सय कम दिनुस् । बोहनीको बेला । दुई सय घाटै खाउँला । " कमानसिंह गल्यो ।

अन्तमा सोह्र सयमा कुरा टुङ्गियो ।

ग्राहक गएपछि सन्तेले फेरि सोध्यो, "साँच्चै हो दाइ, यिनले पक्कै सुन बिस्ट्याउँछन् त ?"

"के कुरा गरेको भाइ ? यो मेरो नियमित ग्राहक हो । देख्नु भएन नकराई लगेको । फरक पर्दैन । झूठा ठहरे मेरा मुखमा थुकिदिनू । जेल हाल्नू । " त्यसपछि अलि चर्को स्वरमा भन्यो, "लौ आयो हजुर सुन बिष्ट्याउने सुँगुर । "

त्यसपछि सन्ते र उसका बाउले आँखाआँखैले कुरा गरे । त्यसपछि गहिरो सास तान्दै हर्केले भन्यो, "दुईटा पाठा दिनुस् । "

घर पुगेको भोलिपल्ट हर्केले राम्रो खोर बनायो । सन्तेले बालाई सघायो । सन्तेकी आमा सुन्तलीले दाना तयार गरिन् । आफूजस्तै साथी देखेर सन्ते र उसकी बहिनी गाजली खुब रमाए ।

"सुन बिस्ट्याउने बँगुर हुन् । कसैलाई नभन्नू । राम्ररी पालियो भने छ महिनापछि सुन हग्न थाल्नेछन् । त्यसपछि हाम्रा दुःखका दिन हराउनेछन् ।" सन्तेले सुन्तलीका कानमा भन्यो । सुन्तली खुशी भइन् ।

पाठापाठीको पालनपोषण शुरू भयो । दुबै बुढाबुढीले कुनै कसर बाँकी नराखी तिनको स्याहार गरे । पढाइबाट फुर्सद भएको बेला सन्तेले पनि तिनको हेरविचार गर्न थाल्यो ।

तीन महिना पुगेपछि सन्तेले पाठापाठीको दिसा जाँच्न शुरू गऱ्यो । सुन्तलीले पनि उसै गरिन् । बिहान उठ्दासाथ रातिको बिष्टा उठाएर बाहिर लैजान्थे र ओल्टाइ पल्टाइ हेर्थे । सुनका दाना भेटिन्छन् कि भन्ने आशाले उनीहरूका आँखा दिसामा केन्द्रित हुन्थे ।

कुनै दिन पनि सुनका दाना भेटिएनन् । उनीहरू निरास भए । 'कतै त्यसले पनि ठगेको हो कि ।' आपसमा कुरा गर्न थाले ।

मिठो दाना र राम्रो स्याहार पाएकाले पाठापाठी हलक्क बढ्दै गए । सुनका डल्ला पाउँने आशामा बसिरहेका बेला, एक दिन पाठीले आधा दर्जन बच्चा जन्माई । राम्रा पाठापाठीको उपस्थितिले उनीहरूको घर आँगन रमाइलो भयो । सुन्तलीले आफू सुत्केरी हुँदाको पीडा सम्झी । खोले पकाएर खान दिई । निकै सुसार गरी ।

केही समयपछि सन्तेका घरमा बँगुरको बगाल भयो । बँगुरका माउ र पाठपाठी किन्नेहरू आउन थाले । सन्ते र उसका बाआमालाई भ्याइनभ्याइ भयो । सन्ते र उसकी बहिनीको फिस तिर्न र कापी, किताब किन्न कुनै समस्या भएन । पैसा जम्मा हुँदै गएपछि सन्तेका बुबा सहर गएर उनीहरूलाई राम्रा राम्रा लुगा किनेर ल्याइदिए । घरमा खुशी बढ्दै गयो ।

एक दिन हर्केले आफ्नी बुढीसँग भन्यो, "विदेश नगएर ठिकै गरेछु । विदेशै गएको भए पनि यत्रो पैसा कमाउन सकिने थिएन क्यारे ।"

"हो त नि ।" सुन्तलीले समर्थन जनाइन् ।

एक दिन आँगनमा बसेर घाम तापिरहेको बेला सुन्तलीले सोधी, "सुन बिस्ट्याउँछन् भन्थ्यौ । खै त ? कति पटक यिनको आची हेरेँ तर सुन हगेको कहिल्यै देखिनँ !"

बुढीको कुरा सुनेर हर्के मुस्कुरायो र भन्यो, "लाटी सुन हगे बराबर छैन त ? सुन बेचे पनि पैसा आउँथ्यो, यी बेचेर पनि पैसा आएको छ । कि कसो ?"

"त्यो त हो ।" खुशी हुँदै सुन्तलीले भनी ।

कुरा गर्दै थिए, कोही नयाँ मान्छे आउँदै गरेको देखियो ।

आगन्तुकहरू नजिकै आए र भने, "बँगुरका पाठपाठी किन्न पाइन्छ भनेर आएको । छन् कि छैनन् ?"

सन्ते नजिकै थियो । उसले भन्यो, "किन नहुनु जति चाहिए पनि छन् ।" र बाआमालाई बोलाउँदै भन्यो, "बा यहाँ आउनु त ।"

हर्के र सुन्तली आगन्तुकलाई लिएर गोठतिर लागे । सन्ते पनि सँगसँगै गयो । गोठमा थुप्रै साना ठूला सुनका डल्लाहरू रमाई रमाई खेलिरहेका थिए ।

ooo

# 'आधा जिस्ता'कृतिमा पाठकीय दृष्टिकोण

✍ **गङ्गा अभिलाषी**
**भैरहवा, रूपन्देही**

वर्ल्ड मिउजिक डेको साप्ताहिक कार्यक्रम मनाउने क्रममा बुटवल बागेश्वरी संगीतालयबाट मलाई नि निम्तो आयो । त्यहाँ २०७६।०३।०३ गते सहर्ष निम्तो स्वीकार्न भैरहवाबाट स्रष्टा वासुदेव पोखरेल र म गयौं । त्यहाँ आदरणीय विद्वान् डा.बाबुराम ज्ञवालीबाट **'आधा जिस्ता'** निबन्ध-संग्रह सप्रेम प्राप्त भयो । जब कि यो कृति विमोचन नि भएकै रहेनछ । एक हप्तापछि विमोचन गरेको सामाजिक संजालबाट थाहा पाएँ । नढाँटी भन्न पर्दा यो कृति प्राप्त गर्दा एकछिन छक्क परेकी थिएँ । अप्ठ्यारो महसुस गर्दै धन्यवाद सर भने ।

यसरी प्रेमले दिएको कृति मैले अध्ययन गर्नै पर्छ भन्ने लाग्यो । केही कामहरू थाती राख्दै अध्ययन सुरू गरें । समयमै पढी भ्याएँ । पढेपछि केही त लेख्नै पर्छ भनेर आत्माले घच्घचायो । उहाँसँग मेरो परिचय आदरणीय समाजसेवी बुटवल निवासी स्वर्गीय गणेशमान सैंजु विशेषाङ्क प्रकाशन क्रममा बाग्लुङ निवासी आदरणीय स्रष्टा काजी रोशनबाट भएको थियो ।

डा.बाबुराम ज्ञवालीको जन्म गुल्मीमा १२।०५।१९५७ ई.मा ज्ञवामा भएको हो । हुर्केको ठाउँ देहरादुन हो । उहाँले बुटवल उपमहानगरपालिका अवस्थित बुटवल बहुमुखी क्याम्पसमा अर्थशास्त्र पढाउनुहुन्छ । स्थायी बासस्थान तिलोत्तमा नगरपालिका मणिग्राम हो । नेपाल संस्कृत विश्वविद्यालयबाट ज्ञवालीले पूर्वीय अर्थशास्त्रमा विद्यावारिधि गर्नुभएको छ ।

वि.सं. २०३५ सालमा 'जोइटिङग्रे' कथा संरक्षण साप्ताहिकमा प्रकाशन गरेर नेपाली साहित्यमा उदाउनुभएका स्रष्टाका लघुकथा, व्यङ्ग्य, जीवनी, समालोचना र निबन्ध-संग्रह आदि विधामा कलम चलेको देखिन्छ तापनि उहाँका पूर्वीय आर्थिक दर्शनसँग सम्बन्धित, निबन्ध विशेष चर्चित रहेका छन् । साथै उहाँका ११ वटा कृतिहरू प्रकाशित भएका छन् ।

आधा जिस्ता कृति २०७६ सालमा प्रकाशित कृति हो । प्रकाशक किरण पुस्तकालय रेसुङ्गा नगरपालिका ८, चिदीचौर तम्घास गुल्मी, मुद्रण फास्ट प्रिन्ट पब्लिकेशन, बुटवल, रूपन्देही । यस कृतिको परिचय दिने क्रममा पुस्तकको प्रति र विधा लेखन छुटेको छ । साथै कृतिकारको परिचय पनि राखिएको छैन । यस पुस्तकमा प्रकाशकीय मन्तव्य अनि किरण पुस्तकालयबाट प्रकाशित १५वटा कृति र कृतिकारहरूको नाम रहेको छ । साथमा लेखकीय मन्तव्य र यस कृतिबारेको

समालोचना डा.शिवप्रसाद पौडेलको विचार पछाडि पानामा राखिएको छ । १२ वटा निबन्धको समालोचना आठ पानामा समावेश भएको छ । निबन्धहरू ७२ पानामा समेटिएका छन् । यस कृतिको आवरणमा "कागजी पुस्ताका लागि" भनेर लेखिदिनाले पाठकको ध्यान आकर्षित गराएको छ ।

यस कृतिको पहिलो निबन्ध **'कहाँ लैजाला कम्प्युटरले मानिसलाई'** भन्ने शीर्षक रहेको छ । आजको युग भनेको कम्प्युटर तथा इन्टरनेटको युग हो । यसबाट हामी जतिसुकै सरल र सहज भए पनि यसको संगतले हाम्रो मानव मस्तिष्कको कल्पनाशील शक्तिलाई कम गर्दै गएको र भविष्यमा मानव मस्तिष्क नै पूरै निष्क्रिय हुने त होइन भन्ने कुरामा चिन्ता व्यक्त गरिएको छ र यसको गुण अवगुणबारे लेखकले पाठकलाई औंलाइदिने प्रयास रहेको छ । यसबारे लेखिएको अन्तिम हरफले मेरो मन छोयो । कम्प्युटरले सबै समाधान गर्न सक्ने भए पनि त्यसलाई ज्ञानी भनिदैन । मानव मस्तिष्क नै सर्वोच्च हो ।

दोस्रो निबन्ध **'यशोधराको यशगान'** सिद्धार्थ गौतम बुद्धकी जीवनसँगिनी यशोधराको गुनगान वैदुष्य बारेको प्रसङ्ग झल्किएको छ । बुद्धलाई बुद्धत्व प्राप्त गर्न स्वयं यशोधराले सहर्ष अन्तःहृदयबाट अप्रत्यक्ष रूपमा अत्यन्तै ठूलो सहयोग पुर्‍याएको कुरा उल्लेख भएको छ । यो लेख राम्रो लाग्यो ।

पाना तिनमा **'मैले मन पराएका तीन किस्सा'**मा लेखकले अध्ययन गरेका धैरै कहानीहरूमध्ये मन परेका तीन कथाहरूमा अकबर वीरबल, अकबर वीरबलको पहिलो भेट अलफलैला पञ्चतन्त्रका केही कथाहरूबाट पाठकलाई बौद्धिक ज्ञान दिदै अन्त्यमा कागजी पुस्तकमा नै रमाउने सल्लाह पाइएको छ ।

पाना चारमा **'विश्वविजयी एलेक्जेण्डर तक्षशिलाका आचार्य'** निबन्धले ब्राह्मणलाई बौद्धिक कुरामा हराउन सकिदैन । उनीहरू यस कुरामा अत्यन्तै चतुर हुन्छन् । एलेक्जेन्डर जस्तो कठोर निर्दयी शासकले दशजना ब्राहमणहरूसँग गरेका तार्किक सवाल जवाफमा उत्तर दिन सक्नुमा ब्राह्मणको चार्तुयता तथा बौद्धिकता झल्किएको छ । साथै मर्ने बेलामा विश्वविजयी ऐलेकजेण्डरको रित्तो हात थियो । यो कुरा सँसारलाई देखाइदिने कुराले पाठकलाई महत्त्वपूर्ण सन्देश दिएको महसुस गरायो । मान्छेले मर्दा केही लैजादैन ।

पाँचौ निबन्ध **'प्रेम, निष्ठा र सुन्दरताको प्रतीक पर्व तीज'** यस लेखमा तीजको महिमा झल्काएका छन् । तीज पूर्णतया सौन्दर्य चेतना र अखण्ड सौभाग्यको पर्व मानेका छन्, शिव र पार्वतीको विवाह हुनु लोक कल्याणकारी मानेका छन् । यो चाड मानव सभ्यताको प्रतीक पनि मानेका छन् । शिव पार्वतीको महिमा झल्काउँदै उबेला तीज विशेष चेलिबेटीको पर्व र सुखदुःखका कुरा साटासाट गर्ने

खुल्ला मंच थियो भने अहिले नाच गानदेखि खानपान जमघट गर्ने प्रवृत्तिसमेत फेरिएको विचार प्रस्तुत गर्दै तीज पर्व अत्यन्तै सुन्दर र सकारात्मक पक्षको पर्वको रूपमा रहेको छ । महिलाको आध्यात्मिक गुणले पुरुषलाई अलौकिक शक्ति मिल्ने कुरा यसमा जानकारी गराइएको छ ।

छैठौ निबन्ध **'बीपीका अध्यात्मिक विचारको समीक्षा'**मा साहित्यकार बीपी कोइरालालाई एक उत्कृष्ट मनोवैज्ञानिक कथाकार मानिन्छ । राजनीतिक व्यक्तित्वमा उनी आदर्श राजनीतिज्ञ हुन् । बीपीको आध्यात्मिक चिन्तन के कस्तो थियो भन्ने बारेमा लगभग ४ पानामा विस्तृत जानकारी दिन खोजिएको छ । बीपी मन्दिर गए पनि भगवान्सँग केही नमागेको कुरा दर्शिएको छ । भगवान्सँग मागेर नि केही नपाइने कुरा जानकारी दिदै कर्म गर्ने हो फलको आश नगर्ने भन्ने कुरा झल्किएको छ ।

**'भानुभक्त, रामकथा र त्यसको सामाजिक ऐतिहासिक परिवेश'** यो सातौं निबन्ध हो । यस लेखमा आज नेपाली भाषाका उत्कृष्ट रचनाहरू तयार हुनुमा रामकथा पनि एक हो । रामकथाको परम्परा नेपाल भारतमा मात्र होइन एसियाका अन्य देशहरूमा पनि भएको जानकारी दिइएको छ । नेपालमा रामकथालाई सरल नेपाली भाषामा उजागर गरेको श्रेय भानुभक्तलाई दिइएको छ । यस निबन्धमा रामकथाको विश्वव्यापीकरण, रामायणको मौलिकता, सुगौली सन्धि र भानुभक्तको उदय, नेपालमा रामकथाको विशिष्ट महत्त्व र उपसंहार नामकरण गरी निबन्ध तयार भएको छ ।

**'वधूशिक्षा भावी जीवनको प्रशिक्षण'** यो आठौं निबन्ध हो । यस निबन्धमा आदिकवि भानुभक्तले रचना गरेको वधूशिक्षाबारे लेखकले सकारात्मक सन्देश दिएका छन् । यसमा आठवटा शीर्षकहरूमा लेख तयार भएको छ । यसको निमित्त पुस्तक नै पढ्नुपर्छ । अहिलेका शिक्षित र चेतनशील नारीहरूले एकपटक एकचित्त भएर पढने हो भने वधूशिक्षा कृति अत्यन्तै सान्दर्भिक भएको कुरा महसुस भयो । यो निबन्ध पढ्दा मलाई कस्तो लाग्यो भन्ने पुरुषभन्दा महिलाले नै अनुशासित जीवन बिताउनु राम्रो हो भन्नेमा जोड दिएको महसुस गरायो ।

पाना नवौंमा रहेको निबन्ध **'शब्दहरूको अर्थ विस्तार र अर्थ सङ्कुचन : केही उदाहरण'** शीर्षक रहेको छ । यो निबन्ध भाषा विज्ञहरूको बारेमा रचित लेख हो । केही वर्षदेखि नेपाली भाषाविद्हरूमा द्वन्द्व उत्पन्न भएको छ । यसैको विषयमा लेखकको आफ्नो विचार अब जे चलिआएको छ त्यसै कुरालाई प्रयोग गर्दा ठिक हुन्छ कि भन्ने विचार रहेको छ ।

पाना दशौंमा **'जैसीले नजानेको तर अल्छीले जानेको'** निबन्ध मलाई सारै मन पर्‍यो । हामी नेपालीहरू आपसमा कुरा गर्दा अली बाठो र केही जान्ने भएर

यसो गरौं त्यसो गरौं भन्नेमा अब जैसीले नजानेको त अल्छीले जान्ने भाको उखान प्रयोग गर्दै धारेहात लगाउने प्रचलन झलझली याद आयो । यो लेख पढ्दा कस्तो लाग्यो भन्ने संसारमा जति पनि विकास भएको छ नि यो प्रायः अल्छी विद्वान्हरूबाट नै भएको भन्ने महसुस गरायो ।

पाना एघारौंमा **'श्रीकृष्ण : पुत्र, प्रेमी र पति'** यस लेखमा श्रीकृष्णको रूपरङ्गबारे महिमा वर्णन गरिएको छ । श्रीकृष्ण एक पूर्ण पुरुष हुन् । गोपिका र राधासँगको प्रेम निश्चय नि एक विशेष घटना हो । सोह्र हजार रानीहरूबारे श्रीकृष्णलाई जुन लाञ्छना लगाइएको छ त्यसबारे एउटा घटना प्रस्तुत गरेर कृष्णलाई एक समाजसुधारक व्यक्तिको रूपमा देखाई श्रीकृष्णलाई एक असल व्यक्तिकै रूपमा लेखकले मान्यता दिएका छन् । यो कृति पढेपछि उमराव जान भन्ने हिन्दी चलचित्र नि हेर्ने मौका पाएँ । यो लेख पढेपछि के महसुस गरें भन्दा कसैको बारे जे खोज्छौं त्यही पाउने रहेछौं । गुन खोजे गुन दोष खोजे दोष ।

**'सम्पादनको पहिलो अनुभव'** यो अन्तिम बाह्रौं निबन्ध हो । यस लेखमा लेखकको शिक्षक जीवनमा त्यो उमेरमा पहिलो पल्ट सम्पादनको भूमिका के कसरी पूरा गरियो भन्ने संस्मरणात्मक लेख तयार भएको छ । यो निबन्धमा त्यो समय पुस्तकहरू कसरी तयार हुँदारहेछन् भन्ने विस्तृत जानकारी पाइन्छ । यो लेख मलाई साह्रै मनपर्‍यो । छापाखानाको विषयमा जान्न पाइयो । रमाइलो लाग्यो ।

आजको युग प्राविधिक युग हो । प्रायः धेरै लेखकहरूले कलम कागज छोडिसकेका छन् । कम्प्युटर ल्यापटपको जवाना चलेको छ । लेखक आफूचाहिं कागजी युगमा नै रमाएको जानकारी दिन लेखेकले यस कृतिको नाम 'आधा जिस्ता' नामकरण गरेको महसुस गरायो । प्रायः निबन्ध छोटा तीन पाना र लामा चार पाँच पानाका छन् । कताकति ठाउँमा भने मुद्रण राक्षसले धोका दिएकै छ । समुद्र लेखिनेमा समु भएको छ । आवरण कला सुन्दर छ तर खालि पानाको ठाउँमा अक्षरहरू भएको भए ठिक हुन्थ्यो कि जस्तो लाग्यो । यी सबै लेखहरू फुटकर रूपमा प्रकाशित भइसकेको जानकारी दिइएको राम्रो लाग्यो ।

यो कृति पढदा उहाँको जीवनशैली पूर्वीय मूल्य मान्यतामा रमाए झैं लाग्छ । यो कृति पठनीय र संग्रहणीय रहेको छ । भाषा शैली सरल र शिष्ट छ । यो कृति बौद्धिक नैतिकतावादी र प्रेरणादायी रहेको छ । कृतिको मूल्य रू.१५० मात्र छ ।

अन्त्यमा मलाई यो कृति सप्रेम अध्ययन गर्ने मौका दिनुभएकोमा आदरणीय लेखक डा.बाबुराम ज्ञवालीलाई हृदयदेखि मुरीमुरी धन्यवाद साथै विद्वान् स्रष्टाको कलम निरन्तर अविरल चलिरहोस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

ooo

# धुन्धुकारीको देश

✍ **पन्थी रामप्रसाद**
**तम्घास (छापटोला), गुल्मी**

तुङ्गभद्र नदी किनारको गाउँमा कोलाहल नमच्चिएको दिन छैन । गाउँलेहरू त्रस्त छन् । ग्रस्त छन् । धुन्धुकारीको उदण्डतामा । दिनानुदिन उसको उच्छृङ्खलता बढ्दो छ । चोरी, डकैती, हत्या, हिंसा र व्यभिचारको शृङ्खला चलिरहेछ निरन्तर । उसको नाम लिनासाथ भयभीत हुन्छन् सारा बस्तीबासीहरू । गाउँलेहरूको रोदन, क्रन्दन र चित्कारमा रमाउँछ धुन्धुकारी ।

हुँदाहुँदा एकदिन धुन्धुकारीले कुटपिट गऱ्यो आफ्नै आमाबाबुलाई । बाबु आत्मदेव विरक्तिएर हिँडे घरबार छोडेर । जंगलमा गई सन्न्यासी रूप धारण गरे । यता आमा धुन्धुलीमाथि दिनकै हातपात र लछारपछार हुन थाल्यो । "········· भन् ! धनमाल कहाँ लुकाएर राखेकी छेस् । तुरून्त झिकिहाल् ·········" यस्तै यस्तै दुर्वचन र दुर्व्यव्यहारबाट आजित भएर आत्महत्या गर्न पुगिन् धुन्धुली । कुवामा हाम फालेर प्राण त्याग गरिन् धुन्धुली । गोकर्ण तीर्थ यात्रामा गए । एकछत्र राज भयो धुन्धुकारीको । घरमा वेश्याहरू ल्याई मोजमस्तीमा रमाउन थाल्यो धुन्धुकारी ।

गाउँलेहरूका धनमाल चोर्ने, घरमा आगो लगाइदिने, बच्चाबच्चीहरूलाई तलाउमा फ्याँकिदिने आदि कार्य धुन्धुकारीका लागि सामान्य थिए । हातमा हतियार र साथमा कुकुरहरू लिएर हिड्ने, अन्धा अपाङ्गहरूलाई लात्तीले हिर्काउँदै हिड्ने, देब्रे हातले खाने, अखाद्य वस्तु खाने, वेश्याहरूमा लुटको धनमाल खर्च गर्ने लगायतका कार्यहरू उसका नित्यकर्म जस्तै थिए ।

एक दिनको कुरा हो । धुन्धुकारी मस्त निद्रामा थियो । उसको घरमा रहेका पाँच वेश्याहरू आपसमा सल्लाह गर्न थाले – "धुन्धुकारीसँग सधै जीवन बिताउन सकिदैन । कुनै न कुनै दिन यसका कारण फन्दामा पर्न सकिन्छ । राजाले दण्ड दिन सक्छन् । बरू यसैलाई मारौं । यसको धनमालमा मोजमस्ती गरौं ।" वेश्याहरू धुन्धुकारीलाई मार्ने निष्कर्षमा पुगे । उसलाई सुटुक्क रसीले बाँधी मुखमा तातो भुङ्ग्रो खन्याइदिएर तड्पाई तड्पाई मारे । आँगनमा खाडल खनी त्यसैमा पुरिदिए । बिहानपख आँगनमा लिपपोत गरी सब सामान्य बनाए । धुन्धुकारी मऱ्यो । कसैलाई थाहा भएन । वेश्याहरू धनमाल लिएर अन्यत्र गए । गाउँलेहरूलाई समेत अत्तोपत्तो भएन । गाउँमा दुई–चार दिन शान्ति छायो । उनीहरूले ठाने धुन्धुकारी अन्त कतै गाउँमा गयो ।

केही समयपछि गाउँमा फेरि अशान्ति छायो । जिउँदो छँदा दिनमा दुःख दिन्थ्यो धुन्धुकारी । तर अब रातमा आतङ्क मच्चिन थाल्यो । दिनभर खेतबारीको कामले लखतरान गाउँलेहरू रातमा आँखो झिप्पिक्क गर्न पाउँदैनथे । सबै गुटुमुटु परेर एकठाउँ गुजुल्टो पर्नु शिवाय अर्को उपाय हुँदैनथ्यो उनीहरूका लागि । केटाकेटीहरू बाबुआमाको काखमा लुपुक्क हुन्थे तर युवायुवती र पाका मान्छेहरू उज्यालोको पर्खाइमा रात कटाउँथे । प्रेतयोनिमा भड्किएको धुन्धुकारीको उत्पातका विषयमा बेखबर थिए गाउँलेहरू । निरूपाय र निरीह उनीहरू ।

हुँदा हुँदा त्यो उत्पात अन्यत्र गाउँहरूमा पनि फैलन थाल्यो । यो गाउँ त्यो गाउँ हुँदै सारा देशभर नै धुन्धुकारीको आत्माले सताउँदै गस्यो । जीवित व्यक्तिको आत्मामा घुसेर धुन्धुकारीले सारा मानवीय गतिविधिमाथि प्रभाव पार्न थाल्यो । रक्तबीज बनेर घर-घरमा धुन्धुकारीले ताण्डव देखाउन थाल्यो । आज कहाँ मात्र छैन धुन्धुकारी । घर-परिवार, गाउँ, समाज, देश, विदेश अर्थात् सारा संसारभर धुन्धुकारीको हुकुम चलिरहेछ । आत्मदेवहरू गृहत्याग गरिरहेछन् । धुन्धुलीहरू हाम फालिरहेछन् इनारहरूमा । गोकर्णहरू तीर्थको खोजीमा भौतारिरहेछन् । तीर्थहरू पनि धुन्धुकारीका कब्जामा परिरहेछन् । आज हर घरमा धुन्धुकारी शासन चलाइरहेछ । वृद्ध आमाबाबुहरूलाई वृद्धाश्रममा लगी फ्याँकिरहेछ । घरमा राखी छाडे पनि आफू शहर पसिरहेछ । फर्केर कहिल्यै गाउँ आउँदैन । सन्चो बिसन्चो सोध्दैन । सँगै बसिहाले पनि स्वास्नीको कुरा सुन्छ । बाबुआमालाई झपार्छ । कुकुरलाई झैं आमाबाबुलाई कलो टकार्छ ।

शिक्षण संस्थाहरूमा धुन्धुकारीकै राज छ । विद्यार्थीको आत्मामा घुसेर उट्पट्याङ्ग गर्न लाउँछ । घरबाट स्कूल/कलेज हिडेको स्कूले धुन्धुकारी डिस्को बार जान्छ । गर्ल फ्रेन्डसित मम, पिज्जा, वर्गर खान्छ । साथीसित मिलेर गाँजा, चरेस, खैनी, सूर्ती र रक्सी तान्छ । स्कूल गए मास्टर कुट्छ । जेल गए नेताको एक कलमा उत्तिखेरै छुट्छ । कपाल जुरो पारेर स्कूल जानु, चाकबाट तल झारेर पाइन्ट लाउनु, डेस्क बेञ्च तोड्नु, ठिटीसँग गाला जोड्नु, नाराबाजी गर्दै कलेजमा ताला ठोक्नु स्कूले धुन्धुकारीका सामान्य दिनचर्या हुन् ।

विद्यार्थीलाई मात्र होइन शिक्षकलाई पनि धुन्धुकारीले टिकट कटाएको छ । विद्यार्थीलाई हप्क्याएर, थर्काएर, चट्क्याएर तह लगाएको छ । बालमैत्री भन्दै कपाल भुत्ल्याएको छ । राजनीतिक दलको झोला भिरेर गफ लडाएको छ । राजनीति पढाएको छ । कक्षा खालि गराएको छ । विद्यार्थी सडाएको छ ।

नेता होस् कि अभिनेता कसैलाई छाडेको छैन धुन्धुकारीले । उसकै इसारामा नाच् भालु नाँच् छन् नेताहरू । झुठो बोल्न, आश्वासन खोक्न खप्पिस बनाएको छ । जालझेलको इन्द्रजाल पढाएको छ । आफ्ना विरूद्ध आवाज उठाउनेलाई

अख्तियार लगाएको छ । जेल पठाएको छ । धुलो चटाएको छ । डाँडो कटाएको छ । कुम्भकर्णसित नाता लगाएको छ । कंशको अंश आफैमा उतारेको छ । सीता हरण गर्न रावण खटाएको छ । धृतराष्ट्रसँग गला जोडाएको छ । इदि अमिन, पोलपोट, मुसोलिनी, हिटलर र ओसामाबिन लादेनहरूलाई खादा ओडाएको छ ।

साराका सारा ठेक्कापट्टा उसकै हातमा छन् धुन्धुकारी कन्स्ट्रक्सनका नाममा । आज पिच गर्छ भोलि खाडल पर्ने गरी । आज पुल बनाउँछ भोलि झुल खेल्ने गरी । भवन बनाउँछ । छाता र रेनकोट उपहार दिन्छ । चुनाव आए नेतालाई नोट दिन्छ । योजना आए जम्मै आफैले लिन्छ । चुनावको टिकट पैसाले किन्छ । धुन्धुकारीको नौलो रूप जनताले कसरी चिन्छ ?

सेना, प्रहरी सबै सुरक्षा निकाय धुन्धुकारीकै आदेश र इसारामा चल्छन् । धुन्धुकारीको हुङ्कारमा सबैको नौ–नारी गल्छन् । सोझा र साझा लतालुतुक्क गल्छन् । आदेश नमान्ने इन्काउन्टरमा ढल्छन् । धुन्धुकारी नभै कसरी पदोन्नतिको लाइनमा चल्छन् ?

डाक्टरहरूलाई पनि धुन्धुकारीले आफ्नै गुटमा पारेको छ । सरकारी अस्पतालको नेमप्लेटमा नाम राखी निजी नर्सिङ्ग होमतिर झारेको छ । सयको औषधिलाई हजार पारेको छ । पित्त थैलीमा पत्थरी परे मृगौला झिक्छ । लाखौं मूल्यमा त्यो मृगौला बिक्छ । अनि भन्छ - नआत्तिनुहोस् तपाईंलाई सब ठिक छ ।

पत्रकारिता राज्यको चौथो अंग त्यहाँ पनि पारिसक्यो धुन्धुकारीले तङ्गभङ्ग । 'धुन्धुकारी महासंघ' रे उसको पेसागत संगठन । उसको खेमाको चाटुकार भए सब ठिक छ । नभए विघटन । काँसे हजार, हाँसे लाख । पत्रिकामा नाम आउँछ । पैसा दिए समाजसेवी नदिए घुसखोर । खान पाए भजन गाउँछ नपाए तस्कर दोष लाउँछ ।

न्यायालयलाई पनि धुन्धुकारीले गाँजेमाजे पारेको छ । पेटीको भेटी चढाउनेले आजसम्म कसले हारेको छ ? लगाउँछ बाहिर कोट त्यो कालो । राखेर भित्र स्वार्थको जालो । ङ्यार्र ङुर्र गराई बार र बेन्च । नमिले स्वार्थ खनेर ट्रेन्च । हेरेर दाउ फैसला दिन्छ । अबला भेटे हवाला दिन्छ । कङ्गालको मुद्दा वर्षौंमा छिन्छ ।

धुन्धुकारी न हो कर्मचारी र व्यापारी पनि उसैका आफन्त छन् । घुस नदिए ठुस्स पर्छ । कमिसन उसको जीवनकै मिसन रे ! कान्छीको भट्टी सुरक्षित टिसन (स्टेशन) रे ! काला बजारी उसको छ धन्दा । असुल्छ दल लिएर चन्दा । मर्दछ निमुखा कठै ! यिनका परेर फन्दा । होंचाका मुखमा घोंचो परेपछि लगाउँछ पुलिस उसैलाई डण्डा । हिडेपछि बोकेर पार्टीका झण्डा मिलेर बाँड्छन् सुनका अण्डा ।

किसानका घर, गोठ, खेत, बारी कतै पनि छाडेको छैन धुन्धुकारीले । दुई माना दूधमा चार माना जल मिसाउन लगाउँछ । जन्तु जनावर पनि मर्ने खालका विषादि राखेर फलफूल, तरकारी, अन्न फलाउँछ । चोरमाथि चकार लगाउँछ । बिचौलियालाई मालामाल बनाउँछ । वास्तविक किसानलाई पाताल पुऱ्याउँछ । आयातको मार्ग खुला गराउँछ । निर्यातको मार्गमा ताला लगाउँछ ।

आध्यात्मिक जगत्का धर्मभीरूहरूलाई पनि धुन्धुकारीले गुलाम बनाएकै छ । पाश्चात्य भाषा, धर्म र संस्कृतिको ढोलक बजाएकै छ । आफ्नै आफन्तलाई मन्दिरभित्र पस्नै दिदैन । मन्दिरभित्रका मूर्ति स्वदेशमा बस्नै दिदैनन । धर्म निरपेक्षताका नाममा क्रिश्चियानिटी भित्र्याउँछ । गाडीमा गाई खाँदेर भिरबाट घोप्ट्याउँछ । पशुपतिमा भट्ट भारती राख्छ । सुन, चाँदी, जवाहरत चट्ट पार्छ । ज्योतिषी, बाबा, माता बनेर भविष्यवाणी गरेर सारा कुम्ल्याउँछ उसले धनको पोको । भक्तजनलाई बनाउँछ बलीको बोको । अब तपाईं आफै भन्नुहोस् - धुन्धुकारी नभएको कुनै गाउँ छ ? कुनै ठाउँ छ ? ऊ त यत्र तत्र सर्वत्र छ । धुन्धुकारीविनाको कुनै गाउँ छैन । कुनै ठाउँ छैन । स्वदेशमा छ । विदेशमा छ । विश्वभर उसको हुकुम चलिरहेछ । कतै शान्तिका नाउँमा कतै क्रान्तिका नाउँमा दिग्भ्रमित पारिरहेछ संसार । भरिरहेछ पापको घडा औ धन्सार ।

**इति समाप्तम् धुन्धुपुराणम् ।**

०००


**गुल्मीकै गौरव 'किरण पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ'को निरन्तरता, विकास र विस्तारका लागि मङ्गलमय कामना प्रकट गर्दछौं ।**

**न्यू शैलजा कमर्सियल सेन्टर**

तम्घास, गुल्मी

**थोपा. थोपा गरेर गाग्री भरिन्छ: तपाईंले थोरै थोरै जम्मा गर्दै गए पनि धेरै हुन्छ ।**

**नियमित रूपमा बचत गर्ने बानी बसाली सहकारी अभियानलाई सफल पार्नुहोस् ।**

**लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.**

**राममन्दिरलाइन, बुटवल-६, रूपन्देही**

फोन : +९७७-७१-५४२०७२, ५४६६७२, फ्याक्स नं. : +९७७-७१-५५००७२

E-mail : lumbinis@yahoo.com, lumbinicop@gmail.com

# गाउँवासीहरूमा अनुरोध

जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेद एवम् बसाइँसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

बालविवाहको अन्त्य गरौं । छोराछोरीमा विभेद नगरौं, दुबैलाई विद्यालयमा पढ्न पठाऔं ।

गाउँटोल सधैं सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं ।

निषेधित क्षेत्रबाट ढुङ्गा, गिटी तथा बालुवा ननिकालौं ।

**सरिता खडका**
**उपाध्यक्ष**

**दानबहादुर के.सी.**
**अध्यक्ष**

# मदाने गाउँपालिका

**गुल्मी**

# घोंडा र गधा

✍ **रमेश गौतम 'पाल्पाली'**
**हाल : सिड्नी, अस्ट्रेलिया**

"शुभ बिहानी नानी बाबु हो !" निना मिस कक्षाकोठामा आएर भन्नुभयो ।

"नमस्ते मिस !" सबै विद्यार्थीले उठेर भने ।

"तिमीहरूले के के पढ्यौ के के पढ्न बाँकी छ ? आज के पढ्ने मन छ ?"

"मिस ! हामीले त पढ्न सुरू गर्नुभन्दा पहिले कथा सुन्ने गरेका थियौं । तपाईंले पनि एउटा कथा सुनाएर पढाउनुस् न ।" राधाले भनिन् ।

"कथा सुन्ने भए कथा नै भन्छु । ल सुन–

एउटा ठूलो जङ्गल थियो । त्यहाँ मिठोमिठो खाने कुरा खोज्दै हिंड्ने क्रममा एउटा घोंडा र एउटा गधा आफ्नो बथानबाट बिछोडिए । अनि तिनीहरूले–'हामी एक्लाएक्लै भयौं । अब हामी दुई जना दाजुभाइ बनेर बसौं' भनेर सल्लाहा गरेर सँगै बस्न थाले ।

एक दिन गधालाई अमिल्चुकी आउने; पेट सुम्म हुने भएछ । अनि घोंडालाई– 'दाइ मलाई अमिल्चुकी आइरहन्छ, पेट पनि फुलेजस्तो हुने, कहिलेकाहीं दुख्ने पनि हुन्छ । के गर्ने होला ?' भन्यो ।

'अमिल्चुकी आउनु राम्रो होइन । यो ग्याष्ट्रिकको पूर्व लक्षण हो । ग्याष्ट्रिक बिग्रे अल्सर, अल्सर बिग्रे क्यान्सर, भन्छन् । यसको औषधि गरिहाल्नुपर्छ । सुन–

(१) दैनिक २–४ वटा पाकेका अमला खाने । धूलो भए पानीसित खाने ।

(२) कुरिलाको जराको रस २–४ चम्चा दिनको दुई पटक खाने धूलो भए ३–६ ग्राम खाने ।

(३) अनारको रस खाने ।

(४) काँचो केराको गुदी खाने । जरा वा स्तम्भको पानी ५०–१०० मि.लि., र फूल (बौँगाभित्रको) को साग १०–२० ग्राम खाने ।

(५) जेठी मधुको टुक्रा चुस्ने । धूलो भए ३–६ ग्राम मह र दूधसित खाए अझ राम्रो ।

(६) अमिल्चुकी आउनेले मरहटीको चिया खाँदा पनि राम्रो हुन्छ । जिब्रो र मुखमा बिबिरा आउँदा मरहटी (मरौटी) चुसे निको हुन्छ ।

(७) ज्यादै बढेर छातीमा अफ्ठारो महसूस भयो भने मनतातो पानीमा थोरै नुन हालेर खाने र वमन गर्ने । अमिल्चुकी आउने मान्छेले बिहान-बिहान पानी खाएर वमन गर्ने गर्दा राम्रो हुन्छ ।


(८) यस्ता रोगी चिल्लो, पिरो, अमिलोसित डराउनुपर्छ । माथि भनेका औषधिमध्ये अवस्था हेरेर कुनै एक वा दुई खाने ।'

घोंडाको सुझावअनुसार गर्न थालेपछि गधालाई सञ्चो हुँदै गयो । अनि सुखपूर्वक बस्न थाले । कस्तो लाग्यो त मेरो कथा ?" मिसले सोध्नुभयो ।

"राम्रो लाग्यो मिस ! यी औषधि त हामीलाई पनि काम लाग्ने रहेछन् ।" सबैले भने ।

ooo


**जीवनमा एक पटक बनाउने घर बलियो बनाऔं, केही रकम जोगाउनको लागि घरलाई असुरक्षित नबनाऔं र आगामी दिनमा आउने विपद्मा जोगिऔं र जोगाऔं ।**




**जिल्ला आयोजना कार्यान्वयन इकाई**

**अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार**

**तम्घास, गुल्मी**

पुस्तकालय परिचय

# कवि विमल स्मृति पुस्तकालय, धरान

'उता मलायामा म बेलायती आदेशमा कम्युनिष्टहरूलाई गोली ठोकिरहँदा यता मेरै छोरो विमलचाहिं मार्क्स, एङ्गेल्स, माओत्सेतुङजस्ता विश्वकम्युनिष्ट आन्दोलनका महान् हस्तीहरूका विचार बुझ्ने र ग्रहण गर्न सक्ने पो भइसकेको रहेछ ।'

१९ वर्षको उमेरमा केही मन मिल्ने सिर्जनशील दमालीहरूको सहकार्यमा वि.सं. २०४७ साल मार्ग १५ गतेदेखि 'इँटा' नामक भित्ते पत्रिका र बुद्ध वाचनालयको स्थापना गर्न पुगेको धराने युवा विमल गुरुङका पिता पूर्णबहादुर गुरुङको अभिव्यक्ति हो-माथिको शुरूको भनाइ । किन्तु २०४८ सालमा छोरो विमलको असामयिक मृत्युभएपछि भावविह्वल बनेका पिता पूर्णबहादुरले पुत्र विमलको स्मृतिमा २०४८ कात्तिकदेखि बुद्ध वाचनालयलाई विमल पुस्तकालय र भित्ते पत्रिका 'इँटा'लाई साहित्यिक वार्षिक पत्रिकाको रूपमा निरन्तरता दिने काम गरिरहेको जानकारी प्रा.डा. भीम खतिवडाले 'इँटा' पत्रिकामै छपाएको 'बुद्ध वाचनालयदेखि विमल पुस्तकालयसम्म' भन्ने लेखबाट जानकारी भएको छ ।

समाजवाद हुँदै साम्यवादसम्म पुग्ने यात्राको रहस्यमय कहरयुक्त काँडाघारीको बाटो रोजेको आफ्नो छोराको क्रान्तिकारी राजनीतिक-साहित्यिक आकर्षणको सिद्धान्तले विजय प्राप्त गरेको वर्तमान समयमा आइपुग्दा सरकारी निकायको उदासीनता र राजनैतिक दलहरू पनि चेतनाको अभियानमा भन्दा पद, पैसा र पाखुराको अभियानमा केन्द्रित भएको अनुभूति पूर्णबहादुरलाई हुँदैछ तापनि ५० लाखको अक्षयकोष स्थापना गर्ने योजना सेलाएको छैन ।

२०२८ कात्तिक १९ मा जन्मेर २०४८ वैशाख २४ सम्मको जीवन पाएका कवि विमलले थालेको बुद्ध वाचनालयको चिनो 'इँटा' भित्ते पत्रिकालाई आफ्नो मुखपत्रको रूपमा पुस्तकालयले प्रकाशन गर्दै आइरहेको छ । यसका आधा दर्जनभन्दा बढी अङ्कहरू प्रकाशित छन् । यस पुस्तकालयमा नेपाली, अङ्ग्रेजी, हिन्दी, उर्दू, लिम्बू, राई, संस्कृत, गुरुङ, थारू, चिनियाँ, जापानी जस्ता धेरै भाषाका १० हजारजति पुस्तकहरू छन् । प्रत्येक वर्ष कात्तिक १९ मा राष्ट्रिय युवा कविता महोत्सव गरेर सर्जकहरूलाई सृजनामा प्रेरणा र प्रोत्साहन दिने काम यस पुस्तकालयले गर्दै आएको छ ।

- **चन्द्रप्रकाश उपाध्याय**

ooo

# तीन महिनाका कामहरू

किरण पुस्तकालयको नयाँ भवन निर्माण गर्नका लागि पुस्तकालय व्यवस्थापन समिति, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) पाल्पा र निर्माण व्यवसायी ठे. बाँसुरी सुनिल समीर जे.भी. गुल्मीको संयुक्त बैठक मिति २०७६/०३/२१ म किरण पुस्तकालयमा बसी निर्माण कार्य अगाडि बढाउने निर्णय भएअनुसार २०७६ श्रावणको पहिलो हप्ताबाट पुस्तकालयका सामग्रीहरू रेडक्रस भवन र जिल्ला समन्वय समितिका प्रमुखज्यूको निवासको भुइँ तलामा सार्ने काम सम्पन्न भयो र पुरानो भवन लिलाम प्रक्रियाबाट भत्काई २०७६ साल श्रावणको दोस्रो हप्ताबाट निर्माण व्यवसायीलाई कार्य आरम्भ गर्नका लागि अनुरोध गरिएको थियो ।

किरण पुस्तकालय व्यवस्थापन समितिका पूर्व सदस्य हरिप्रसाद गौतमको २०७६/०४/१५ गते उपचारको क्रममा एकासी वर्षको उमेरमा काठमाडौंमा भएको दुःखद् निधनमा शोक व्यक्त गर्न २०७६/०४/१६ को दिन श्रद्धाञ्जलिसभाको आयोजना गरी एक दिन पुस्तकालय बन्द गरिएको थियो ।

मिति २०७६/०४/२३ गते बसेको पुस्तकालय व्यवस्थापन समितिको बैठकबाट पुस्तकालय भवन निर्माणको रेखदेख निरीक्षण, अनुगमन तथा सहजीकरणका लागि पुस्तकालय व्यवस्थापन समितिका सदस्य श्री नन्दराम भुसालको संयोजकत्वमा श्री दीन पन्थी, श्री भरत भलामी, श्री हीरा ए.सी., श्री कृष्णप्रसाद पन्थी सदस्य रहेको ५ सदस्यीय निर्माण सहजीकरण तथा अनुगमन समिति गठन गरिएको छ । निर्माण कार्यमा गुणस्तर र सुपरभिजन गर्नका लागि २०७६/०४/२९ देखि टीकानिधि पन्थीलाई सुपरभाइजरमा राखिएको छ ।

२०७६/०५/१० मा बसेको व्यवस्थापन समितिको बैठकको निर्णयअनुसार आर्थिक वर्ष २०७५/०७६ को लेखापरीक्षण गर्न लेखापरीक्षक परशुराम पन्थीलाई नियुक्ति दिइएको थियो ।

२०७६ भाद्र १३ गते विविध कार्यक्रमका साथ १५४ औं मोती जयन्ती मनाइयो । सो अवसरमा आयोजित कवि गोष्ठीमा प्रथम, द्वितीय, तृतीय हुने क्रमशः लक्ष्मणप्रसाद रिजाल, घनश्याम सुस्मित, हरिप्रसाद पन्थीलाई रू.१,५००।-, १,०००।- र ७००।- नगद, पुरस्कार दिइएको थियो भने सान्त्वना पुरस्कार प्रत्येकलाई रू.५००।- का दरले सन्दिप मरासिनी, शारदा खनाल र नमोनारायण पन्थीलाई प्रदान गरिएको थियो २०७५ सालको रू.५०००।- को जानकी साहित्य पुरस्कार आख्यान विधामा विशिष्ट योगदान गर्ने भागीरथी श्रेष्ठलाई प्रदान

गरिएको थियो । उक्त पुरस्कारहरू कार्यक्रमका प्रमुख अतिथि रेसुङ्गा नगरपालिकाका प्रमुख श्री डिल्लीराज भुसालले वितरण गर्नुभएको थियो ।


२०७६ साल भाद्र १५ गते १२ औं राष्ट्रिय पुस्तकालय दिवस किरण पुस्तकालयले पनि विविध कार्यक्रमको आयोजना गरी मनायो । जिल्ला समन्वयप्रमुख श्री लक्ष्मण पराजुलीको प्रमुख आतिथ्यमा सम्पन्न भएको सो कार्यक्रममा पुस्तकालयमा नयाँ पुस्तकहरू थपी पुस्तकालय दिवसलाई सार्थक बनाउने प्रयत्न गरिएको थियो । यस वर्षको पुस्तकालय दिवसको मूल नारा **'पठन संस्कृतिको पूर्वाधार : पुस्तकालयको विकास र विस्तार'** भन्ने थियो ।

मिति २०७६/०६/१४ गते बसेको पुस्तकालय व्यवस्थापन समितिको बैठकले व्यवस्थापन समितिका उपाध्यक्ष तथा **'हाम्रो पुरुषार्थ'**का सम्पादक श्री शशि पन्थीकी पूजनीय माता द्रौपदादेवी पन्थीको २०७६/०६/०९ मा ८७ वर्षको उमेरमा भएको दुःखद निधनमा एक शोक प्रस्ताव पारित गरी दिवंगत आत्मको चिरशान्तिका लागि कामना गर्दै शोसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गरेको थियो ।

२०७६/०६/२५ का दिन किरण पुस्तकालयको ५२ औं पुस्तकालयसभा पुस्तकालय व्यवस्थापन समितिका अध्यक्ष श्री नरप्रसाद श्रेष्ठको अध्यक्षता र पूर्व क्याम्पसप्रमुख श्री ढुण्डिराज पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न भयो । उक्त सभाले सचिव, कोषाध्यक्ष र लेखापरीक्षकको प्रतिवेदन, चालु, आर्थिक वर्ष २०७६/०७७ को रू. १८,५०,०००।- (अक्षरूपी अठार लाख पचास हजार रूपैयाँ)को अनुमित आय–व्ययक र वार्षिक कार्यक्रम पारित गर्‍यो । सो सभाले पुस्तकालय भवन निर्माणमा विशेष सहयोग गर्ने माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोण बिष्ट, नेपाल सरकार, रू.३ लाख ५० हजार अनुदान उपलब्ध गराउने ५ नं. प्रदेश सरकार, पुस्तकालय सञ्चालनका लागि कोठाहरू उपलब्ध गराउने जिल्ला समन्वय समिति, गुल्मी र नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा, गुल्मीप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद पारित गरेको छ ।

– ***सचिव***

# हार्दिक श्रद्धाञ्जलि



स्व.हरिप्रसाद गौतम

किरण पुस्तकालय व्यवस्थापन समितिका पूर्व सदस्य, समाजसेवी, शिक्षाप्रेमी हरिप्रसाद गौतमको मिति २०७६ साउन १५ गते उपचारको क्रममा काठमाडौंमा ८१ वर्षको उमेरमा दुःखद निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं।

**किरण पुस्तकालय परिवार**

**तम्घास, गुल्मी**

# नौलो सृष्टि : सानो दृष्टि

## १. 'हुटिट्याउँको मन' निबन्ध संग्रहमाथि मेरा केही शब्दहरू

जन्मथलो गुल्मी इस्मा भएर पनि जीवन प्रायः फिरन्ते भएकोले बाहिर-बाहिरमै आधा जिन्दगी बितिसकेको छ । हुन त रेसुङ्गा र अर्जुनको काखमा अतीतका केही अध्याय नबितेका होइनन् तथापि ऊ बेलाको "म" र यो बेलाको 'म' मा समानता उति छैन ।




उसो त दीन पन्थी धेरै सुनेको नाम हो । साथसाथै उहाँका निबन्धबारे पनि प्रसंगहरू नआएका होइनन् तथापि उहाँ र उहाँको लेखनीसँग भिम्मिने त्यति मौका मिलेको थिएन । लुम्बिनी वाङ्मय प्रतिष्ठान गुल्मीको नयाँ समितिले उहाँसँग हातेमालो गर्ने सौभाग्य जुरायो । यसै क्रममा एक दिन खबर पाएँ "दीन" सरको निबन्ध-संग्रहको विमोचन हुँदैछ । तत्काल निर्णय गरें जाने । साँझ पख दीन सरको पनि म बबुरोलाई फोन आयो यसै सम्बन्धमा । निकै खुसी लाग्यो । तर अन्तिम समयमा व्यक्तिगत यस्तो झमेला आइलाग्यो कि विमोचनमा उपस्थित हुन सकिनँ । मन कति खिन्न भयो म स्वयं जान्दछु ।

त्यसको केही दिनपछि भाद्र २१ गते लुम्बिनी वाङ्मय प्रतिष्ठानको बैठकमा उहाँसँग भेट भयो । सायद उहाँले मेरो आँखाको भाषा बुझेको हुनुपर्छ । आफ्नो निबन्ध-संग्रहको एक प्रति मतिर बढाउनुभयो । यति भएपछि मलाई मनले चिताएको पुग्यो । साँझ पख म घर फर्कें । जबबाट 'हुटिट्याउँको मन' मेरो हातमा आएको थियो, म स्वयं हुटिट्याउँ भैसकेको थिएँ पढ्ने उत्सुकतामा ।

संग्रह पल्ट्याएँ 'सुखानुभूति' बाट 'एकान्तवासका प्रलाप' सम्म आउँदा म म रहिनँ र संग्रहको बिट मार्दासम्म दीन सर पनि मेरा लागि उही दीन सर रहनु भएन । यसर्थ म रहिनँ किनकि संग्रहले मेरो सम्पूर्ण बौद्धिकतालाई नयाँ दृष्टिकोण दिइसकेको थियो । दीन सर मेरो लागि उही दीन सर यसर्थ रहनुभएन किनकि मैले उहाँलाई रेसुङ्गा ठानेको थिएँ उहाँ त सगरमाथा पो हुनुहुँदो रहेछ । मन

गदगद भयो, मैले गुरु खोज्न सर्वत्र चहारें । वास्तविक शाब्दिक गुरु त मेरै छेउँमै हुनुहुँदो रहेछ । मलाई अब भने मेरो मात्र होइन सम्पूर्ण गुल्मीको शाब्दिक यात्रा ढुक्क लागेको छ । कारण शब्दहरूको सगरमाथा 'दीन' सर हाम्रो साथ हुनुहुन्छ ।

निबन्ध-संग्रह हुटिट्याउँको मनमा कुल ३० वटा निबन्धहरू समावेश छन् । निबन्धहरूको आकार हेर्दा लघु भन्न मिल्छ तर लघु भन्नुभन्दा पहिला धेरै सोच्नुपर्ने ठान्छु म । लघु केलाई कसरी भन्ने ? संरचना नै लघु र विस्तृतताको सूचक हो भने होला अन्यथा अर्थात्मक र सान्दर्भिकताको हिसाबले हो भने निबन्ध लघु होइनन् महा विशाल भन्छु म । हरेक वाक्य आफैमा संसार छन् हरेक शब्द आफैमा सागर । साहित्यमा साहित्यको बृहत्ता वा लघुता किताबको साइज वा खर्चिएका शब्दहरूको मात्रा हेरेर मापन हुँदैन अपितु कृतिको श्रेष्ठताले हुन्छ । यसर्थ पनि 'हुटिट्याउँको मन' मा समावेश भएका निबन्धलाई लघु भन्न मिल्दैन । प्रस्तुत निबन्धसंग्रहमा निबद्ध निबन्धहरू आकारमा छोटा छन् तर सघन भाव र विचारले बृहत्तर छन् भन्दा हुन्छ । नगण्य विषय टिपेर महत्त्वपूर्ण दार्शनिक विचारहरू प्रकट भएका छन् । ठाउँ-ठाउँमा विकृति र बेथितिहरूमाथि मर्मभेदी व्यङ्ग्य प्रहार भएको छ । छोटा-छोटा वाक्यहरू सूक्तिमय लाग्छन् र जीवनका पथप्रदर्शक बन्न सक्छन् । भाषा अत्यन्त परिस्कृत र परिमार्जित छ । खोट लगाउने ठाउँ भेटिन्न । वाक्यहरूमा पदक्रमको विचलन सर्वत्र छ - जुन मिठो लाग्छ । यी साधारण निबन्ध हुँदै होइनन् । गहिरो भाव, विचार र प्रस्तुतिगत चमत्कारले भरिपूर्ण छन् । किरण पुस्तकालयद्वारा प्रकाशित 'हुटिट्याउँको मन' ले धेरैलाई हुटिट्याउँ बनाउने जस्तो मैले ठानेको छु । पहिलो म भई हालें । यो निबन्ध-संग्रहले हुटिट्याउँलाई नै नयाँ ढंगले परिभाषित गरिदिएको छ । कलम छोप्नेहरू सधै धर्ती टेकेर आकाशलाई माथिमात्र पारी उभिइराख्नु हुँदैन । बेलाबेला खुट्टा आकाशतिर टेकाएर धर्तीलाई पनि माथि पार्नुपर्छ । अर्को शब्दमा भन्नुपर्दा हुटिट्याउँ हुनुपर्छ बेला-बेला । छातीमा हुटिट्याउँको मन हुनुपर्छ उत्सुक ।

संग्रहमा रहेका शीर्षक सान्दर्भिक त छँदै छन् नै, त्योभन्दा अझै कैयौं गुणा सान्दर्भिकता थपेको छ निबन्धकारको सघन विचार र लेखन शैलीले । पारिबाट हेर्दा लटरम्म मञ्जरी झुलेका ········ पहाडी खेतका गह्रा झैं लाग्छन् स-साना वाक्यहरू । अनि यो वाक्यलाई छोएर जब अर्थात्मक मन्द हावा मनलाई छुन्छ, मन मञ्जरी भै जान्छ । मलाई यो निबन्ध-संग्रह 'कवितात्मक निबन्ध-संग्रह' भनिदिऊँ जस्तो लाग्छ । निबन्ध लेखनमा एउटा नयाँ धार तर आँट आएन किनकि स्वयं निबन्धकार 'लेखकीय' मा लेख्नुहुन्छ - "मलाई कुनै सिद्धान्त प्रतिपादन गर्नु छैन ।" तपाईं जे भन्नुस् तपाईंले शैली र सघनतामा निबन्धको

नयाँ पथ कोरिसक्नुभएको छ । यो मैले शिर निहुराएर भने तपाईंको सम्मानमा । वक्र भाषामा प्रायः कविता हुन्छन् । निबन्धको भाषा प्रायः सोझो र विषयगत हुन्छ । किनकि निबन्धको भाषा घुमाउरो हुनुहुँदैन । कविताको यस्तो वक्रभाषामा तपाईंले कसरी यति स्पष्ट र सटीक निबन्धहरू लेख्न सक्नुभयो ? म अचम्मित भएको छु । यो निबन्धलाई मात्र होइन कवितालाई पनि नयाँ बाटो मिलेको छ । प्रा. डा. हिरण्यलाल ज्ञवालीज्यूको शब्दपुष्प हुँदै ऋषि आजादज्यूको समीक्षामा घोतलिन्छु केहीबेर अनि लेखकीय 'आगो निभाउन अलिकति पानी' मा अलिकति जलपान गरी तम्तयार भएर पृष्ठ-१ सुखानुभूतिका शब्दहरूसँग बढ्न थाल्छ । 'दुःखका मूलमा सुख छन्, सुखका मूलमा दुःख छन् । (सुखानुभूति, पृ.१) कति सजिलै दुःख र सुखको सम्बन्ध छर्लङ्ग पारिदिनुभयो निबन्धकारले !! निबन्धकारको यति कुरा बुझे न त सुखका लागि खरानी घस्नुपर्छ न दुःखमा पाउडर ।

"सबै प्राणीमा प्रवृत्ति छन्, मान्छेमा निवृत्ति पनि हुन्छ" (मान्छे, समाज र सद्भाव, पृ.४) यो लघु वाक्य मान्छे के हो भन्नेबारे वेद हो । यत्ति बुझे मान्छे बुझ्न/हुन पुग्छ ।

त्यस्तै धर्मबारे लेख्नुहुन्छ 'रूपमा धर्म अनेक भए पनि सारमा धर्म एक छ ।' (धर्म, पृ.११) केही प्रश्नहरू आफैमा आंशिक उत्तर पनि हुन्छन् । निबन्धकार "प्रश्नहरू" मा कति जटिल प्रश्न स्वाभाविक रूपले उठाउनुहुन्छ ! हेरौं त - "बीजमा वृक्ष र वृक्षमा बीज बनाउने को होला ? (प्रश्नहरू पृष्ठ-१४)

अहिलेका पेटहरूको दशा यसरी पोख्नुहुन्छ निबन्धकार-"भोजनभन्दा भोक सस्तो छ लोकमा । भोक किन्न हिड्दैछन् भोजनवालाहरू" । (सफलता, पृष्ठ-२०)

मान्छे स्वयं ब्रह्मा, विष्णु र महेश्वर हुँ भनी रहेको बेला यस्तो जवाफ दिन्छ यो निबन्ध - "सृजना गर्नुपर्दैन र मान्छे स्रस्टा पनि होइन" (स्रस्टा र सृष्टि पृष्ठ-२३)

बुझ्नेलाई श्रीखण्ड र नबुझ्नेलाई खुर्पाको बिंड हो निबन्धकारको यो वाक्य ।

को भन्छ ? साहित्यकारमात्र कोरा कल्पनामा घोत्लिन्छन्, त्यही लेख्छन् । हैन र ? उदाहरण हेरौं -

"बानरबाट नर भयो भनी डार्बिन भन्छ । नर फेरि बानर बन्न सक्छ भन्ने मलाई लाग्छ ।" (बानर र मान्छे पृष्ठ-३४)

"संरक्षितभन्दा अरक्षित शक्तिशाली हुन्छन्" (त्यान्द्राहरू पृष्ठ-३४) शक्तिको बारेमा योभन्दा शक्तिशाली कसैले लेख्नै सक्दैन मैले बाजी थापें ।

विद्याआर्जन किन गर्ने ? पैसा त अरूबाट पनि कमाइन्छ नि भन्नेको यति भए सुबुद्धि आउला कि ?

"जो अक्षर बन्छ त्यही ठूलो मान्छे बन्छ ।" (ठूलो मान्छे पृ.४४)

नयाँ नेपालको लहर चलिरहेको बेला निबन्धकार सबैलाई केही बेर अडिएर सोंच्न आग्रह गर्दै लेख्नुहुन्छ -

"हिजोलाई आजले भुल्यो भने भोलिलाई पर्सिले भुल्नेछ सबै पुरातन पूर्व नूतन हुन् र सबै नूतन हुनेवाला पुरातन हुन्" (नूतन/पुरातन पृ.५२, ५३)

समग्रमा यो निबन्ध-संग्रह अब्बल छ र नेपाली निबन्ध फाँटमा कोशेढुंगा छ । गुल्मेली कलमद्वारा लिखित यो निबन्धले नेपाली निबन्धको साथसाथै समग्र नेपाली साहित्यको अग्रगामी मार्ग प्रशस्त गर्नेछ भन्ने कुरामा यो कलमकार ढुक्क छ ।

स्वयं उल्का पिण्ड हुँ भन्ने ज्ञात हुँदाहुँदै सूर्य र सोको कृतिबारे शब्दहरू लेख्ने जमर्को आफैमा केटाकेटीपन हो, यो उल्का पिण्डलाई ज्ञात हुँदाहुँदै पनि केही शब्दहरू लेख्ने प्रयास गरें यसर्थ कि सूर्यले स्वयं आफैलाई लेख्दैन जसरी रामले रामायण लेखेनन् । अन्त्यमा आदरणीय गुरु/निबन्धकार दीन पन्थीज्यूलाई यो अब्बल निबन्ध-संग्रहको लागि धेरै धेरै बधाइ तथा आगामी कलमयात्राको लागि धेरै शुभकामना व्यक्त गर्दै यही निबन्ध संग्रहको निबन्ध नूतन/पुरातनका यी शब्दहरू सापटी लिदै मैले आफ्नो कलम रोक्ने अनुमति मागें ।


"सबैका आउँछन् बैंस । बाँचे बन्छन् सबै बूढा" (नूतन/पुरातन पृ.५४)
म ढुक्क छु - यो संग्रह कहिल्यै बूढो हुने छैन ।

हुटिट्याउँको मन -निबन्ध-संग्रह, ३० वटा निबन्धहरूको संगालो)
पृष्ठहरू - ८२
लेखक - श्री दीन पन्थी
प्रकाशक - किरण पुस्तकालय (तम्घास, गुल्मी)
इमेल - hamropurushartha@gmail.com
वेब साइट - www.kiranpustakalaya.com
मूल्य - रू.१५०।-

***- सुरेशप्रसाद अर्याल 'कान्छो'***
**इस्मा, गुल्मी**


०००

## २. समीक्षा-संग्रह




ऋषि आजाद शिक्षण सेवामा लामो समय खर्चेर साहित्यलाई पनि सँगसँगै लैजाने व्यक्तित्व हुन् । उनी पछिल्लो चरणमा समालोचकका रूपमा देखा परेका छन् । समालोचना र विवेचनात्मक निबन्ध-संग्रह मोदनाथीय एकात्मक धार एवं जनताको बहुदलीय जनवाद प्रकाशित गरिसकेका आजादको यो तेस्रो कृति हो । कवितामा २२ वटा, कथा/लोककथामा पाँचवटा, नाटकमा तीनवटा, निबन्धमा तीनवटा, नियात्रामा एक, संस्कृति क्षेत्रमा पाँच, उपन्यासमा छ र अर्थशास्त्रमा एक गरी जम्मा छ्यालीसवटा कृतिहरूको समीक्षा प्रस्तुत कृतिमा गरिएको छ । समीक्षक समावेशी देखिएका छन् । उत्तरवर्ती साहित्यका विशेषताका माध्यमबाट प्रस्तुत कृतिलाई समीक्षात्मक निबन्ध-संग्रहको ढाँचामा ढालिएको छ ।

प्रस्तुत कृतिमा व्यक्तित्व, विवरणात्मक पक्ष, ऐतिहासिकता, सामाजिक-सांस्कृतिक पक्षलाई पनि समेट्ने प्रयास गरिएको छ । उत्तर आधुनिकता बुझेका समीक्षकले समीक्षा पनि सोहीअनुरूप गरेका छन् । समय र राजनीतिक चिन्तनमा परिवर्तन आउँदा साहित्यिक कृतिमा पनि परिवर्तन आउनुपर्छ भन्ने ठहर बोकेका समीक्षक नरम धारका समीक्षकका रूपमा देखिन्छन् ।





## ३. आजका मानव र आत्मबोध

पूर्वीय नीति एवं दर्शनलाई सिंहावलोकन गरेर मतिराज शर्मा भुसालले 'आजका मानव र आत्मबोध' नामक ग्रन्थ तयार पारेका छन् । यसभित्र जीवन दर्शन, मानिस, योगाभ्यासको महत्त्वलगायतका १० वटा भिन्न शीर्षकका रचनाहरू

समावेश गरिएको छ । लेखकले एकातिर वैयक्तिक अधिकार र कर्तव्यका प्रसङ्ग उठाएका छन् भने अर्कोतिर समन्वयात्मक, अध्यात्मवाद र द्वन्द्वात्मक भौतिकवाद एवं विश्व शान्तिका प्रसङ्ग पनि उल्लेख गरेका छन् । त्यस्तै लेखकले समसामयिकतालाई पछ्याउँदै हाम्रो शिक्षा नीतिमा अनुशासन, नैतिकता र व्यावहारिकता समावेश हुनुपर्ने विचार व्यक्त गर्न पुगेका छन् ।

लेखकले योगाभ्यासको महत्त्व, प्रणायाम, मेरो स्वास्थ्य मेरो जीवनजस्ता मानिसलाई स्वस्थ राख्न आवश्यक पर्ने तथ्यलाई अगाडि सारेका छन् । गम्भीर र विशद सन्दर्भका विषयमा समेत सरल ढङ्गबाट प्रकाश पार्ने प्रयास गरिएको छ । हिन्दू धर्म-दर्शनको आलोकमा विरचित प्रस्तुत कृति पठनीय छ ।

### ४. यात्रा एक तरङ्ग अनेक




सम्पादन र लेखनका क्षेत्रमा प्रयासरत रोहितप्रसाद ज्ञवालीको यात्रा एक तरङ्ग अनेक कृति प्रकाशित भएको छ । यसभित्र नमस्ते/नमस्कारदेखि लिएर भिन्न-भिन्न विषय सन्दर्भका १६ वटा लेखहरू समावेश छन् । यसभित्र कतै उपदेशका स्वरहरू गुञ्जिएका छन् भने कतै लेखकले जीवन दर्शनका सन्दर्भ कोट्याएका छन् । मानवीय कर्तव्यबोधका साथै अन्य विषय सन्दर्भ पनि समेटिएको छ । कतिपय लेखहरूमा लेखकका नितान्त निजी विचारहरू पस्किएको छ । लेख अत्यन्त हलुका पनि बन्न पुगेको छ । जस्तैः 'बिर्सनु' लेखकका मनमौजी विचार मात्र छन् । सैद्धान्तिक र वैज्ञानिक कारणभन्दा धेरै फरक । त्यस्तै संघर्षले जन्माएका प्रतिभाहरू शीर्षकमा प्रतिभा त छनौट भएका छन् तर ती प्रतिभाका बारे यथेष्ठ अध्ययन नपुग्नाले लेख अलि फितलो बन्न पुगेको छ । जे होस् लेखकको प्रयास श्लाघनीय छ । आगामी दिनमा गहन अध्ययन र चिन्तनका साथ थप कृति रचिंदै जाऊन् । यही शुभकामना !

***– अकिञ्चन***

०००


यताउताबाट


# आधा जिस्ता : पठनीय पुस्तक



**राजु भुसाल**

प्रा.डा. बाबुराम ज्ञवालीको नेपाली जनमानसमा बहुआयामिक व्यक्तित्व छ । उनी प्राध्यापक, समालोचक, साहित्यकार तथा अर्थशास्त्री पनि हुन् । २०३५ सालमा संरक्षक साप्ताहिकमा जोइटिङ्ग्रे कथा लेखेर साहित्यमा प्रवेश गरेका ज्ञवालीका तीन दर्जन जति पुस्तकहरू प्रकाशित छन् । विद्याव्यसनमा रमाउने ज्ञवालीले नेपाली भाषा, साहित्य, धर्मसंस्कृति आदिका क्षेत्रमा विशेष कलम चलाएका छन् । करिब एक वर्षअगाडि मलाई आफूले लेखेको पुस्तकको सम्पादन गर्नै जिम्मेवारी दिने मनसाय व्यक्त गरेका थिए तर समय परिस्थितिले साथ दिएन । त्यसैले मलाई पछिसम्म पनि तलतल लागिरहेको थियो र आज उनकै पुस्तकको समीक्षा गर्ने जमर्को गरेको छु । यसले मलाई केही भए पनि विरेचनजन्य अनुभूति भएको छ ।




आधा जिस्ता (२०७६) पुस्तक बाबुराम ज्ञवालीद्वारा लेखिएको चिन्तनपरक लेखको सङ्ग्रह हो । यसमा कला, साहित्य, भाषा, विचार, संस्कृति आदिलाई विषय बनाएर लेखिएका १२ वटा निबन्ध छन् । २०६५ सालदेखि लिएर २०७५ सालसम्म लेखिएका लेखको संगालोका रूपमा आएको प्रस्तुत संग्रहका लेखहरू फरकफरक प्रकृतिका छन् ।

यस पुस्तकको पहिलो लेख **कहाँ लैजाला कम्प्युटरले मानिसलाई** रहेको छ । यस लेखमा ज्ञवालीले कम्प्युटर प्रविधिको शक्तिका बारेमा चर्चा गर्दै कम्प्युटरको शक्ति मान्छेको भौतिक सुविधाका लागि वरदान सावित भए पनि आत्मिक शान्ति दिन नसकेको चर्चा गरेका छन् । कम्प्युटरको आविष्कार भएपछि एउटै परिवारमा पनि मान्छे टाढिन पुगेकाले कम्प्युटरभन्दा मान्छेको मस्तिष्कलाई सर्वोच्च ठानेका छन् । **यशोधराको यशगान** शीर्षकको लेख यस पुस्तकको दोस्रो लेख हो । प्रस्तुत लेख यशोधराको उदारताको वर्णन गर्नमा केन्द्रित छ । यस लेखमा ज्ञवालीले यशोधरा सीता र उर्मिलासँग तुलनीय छन् भन्दै बुद्धलाई साधना मार्गमा लाग्न र सांसारिक आकर्षणमा नफस्न यशोधराले बारम्बार सचेत गराएको चर्चा गरेका छन् । यस लेखमा नै ज्ञवालीले बुद्ध र यशोधरा बीचको संवाद र यशोधराको शरीर त्यागको चर्चा गर्दै यशोधराको महानताको सन्देश दिएका छन् । **मैले मन पराएका ती किस्सा** यस पुस्तकको तेस्रो लेख हो । यस लेखमा ज्ञवालीले आफूले मन पराएका अकबर वीरबल, अलफ लेला र पञ्चतन्त्रका कथाको समीक्षा छ । वास्तवमा यी तीन कथा नेपाली जनमानसमा प्रचलित छन् । लेखक ज्ञवालीले यी कथाका कुन कुन घटनाले आफूलाई प्रभावित पार्‍यो, कथा किन पठनीय छन् भन्ने कुराको बडा गम्भीरतापूर्वक चर्चा गरेका छन् । लोक व्यवहारको ज्ञान पाइने यी कथाहरूलाई ज्ञवालीले खोजी खोजी पढ्न पनि आग्रह गरेका छन् । वास्तवमा यी कथाहरूमा नीति, ज्ञान र लोकव्यवहारको शिक्षा पाइने र वर्तमान समयमा यिनको मूल्य घट्दै गई मान्छे यान्त्रिक बनेकाले ज्ञवालीले त्यसो भनेका हुन् जस्तो मलाई लाग्छ ।

**विश्वविजयी एलेक्जेण्डर र तक्षशीलाका आचार्य** शीर्षक लेख एलेक्जेण्डर र विश्वको शिक्षाको केन्द्र तक्षशिलाका आचार्यहरूको रोचक तथा ज्ञानवर्धक संवादमा केन्द्रित छ । पहिले कसरी शास्त्रार्थ हुन्थ्यो, त्यतिबेला विद्वान्ले कसरी उत्तर दिन्थे भन्ने कुराका साथै सम्पूर्ण धनसम्पत्ति तथा वैभवले पूर्ण एलेक्जेन्डरले पनि जाने बेलामा खालि हात लिएर गएको चर्चा गर्दै ज्ञवालीले संसारलाई क्षणिक र मिथ्या देखाउन खोजेको अनुभव हुन्छ । यस पुस्तकको पाँचौं शीर्षक **प्रेम, निष्ठा, सुन्दरताको प्रतीक पर्व तीज** रहेको छ । यसमा ज्ञवालीले तीज पर्वको रहस्य, यसको सामाजिक, सांस्कृतिक र धार्मिक महत्त्वको चर्चा गर्दै यसले श्रीमान् र श्रमितीबीचको सम्बन्धमा गाढा प्रेम, आस्था र विश्वास सिर्जना गर्छ भन्दै यसको मौलिक स्वरूपलाई जोगाई राख्नुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । आधा जिस्ता पुस्तकको अर्को लेख **बीपीका आध्यात्मिक विचारको समीक्षा** हो । यसमा ज्ञवालीले बीपीले लेखेका विभिन्न उपन्यास तथा अन्तर्वार्ताहरूको सन्दर्भ ल्याउँदै यिनका कृतिमा पाइने आध्यात्मिक विचारको समीक्षा गरेका छन् । यसमा उनले बीपीलाई नेपाली राजनैतिक जगत्का सर्वाधिक चर्चित चिन्तकका रूपमा लिएका छन् ।

**कम्प्युटरको आविष्कार भएपछि एउटै परिवारमा पनि मान्छे टाढिन पुगेकाले कम्प्युटरभन्दा मान्छेको मस्तिष्कलाई सर्वोच्च ठानेका छन् । यशोधराको यश गान शीर्षकको लेख यस पुस्तकको दोस्रो लेख हो । प्रस्तुत लेख यशोधराको उदारताको वर्णन गर्नमा केन्द्रित छ । यस लेखमा ज्ञवालीले यशोधरा सीता र उर्मिलासँग तुलनीय छन् भन्दै बुद्धलाई साधना मार्गमा लाग्न र सांसारिक आकर्षणमा नफस्न यशोधराले बारम्बार सचेत गराएको चर्चा गरेका छन् ।**

मदन भण्डारी, मनमोहन अधिकारी र प्रचण्डले समेत यिनलाई आदर्श मानेको चर्चा गर्दै आध्यात्मिकतामा पनि कोइरालाको उत्तकै निष्ठा थियो भन्ने कुराको उल्लेख गरेका छन् । यस पुस्तकको सातौं लेख **भानुभक्त, रामकथा र त्यसको सामाजिक ऐतिहासिक परिवेश** हो । यस लेखमा ज्ञवालीले भानुभक्तीय रामायणको ख्याति र प्रशंसा नेपालमा मात्र नभएर दार्जिलिङ, आसाम, मेघालय र अभ्क तेस्रो मुलुकमा पनि रहेको चर्चा गर्दै रामायणले नेपाली भाषाको मानक रूप दिएर भाषिक एकीकरण गरेको उल्लेख गरेका छन् । रामायणमार्फत भानुभक्तले आदर्श राज्यको कल्पना गरेको कुरा पनि ज्ञवालीले यस लेखमा उल्लेख गरेका छन् । **वधूशिक्षा : भावी जीवनको प्रशिक्षण** शीर्षकको लेख यस पुस्तकको आठौं लेख हो । मुख्यतः सुखी गृहस्थी निर्माण गर्ने उद्देश्यले आजभन्दा दुईसय वर्षअघि लेखिएको प्रस्तुत कविता नेपाली साहित्यमा निकै चर्चामा आएको कविता पनि हो । कतिपयले नारीवादी दृष्टिले यस कवितालाई हेरेर पितृसत्तात्मक सोंचको कुरा गरे पनि यथार्थमा त्यस्तो होइन । ज्ञवाली भन्छन् : वधूशिक्षा भावी गृहस्थी जीवनलाई सजिलो बनाउनका निम्ति दिइएको अभिमुखीकरण प्रशिक्षण पनि हो (पृ.४२) । वास्तवमा घरपरिवारको व्यवस्थापकीय अभिभारा लिएका गृहिणीहरूको कुशल व्यवस्थापनबाट घरपरिवार सुखी हुन्छ । नारी प्रेम, सद्भाव, त्यागका अतिरिक्त खानपिन, सफासुग्घर र रहनसहनका पनि आधार हुन् ।

त्यसैले नारीलाई केन्द्रीय भूमिका दिएर नारीले नै घरलाई स्वर्ग बनाएका हुन्छन् भन्दै नारीलाई त्यसप्रकारको शिक्षा दिनु नै यस कविताको उद्देश्य हो । शब्दहरूको अर्थविस्तार र अर्थसङ्कुचन : केही उदाहरण शीर्षकको लेख यस पुस्तकको नवौं लेख हो । यसमा अभिधा, लक्षणा र व्यञ्जना गरी तीन प्रकारका शब्द शक्तिको उल्लेख गर्दै साहित्यमा मूलतः व्यञ्जना शक्तिको महत्त्व हुने कुराको चर्चा गरेका छन् । यसमा नै लेखकले नेपाली भाषामा शब्दले दिने

सङ्कुचित अर्थ र विस्तारित अर्थको समेत चर्चा गर्दै नेपाली साहित्येतर क्षेत्रमा पनि नेपाली भाषाको मानक रूपको प्रयोगमा ध्यान पुर्‍याउनुपर्ने कुराको उल्लेख गरेका छन् । **जैसीले नजानेको तर अल्छीले जानेको** शीर्षक लेख हास्यात्मक छ । यसमा उनले समाजमा जान्नेसुन्ने मान्छेको भन्दा अल्छी मान्छेको कुरा नै बिक्ने कुरा प्रस्तुत गरेका छन् ।

श्रीकृष्ण : पुत्र, प्रेमी र पति शीर्षकको लेख यस पुस्तकको एघारौं लेख हो । यस लेखमा ज्ञवालीले कृष्णको जन्म र रासलीलाको प्रसङ्गको चर्चा गर्दै उनलाई युग अवतारका रूपमा चर्चा गरेका छन् । उनको शासनकाल सामूहिक निर्णयमा आधारित थियो । उनले दुष्टको नाश गरिसकेपछि उनको वंशलाई राज्याभिषेक गराउँथे भन्दै त्यसप्रकारका महापुरुषका विषयमा अनेक भाषामा साहित्य लेखिएका चर्चा गरेका छन् ।

यस पुस्तकको अन्तिम लेख **सम्पादनको पहिलो अनुभव** हो । वास्तवमा म यस लेखलाई यस पुस्तकको मास्टर पिस मान्छु । यस लेखमा ज्ञवालीले श्री शान्ति नमूना मा.वि. (मणिग्राम) को रजत महोत्सव (२०४१) मा प्रकाशित गर्न लागिएको नानी पत्रिकाको सम्पादन गर्ने क्रममा आफूलाई दिइएको जिम्मेवारीलाई विषय बनाएका छन् । पत्रिका छाप्न गोरखपुर गएको, त्यहाँ बस्दा सँगालेको अनुभव र सम्पादन गर्दा आइपर्ने समस्यालई बडो गम्भीर तरिकाले व्यक्त गरेका छन् । उत्तिकै कौतुहल तथा उत्तिकै ज्ञानवर्धक यस लेखले जो कोहीको पनि मन छुन्छ । यसप्रकारका लेखहरूपछि यस पुस्तकमा डा. शिवप्रसाद पौड्यालको पुस्तकका बारेमा लामो समीक्षा लेख छ ।

यसप्रकारका लेखहरूको संगालोका रूपमा आएको पुस्तक आधा जिस्ता (२०७६) पुस्तकले नेपाली साहित्य तथा सामाजिक, सांस्कृतिक र प्राज्ञिक क्षेत्रमा महत्त्वपूर्ण अर्थ राख्छ । यस पुस्तकका लेखहरू ज्ञानवर्धक, सुरुचिपूर्ण र पठनीय छन् । लेखक अर्थशास्त्रका प्राध्यापक भए पनि उनमा अन्तरिक ज्ञान छ भन्ने स्पष्ट हुन्छ । कुनै पनि विचारलाई एउटा दृष्टिले मात्र नहेरेर अनेक दृष्टिले हेर्ने चेत उनमा पाइन्छ । प्रस्तुत पुस्तक अध्ययनरत विद्यार्थी, स्वतन्त्र पाठक, पत्रकार, समाजसुधारक, जोकोहीलाई पनि उत्तिकै महत्त्वपूर्ण छ । यसप्रकारको पुस्तक पाठक समक्ष पस्किनुभएकोमा म आदरणीय सरलाई हार्दिक बधाई दिन्छु ।

ooo

**पुस्तक तथा पत्र-पत्रिकाहरू किनेर पढ़ने बानी बसालौं । सित्तैमा पढने मन छ भने पुस्तकालयमा गएर पढने बानी बसालौं ।**

# किरण पुस्तकालयको स्वर्णवर्ष र हाम्रो पुरुषार्थ : एक चर्चा

गुल्मी जिल्लाबाट निस्कने एक मात्र साहित्यिक पत्रिकाको नाम हो **हाम्रो पुरुषार्थ** । हाम्रो पुरुषार्थ र किरण पुस्तकालयबीच अन्योन्याश्रित सम्बन्ध छ भन्ने कुरा सबैलाई जानकारी भएकै हुनुपर्छ । यो साहित्यिक पत्रिका हो मेरो गृह जिल्ला गुल्मीको । जिल्लाको कुनाकन्दरामा रहेका साहित्यानुरागीहरूको साहित्यलाई उजागर गर्ने काम हाम्रो पुरुषार्थले गरेको देखिन्छ । यतिमात्रले यसको दायित्व कहाँ पूरा भएको मान्न सकिन्छ र ? जिल्लामा रहेका विशिष्ट विद्वान् बुद्धिजीवीहरूको मान, मर्यादा र कदर गर्न यसले आफूलाई पछि परेको देखिदैन । हाम्रो पुरुषार्थले हालै प्रकाशनमा ल्याएको किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्कको बारेमा आफूले जानेभोगेका र अनुभवमा समेटिएका रचनाहरू जम्मा गरी विशुद्ध पुस्तकालयकै बारेमा लेखिएका लेख रचनाहरू प्रकाशित गरेपछि यसले आफ्नो छुट्टै पहिचान बनाएको छ । पुस्तकालयको स्वर्णवर्ष मनाउने सिलसिलामा पुस्तकालय निकट रही चासो देखाउने विद्वान् बुद्धिजीवीहरूबाट लेख-रचनाहरूको अनुरोध गरेपश्चात्को परिणाम हो यो विशेषाङ्क । किरण पुस्तकालयको बारेमा जस्ले शुरूदेखि जान्यो र जानकारी लिने प्रयत्न गर्‍यो त्यस्ता सर्जकहरूका लेख रचनाहरू यो विशेषाङ्कभित्र समेटिन सफल भएका छन् । पुस्तकालयको बारेमा जान्नु-बुझ्नु र सोधखोज गर्नु हाम्रो कर्तव्य पनि हो ।

किरण पुस्तकालयले आजसम्म जे-जति कार्य गर्न सकेको छ त्यो आफैमा सराहनीय र स्तुत्य छ । यो जिल्लाभरकै एक मात्र उत्कृष्ट पुस्तकालय हो । यो देशकै एउटा शक्तिशाली अध्ययन केन्द्र बनिसकेको कुरामा कसैको पनि दुई मत नहोला । शशि पन्थीको बलबुताबाट स्थापना गरिएको यो पुस्तकालयको बारेमा जति चर्चा गरे पनि त्यो अधुरो नै रहन्छ । यस्ता पुस्तकालयहरू सायद रेसुङ्गा नगरपालिकाभित्र रहेका अन्य वडामा समेत स्थापना हुन सकेको खण्डमा हामी सबैले पुस्तकालयको महत्त्व बुझ्न सकिने थियो होला कि भन्ने कुराको अनुमान लगाउन सकिन्छ । किरण पुस्तकालय हाम्रो गुल्मी जिल्लाभरको नम्बर एकमा पर्ने एक मात्र उच्च कोटिको पुस्तकालय हो । किरण पुस्तकालयले यस्ता अनगिन्ती असल कार्यहरू गर्दै आएको छ त्यसमध्येको एउटा कार्य हो साहित्यको सेवा गर्ने कार्य । हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाको जग नै किरण पुस्तकालय हो । यो पत्रिका केही दशकसम्म अर्धवार्षिक रूपमा निरन्तर प्रकाशित हुँदै आएको कुरा हामी सबैलाई थाहा छ नै तर हाल आएर यो पत्रिकाले आफूलाई त्रैमासिकको रूपमा स्तरोन्नति गराउँदै पत्रिका साहित्य सेवीहरूको मनोबल

बढाइदिन सफल भएको छ । जिल्लाभरकै एक मात्र साहित्यिक पत्रिकाको व्यापकताको कुरा गर्ने हो भने अहिले भने वेभसाइटको माध्यमले विश्वको कुनाकुनामा पुग्न सफलभएको कुरालाई हामीले मनन गरिसकेका छौं ।

हाम्रो पुरुषार्थको मुख्य उद्देश्य नै साहित्यको सेवा गर्नु हो । नयाँनयाँ लेखक कविहरूका सिर्जनालाई प्राथमिकता दिएर लेख-रचना प्रकाशित गर्नु हो । यसो गर्दा साहित्यमा नयाँ पिढीको आगमन हुन्छ । नयाँ पिढीका सर्जकहरूले राम्रो स्थान पाउन सक्छन् । साहित्यमा लाग्नेहरूलाई हौसला मिल्छ । साहित्य सेवीहरूको संख्या बृद्धि हुन्छ । साहित्यमा झुकाव राख्नेहरूको मनोबल बढ्छ । राग अनुरागहरू सृजित हुन्छन् । साहित्यका बारेमा बहस छलफल र गोष्ठी गर्न आँट आउँछ । साहित्यका विषयमा खुलेर कुरा गर्न सकिन्छ । यहीं नै यो पत्रिकाको लक्ष्य हो । विशेषगरी यो पत्रिकाले साहित्यसेवीहरूलाई जोड्न सकिने सेतुको काम गरिरहेको कुरा छर्लङ्ग देख्न सकिन्छ । हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाको आफ्नै विशेषता छ । यो साहित्यिक पत्रिका प्रेस काउन्सिलको वर्गीकरण 'क' मा परेको छ । हाम्रो पुरुषार्थ त्रैमासिक साहित्यिक पत्रिका हो । हाल हाम्रो पुरुषार्थले किरण पुस्तकालयको स्वर्ण वर्ष अङ्कको अवसर पारेर ८० औं अङ्क प्रकाशन गरेको छ । यसभित्र किरण पुस्तकालयसँगको निकट सम्बन्धको नाता रहेका व्यक्तिका रचनाहरूले उच्च स्थान पाएका छन् । हाम्रो पुरुषार्थले ७५ जनाका पुस्तकालयसम्बन्धी लेख-रचनाहरूलाई ४०८ पेजमा विस्तार गरेको देखिन्छ भने यो पत्रिकाको पहिलो कभर पेज पल्टाउनासाथ शुरूको २ पेज पुस्तकालयको नयाँ भवननिर्माण गर्दा मन्त्रीद्वारा शिलन्यास गरिएका तस्वीरहरू राखिएको देखिन्छ भने राष्ट्रपतिदेखि अन्य विशिष्ट महानुभावहरूका शुभकामनासहितका अन्य विषयवस्तुहरूलाई १६ पेज अलग छुट्ट्याएको देखिन्छ । किरण पुस्तकालयको स्थापना २०२५ मा भए पनि आधिकारिक स्वीकृति विक्रम सम्वत् २०२८ सालमा भएको देखिन्छ ।

यस्तै रामचन्द्र पन्थीको ज्ञानको दियो किरण पुस्तकालय शीर्षक दिएर पुस्तकालयको सम्बन्धित विषयका पक्षको अनुभव बटुल्दै लेखिएको यो सारगर्भित लेखको बारेमा शुरूदेखि हालसम्म देखा परेको पुस्तकालयसम्बन्धी गतिविधिका बारेमा विशेष चर्चा गरिएको देखिन्छ । यसरी पन्थीद्वारा लेखिएको उक्त शीर्षकको लेखलाई पेज नं. ४९ मा गएर यस विषयमा सजिलोसँग अध्ययन गर्न सकिन्छ ।

यस्तै हाम्रो पुरुषार्थको किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्कको पेज नम्बर ८५ मा विश्वमा पुस्तकालयको विकास र गुल्मीमा किरण पुस्तकालयको स्थापना शीर्षक राखेर ध्रुवराज पन्थीले आफ्नै शब्दमा विश्वमा रहेका पुस्तकालयहरू कहिले र कहाँ शुरू गरिए भन्ने बारेको फेहरिस्त वर्णन गरिएको कुराहरू हामी यो रचना पढेपछि मात्र थाहा पाउँछौं । पुस्तकालय प्रसङ्गको बारेमा अगाडिको प्रसङ्ग जोड्दा पुस्तकले नर्कलाई पनि स्वर्ग बनाउने क्षमता राख्छ भन्ने कुराको

उदाहरण दिएको देखिन्छ । यसरी विश्वका पुस्तकालयको इतिहासका कुरा गर्दा गर्दै अन्त्यमा आएर किरण पुस्तकालयको इतिहासलाई चिटिक्क मिठो र अति वास्तविक कुरा राख्दै आफ्नो रचनालाई बिट मार्न पुगेका प्रसङ्गहरू यहाँ भेटिन्छन् ।

यसै गरी पेज नम्बर १२८ मा पुस्तकालयकै प्रसङ्गको कुरालाई शीर्षक बनाएर लेखिएको अर्को लेख प्रत्येक ठाउँले अनुकरण गर्ने एक अति प्रशंसनीय कार्य किरण पुस्तकालय सम्बन्धी डा. गोविन्दराज भट्टराईद्वारा लेखिएको रचनाको पेज नम्बर १२८मा किरण पुस्तकालयलाई आफूले नजदिकबाट राम्ररी बुझ्किसकिएका केही महत्त्वपूर्ण कुराहरूको बारेमा शशि पन्थी र किरण पुस्तकालयबीचको सम्बन्धको कुरा गर्दा स्वयम् डा. भट्टराईले समेत खुसी व्यक्त गरिएका अभिव्यक्तिहरू यसभित्र समावेश गरिएको देखिन आउँछ । पुस्तकालय र हाम्रो पुरुषार्थलाई सँगसँगै उठाउन कोसिस गरिएका कुराहरूको बारेमा प्रशंसा र हर्ष प्रकट गरिएको देखिन्छ ।

यसै सिलसिलामा शशि पन्थी र किरण पुस्तकालयको बीचमा अन्योन्याश्रित सम्बन्धको विषय बनाएर हिमलाल ज्ञवालीद्वारा लेखिएको किरण पुस्तकालयसँगको सामीप्यता शीर्षक राखी प्रस्तुत गरिएको यो अत्यन्त मन छुने रचनामा रिडीदेखि लिएर तम्घासमा रहेको किरण पुस्तकालयसम्मका कुरालाई हाम्रो पुरुषार्थ किरण पुस्तकालय स्वर्णवर्ष अङ्क ८० को २०१ पेजमा यी कुराहरूको बारेमा वर्णन गरिएको देखिन्छ । यसको क्रियाकलापदेखि सन्तुष्ट भएर पुस्तकालय र हाम्रो पुरुषार्थको आजीवन सदस्य बनेका कुराहरूको बारेमा समेत उल्लेख गरिएको देखिन्छ । हरेक वर्ष लक्ष्मीपूजाको दिनमा किरण पुस्तकालयले आफ्नो वार्षिक कार्यक्रम भव्यताका साथ मनाउने कार्यमा आफ्नोसमेत सहभागिता जनाइएको कुरालाई यसरी सविस्तार वर्णन गर्न खोजिएको देखिन आउँछ ।

यहीं सन्दर्भलाई जोड्ने क्रममा गोकर्ण मरासिनीले आफूले किरण पुस्तकालयलाई अध्ययन गर्ने एउटा विशाल छाती भएको विश्वविद्यालयको स्वरूप मानेर विशिष्ट सम्मान गर्दै पुस्तकालयको गरिमालाई उँचो बनाउने काम गरिएको छ । यो महानतालाई साधुवाद । यहाँ शीर्षक नै किरण पुस्तकालय मेरो विश्वविद्यालयको नामै किटाएर सविस्तार पुस्कालयकै पक्षमा समर्पित भएर कुरा राखिएको देखिन्छ । उपल्लो तम्घासको मान्छेलाई पुस्तकालयकै मोहले धागिथुम पुऱ्याउँछ । पुस्तकालय धागिथुमबाट प्रशासकीय भवनअगाडि जो मिलेट्री ब्यारेक धागिथुम स्थानान्तरण नहुँदै सेनाको अधीनमा रहेको सानो एकतल्ले घरमा पुस्तकालयको सम्पूर्ण काम त्यहींबाट नै सञ्चालन हुन थालेपछि पुस्तकालयको व्यवस्थापन पक्षमा निःशुल्क सेवा गरेका कुराहरूलाई गहनतासाथ उठाइएको यो मोहलाई नकार्न कहाँ सकिएला र ?

यसरी नै हाम्रा विद्वान् डा. दुर्गा अर्यालले संसारमा सर्वप्रथम चिनले कागजको निर्माण गर्‍यो भन्ने कुराको जानकारी गराएको देखिन्छ भने विश्वका विभिन्न मुलुकहरूमा पुस्तकलाई कुन रूपले मान सम्मान र इज्जत गरिन्थ्यो कस्तो अवस्था थियो भन्ने कुराहरूको सविस्तार उदाहरण दिएर पाठक महानुभावहरूलाई जानकारी होस् भन्ने अभिप्राय राखेर यो महत्त्वपूर्ण लेखलाई हाम्रो पुरुषार्थ किरण पुस्तकालयको स्वर्णवर्ष विशेष अङ्क ८० को पेज नम्बर २६१ मा यो शीर्षक-पुस्तक, पुस्तकालय र किरण पुस्तकालयमीथ विहङ्गम दृष्टिकोण राख्दै कागज, पुस्तक र पुस्तकालयको इज्जत राख्ने काम गरिएको देखिन्छ । विद्वान्ले पुस्तकलाई कस्तो नजरले हेर्छन् भन्नेबारे सहमति जनाएका एक विश्वप्रसिद्ध विद्वान् एडिसनको भनाइलाई डा. अर्यालले उल्था गरेको शब्दमा "पुस्तक महान् प्रतिभाद्वारा मानवजातिका लागि छोडिएका पैत्रिक सम्पत्ति हुन् ।' भनी प्रष्टाइएको छ ।

यो क्रमलाई यसरी नै निरन्तरता दिने सिलसिलामा खिमानन्द पोखरेलद्वारा लेखिएको रचनाको शीर्षक मेरो अनुभवमा किरण पुस्तकालय पेज नम्बर २५७ मा पनि किरण पुस्तकालयको बाल्यकालीन अवस्थाको बारेमा कुरा उठान गरिएको देखिन्छ । यस्को प्रारम्भ एकनाले गोठको सिकुवामा लहरै राखिएका पुस्तकहरूको दृश्य जो प्रत्यक्षदर्शी भएर अनुभव र मनन गरेका कुराहरूको यो अध्यायलाई यसरी नै बुझ्न सकिन्छ ।

यसै क्रममा गुल्मीलाई राम्रोसँग अध्ययन गरेका एकजना विद्वान् डा. राजाराम उपाध्याय सुवेदी 'त्र्यम्बक'द्वारा किरण पुस्तकालयको ५० वर्ष शीर्षक राखी पेज नम्बर २७८मा पनि किरण पुस्तकालयले गरेका गौरवशाली कामहरूको मूल्याङ्कन गरिएको देखिन्छ । किरण पुस्तकालयका संस्थापकद्वारा गरिएको यो अत्यन्त समाजोपयोगी कार्यको खुलेर प्रशंसा गरिएको छ । निजीस्रोतबाट चलेका देशमा रहेका ठूला ठूला पुस्तकालयहरू पनि अब चलाउन नसक्ने अवस्थामा पुगेको बारे चर्चा गरिएको छ भने किरण पुस्तकालयमार्फत प्रकाशन गरिएका कामहरूको प्रशंसा गरिएको छ ।

किरण पुस्तकालयका सचिव हाम्रो पुरुषार्थका सह-सम्पादक दीन पन्थीले आफूलाई उपयुक्त लागी ठानिएको शीर्षक टुटेफुटेका टिपोटहरू पेज नम्बर १८७ मा किरण पुस्तकालयले पाठकवर्गलाई पुस्याउँदै आएको सेवा र पुस्तकालय आफू प्रकाशक बनेर विभिन्न शीर्षकमा नेपालका चर्चित विद्वान् साहित्यसेवीका महत्त्वपूर्ण पुस्तकहरू प्रकाशन गरेको कुरालाई सगर्व उल्लेख गरिएको देखिन आउँछ । यस्तै हाम्रो पुरुषार्थले पनि आफ्नो नियमित अङ्कका अतिरिक्त बेला बेलामा विषयान्तरका विशेषाङ्कहरू प्रकाशन गर्दै आएको कुरालाई मिठो भाषामा उद्धरण गरिएको देखिन्छ ।

यसरी लेखिने लेखहरूमध्ये एक लेखको शीर्षक रहेको छ – किरण पुस्तकालयको ऐतिहासिक पृष्ठभूमि । यो अति सारगर्भित लेखलाई हाम्रो पुरुषार्थको किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क पेज नम्बर २९६मा शेरजंगबहादुर बस्नेतले पुस्तकालयको शुरूको अवस्थामै आफू यसको सदस्य बनेर पुस्तकालयप्रति मोह प्रकट गरिएका कुराहरू प्रशस्त मात्रमा दर्शाउन खोजिएको देखिन्छ । आफूले पढ्दै गरेका पुस्तकहरू पुस्तकालयलाई समर्पण गरिएको छ । शशि पन्थीको निरन्तर अथक परिश्रम र लगनशीलताको कुरा गरिएको छ । यो काममा सम्लग्न भएर काम गर्ने टिमहरूको प्रशंसा गरिएको छ ।

यस्तै काशीनाथ मरासिनीले हाम्रो पुरुषार्थको किरण पुस्तकालय स्वर्णवर्ष अङ्कको ३३० पेजमा मेरो सम्झनामा किरण पुस्तकालय उल्लेख गरिएको रचनामा पुस्तकालयको शैशवकालीन अवस्थाबारे खुलेर चर्चा गरेको देखिन्छ भने अर्का एक सुयोग्य चिन्तक प्रकाश नेपालले हाम्रो पुरुषार्थ ८० औं अङ्क किरण पुस्तकालय स्वर्ण अङ्क विशेषको किरण पुस्तकालयको चिसो कोठा र म शीर्षक राखेर ३३८ पेजमा उद्धरण गरिएको यो रचनामा किरण पुस्तकालयमा महिनाको १०/- रूपैयाँमा आफूले २ वर्षसम्म जागिर खाएर पुस्तकालयसम्बन्धी अनुभव बटुल्न पाउँदाको खुशी प्रकट गरेको देखिन्छ । पुस्तकालयबाट सिकेका कुराहरू आफ्नो लागि प्रेरणाको स्रोत बनेको बारे जानकारी गराइएको छ ।

हाम्रो पुरुषार्थ स्वर्णवर्ष विशेषाङ्कमा ७५ जना विद्वान् बुद्धिजीवीहरूका लेख रचना र कविताहरू परेका छन् । यीमध्ये एउटा लेखचाहिं अङ्ग्रेजीमा लेखिएको जो उत्कृष्ट छ । १ पेजदेखि ४०६ पेजभित्र आबद्ध रचनाहरूले पुस्तकालयकै बारेमा कलम उठाएको देखिन्छ । आगामी दिनहरूमा ओझेलमा परेका साहित्य श्रष्टाहरूको पहिचान गरी यहीं पत्रिकामार्फत उजागर गर्ने काममा विशेष ध्याान जानेछ । हाम्रो पुरुषार्थ र किरण पुस्तकालयबीचको नाता गहिरो छ । जतिखेर शशिकिरण पन्थीबाट किरण अलग भएर पुस्तकालयको अगाडि झुण्डियो त्यतिखेरदेखि यो पुस्तकालय तपाईं हाम्रो गौरवको विषय बनेको छ । यो पत्रिका साहित्यसेवी गुल्मेलीहरूको दस्तावेज हो र पुस्तकालयभित्र रहेको साहित्यिक बासना जहाँ छिर्दा साथ शरीरका प्रत्येक अङ्ग साहित्यिक बासनाले मगमगाउन आतुर देखिन्छन् । तसर्थ आगामी दिनहरूमा यसले आफ्नो निजी भवनबाट आफ्ना अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरेर पाठकलाई सन्तुष्टि दिनेछ भन्ने विश्वास आर्जन गर्न सकिनेछ ।

किरण पुस्तकालयको जय होस् ।

- **खिमानन्द पोखरेल**

सम्पादक : हिमाली गुराँस (द्विमासिक), काठमाडौं ।

**श्रीमान् सम्पादकज्यू,**

म यस किरण पुस्तकालयको विक्रम सम्वत् २०५६ सालदेखि नै नियमित पाठक छु । साथै त्रैमासिक रूपमा प्रकाशन हुने 'हाम्रो पुरुषार्थ'को आजीवन ग्राहक र पुस्तकालयको आजीवन सदस्यसमेत भएकोले मलाई यस संस्थाप्रति माया लाग्छ । यस पुस्तकालयबाट निस्कने 'हाम्रो पुरुषार्थ' मैले अध्ययन गर्दा हाम्रो गुल्मीको ऐतिहासिक झलक, विभिन्न धार्मिक स्थलको बारेमा, विशिष्ट व्यक्तिको बारेमा, लेख, रचना, कविता, अन्तर्वार्ता आदि पढ्ने अवसर पाएको छु । पुस्तकालयमा राष्ट्रिय दैनिकलगायतका पत्रिकाहरू फाइल गरेर राख्ने व्यवस्था भएकाले लोकसेवा, विज्ञापन, अन्य विज्ञापन, सिलबन्दी कोटेशनहरूका सूचना अध्ययन गर्नसमेत पाठकहरू आउने गरेको देखिन्छ । पुस्तकालयमा पुस्तक तथा पत्रिकाका अघिल्ला समाचार खोज्न आउने ग्राहकको लागि ग्रन्थपालहरूले सहजै रूपमा उपलब्ध गराएको पाएँ । हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीज्यूको सक्रियता एवं श्रम तथा रोजगार मन्त्री माननीय गोकर्णराज विष्टज्यूको सहयोगमा पाठकले अध्ययन गर्नको लागि सुविधायुक्त (स्तरीय) भवन निर्माण हुन लागेकोमा खुशी लागेको छ । यस पुरुषार्थका सह-सम्पादक दीन पन्थीज्यू लेखक रहेको **हुटिट्याउँको मन** पढ्ने अवसर मिल्यो । यो सबै पढ्ने पाठकको मनभित्र रहेको र यसको माग पनि बढ्दै गएको पाइयो । अन्त्यमा, यस पुरुषार्थका सम्पादक मण्डल तथा पुस्तकालय व्यवस्थापन समिति आफ्नो व्यक्तिगत कामलाई भन्दा बढी यस संस्थालाई समय खर्चेर यो अवसर उपलब्ध गराउनुभएकोमा हार्दिक आभार व्यक्त गर्दछु । धन्यवाद !

**- डिल्लीराज खनाल**
**रेसुङ्गा नगरपालिका-५, भुवनपानी, लामडाँडा, गुल्मी**

ooo


## हार्दिक शुभकामना

२०७६ सालको विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा समस्त नेपालीहरूमा सुख, शान्ति, समिृद्धि र उत्तरोत्तर प्रगतिको लागि मङ्गलमय शुभकामना व्यक्त गर्दै किरण पुस्तकालय तम्घास, गुल्मीको त्रैमासिक पत्रिका 'हाम्रो पुरुषार्थ' को निरन्तरताको लागि हार्दिक शुभेच्छा व्यक्त गर्दछौं ।

# सिर्जनशील सामुदायिक विकास केन्द्र

**तम्घास, गुल्मी**

# किरण पुस्तकालयका आजीवन सदस्यको परिचय :



नाम : द्रोणराज उपाध्याय पन्थी
पिता : देवीराम उपाध्याय पन्थी
माता : चुधरी उपाध्याय पन्थी
धर्मपत्नी : राधा पन्थी
हजुरबुबा : गोपीराम उपाध्याय पन्थी
हजुरआमा : कान्ता उपाध्याय पन्थी
जन्ममिति : वि.सं. २०२२ मंसीर २१ गते ।
ठेगाना : साविक तम्घास-६, (हाल : रेसुङ्गा नगरपालिका-९), उपल्लो तम्घास, गुल्मी ।
फो.नं. : ०७९-५२०३८३, ९८४७२३१९३१
शिक्षा : बी.ए.

अन्य वृतान्त : ३१ वर्ष निजामती सेवा (२०४२-०७३)। २०७३ सालमा अध्यागमन विभागको अधिकृतबाट सेवा निवृत्त । किरण पुस्तकालयको आजीवन सदस्य । सादा जीवन, उच्च विचारको अनुयायी ।


## हार्दिक शुभकामना

विजया दशमी २०७६ सबैका लागि सुखद् होस् भन्ने शुभकामना प्रकट गर्दै किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा प्रकाशित राष्ट्रिय त्रैमासिक साहित्यिक पत्रिका 'हाम्रो पुरुषार्थ'को उत्तरोत्तर प्रगतिको लागि मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**रामप्रसाद पन्थी**
**अध्यक्ष**
**तथा**
**निजामती कर्मचारी संगठन**
**जिल्ला कार्य समिति परिवार**
**गुल्मी**

## हार्दिक शुभकामना

२०७६ सालको विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा समस्त नेपालीहरूमा सुख, शान्ति, समिृद्धि र उत्तरोत्तर प्रगतिको लागि मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**मेघलाल पाण्डे**
**अध्यक्ष**
**तथा**
**नेपाल निजामती कर्मचारी युनियन (संघ)**
**जिल्ला कार्य समिति परिवार**
**गुल्मी**

# गाउँवासीहरुमा अनुरोध

जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेद एवम् बसाइँसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

बालविवाहको अन्त्य गरौं ।

छोराछोरीमा विभेद नगरौं, दुबैलाई विद्यालयमा पढ्न पठाऔं ।

गाउँटोल सधैं सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं ।

निषेधित क्षेत्रबाट ढुङ्गा, गिटी तथा बालुवा ननिकालौं ।

**विमला खत्री**
**उपाध्यक्ष**

**लक्ष्मणबहादुर बिष्ट**
**अध्यक्ष**

# इस्मा गाउँपालिका

**गुल्मी**

# स्वस्थ जीवन उच्च विचार

# लागू औषधको गरौं वहिष्कार

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा
# प्रकाशित पुस्तकहरू

| क्र.सं. | पुस्तकको नाम | लेखक |
|---|---|---|
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपाल: (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा(२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. | हुटिट्याउँको मन (२०७६) | दीन पन्थी |

सुशिला प्रिन्टर्स, गुल्मी (५२०४१०)